गुहा, गुहालेख, गुहाचित्र एवं अन्य सम्पदा

पुरुषोत्तमलोचन श्रेष्ठ

गुहा, गुहालेख, गुहाचित्र एवं अन्य सम्पदा

पुरुषोत्तमलोचन श्रेष्ठ

गुहा, गुहालेख, गुहाचित्र एवं अन्य सम्पदा

पुरुषोत्तमलोचन श्रेष्ठ

© लेखक

फोटो संकलन : लेखक

प्रथम संस्करण : २०७३, कार्तिक

प्रकाशक : विनोदराज शर्मा

मुद्रक : न्यू विद्या प्रिन्टिङ्ग प्रेस,
भक्तपुर–८, ६६१३६१७

मूल्य रू. : ५००।–

ISBN : 97899370-1441-0

आवरण चित्र : अग्रभाग – कालिका गुफा, चाँगु।
पार्श्वभाग – शाक्त–अर्धनारीश्वर मस्तक, चाँगु।

समर्पण

समृद्ध नेपाली संस्कृतिलाई नेपाली मनले मानेर सर्वत्र सुवासित गर्दै, नेपालको प्राचीन इतिहास, संस्कृति र पुरातत्त्वका बारेमा नूतन कुरा खोतल्न मलाई प्रेरित गरिरहनु हुने दिदी **प्रा. डा. अम्बा सराहा काल्डवेल**लाई ।

विषय-सूची

भूमिका
प्रकाशकीय
आमुख

		पृष्ठ संख्या
१.	आकस्मिक खोज	१
२.	कालिका गुफा	२
३	कालिका गुफा विवरण	३
४	ढुङ्गेपेटी	१०
५	प्रताप मल्लको ने.सं.७८८ को गुहालेख	१०
६	प्रताप मल्ल र उनकी एक रानीको गुहाचित्र	१४
७	हनुमानको गुहाचित्र	१६
८	प्रताप मल्लको गुहाचित्र	१८
९	गुहा-रेखाचित्रण	१९
१०	साङ्दह (शङ्खदह/नागपोखरी) का भग्न कलाकृति	२०
११	साङ्दह	२१
१२	महाकाल भैरव	२३
१३	चतुर्मुख ब्रम्हाको मूर्ति (?) को जलहरी आसन र अन्य भग्न कलाकृति	२४
१४	ढुङ्गे किल्ला, खण्डित देवमूर्ति र शिवलिङ्ग	२५
१५	जोगीको कुटी	२८
१६	जोगी-गुफा	२९
१७	गामढोका हिटी र शाक्त-अर्धनारीश्वर मस्तक	३१
१८	शाक्त-अर्धनारीश्वर मस्तक	३२
१९	शङ्ख, चक्र, गणेश र सूक्ष्म शिलामूर्ति	४१
२०	इकुटोल र इनबहा:टोल गणेशमन्दिरका दुई प्राचीन बौद्धमूर्तिहरू	४६
२१	इकुटोलको बौद्धमूर्ति	४७
२२	इनबहा:टोलको बौद्धमूर्ति	४९
२३	छिन्नमस्तामन्दिर	५६
२४	उमा-महेश्वरको प्रस्तरमूर्ति	६३
२५	नील-सरस्वती	६५
२६	गणेशको प्रस्तरमूर्ति	६६
२७	कुमारको प्रस्तरमूर्ति	६८
२८	सप्तमातृकाका प्राचीन मूर्तिहरू	७१
२९	सप्तभैरव	८५
३०	खड्ग	८८
३१	सातसय बस्ती नौ सय फेरा	९०
३२	सानागाउँ, इन्द्रायणीस्थानका सम्पदा	१०२
३३	इन्द्रायणीपीठ	१०३

३४	तुलसीमठको खोपाका मूर्तिहरू	१०४
३५	शक्तिसहितको षण्मुख-कुमारमूर्ति	१०६
३६	यक्ष-मस्तक	११५
३७	बोधिसत्व-मस्तक	११९
३८	गणेशको खण्डित प्रस्तरमूर्ति	१२०
३९	मगामटोलका गणेश	१२२
४०	गोठालेदेवता	१२३
४१	चार हाते भीमसेन	१२५
४२	गोरखनाथ-पादुका	१२८
४३	कापाहिटीका तीनधारा	१२९
४४	श्रीधर विष्णुको खण्डित प्रस्तरमूर्ति	१३३
४५	गरुडनारायणको मूर्ति र अन्य	१३४
४६	दुई देवमूर्ति	१३५
४७	चाँगुदेखि पूर्व एवं उत्तरपूर्वका गुफा र ओडारहरू	१३६
४८	मागलहोप ओडार	१३६
४९	छापस्थित देवीथानको चट्टानमा कुँदिएका मस्तक	१३८
५०	योद्धा/मानवमस्तक (प्रताप मल्ल)	१३९
५१	वनझाँक्री ओडार	१४१
५२	ढुङ्गेखोल्चो गुफा	१४६
५३	छ्युनिङ गुवा	१५०
५४	ल्हासा प्वाः ससुद्यःस्थानको गुफा	१५४
५५	साँखु वज्रयोगिनीस्थानका मानवनिर्मित गुहा(गुफा)हरू	१५८
५६	झौखेलमा फेलापरेका लिच्छविकालीन सम्पदा	१६४
५७	झौखेलधाराको शिवदेव+अंशुवर्माको अभिलेख	१६९
५८	लिच्छविकालीन चैत्यहरू	१७९
५९	भगीरथको प्रस्तरमूर्ति	१८४
६०	मध्यकालीन शिलालेख	१८५
६१	खेतको आलीमा फेलापरेको गरुडनारायणको मूर्ति	१८८
६२	भक्तपुर काभ्रे र सिन्धुपाल्चोकबाट फेलापरेका नवपाषाण उपकरणहरू	१९०
६३	चाँगु चापाख्वाल (पौडेलबस्ती) बाट प्राप्त नवपाषाण उपकरण	१९३
६४	घ्याम्पेडाँडाबाट प्राप्त नवपाषाण उपकरण	१९४
६५	काभ्रे शंखपाटीचौरबाट प्राप्त नवपाषाण उपकरण	१९६
६६	सिन्धुपाल्चोक मन्थलीस्थित कठजोरबाट प्राप्त नवपाषाण उपकरण	१९७
६७	५.१ पनौतीबाट प्राप्त भएको नवपाषाण उपकरण	१९८
६८	५.२ पनौतीबाट प्राप्त भएको नवपाषाण उपकरण	१९९
६९	५.३ पनौतीबाट प्राप्त भएको नवपाषाण उपकरण	२००
७०	५.४ पनौतीबाट प्राप्त भएको सूक्ष्म नवपाषाण उपकरण	२०१
७१	उपसंहार	२०३
७२	सन्दर्भ-सूची	२०८
७३	अनुक्रमणिका	२१८

चित्र-सूची

१. कालिका गुफा ।
२. कालिका गुफामुख ।
३. प्रताप मल्लको ने.सं.७८८ को गुहालेख, कालिका गुफा ।
४. प्रताप मल्ल र उनकी एक रानीको गुहाचित्र ।
५. हनुमानको गुहाचित्र, कालिका गुफा ।
६. प्रताप मल्लको गुहाचित्र, कालिका गुफा ।
७. गुहा-रेखाचित्रण, कालिका गुफा ।
८. गुहा-रेखाचित्रण, कालिका गुफा ।
९. साङ्दह (शङ्खदह/नागपोखरी)का भग्न कलाकृति, चाँगु ।
१०. साङ्दह, चाँगु, लिच्छविकालीन ।
११. महाकाल भैरव, चाँगु, लिच्छविकालीन ।
१२. चतुर्मुख ब्रम्हाको मूर्ति (?) को जलहरी आसन र अन्य भग्न कलाकृति, चाँगु, लिच्छविकालीन, मल्लकालीन ।
१३. ढुङ्गे किल्ला, चाँगु, लिच्छविकालीन ।
१४. चौतारोमा गुजमुज्ज अवस्थामा रहेका शिवलिङ्ग, बसाहा, गणेशमूर्ति र खण्डित विष्णुमूर्ति, चाँगु, ।
१५. चौतारोको खण्डित विष्णुमूर्ति, चाँगु, ईस्वीको चौधौँ-पन्धौँ शताब्दी ।
१६. जोगीको कुटी, चाँगु ।
१७. गुम्वजमन्दिरको द्वारको अवशिष्ट भाग, जोगीको कुटी, ने.सं.७८८ ।
१८. जोगी गुफा रहेको घर, चाँगु ।
१९. जोगी गुफा रहेको घरको आँगनका अवशिष्ट प्रस्तर कलाकृति, मध्यकालीन ।
२०. गामढोका हिटी र शाक्त-अर्धनारीश्वर मस्तक, गामढोका, चाँगु, ईस्वी छैटौं शताब्दी ।
२१. शाक्त- अर्धनारीश्वर मस्तक, गामढोका, ईस्वी छैटौं शताब्दी ।
२२. शाक्त-अर्धनारीश्वरको चित्र, भारत, ईस्वी अठारौं शताब्दी ।
२३. शङ्ख, चक्र, गणेश र सूक्ष्म शिलामूर्ति, गणेशथान, गामढोका-चाँगु, लिच्छविकालीन ।
२४. गणेश(?)को सूक्ष्ममूर्ति, गणेशथान, गामढोका, लिच्छविकालीन ।
२५. ढुङ्गे-शङ्ख, गणेशथान, गामढोका, ईस्वी पाँचौं-छैटौं शताब्दी ।
२६. ठूलो ढुङ्गामा उत्कीर्ण चक्र, गणेशथान, गामढोका, ईस्वी पाँचौं-छैटौं शताब्दी ।
२७. इकुटोलको बौद्धमूर्ति, चाँगु, ईस्वी पाँचौं-छैटौं शताब्दी ।
२८. इनबहाःटोलको बौद्धमूर्ति, चाँगु, ईस्वी पाँचौं-छैटौं शताब्दी ।

२९. चाँगुनारायणमन्दिरको पूर्वतर्फ रहेको ईस्वीको बाह्रौं शताब्दीको पद्मपाणि लोकेश्वरको मूर्ति ।

३०. छिन्नमस्तामन्दिर, चाँगु ।

३१.	महाकाली (चामुण्डा), काष्ठतोरण	छिन्नमस्तामन्दिर, ने.सं.७९९ ।
३२.	भैरव, काष्ठतोरण,	छिन्नमस्तामन्दिर, ने.सं.७९९ ।
३३.	महालक्ष्मी/संकटा, काष्ठतोरण	छिन्नमस्तामन्दिर, ने.सं.७९९ ।
३४.	उमा-महेश्वरको प्रस्तरमूर्ति,	छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोस्रो शताब्दी ।
३५.	नील सरस्वती,	छिन्नमस्तामन्दिर, ने.सं.८२० ।
३६.	गणेश,	छिन्नमस्तामन्दिर, ईस्वी दोस्रो-तेस्रो शताब्दी ।
३७.	कौमारी,	छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोस्रो शताब्दी ।
३८.	ब्रम्हायणी,	छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोस्रो शताब्दी ।
३९.	माहेश्वरी,	छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोस्रो शताब्दी ।
४०.	विष्णुवी,	छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोस्रो शताब्दी ।
४१.	वाराही,	छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोस्रो शताब्दी ।
४२.	चामुण्डा/छिन्नमस्ता,	छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोस्रो शताब्दी ।
४३.	महालक्ष्मी/संकटा,	छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोस्रो शताब्दी ।
४४.	सप्तभैरव,	छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोस्रो शताब्दी ।
४५.	खड्ग,	छिन्नमस्तामन्दिर, लिच्छविकालीन ।
४६.	इन्द्रायणीपीठ,	सानागाउँ, साँखु, लिच्छविकालीन ।
४७.	तुलसीमन्दिरको खोपाका मूर्तिहरू,	सानागाउँ, साँखु ।
४८.	शक्तिसहितको षण्मुख-कुमारमूर्ति,	सानागाउँ, साँखु, ईस्वी छैटौं-सातौं शताब्दी ।
४९.	यक्ष-मस्तक,	सानागाउँ, साँखु, ईस्वी प्रथम शताब्दी ।
५०.	बोधिसत्व-मस्तक	सानागाउँ, साँखु, ईस्वी दशौं शताब्दी ।
५१.	गणेशको खण्डित प्रस्तरमूर्ति,	सानागाउँ, साँखु, मध्यकालीन ।

५२. मगामटोलका गणेश, चाँगु, मध्यकालीन ।

५३. गोठालेदेवता, चाँगु, ईस्वी प्रथम शताब्दी ।

५४. चारहाते भीमसेन, कापाहिटी, चाँगु, ने.सं.७७२ ।

५५. गोरखनाथ पादुका, भीमसेनथान, कापाहिटी, चाँगु, पूर्व मध्यकाल ।

५६. शिरधारा, कापाहिटी, चाँगु, लिच्छविकालीन ।

५७. माझधारा, कापाहिटी, चाँगु, पूर्व मध्यकाल ।

५८. पुछारधारा, कापाहिटी, चाँगु, पूर्व मध्यकाल ।

५९. लक्ष्मी र गरुडसहितको चतुर्बाहु श्रीधर विष्णु, शिरधारा, ईस्वी एघारौं शताब्दी ।

६०. माझधारामाथिको मध्यकालीन शिलालेख ।

६१. श्रीधर विष्णुको खण्डित मूर्ति, उत्तर कछार, चाँगु, ईस्वी चौधौं शताब्दी ।

६२ गरुडनारायणको मूर्ति र अन्य, कोथुगाउँ, चाँगु, मध्यकालीन ।
६३. दुई देवमूर्ति, चाँगुनारायणमन्दिरदेखि पूर्वको चौर, मध्यकालीन ।
६४. मागलहोप ओडार, खोरिया, चाँगु ।
६५. कालीदेवी र सेतीदेवी, मागलहोप ओडार ।
६६. मागलहोप ओडार माथिको बस्ती ।
६७. गुजमुज्ज परेका चट्टान, छाप गाउँ ।
६८. देवीथान, छाप गाउँ ।
६९. देवीथानमाथिको एक चट्टानखण्डमा कुँदिएको योद्धा/मानवमस्तक (प्रताप मल्ल), ने.सं.७७९ ।
७०. देवीथानमाथिको एक चट्टानखण्डमा कुँदिएको नारीमस्तक र पुरुषाकृति, मध्यकालीन ।
७१. वनझाँक्री ओडार, छाप-वडा नं.१०, चाँगु ।
७२. वनझाँक्री ओडारको पूर्वी छानोको नापो लिँदै लेखक ।
७३. वनझाँक्री ओडारको छानो मुनि लेखक र उनका दुई विद्यार्थीहरुः मञ्जु पौडेल र सन्दीप के.सी. ।
७४. वनझाँक्री ओडारभित्रको सुरूङ ।
७५. वनझाँक्री ओडारको छानो मुनि लेखक र अन्वेषणमा साथ दिने उनका दुई विद्यार्थीहरू : मञ्जु पौडेल र अनिष भट्ट ।
७६. वनझाँक्री ओडारभित्रको सुरूङ पस्ने एक मुख ।
७७. वनझाँक्री ओडारभित्रको एक सुरूङ ।
७८. वनझाँक्री ओडार सामुन्नेका चाँगुभेकका पौडेलहरूका कुलदेवता : आकृतिविहीन देवप्रस्तरहरू ।
७९. वनझाँक्री ओडार सामुन्नेका तामाङहरूका कुलदेवता ।
८०. ढुङ्गेखोल्चो गुफा, नगरकोट ।
८१. ढुङ्गेखोल्चो गुफा-मुख र सो सामुन्नेमा बसेका लेखक ।
८२. ढुङ्गेखोल्चो गुफाभित्रको एक भाग ।
८३. ढुङ्गेखोल्चो गुफाभित्रको अर्को एक भागमा लेखकका एक विद्यार्थी, मङ्गल मोक्तान ।
८४. ढुङ्गेखोल्चो गुफाका भित्तामा कुँदिएका खोपिल्टाहरू ।
८५. छ्युनिङ् गुवा/पानी गुफा/चमेरो गुफा, नगरकोट ।
८६. छ्युनिङ् गुवाको गर्भभित्र लेखक र उनका विद्यार्थीहरू ।
८७. छ्युनिङ गुवाभित्रका आकृतिविहीन देवप्रस्तरहरू ।
८८. छ्युनिङ गुवा माथिको दक्षिण कछारस्थित भूमेथान ।
८९. भूमेथानमा पूजा गर्दै स्थानीय पूजारी मर्दन तामाङ ।
९०. महामण्डलेश्वर पहाडको एक अंश, ल्हासापाको ससुद्यःस्थान, थाकलमाथ, नगरकोट ।
९१. ल्हासा प्वाः - 'ल्हासा जाने प्वाल'/ल्हासापाको गुफाको मुख ।

९२. गुफामुखमा स्थापित महामञ्जुश्री ।

९३. वज्रयोगिनी मन्दिरको उत्तरपश्चिममा रहेको मानवनिर्मित गुफा, साँखु, ई.पू.तेस्रो शताब्दी ।

९४. वज्रयोगिनी मन्दिरको पश्चिममा रहेको मानवनिर्मित गुफा, साँखु, ई.पू.तेस्रो शताब्दी ।

९५. वज्रयोगिनी मन्दिरको पश्चिममा रहेको मानवनिर्मित गुफा, साँखु, ई.पू.तेस्रो शताब्दी ।

९६. वज्रयोगिनी मन्दिरको पश्चिममा रहेको गुफाभित्रको महाकाल, आधुनिक काल ।

९७. गुफाको द्वारखण्डमा कुँदिएको धर्मचक्र आकृति एवं 'ॐ मणि पद्मे हूँ' मन्त्र ।

९८. वज्रयोगिनी मन्दिर पुग्ने सिँढीको उत्तरपट्टिको भग्न गुफा ।

९९. झौखेल धारा/झउ ख्यः हिटी, झौखेल ।

१००. झौखेलधाराको शिवदेव+अंशुवर्माको शिलालेख ।

१०१ झौखेलधाराको लिच्छविकालीन चैत्य ।

१०२. झौखेलधाराको लिच्छविकालीन चैत्यका अवशिष्ट भाग ।

१०३. झौखेलधारा सामुन्नेको लिच्छविकालीन चैत्य र मध्यकालीन वसाहा ।

१०४. झौखेलधारा सामुन्ने पुरिनै लागेको अवस्थाको शिवदेव+अंशुवर्माको शिलालेख औँल्याउँदै लेखक ।

१०५. झौखेलधाराको भगीरथ, मध्यकालीन ।

१०६. झौखेलधाराको उत्तरपट्टिको खेतमा मिल्किएको अवस्थाको मध्यकालीन शिलालेख ।

१०७. खेतको आलीमा फेला परेको गरुडनारायणको मूर्ति, पिखेल, ईस्वी सत्रौं शताब्दी ।

१०८. चाँगु, चापाख्वाल (पौडेलवस्ती) वाट प्राप्त नवपाषाण उपकरण ।

१०९. घ्याम्पेडाँडाबाट प्राप्त नवपाषाण उपकरण, अग्रभाग ।

११०. घ्याम्पेडाँडाबाट प्राप्त नवपाषाण उपकरण, पार्श्वभाग ।

१११. काभ्रे, शंखपाटीचौरबाट प्राप्त नवपाषाण उपकरण ।

११२. सिन्धुपाल्चोक मन्थलीस्थित कठजोरबाट प्राप्त नवपाषाण उपकरण ।

११३. १ पनौतीबाट प्राप्त भएको नवपाषाण उपकरण ।

११४. २ पनौतीबाट प्राप्त भएको नवपाषाण उपकरण ।

११५. ३ पनौतीबाट प्राप्त भएको नवपाषाण उपकरण ।

११६. ४ पनौतीबाट प्राप्त भएको सूक्ष्मनवपाषाण उपकरण ।

भूमिका

यस भूमण्डलमा मानिसको पदार्पणको समयदेखि नै तिनको पहिलो आश्रयस्थल गुहा भनौं गुफा रहेको छ । यस यथार्थताको ज्ञान हामीलाई आदिमयुगीन मानव समाजको अवस्थितिको अध्ययनबाट मिल्छ । तत्युगीन मानिसहरूद्वारा चित्रित एवं लिखित सामग्रीहरू गुहाहरूमै भेटिएका छन् जुन उपर्युक्त यथार्थताको पुष्टिका आधारस्वरूप छन् । गुफाहरूलाई न केवल मानिसहरू बल्कि देवताहरूले पनि आफ्नो जीवन सुरक्षार्थ आश्रयस्थल बनाउने गरेका थिए । शिवसहस्रनाम अनुसार शिवको एक नाम गुहावासिन रहेको छ जुन यहाँ उल्लेख्य छ । भस्मासुरबाट आफ्नो जीवन रक्षार्थ स्वयं भगवान् महादेवले गुफाभित्र पसी आफूलाई सुरक्षित भएको महसुस गरेका थिए । गरेका थिए । ललितपुर लेले समीपस्थ रहेको गुप्तेश्वर महादेव अवस्थित गुफा यहाँ उदाहरण रूपमा लिन सकिन्छ । नेपाल खाल्डोभित्र अवस्थित चार नारायणमध्येका विशंखु नारायण पहाडको गुफाभित्रै रहेको यथार्थता यहाँ उदाहरणस्वरूप लिइन्छ । आफ्ना गुरु बन्धु-बान्धव आदि-आदि सबैको संहार गर्ने पापिष्ठ पञ्च पाण्डवहरूद्वारा छोइएला भनी भगवान् केदारनाथ महिषको रूप लिई पहाडको गुफाभित्र पसेको कुरा वर्णनमा आएको छ । शिवपुत्र भगवान् कार्तिकेयको गुह नाम पनि यहाँ स्मरणयोग्य छ । वाल्मीकि रामायणमा वर्णित वर्णन अनुसार वानरराज वालिले गुफाभित्रै पसेर असुरको वध गरेका थिए । देवकी पुत्र भगवान् श्रीकृष्णले स्यमन्तक मणि प्राप्तिको लागि गुफाभित्रै जाम्बवान्सित युद्ध गरी हराएर न केवल स्यमन्तक मणिलाई प्राप्त गरे बल्कि तिनकी पुत्री जाम्बवतीलाई पनि प्राप्त गरे । यी आधारहरूबाट आदिमयुगमा पर्वतका गुफा, कन्दराहरू देव, दानव एवं मानव सबैका आश्रयस्थल रहेको कुराको जानकारी मिल्छ ।

अर्को, आदिमकालदेखि नै मानिसहरूले गुफालाई आफ्नो तपोनिष्ठ साधनास्थलको रूपमा लिइँदै आइरहेका थिए । पर्वतजा पार्वतीले भगवान् आशुतोष महादेवलाई पति रूपमा प्राप्त गर्ने हेतु घना जङ्गलको बीच स्थित एक पर्वतको गुफाभित्र रही तपस्या गरेकी थिइन् । वेदलाई चार भागमा बाँड्नुको साथै महाभारत एवं अष्टादश पुराणादि अनेकन ग्रन्थहरूको रचना गर्ने सत्यवती सुत व्यासको आश्रयस्थल गुफा नै रहेको वर्णित छ । भनिन्छ तिनले पार्वती सुत गणेशलाई लेखक गरी महाभारतको रचना गरेका थिए । १२औं शताब्दी ई.तिरका तिब्बती सन्त मिलारेपा नेपाल राज्यान्तर्गत

भक्तपुरमा आई त्यहाँको एक गुफामा रही साधनारत भएको कुराको उल्लेख पाइन्छ ।

माथि वर्णित भइसकेको छ कि मानिसको यो भूमण्डलमा पदार्पणसंगै तिनीहरूले यहाँका वन, पाखा, पर्वत आदिका गुफा, कन्दराहरूलाई आफ्नो आश्रयस्थल तुल्याएका थिए । तिनीहरूले अनि सोही स्थानमा विभिन्न पशुपपंक्षीका चित्रहरू कुँद्नुको साथै चित्रलिपिद्वारा आफ्नो भाव अभिव्यक्त गर्ने गरेका थिए । यस्ता प्राचीनतम गुफाहरूमध्ये स्पेनको अल्टामिरा तथा हंगेरीका दोर्दोग्ने गुफाहरूलाई उल्लेख्य रूपमा लिइएका छन् । भारतको उडिसाका कलिङ्गराज खारवेलको ईशापूर्व १५७ को प्रसिद्ध अभिलेखयुत हाथिगुंफा प्रकृतिनिर्मित गुफा थियो । त्यस्तै विन्ध्य पर्वतस्थित रामगढको गुफामा अनुमानतः दोस्रो शताब्दी ई.पू.को लिपिका दुईवटा प्राकृत भाषाका अभिलेखहरू उत्कीर्ण छन् । ती अभिलेखहरूको अध्ययनबाट तत्समय देवदासी प्रथाको अस्तित्व रहेको यथार्थतालाई उजल्याएको छ । उक्त अभिलेखका अंग्रेजी अनुवाद निम्नानुसार छ :

> The first of these is in verse :
> " Poets, the leaders of lovers,
> light up the hearts which are heavy with passion.
> She who rides on a seesaw, the object of jest and blame,
> how can she have fallen so deep in love as this ?"
> And then in prose :
> "The excellent young man Devadinna the painter loved Sutanuka, the slave-girl of the god."
> *- From : A.L. Basham : The Wonder That was India, Rupa & Co, 1997 A.D., p.185*

मध्येशियास्थित तिब्बतको गोबी मरूभूमिमा रहेको टुनह्वाङ्को गुफा प्रकृतिनिर्मित रहेको थियो । त्यहाँ अनुमानतः सातौं शताब्दी ई.देखिका अनेकौं चित्रहरू कुँदिएको पाइएका छन्, जसमध्ये अनुमानतः नवौं शताब्दी ई.का नेपालका कलाकारहरूद्वारा चित्रित चित्रहरू पनि छन् । (द्रष्टव्य : Anand K. Coomaraswamy : History of Indian and Indonesian Art, Munshiram Manoharlal, New Delhi, 1972 A.D.) । त्यस्तै पश्चिम नेपालस्थित अनुमानतः १३औं शताब्दी ई.का मुस्ताङ हिमालको कन्दरामा उत्कीर्ण चित्रहरू पनि उल्लेख्य छन् ।

नेपालमा प्राकृतिक गुफाहरू अनेक पाइएका छन् । तिनीहरूमध्ये चोभारस्थित वाग्मतीको किनारमा रहेको चखुँतीर्थ, बखुँतीर्थ नामको गुफा सुविख्यात छ । भनिन्छ प्राचीनकालमा त्यस गुफाभित्र तपोनिष्ठ व्यक्तिहरू तपस्या गर्दथे । त्यस्तै नागार्जुन डाँडामाथि पनि गुफाहरू रहेका छन् तर ती गुफाहरूबारे खास अध्ययन अनुसन्धान हुन सकेको छैन । यहाँ यस कुरालाई उल्लेख गर्दा कुनै अत्युक्ति हुँदैन कि नागार्जुन डाँडाको फेदीतिर त्रिशुली जाने बाटोको केही माथि एक सानो गुफा थियो जहाँ अहिलेभन्दा करीब ४५ वर्ष अघि म मेरा एक मित्रसित अध्ययनको सिलसिलामा गएको थिएँ । त्यसबेला मैले त्यस गुफाभित्र केही शिलानिर्मित मूर्तिहरू प्रतिष्ठापित गरिएको देखेको थिएँ । ती मूर्तिहरूमध्ये पद्मपाणि लोकेश्वरको एक मूर्ति पनि थियो । यस्तै नेपालखाल्डोभन्दा बाहिर पनि अनेक गुफाहरू रहेका छन् । पूर्वी नेपालको खोटाङ जिल्लान्तर्गत रहेको हलेसी महादेव रहेको गुफा ज्यादै प्रसिद्ध छ । पश्चिमतिर तनहुँमा व्यासको तपोभूमिको रूपमा मान्य व्यासगुफा रहेको छ । बन्दीपुरमा पनि एक ज्यादै ठूलो गुफा छ, जसको अध्ययन, अन्वेषण गर्नु आवश्यक देखिन्छ । पोखरा हंसपुरमा रहेको गुफा इन्द्रगुफा नामले ख्यात छ । त्यस गुफालाई स्वर्ग जाने गुफाको रूपमा लिइन्छ । पोखरा पाताल छाँगोको पारिपट्टिको गुफामा कुनै चित्रहरू कुँदिएको पाइएका छैनन् । तर, गुफाभित्र बीच भागमा शिवलिङ्ग स्वरूप एक शिला ठड्याइएको छ जसलाई हिजोआज शिवलिङ्ग अर्थात् महादेवको रूपमा पूजा गर्ने गरिआएका छन् । अर्को, पोखरामा चमेरो गुफा भनिने एक सानो गुफा पनि छ जसलाई हिजोआज महेन्द्रगुफा भन्ने गरिएको छ । उपर्युक्त यथार्थताहरूको अतिरिक्त पश्चिम नेपालको जाजरकोटस्थित गुफाहरू पनि उल्लेख्य छन् । चीनि आक्रमणपछि तिब्बतबाट भारततिर भागेर आएका लामाहरूले गुफामा आश्रय लिनुको साथै बौद्ध मन्दिरको रूपमा त्यहाँ पूजाआजा गरेका थिए ।

उपर्युक्त प्रकारका प्रकृतिनिर्मित गुफाहरूको अतिरिक्त मानवनिर्मित प्रख्यात गुफाहरू पनि पाइएका छन् । तृतीय शताब्दी ई.पू.का सम्राट् अशोक मौर्य एवं तिनका नाति दशरथले आजीवकहरूका लागि गुफाहरू निर्माण गरी प्रदान गरेको कुरा अभिलेखहरूमा वर्णित छन् । भारतका अजन्ता एवं एलोरा गुफाहरू पनि मानवनिर्मित नै थिए । तिनीहरूमा चित्रित चित्र एवं मूर्तिहरू विश्वविख्यात मानिन्छन् । त्यस्तै इलेफैन्टा गुफास्थित त्रिमूर्ति ज्यादै सुन्दर कलाकृतिको रूपमा लिइन्छ । यसरी भारतमा मानवनिर्मित गुफाहरू अनेकौं भएको कुरा जानिनुको साथै ती गुफाहरूमा चित्रित चित्रहरू विश्वविख्यात भएको कुरा वर्णित छन् ।

उक्त यथार्थताहरूको प्राप्तिबाट आदिमकालदेखि नै गुफाको महत्त्वलाई अंगिकृत गरी मनुष्यले त्यसलाई आफ्नो आश्रयस्थलको रूपमा लिएको कुराको जानकारी मिल्छ । यस विश्वमा मनुष्यले रचना गरेका साहित्यिक कृतिहरूमध्ये दोस्रो प्राचीनतम साहित्यको रूपमा मान्य वैदिक साहित्यको अवलोकनबाट उक्त कुरोको अझ बढी पुष्टिमा टेवा मिल्छ । अथर्ववेदमा परब्रम्ह परमात्माको अवस्थिति नवद्वारयुत मनुष्य शरीररूपि कमलमा हुने कुरा वर्णित छ ।

"पुण्डरीकं नवद्वारं त्रिभिर् गुणेभिर् आवृतम्
तस्मिन् यद् यक्षम् आत्मन्वत् तद्वै ब्रम्हविदो विदुः ॥"

अथर्ववेद १०.८.४३

कमल हिलोमै फुल्छ । त्यस्तै शरीरमा परब्रम्ह परमात्मा रहने सत्यको निरूपणलाई बौद्धहरूले पनि 'ॐमणि पद्मे हूँ' को रूपमा रहेको षडक्षरी मन्त्रद्वारा टेवा पुऱ्याएको छ । वेदका साथै वेदान्तको रूपमा ख्यात उपनिषद्का शिक्षाहरू यथा 'अहं ब्रम्हास्मि', 'प्रज्ञानं ब्रम्ह', 'तत्त्वमसि' एवं 'अयमात्मा ब्रम्ह' आदिबाट मनुष्य नै परब्रम्ह परमात्मा तथा मनुष्य देह परमात्माको वासस्थल भन्नेतिर स्पष्टरूपले लक्षित हुन्छ । कठोपनिषद् १.२.२० आत्मा समस्त प्राणीहरूको हृदयरूपि गुहामा अवस्थित हुने कुराको वकालत गर्दछ । यहाँनिर जाबालोपनिषद्मा मनुष्य शरीरका अंग प्रत्यङ्गहरूमा विभिन्न तीर्थहरू यथा केदार, वाराणसी, कुरूक्षेत्र, प्रयाग आदि अवस्थित रहेको कुरा उल्लेख गरिएको स्मरणयोग्य छ । सो उपनिषद् अनुसार उपर्युक्त यथार्थतालाई नजरन्दाज गरी बाह्य तीर्थहरूमा भ्रमण गर्न जानु हातमा रहेका मूल्यवान् रत्नलाई छोडेर काँचलाई लिई घुम्नु समान हो । साँच्चै भन्ने हो भने भावतीर्थ सबै तीर्थहरूमा प्रमाणस्वरूप महान् तीर्थ हो, यसर्थ भावतीर्थलाई नै अपनाउनु श्रेयकर छ ।

"श्रीपर्वतं शिरःस्थाने केदारं तु ललाटके ।
वाराणसी महाप्राज्ञ भ्रुवोर्घ्राणस्य मध्यमे ॥४८॥
कुरूक्षेत्रं कुचस्थाने प्रयागं हृत्सरोरुहे ।
चिदम्बरं तु हृन्मध्ये आधारे कमलालयम् ॥४९॥
आत्मतीर्थं समुत्सृज्य बहिस्तीर्थानि यो ब्रजेत् ।
करस्थं स महारत्नं त्यक्तवा काचं विमार्गते ॥५०॥

भावतीर्थं परं तीर्थं प्रमाणं सर्वकर्मस्तु ।
अन्यथालिङ्गयते कान्ता अन्याथालिङ्गयते सुता ॥५१॥
तीर्थानि तोयपूर्णानि देवान्काष्ठादिनिर्मितान् ।
योगिनो न प्रपूज्यन्ते स्वात्मप्रत्ययकारणात् ॥५२॥
बहिस्तीर्थात्परं तीर्थमन्तस्तीर्थं महामुने ।
आत्मतीर्थं महातीर्थमन्यत्तीर्थं निरर्थकम् ॥५३॥
चित्तमन्तर्गतं दुष्टं तीर्थस्थानैर्न शुध्यति ।
शतसोऽपि जलैर्धोतं सुराभाण्डमिवाशुचि ॥५४॥
विषुवायनकालेषु ग्रहणे चान्तरे सदा ।
वाराणस्यादिके स्थाने स्नात्वा शुद्धो भवेन्नरः ॥५५॥
ज्ञानयोगपराणां तु पादप्रक्षालितं जलम् ।
भावशुद्ध्यर्थमज्ञानां तत्तीर्थं मुनिपुङ्गव ॥५६॥
जाबालोपनिषद्, चतुर्थःखण्डः।

फेरि, हाम्रो धार्मिक मान्यतानुसार मनुष्य शरीरका सम्पूर्ण अंग प्रत्यंगहरूमा मातृदेवीहरू अवस्थित छिन् । अ देखि क्ष सम्मका विभिन्न वर्णमालाहरू मनुष्य शरीरका अंग प्रत्यंगहरूसित सम्बद्ध मानिएर भिन्न-भिन्न मातृका नामले पूजित छन् । यस यथार्थताको पत्तो निम्नलिखित पंक्तिहरूको अध्ययनबाट स्पष्ट हुन्छ ।

१.	अ	श्रीकण्ठ वागेश्वरी	मौलि
२.	आ	अनन्त आमोटी	मुख
३.	इ	सुक्ष्मीश मायादेवी	दक्षिण नेत्र
४.	ई	त्रिमूर्तिश गुह्यशक्ति	वाम नेत्र
५.	उ	वरीश मोहनी	दक्षिण कर्ण
६.	ऊ	अर्धीश प्रज्ञा	वाम कर्ण
७.	ऋ	हारभूतीश निवृत्ति	दक्षिण नासापुट
८.	ॠ	अतिथीश प्रतिष्ठ	वाम नासापुट
९.	ऌ	स्थानु विद्या	दक्षिण कपोल
१०.	ॡ	हरशाकि	वाम कपोल
११.	ए	झण्टीश ज्ञानी	उपरि ओष्ठ
१२.	ऐ	भुतीश क्रिया	नीचेका ओष्ठ
१३.	ओ	सद्योजात गायत्री	उपरकी दन्तपंक्ति
१४.	औ	अनुग्रहीश सावित्री	नीचेकी दन्तपंक्ति

१५.	अं	क्रुरेश शुक्रादेवी	तालु
१६.	अः	महासेन इच्छा	जिह्वा
१७.	क	क्रोध संकटा	दक्षिण बाहुमुल
१८.	ख	चण्ड कालिका	दक्षिण बाहुकूर्पर
१९.	ग	प्रचण्ड शिवा	दक्षिण बाहुमणिबन्ध
२०.	घ	शिवेश घोरामुखी	दक्षिण बाह्वंगुलिमूल
२१.	ङ	एकरूद्रवीरा	दक्षिण बाह्वगुंल्यग्र
२२.	च	कुर्म्मे चामुण्डा	वाम बाहुमूल
२३.	छ	एकनेत्र छागली	वाम बाहुकूर्पर
२४.	ज	चतुर्मुख जयन्ती	वाम बाहुमणिवन्ध
२५.	झ	अजेश झंकारिनी	वाम बा ह्वंगुलिमूल
२६.	ञ	शर्म्मेश क्रुद्धनी	वाम बाह्वंगुल्यग्र
२७.	ट	सोमेश्वर कपालिनी	दक्षिण जंघा
२८.	ठ	लांगलीश पूर्णिमा	दक्षिण जानु
२९.	ड	दारुक लामा	दक्षिण गुल्फ
३०.	ढ	अर्द्धनारीश विनायकी	दक्षिणपादांगुलिमूल
३१.	ण	उमाकान्त नारायणी	दक्षिण पादांगुल्यग्र
३२.	त	आषाढीश तारा	वाम जङ्घा
३३.	थ	दिण्डिग्रसनी	वाम जानु
३४.	द	धात्रीश दहनी	वाम गुल्फ
३५.	ध	मीनेश प्रियदर्शिनी	वाम पादांगुलिमूल
३६.	न	मेषेश नादिनी	वाम पादांगुल्यग्र
३७.	प	लोहित पावनी	दक्षिण कुक्षि
३८.	फ	शिखीश फेत्कारिणी	वाम कुक्षि
३९.	ब	छगलण्ड वजनी	पृष्ठ
४०.	भ	द्विरण्ड भीषणी	नाभि
४१.	म	महाकाल महाकाली	जठर
४२.	य	वालीश वायुवेगा	हृदय
४३.	र	भुजंग दीपिनी	दक्षिण स्कन्ध
४४.	ल	पिनाकीश पूतना	ककुद
४५.	व	षडानंद शिखिवाहिनी	वामस्कन्ध
४६.	ष	श्वेतानंद लंविका	हृदयादि दक्षिणकर
४७.	श	वक्रानंद कुशुमायुधा	हृदयादि वामकर
४८.	स	भृश्वानंद परमात्मा	हृदयादि दक्षिणपाद

४९.	ह	लकुलीश अंविका	हृदयादि वामपाद
५०.		....	नाभ्यादि हृदयान्त
५१.	क्ष	संवर्त संहारिणी	हृदयादि भ्रूमध्य

श्रीमतोत्तर तन्त्र, कल्याण-शक्त्यङ्क

अर्को, उपर्युक्त अथर्ववेदको पंक्तिको अध्ययनबाट परब्रम्ह परमात्मा नवद्वारयुत मनुष्य शरीररूपि कमलमा अवस्थित हुने कुरा विदित हुन्छ। यस कुरोको पुष्टि स्वाँतीचाडले पनि गरेको छ। यम पञ्चकको चौथो दिन सम्पन्न गरिने उक्त चाडले प्रदान गरेको महत्त्वपूर्ण शिक्षा हो मनुष्यले कुनै पनि कार्य सफल गर्नको लागि देवताको शरणमा जानुको बदला स्वयम् आफ्ना उद्योग एवं कर्मठतामा लागि पर्नु जरूरी छ। 'आत्म दीपो भवः'-यो चाडको अतीव महत्त्वको शिक्षाको रूपमा लिइन्छ। कार्तिक शुक्ल प्रतिपदाको दिन श्रीकृष्णले गोवर्द्धन पर्वतलाई धारण गरी देवराज इन्द्रको दर्पलाई चकनाचूर पारेर व्रजवासीहरूलाई उपर्युक्त शिक्षा प्रदान गर्नुको साथै त्यसलाई चरितार्थ समेत गरी दर्शाएका थिए। यसैले उपर्युक्त प्रतिपदाको दिनलाई गोवर्द्धन पूजाको दिनको रूपमा पनि लिइन्छ। जे होस्, यस पौराणिक आख्यानले ईश्वर साँचो मानेमा मनुष्य हृदयको अन्तस्थल भनौं गुहा (गुफा)मै अवस्थित छ र यदि मनुष्यले त्यस यथार्थतालाई बुझेर आफ्नो हृदयपटलमा निहित परमात्मामै विश्वस्त भई तिनैको पूजोपासना गरेमा मनुष्यको कल्याण अवश्य हुने हुन्छ भन्ने कुराको ज्ञान हामीलाई प्रदान गरेको छ। यसै यथार्थतालाई अंगिकृत गरी अष्टादश पुराणमध्येका भविष्यपुराण उक्त दिन आत्मपूजा गर्नुपर्ने अनिवार्यता माथि जोर दिन्छ। तर, ज्योति तत्त्वका प्रतीकको रूपमा मानेर जीवनपूजा-म्हपूजा-आत्मपूजा गर्ने परम्पराको उल्लेख्य रूपले नेपालका नेवारहरूले बाहेक अन्य जातिहरूले अपनाए जस्तो लाग्दैन। नेपालका नेवारहरूले यो दिन गोवर्द्धन पूजा गर्नुको बदला म्हपूजाको रूपमा स्वयम् आफूलाई नै परमात्मा संझेर पूजोपासना गर्ने गरेका छन्। यस प्रकारको क्रियाकलापबाट नेपालका नेवारहरू बोद्धिक एवं पारमार्थिक दृष्टिले पहिलेदेखि नै ज्यादै प्रवुद्ध थिए र तिनीहरू देवताको खोजी बाहिर होइन स्वयम् आफ्नो हृदयस्थित गुहामै खोज्नुपर्दछ भन्ने सिद्धान्तमा पक्का थिए भन्ने कुरा जानिन्छ।

हाम्रो सामाजिक परम्पराले पनि गुफाको महत्त्वलाई उजागर पारेको यथार्थतालाई नकार्न सकिंदैन। यहाँको समाजमा राजोपाध्याय ब्राम्हणहरूमा केटाहरूको व्रतबन्ध गर्दा बोधाँ राख्ने (बुधाँ तय्गु) चलन छ। बोधाँ राख्ता

(बोध गराउने) केटालाई कमसेकम ५० दिनसम्म घरको कोठामा एकान्तमा बस्नुपर्ने हुन्छ । त्यस समय तिनलाई बिहान बेलुका होम गराई ५० दिन बित्दा १०० यज्ञ सम्पन्न गराउने परम्परा छ । त्यस अवधिमा तिनलाई कर्मकाण्ड सम्बन्धी सबै कुराको ज्ञान दिइन्छ । केटीहरूको रजस्राव पहिलो पटक हुँदा बाह्र दिन सम्मन् कोठामा जुन गुफा राखिन्छ, त्यसले पनि उपर्युक्त यथार्थताको सत्यतातिरै स्पष्ट रूपले इङ्गित गरेको छ । कारण त्यस अवधिमा गुफा राखेकी केटीले विभिन्न प्रकारका कलाको ज्ञान (६४ कलाको ज्ञान?) आर्जन गर्ने हुन्छिन् । यी विभिन्न आधारहरूले आदिमयुगदेखि नै गुफाको महत्त्व स्थापित भएर अद्यापि हाम्रो सामाजिक परम्परामा त्यो यथावत् कायम नै रहेको कुरामा दुईमत नहोला ।

उपर्युक्त यथार्थताहरूको अध्ययनबाट यस कुराको स्पष्टरूपले खुलासा हुन्छ कि यस भूमण्डलका जति पनि गुफाहरू छन् तिनीहरूमा मानिसहरूको निवास आदिमयुगदेखि नै रहनुको साथै ती गुफाहरूमै मानिसहरूले सर्वप्रथम सभ्यताको आभा दृष्टिगत गर्नलागेका थिए । अर्को, मनुष्य शरीरका विभिन्न अंग प्रत्यंगहरूमा विभिन्न तीर्थहरू यथा केदार, वाराणसी, कुरूक्षेत्र एवं प्रयाग आदि अवस्थित रहेको तथा मानव हृदयपटलस्थित गुहामा परब्रम्ह परमात्माको निवास भएको कारण पनि यस भूतलमा मनुष्यले साँचो अर्थमा मोक्ष प्राप्त गर्ने हो भने आफ्नो हृदयपटलस्थित गुहाको नजरन्दाज गरी अन्यत्र भ्रमण गर्न लाग्नु युक्तिप्रद नलाग्नु स्वाभाविक छ । यसैले भावतीर्थ सबै तीर्थहरूमा प्रमाणतः महान् तीर्थ हो जसको कारण मनुष्यले मोक्ष प्राप्त गर्नको लागि यथार्थतः भावतीर्थलाई नै अपनाउनु श्रेयस्कर छ ।

"न काष्ठे विद्यते देवो न शिलायां कदाचन ।
भावे हि विद्यते देवस्तस्माद् भावं समाश्रयेत् ॥
न देवः पर्वताग्रेषु न देवः शिवसद्भनि ।
देवशिवदानन्दमयो हृदि भावेन दृष्यते ॥"

अन्तमा, यो कुरा निर्विवाद लाग्दछ कि गुहा भनौं गुफाको महत्त्व हाम्रो सामाजिक परम्परामा आदिमयुगदेखि स्थापित भई अद्यापि यसले निरन्तरता पाइँदै आइरहेको छ । यस्तो महत्त्वपूर्ण विषयमा यहाँका विद्वज्जनहरूले खास अभिरूचिका साथ अध्ययन अनुसन्धान गर्नेतिर लागेको देखिएको थिएन । तर, अहिले नेपालको एक मर्मज्ञ विद्वान् प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठज्यूले यस दिशातिर अन्वेषण, अनुसन्धान गर्ने

कार्यमा पहल गर्नुभएको छ, फलतः उहाँले भक्तपुरमा अहिलेसम्म जानकारीमा नआएका विभिन्न गुफा ओडारहरूको खोजतलास गरी प्रकाशमा ल्याउनुभएको छ जसको लागि उहाँ धन्यवादका पात्र हुनुभएको छ। ती गुफा, ओडारहरूमा उहाँले विभिन्न पुरातात्त्विक सामग्रीहरूको अतिरिक्त अभिलेख एवं चित्रहरू पनि प्राप्त गर्नुभएको छ । ती सामग्रीहरूको आधारमा नेपालको पुरातन इतिहास, संस्कृतिको अध्ययन मनन गर्नुमा ठूलो सघाऊ पुग्नजाने निश्चित नै लाग्दछ ।

अर्को, गुहा, गुहालेख एवं गुहाचित्रहरूको अतिरिक्त यहाँका महत्त्वका सम्पदाहरूको बारे पनि गहिरिएर अध्ययन, अनुसन्धान गरी विस्मृतिको गर्भमा यत्रतत्र छरिएर रहेका अनेकौं प्राचीन सम्पदाहरूलाई प्रकाशमा ल्याउन उहाँ सफल हुनुभएको छ । उहाँले ठोस ऐतिहासिक स्रोत सामग्रीहरूको आधारमा नेपाल उपत्यकाको सर्वप्राचीन नगरको रूपमा मान्य विशालनगरको नगरसीमा साँखु-चाँगुदेखि चण्डोल, अण्डिग्राम (हाँडीगाउँ) हुँदै पशुपति देवपाटन एवं मालीगाउँसम्मन् पुगेको दर्शाउनु भएको छ जुन सत्यप्रद नै प्रतीत हुन्छ । विशालनगर राज्यको पतनको अनन्तर यहाँ दक्षिणकोलिग्राम, खोपृङ्ग्राम एवं यूपग्राम तीन भिन्नाभिन्नै ग्रामहरू स्थापित भई दक्षिणकालिग्रामद्रङ्ग, खोपृङ्ग्रामद्रङ्ग तथा यूपग्रामद्रङ्ग हुँदै पछि गएर तीन विख्यात नगरराज्यहरूको उदय भएको लाग्दछ । ती तीन नगर राज्यहरू हुन् -कान्तिपुर, भक्तपुर तथा ललितपुर । यसैले यस्ता महत्त्वको कार्यमा सर्वप्रथम पहल गरी उहाँले यहाँका विद्वान्हरूलाई यस दिशातिर पनि लाग्नुमा उत्प्रेरित गरेको छ । निःसन्देह नेपाल एवं नेपालीको लागि यो अतीव सराहनीय कार्य भएको छ । यसैले म चाहन्छु उहाँ यस्ता प्रकारका कार्य गर्नुमा सदा असन्तोषी नै भइरहुन्, सन्तोषी नभएर ।

हरिराम जोशी

प्रकाशकीय

चाँगुभेकलाई अन्वेषणको मूल आधार बनाएर, सग्ला र सबैले सजिलैसित पुग्दै, देख्दै आएका सम्पदाहरूलाई नभएर आजसम्म पनि कसैको ध्यान नगएको र प्रकाशमा नआएका टुटेफुटेका र अङ्गभङ्ग भएका प्राचीन मूर्तिहरू, जङ्गलको कछारमा निकै अप्ठेरो स्थानमा रहेका हाम्रा पुर्खाका गुफा र ओडारहरू र हाम्रै पुर्खाका हतियारहरू पत्ता लगाएर लेखिएको पहिलो अनुसन्धानात्मक पुस्तक यो हो । इतिहासको तीनवटै कालखण्डका बारेमा भिन्नै दृष्टिकोणले लेखिएको पहिलो पुस्तक यो हो । विस्मृतिमा विलाइसकेको चम्पकारण्य महानगरलाई स्मरण गराउँदै नेपालको पहिलो नगरसभ्यताका बारेमा लेखिएको, प्राचीन दरबारको अवस्थान लगायत विस्मृतिको गर्भमा विलुप्त भइसकेको थंखोपृद्रङ्ग नामक शहरको अस्तित्व समेत पत्ता लगाएर लेखिएको पहिलो पुस्तक यो हो । विगत एकसय चालीस वर्ष अघिदेखि विद्वान अन्वेषकहरूको ध्यान चाँगुनारायणमन्दिरमा मात्र गएको थियो । तर यसको नाकैमुनि रहेको कालिका गुफा, सो गुफाको अभिलेख लगायत गुफाचित्रतिर यसअघि कसैको ध्यान गएको थिएन । नेपालका विद्वानहरूले 'नेपालमा 'गुहालेख पाइएका छैनन्' भनिरहेको बेलामा यस पुस्तकका लेखक एवं मेरा अनन्य मित्र प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले पहिलोपल्ट गुहालेख समेत पत्ता लगाई 'गुहा, गुहालेख, गुहाचित्र र अन्य सम्पदा' नामको यो पुस्तक लेख्नुभएर त्यस अभावको पूर्ति समेत गर्नुभएको छ । प्राचीन मूर्तिकलाका दृष्टिले दुई हजार वर्ष पुरानो देखिएको काठमाण्डौ उपत्यकाको इतिहासलाई प्राचीन मूर्तिहरू भेट्टाएर त्यस कुराको थप पुष्टि गर्नुका साथै चाँगुभेक र गोदावरीभेकमा प्राप्त जीवाश्महरूलाई आधार बनाएर उपत्यकाको इतिहासलाई दशलाख वर्ष अघि लानुभएको तुलनात्मक अध्ययन विश्लेषण प्रशंसनीय छ ।

सामान्य पाठकदेखि लिएर नेपालको इतिहास, संस्कृति र पुरातत्त्वमा अभिरूचि राख्ने विद्वत्वर्गका लागि यो पुस्तक निकै उपयोगी हुने आशा गर्दछु । राष्ट्रको गौरव बढाउने यति धेरै महत्त्वको यो पुस्तक प्रकाशन गर्ने अभिभारा पाएकोमा लेखकप्रति अनुगृहीत छु । यस पुस्तकको उच्चतम् मूल्याङ्कन गरी भूमिका लेखीदिनु हुने संस्कृति शिरोमणि हरिराम जोशीज्यूप्रति कृतज्ञ छु । मुद्रणकार्य गरिदिने छापाखानालाई पनि धन्यवाद छ ।

कार्तिक, वि.सं. २०७३

विनोदराज शर्मा राजोपाध्याय
इपाछें, भक्तपुर

आमुख

चाँगुनारायणमन्दिरको मानदेव प्रथमको संवत् ३८६ (ई.सं.४६४) को गरुडस्तम्भ अभिलेख आजभन्दा एकसय चालीस वर्ष अघि भारतका भगवान्लाल इन्द्रजीले पत्ता लगाई प्रकाशमा ल्याएका थिए । त्यसबेलादेखि यो अन्वेषण अघिसम्म स्वदेशी, विदेशी विद्वानहरूको अध्ययन एकोहोरो रूपले यस मन्दिरको चौगिर्दाभित्र मात्र सीमित रहिआएको कुरा विद्वद्वर्गमा विदितै छ । यसको चौगिर्दा बाहिर गएर अनेक संख्याका सम्पदा पत्ता लगाएर प्रकाशमा ल्याउने काम प्रथमपल्ट यस पुस्तकमा भएको छ । यस पुस्तकमा प्रथमपल्ट चाँगुनारायणमन्दिरको चौगिर्दा पार गर्दै यसको समीपस्थ र दूरस्थस्थानमा भेट्टाइएका गुहा, गुहालेख, गुहाचित्र र अन्य सम्पदा (गुहा/गुफा, ओडारहरू, पाषाण उपकरणहरू, मूर्तिहरू, चैत्यहरू, अभिलेखहरू आदि) का बारेमा तुलनात्मक रूपले विश्लेषणमूलक अध्ययन गरिएको छ ।

चाँगुनारायणमन्दिरको चौगिर्दाभित्रकै प्राचीन मूर्तिहरूका बारेमा यस अघि सम्बद्ध विद्वानहरूबाट प्रकाश परिसकेको भए तापनि केही अन्य उल्लेख्य प्राचीन मूर्तिहरूका बारेमा उनीहरूले प्रकाशमा ल्याउन छुटाएका छन् । उदाहरणको रूपमा छिन्नमस्तामन्दिरभित्रकै सप्तमातृका एवं सप्तभैरवलाई लिउँ । प्रसिद्ध विद्वान लैनसिंह बाङ्देलले काठमाण्डौ उपत्यकामा भेट्टाइएका प्राचीन मूर्तिहरू प्रकाशमा ल्याएर ठूलो गुन लगाएका छन् । छिन्नमस्तामन्दिरभित्रका सप्तमातृकाका प्राचीन मूर्तिहरू सर्वप्रथम भेट्टाएर त्यसको काल निरूपण गर्ने उनको सत्प्रयास सह्राहनीय छ । उनले त्यस मन्दिरभित्र सप्तमातृकाका चारवटा मात्र मूर्तिहरू (**कौमारी, ब्रम्हायणी, माहेश्वरी, वाराही**) भेट्टाएका थिए । हामीले थप तीनवटा मूर्तिहरू पनि भेट्टाएर (**विष्णुवी, चामुण्डा/काली, महालक्ष्मी**) सप्तमातृकाका सातवटै मूर्तिहरूका बारेमा यस पुस्तकमा चर्चा गर्न पाएका छौं । सप्तमातृकाका साथमा रहेका समकालीन सप्तभैरवका बारेमा यस अघि कसैले चर्चा गरेको देखिएको छैन । छिन्नमस्तामन्दिरभित्रका सप्तमातृका र सप्तभैरव लगायत छिन्नमस्तक गरुडनाराण्यण, किलेश्वर पनि समकालीन र यहाँका उच्चतम देवताहरू हुन् । यसरी भगवान्लाल इन्द्रजीले सर्वप्रथम मानदेव प्रथमको अभिलेख भेट्टाए । बाङ्देलले सर्वप्रथम सप्तमातृकाका मूर्तिहरू भेट्टाए । बाङ्देलले ती मूर्तिहरूलाई ईस्वीको दोस्रो-तेस्रो शताब्दीतिर राखे । हामीले यी प्राचीन मूर्तिहरू लगायत यस मन्दिरभित्रका उमा-महेश्वर, गणेश लगायत

सप्तभैरवलाई ईस्वीको प्रथम-दोस्रो शताब्दीतिर राखेका छौ । र यसरी अभिलेखले पन्ध्रसय वर्ष प्राचीन देखाएको चाँगुको इतिहास र कलालाई यहाँका प्राचीन मूर्तिकलाका आधारमा यस पुस्तकमा दुई हजार वर्ष पुरानो भनी प्रथमपल्ट विवेचन गरिएको छ । यताबाट काठमाण्डौ उपत्यकाको इतिहास र प्रस्तर मूर्तिकलाको अभ्युदयस्थान समेत चाँगु रहेको प्रतीत हुन्छ ।

अन्वेषणका क्रममा चाँगुको चौगिर्दाबाहिर भेट्टाइएको कालिका गुफा र सो गुफामा उत्कीर्ण गुहालेख र गुहाचित्रका बारेमा पहिलो पटक यस पुस्तकमा विश्लेषणमूलक अध्ययन गरिएको छ । त्यसैगरी यसको समीपस्थ र दूरस्थस्थानमा भेट्टाइएका आजसम्म प्रकाशमा नआएका अन्य सम्पदाहरू जस्तै शक्तिको प्राधान्यता रहेको अर्धनारीश्वरको प्राचीन मस्तक, विशाल शंख, चट्टानमा उत्कीर्ण चक्र, सारनाथशैलीका प्राचीन बौद्धमूर्तिहरू, चाँगुनारायण जतिकै प्राचीन गोठालेदेवता, लिच्छविकालीन ढुङ्गेधारा र चैत्य, चारहाते भीमसेन, शक्तिसहितको षण्मुखकुमारको प्राचीन मूर्ति, विकृत मुखाकृति भएको यक्ष-भैरवको प्राचीन मस्तक, लिच्छविकालीन बुद्धमस्तक, मागलहोप ओडार, ढुङ्गेखोल्चो-गुफा, छ्युनिङ गुवा (पानी गुफा/चमेरो गुफा), चाँगुको चापाख्वाल र सूर्यविनायक वनमाथिको घ्याम्पेडाँडा एवं काभ्रे र सिन्धुपाल्चोकमा भेट्टाइएका नवपाषाण उपकरणहरू लगायत अनेक सख्याका दुर्लभ एवं प्राचीन सम्पदाहरू (ईस्वी पूर्वकालदेखि मध्यकालसम्मका) लाई प्रथमपल्ट यसै पुस्तकमा प्रकाशमा ल्याउने काम भएको छ ।

यसरी यस पुस्तकमा प्रागऐतिहासिक कालदेखि इतिहासकालसम्मका प्राप्त सम्पदाहरूको तुलनात्मक अध्ययन विश्लेषण गरी चाँगुभेकको मात्र नभएर उपत्यकाकै इतिहासलाई समेत इतिहासकालबाट प्रागऐतिहासिक कालको कम्तिमा पनि दशलाख वर्ष अघि लान सक्ने आधार भेट्टाएर प्रथमपल्ट यस पुस्तकमा विश्लेषण गरिएको छ । पुरातत्त्वज्ञ गुडरून कर्भिनस र जनकलाल शर्माले आजभन्दा तीन दशक अघि चाँगुको उत्तरपट्टि मनोहरा खोला पारि महादेवखोलामा भेट्टाएको बोस नमाडिकस (गौ वंशका पुर्खा)को जीवाश्म दश लाख तीन हजार वर्ष पुरानो मानिएको छ । त्यसैगरी गोदावरीमा फेलापरेका महागज र जलगैंडाका जीवाश्म पनि उत्तिकै प्राचीन वा भनौं प्रातिनूतनाश्म युगका हुन् जुनबेला मानवको उत्पत्ति र क्रमविकाससगै पृथ्वीमा भीमकाय जीवहरू अस्तित्वमा थिए । यी प्रागऐतिहासिक, पुरातात्त्विक प्रमाणका आधारमा प्राचीन मूर्तिकलाले दुई हजार वर्ष पुरानो देखिएको चाँगुसहितको उपत्यकाको प्राचीनतालाई

इतिहासकाल र आद्य इतिहासकाल हुँदै त्यो भन्दा पनि अघिको प्राग्ऐतिहासिक कालसम्म लान सकिएको हो ।

नगरै नगरहरू मिलेर बनेको बृहत् नगर विशालनगर थियो । प्रथमपल्ट विशालनगरको मानचित्र यस पुस्तकमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । भारतको विशाल वैशालीबाट काठमाण्डौ उपत्यका आएका लिच्छविहरूले बसालेको पहिलो 'विशाल'नगर यो विशालनगर थियो । काठमाण्डौ उपत्यकाको प्रथम नगरसभ्यता यो थियो । लिच्छविकालको पृथक कालखण्डमा बनेका भव्य दरबारहरू (मानगृह, कैलाशकूट, भद्राधिवास) यसै नगरभित्र थिए । यो सभ्यताको पतनपछि ग्राम सभ्यताको सुरुवात हुँदै द्रङ्ग र द्रङ्गबाट पनि नगर राज्यहरूको उदय भयो । कान्तिपुर, ललितपुर र भक्तपुर परवर्तीकालमा समृद्ध हुन पुगेका यस्तै नगर-राज्यहरू थिए । मलाई लाग्छ, यसबारेमा यस प्रकारले यस अघि कसैले पनि चर्चा गरेको छ जस्तो लाग्दैन र यसरी पनि प्रथमपल्ट यस पुस्तकमा विश्लेषण गरिएको छ । त्यसैगरी लिच्छविकालीन भद्राधिवासभवनको अवस्थान मात्र नभएर यस अघि सम्म पनि अज्ञात नै रहेको लिच्छविकालमा द्रङ्गको दर्जा पाएको एक अज्ञात शहर समेत पत्ता लगाएर प्रथमपल्ट लेखिएको पुस्तक पनि यो हो । यसरी प्राग्ऐतिहासकालदेखि इतिहासकालका आजसम्म प्रकाशमा नआएका धेरै नूतन कुराहरू पत्ता लगाएर पहिलोपल्ट विवेचनमूलक-अध्ययन गरी लेखिएको पुस्तक यो हो ।

वि.सं.२०६६ सालमा विश्वमै दुर्लभ मानिने चट्टानअभिलेख चाँगुदेखि पूर्वको ताथली गा.वि.स.को हललगाउँमा पत्ता लागेपछि त्यसलाई लेखको रूपमा प्रकाशमा ल्याउने विचार गर्दा संस्कृति शिरोमणि हरिराम जोशीज्यूले पुस्तकको रूपमा प्रकाशित गर्न मलाई प्रेरित गर्नुभएको थियो । उहाँकै प्रेरणा र सुझाव पाएर मैले वि.सं.२०६७ सालमा 'चट्टानअभिलेख र अन्य सम्पदा' शीर्षकको पुस्तक प्रकाशमा ल्याएको थिएँ । अहिले यो पुस्तक लेख्ने क्रममा पनि उही कुरा दोहरिएको छ । अर्थात् चाँगुको डाँडोको दक्षिण कछारमा रहेको कालिका गुफा र सो गुफामा रहेको गुहालेख, गुहाचित्र लगायतका अन्य सम्पदा फेला परेपछि त्यसलाई लेखको रूपमा प्रकाशित गर्ने विचार गरेको थिएँ । यो कुरा जोशीज्यूलाई भनेपछि उहाँले पुस्तककै रूपमा प्रकाशित गर्न सल्लाह दिनु भएको थियो । त्यसपछि मैले यस भेकका थप अन्य सम्पदाहरूको खोजलाई अघि बढाएँ । यसो हुँदा **चट्टानअभिलेख र अन्य सम्पदा** जस्तै गरी **गुहा, गुहालेख, गुहाचित्र र अन्य सम्पदा** शीर्षकको

पुस्तकले मेरो कलमबाट जन्म लिएको छ । यसरी मलाई उहाँले मार्ग निर्देश गर्दै पुस्तक लेख्न प्रेरित गर्नुभयो । पुस्तक लेख्ने क्रममा उहाँले बेलाबखतमा महत्त्वपूर्ण सल्लाह र सुझावका साथै दुर्लभ ग्रन्थहरू समेत उपलब्ध गराएर मलाई ठूलो सहयोग गर्नु भयो । अनि यस पुस्तकका लागि भूमिका समेत लेखिदिनु भएर पुस्तकको गरिमालाई बढाइदिनु भएको छ । यसरी मलाई अनगिन्ती गुन लगाएर प्रेरित गरिरहनु हुने संस्कृति शिरोमणि हरिराम जोशीज्यूप्रति हृदयदेखि आभार प्रकट गर्दछु । म उहाँप्रति सदा ऋणि रहने छु ।

'सरस्वतीलाई बाँड्दा बढ्छ ।' **चट्टानअभिलेख र अन्य सम्पदा** लेख्ने क्रममा मैले सिकेको मूल मन्त्र यो थियो र त्यसैको उपज त्यो पुस्तक थियो र अहिले यो हुन आएको छ । यो मन्त्र मेरा लागि एक सुखान्त-संयोग, आश्चर्य र यथार्थ भएर आएको छ । मैले मेरा विद्यार्थीहरूलाई सरस्वती चिनाउन खोज्दा उनीहरूले मलाई सरस्वती रूपी साक्षात् गुहा र ओडारहरू नै देखाइदिए, सरस्वती रूपी नवपापाषाण उपकरणहरू नै ल्याएर मेरो हातमा थमाइदिए । मेरा विद्यार्थीहरूलाई झौखेलका सम्पदाहरू देखाउन लैजाँदा उनीहरूमध्येका एक चाँगु चापाख्वालनिवासी मञ्जु पौडेलले कालिका गुफा लगायत छापको विशाल ओडार देखाउन लगेकी थिइन् र बारी खन्दा भेट्टाएको नवपाषाण उपकरण समेत थमाइदिएकी थिइन् । अर्को पटक विद्यार्थीहरूलाई कालिका गुफा देखाउन लैजाँदा उनीहरूमध्येका एक नगरकोट, बेसीका मङ्गल मोक्तानले छ्युनिङ गुवा (पानी गुफा/चमेरो गुफा) र ढुङ्गेखोल्चो गुफाहरू नै देखाउन लगे । त्यसैगरी चाँगु न.पा., खोरियाका मेरा विद्यार्थी सम्झना तामाङले मागलहोप ओडार देखाउन लगिन् । ताथलीको हललगाउँ र नालाछापमा रहेका चट्टानअभिलेखहरू देखाइदिने मेरा विद्यार्थीहरू मुना केसी र किशोर नयाजु श्रेष्ठ हुन् । मुना केसीले आइतबारे सामुदायिक वनमा भेट्टाएको सूक्ष्म नवपाषाण उपकरणका बारेमा मेरा अन्य विद्यार्थीहरूलाई बताउँदा उनीहरूमध्येका अनन्तलिङ्गेश्वर न.पा., घ्याम्पेडाँडानिवासी शान्ति तामाङ, काभ्रे शंखपाटीचौरका पूजा खत्री, सिन्धुपाल्चोक मन्थली न.पा., कठजोरका सोमनारायण श्रेष्ठहरूले नवपाषाण उपकरणहरू नै ल्याएर मेरो हातमा थमाइदिए । यसरी मलाई सरस्वती देखाएर, थमाएर सहयोग गर्ने मेरा विद्यार्थीहरू मुना केसी, किशोर नयाजु श्रेष्ठ, मञ्जु पौडेल, मङ्गल मोक्तान, सम्झना तामाङ, शान्ति तामाङ, सोमनारायण श्रेष्ठ लगायत मेरो अनेक पल्टको स्थलगत अध्ययनका क्रममा मलाई साथ दिएर सहयोग गर्ने रज्जु हाडा, राजेश गाइँजु, वर्षा वज्राचार्य, सावन वज्राचार्य, रमेश त्वाती, लक्ष्मी नागा, रमिता श्रेष्ठ, सुनिता माक,

दिलदेवी द्यौला, मतिना सितिखु, सहदेव भुजेल, अमर लामा, राजकुमार तामाङ, क्षितिज गिरी, वीरेन्द्र लामा, सुन्दर तमखु, सृमल तुल्सीबाख्यो, विनिता खत्री, कौशिला महत, प्रतिमा महत, रोजिना महत, अन्जली लामा, प्रमिला परियार, सुनिता तामाङ, विनिता तामाङ, लक्ष्मी तामाङ, सीतादेवी प्रजापति, रक्षा ढुंगाना, रस्मिता थापामगर, रक्षा महत, सविना ख्याजु, कृष्णलक्ष्मी दुवाल, अनु नगरकोटी, पंच फोजु, निरू थापा, पार्वती लोहला, शोभा ख्याजु, सजिना बखुन्छे, झरना बोहोरा, मञ्जु सुवाल, सविता कवाङ, रोनिया लामा, मैना लामा, सुनिता गोरा, बुद्ध तामाङ लगायत मेरा समस्त विद्यार्थीहरूलाई स्नेहपूर्वक हृदयदेखि धन्यवाद दिन चाहन्छु । चाँगु न.पा.वलंपुटोल निवासी अनिष भट्ट र चाँगु न.पा. पिखेलनिवासी मेरा विद्यार्थी सन्दीप केसीले अनेकपल्टको स्थलगत अध्ययनमा मलाई साथ दिएर सहयोग गरेका छन् । म उनीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

स्थलगत अध्ययनका क्रममा मैले विभिन्न स्थानका स्रोत व्यक्तिहरूबाट महत्त्वपूर्ण जानकारी र सहयोग पाएको छु । यस क्रममा मलाई जानकारी दिई सहयोग गर्नु हुने चाँगुनारायणका पुजारी श्री चक्रधरानन्द राजोपाध्याय एवं चाँगुनारायणका सुसारे श्री महेन्द्र भडेल, छिन्नमस्तामन्दिरका पुजारी श्री प्रचण्डमान कर्माचार्य, चाँगु इकुटोलका श्री ध्रुवनारायण भडेल, चाँगुनारायणमन्दिरमा मुहाली बाजा बजाउने गामढोकाटोलका श्री प्रेमलाल कपाली, चाँगु वडा नं १ का श्री कान्छा राजवाहक र मगामटोलका श्री देवनारायण श्रेष्ठ, श्री रमेश बहादुर श्रेष्ठ, चाँगु वडा नं. ९ निवासी श्रीनितेश भडेल, चाँगु न.पा.-११ निवासी श्रीमहेशनाथ ढुङ्गाना, चाँगु साङ्गदहका श्रीमती भगवती गिरी, साँखु न.पा., सानागाउँ इन्द्रायणीस्थान वडा नं.१ का श्री तुलसी श्रेष्ठ, श्री रामबहादुर श्रेष्ठ, चाँगु मंगनटोलका श्रीमती दानदेवी शाही, चाँगु कापाहिटीका श्री नरबहादुर केसी, चाँगु मङ्गलटारका श्री कृष्णबहादुर तामाङ, चाँगु, वडा नं.१० छापका श्रीमती सुकुराती तामाङ, श्रीमती माइली तामाङ, चाँगु चापाख्वालका श्री बलराम पौडेल, नगरकोट गैह्रीगाउँका श्री सुमारसिंह तामाङ, श्री मर्दन तामाङ, श्री बलबहादुर तामाङ, झौखेल वडा नं. ७ का श्री कृष्णभक्त तजले, श्री कृष्णभक्त थुया, श्री दिपेश कार्की, श्री किशोर खत्री, श्री राजु कार्की, झौखेल वडा नं. ८ का श्री उत्सव माक, पिखेलका श्री नील बहादुर थापाज्यूहरू प्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

छिन्नमस्तामन्दिरभित्रको उमा-महेश्वरको प्राचीन मूर्तिको विवेचन गर्ने क्रममा मलाई मेरा श्रद्धेय गुरु प्रा.डा.मुकुन्दराज अर्यालले महत्त्वपूर्ण सुझाव दिनुभएको थियो । यसको निमित्त म उहाँप्रति आभारी छु । त्यसैगरी पशुपतिक्षेत्रमा रहेको कमैलाई मात्र थाहा भएको, विस्मृतिको गर्भमा पुगिसकेको भागलभुगल गुफाका बारेमा अमूल्य जानकारी दिएर सहयोग गर्नुहुने पुरातत्त्व विभागका भू.पू.अधिकारी आदरणीय श्री ईश्वरमान सिन्याज्यूलाई पनि हार्दिक आभार प्रकट गर्दछु ।

अन्वेषणका क्रममा प्राप्त हुन आएका पाषाण उपकरणहरू एवं प्राचीन मूर्तिहरू लगायत जानकारीमा आएका प्रागऐतिहासिक जीवाश्महरूका बारेमा तुलनात्मक, अध्ययन विश्लेषण गर्न अनेकपल्ट छाउनीस्थित राष्ट्रिय संग्रहालयमा अध्ययन अवलोकन गर्न पुग्दा हरेकपल्ट मलाई सो संग्रहालयका संग्रहालय-प्रमुख, मेरा मित्र श्री प्रकाश दर्नालले हृदय खोलेर गर्नुभएको सहयोग म बिर्सन सक्दिन । यसको निमित्त म उहाँप्रति आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी मेरा मित्र नेपाल र एसियाली अनुसन्धान केन्द्रका प्रा.डा.डिल्लीराज शर्माबाट पनि सहयोग पाएको छु । म उहाँलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

विगत तीन दशकभन्दा लामो समयदेखि मेरा अनन्य मित्र श्री विनोदराज शर्मा राजोपाध्यायले मेरो अनुसन्धान यात्रामा कुममा कुम मिलाउँदै, अनगिन्ती स्थलगत सर्वेक्षणहरूमा समेत साथ दिएर, स्रोत व्यक्तिकै रूपमा समेत अमूल्य जानकारीहरू दिएर सहयोग गर्दै आउनुभएको छ । प्रस्तुत पुस्तक लेख्ने क्रममा पनि नखुलेका कुरा सुल्झाउन अनेकपल्ट चाँगुभेकमा पटक-पटक स्थलगत अध्ययन गर्न जाँदा उहाँले साथ दिएर सहयोग गर्नुभएको थियो । त्यसैगरी आफ्नो संग्रहमा रहेका पाषाण उपकरणहरू समेत दिएर ठूलो सहयोग गर्नुभएको छ । र अझ महत्त्वपूर्ण कुरा, यस पुस्तकको प्रकाशन गर्ने अभिभारा समेत लिएर मलाई ठूलो गुन लगाउनुभएको छ । यसको निमित्त म मेरा मित्रप्रति ऋणि छु । त्यसैगरी मेरो अनुसन्धान-सहायकका रूपमा मलाई अनुसन्धान कार्यमा सहयोग पुऱ्याइरहनु हुने मेरा मित्र भक्तपुर बहुमुखी क्याम्पसका सह-प्राध्यापक श्री विश्वमोहन जोशीज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, मलाई अन्वेषणमा लागिरहन सदाकाल सहयोग र प्रेरणा दिइरहने मेरी जीवनसङ्गिनी बबिता श्रेष्ठले यो पुस्तक तयार पार्ने काममा पनि

अमूल्य सहयोग गरेकी छिन् । तिनी लगायत मेरा छोरा अमनलोचन श्रेष्ठ, बुहारी एलिशा श्रेष्ठ र छोरी उमा श्रेष्ठले यो पुस्तक लेख्ने उपयुक्त, शान्त वातावरण तयार पारेर, अध्ययन-कोठामा अध्ययनका क्रममा यत्रतत्र छरिन पुगेका पुस्तक, पत्रिका एवं अन्य स्रोत सामग्रीहरूलाई व्यवस्थित तुल्याउने काम गरेर मेरो लेखनकार्यमा सहयोग पुऱ्याएकोमा म उनीहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अत्यन्त सावधानी अपनाएको भए तापनि पुस्तकमा केही अशुद्धिहरू रहन गएको हुनसक्छ । आशा छ विद्वज्जनले त्यतातिर त्यति ध्यान दिनुहुने छैन ।

भक्तपुर
कार्तिक, वि.सं. २०७३

पुरुषोत्तमलोचन श्रेष्ठ
९८४१२६८६०९

गुहा, गुहालेख, गुहाचित्र एवं अन्य सम्पदा

आकस्मिक खोज

अन्वेषणको एक परम्परागत प्रणाली आकस्मिक खोज हो । मानव इतिहास, संस्कृति र सभ्यताका दृष्टिले महत्त्व पाएका विश्वका कतिपय पुरातात्त्विक स्थलहरू आकस्मिक खोजबाट ज्यादा मात्रामा फेला परेका छन् । मानवको उत्पत्ति र विकासक्रम जान्ने प्रागमानवका अस्थि अवशेषहरू हुन् वा सिन्धुघाटी सभ्यता लगायतका हाम्रै प्राचीन कपिलवस्तु र लुम्बिनीको सही इतिहास जान्ने पुरातात्त्विक वस्तुहरू पुरिएका ढिस्काहरू ! त्यसैगरी भक्तपुरको ताथलीभेकबाट फेला परेका विश्वमै दुर्लभ मानिएका चट्टानअभिलेखहरू पनि आकस्मिक खोजकै उपज हुन् ।[१] बुद्धको जन्मथलो लुम्बिनी ग्राम हो भनी सही कुरा थाहा दिने अशोक स्तम्भ अभिलेख होस् वा चाँगुको संवत् ३८६ (ई.४६४) को मानदेवको स्तम्भ अभिलेखभन्दा पनि २७९ वर्ष पुरानो, मालीगाउँको एउटा घरको जग खन्ने क्रममा फेला पर्न आएको राजा जय वर्माको संवत् १०७ (ई.१८५) को अभिलेखसहित कुँदिएको नेपालको सबभन्दा पुरानो मूर्ति ![२] आकस्मिक खोजकै उपज हुन् । स्पेनको अल्टामिरा गुफाको गुहाचित्र होस् वा हाम्रो नेपालको ! हामीले हालै फेला पारेका भक्तपुर चाँगुनारायणभेकका कालिका गुफा, र सो गुफाका गुहालेख, गुहाचित्रहरू, छाप गाउँका विशाल ओडार, गुफाहरू लगायतका यसै भेकबाट र चाँगुको चापाख्वाल, काभ्रे, मन्थली लगायत पनौतीबाट समेल फेला पर्न आएका नवपाषाण उपकरणहरू (हाते बन्चरो/सेल्ट) पनि आकस्मिक खोजकै उपज हुन् ।[३]

---

१ पुरूषोत्तमलोचन श्रेष्ठ, **चट्टानअभिलेख र अन्य सम्पदा**, बविता श्रेष्ठ, भक्तपुर : वि.सं.२०६७, पृष्ठ १-८२ ।

२ लैनसिंह वाङ्देल, **जय वर्माको मूर्ति र नेपालको वर्मा वंश**, मण्डला प्रकाशन, काठमाडौं : वि.सं.२०६२, पृष्ठ १-१२ ।

३ लक्ष्मी (धन)लाई बाँड्दा घट्छ, सरस्वती (विद्या)लाई बाँड्दा बढ्छ र नूतन कुरा समेत पत्ता लाग्छ । उदाहरणका रूपमा मेरा विद्यार्थीहरूलाई नै लिउँ । शिलाभिलेखका बारेमा पढाउँदा मेरा विद्यार्थीमध्येका एक ताथलीनिवासी मुना केसीले विश्वमै दुर्लभ चट्टानअभिलेख देखाइदिइन् । त्यसैगरी यूरोपको गुफा कला लगायत प्रागैतिहासिक प्रस्तरयुगकाका बारेमा पढाउँदै गर्दा मेरा एक विद्यार्थी चाँगु चापाख्वाल निवासी मञ्जु पौडेलले कालिका गुफा, जोगी गुफा, छाप गाउँको विशाल ओडार र नवपाषाण हाते बञ्चरो नै देखाइदिइन् । त्यसैगरी मेरा विद्यार्थी मन्थलीनिवासी सोमनारायण श्रेष्ठ र काभ्रे जिल्ला, पनौतीको शंखपाटीचौर वडा नं ६ निवासी पुजा खत्रीहरूले पनि नवपाषाण हाते बञ्चरोहरू (सेल्ट) देखाए । अनि यी कुरा मेरा अनन्त मित्र विनोदराज शर्मासंग बाँड्दा उनले समेत पनौतीबाट उनका जजमानहरूले दिएका अनौठा चिल्ला चिप्ला ढुङ्गाहरू हाते बञ्चरो हुनसक्ने अनुमान गर्दै मलाई देखाउन ल्याउँदा ती पनि नवपाषाण

कालिका गुफा (चित्र संख्या १)

२०६९ साल, असोज २८ गते आइतबार : नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विषयका विद्यार्थीहरूलाई समेत साथमा लिएर चाँगुनारायणस्थान लगायत भक्तपुरको उत्तरपूर्वी क्षेत्रमा स्थलगत अध्ययन अवलोकन गर्न गएको आकस्मिक खोजका दृष्टिले एक अविस्मरणीय दिन । एकदिने पैदल यात्रा । काठमाडौंबाट १९ कि.मि पूर्व एवं भक्तपुर शहरबाट ६ कि.मि. उत्तरमा डाँडोको शीर्षस्थानमा अवस्थित चाँगुनारायणमन्दिर । यो मन्दिर रहेको डाँडो 'चङ्गुँ' नामले प्राचीनकालदेखि नै प्रसिद्ध रही आएको छ । सो डाँडोको तलतिरको, दक्षिणपट्टि भिरालोमा ठूल्ठूला ढुङ्गैढुङ्गाको ठूलो राशी गुजमुज्ज परेको एउटा थुम्किलो चट्टान छ । हामीलाई गुफा देखाउन ल्याएकी मेरा एक छात्रा मञ्जु पौडेलले हामीलाई यहाँ ल्याई पुऱ्याएपछि भनिन् 'कालिका गुफा यही हो ।'[४]

हातेवञ्चरो/सेल्ट नै भएको कुरा खुल्न आयो । आकस्मिक खोजका यी केही अद्भुत उदाहरण हुन् ।

[४] यूरोपको गुफा कलाका वारेमा पढाउने क्रममा मञ्जुले भनिन् 'सर हाम्रो चाँगुमा पनि 'कालिका गुफा' नामको एक गुफा छ ।' मैले भनें 'त्यसो भए हेर्न जाऔं ।' यसो हुँदा सो गुफा हेर्न जाने कुरा सो दिनमा जुरेको थियो । र, विद्यार्थीहरूलाई लिएर भक्तपुर शहरको व्यासी, भौखेल हुँदै अनेक स्थानका अनेक कालका मूर्ति, चैत्य, ज्योतिर्लिङ्गेश्वर महादेवमन्दिर, दहका अवशेषहरू, समेत हेर्दै हामी चाँगुतिर लाग्यौं । थाकेका हुनाले कालिका गुफा केही वरै पुगेपछि एउटा चियापसलमा हामी पहिले पस्यौं । त्यहाँ चिया पानी खाँदै गर्दा सो पसलका चियासाहुसित (चाँगु वडा नं. ९ निवासी नितेश भडेल, ३४) कुरैकुरामा नजिकैको कालिका गुफाको वारेमा पनि

कालिका गुफा विवरण

स्थानीय जनजीवनमा यो गुफा 'कालिका गुफा' भनी प्रसिद्ध रहिआएको छ । चाँगुनारायण मन्दिर परिसरका एक प्रमुख देवी छिन्नमस्ता पनि हुन् । छिन्नमस्ता लिच्छविकालदेखि नै उपास्य रहिआएकी देवी हुन् । यिनको तान्त्रिक रूप चामुण्डा वा काली पनि हो । काली रूपमा यिनको ठूलो प्रसिद्धि रहिआएको छ । यिनै कालीको नामले यस गुफाको नाम पनि 'कालिका गुफा' भनी लोक-सांस्कृतिक जीवनमा रूढ हुनपुगेको दृष्टिगोचर हुन्छ । सो गुफाको मुख दक्षिणाभिमुख छ र, त्यसलाई हेर्दा यस्तो प्रतीत हुन्छ मानौं इतिहासको कालप्रवाहमा यसको मुख सानो हुँदै झण्डै थुनिनै लागेको अवस्थामा पुगिसकेको छ । (चित्र संख्या २)

चित्र संख्या २ : कालिका गुफामुख ।

कुरा चल्यो । सोही क्रममा उनले सो गुफामा मानिसका चित्र र अक्षरहरू पनि कुँदिएको कुरा गरेपछि कालिका गुफाको गुफाचित्र र अभिलेखका बारेमा नूतन कुरा आकस्मिक रूपले खुल्न आएको हो ।

नेपालमा यस अघि अभिलेख लगायत चित्र समेत उत्कीर्ण भएको वा भनौं गुहाभिलेख र गुहाचित्र समेत भएको यस्तो गुफा यस अघि भेटिएको थिएन । यसरी यो हाम्रो खोजको नूतन एवं महत्त्वपूर्ण प्राप्ति हुन आएको छ ।

मौखिक इतिहासको मूल स्रोत जनश्रुति हो जसमा सत्यताको केही अंश लुकेको हुन्छ । कालिका गुफाका बारेमा चलिआएको जनश्रुति यस्तो छ :

उहिले सत्ययुगमा भोजभतेरका लागि यस भेकका मानिसहरूले यस गुफाको ढोकामा (गुफामुख) आएर चाहिने भाँडाकुँडाहरू गुफादेवतासित मागेर लाने गर्थे र भोज सकिएपछि फिर्ता गर्थे । गुफाको ढोकाबाट भित्र पसेर माथि चाँगुनारायणमन्दिरमा निस्कन सकिन्थ्यो । तर कलियुग लागेपछि, एक दिन एक जना मानिसले यहाँबाट लगेका भाँडाकुँडा फिर्ता नल्याएपछि भने सदाको लागि माथि मन्दिरमा समेत जान नमिल्ने गरी ढोका बन्द भयो ।

कालिका गुफाको वर्तमान स्वरूपतिर यससित जोडिएको उक्त जनश्रुतिलाई पृष्ठभूमिमा राखेर हेर्दा यो गुफा पूर्वकालमा ठूलो थियो, यसको भित्र पस्ने मुख पनि ठूलै थियो भन्ने प्रतीत हुन्छ । यस गुफाको उपल्लो भाग वा चट्टाने-थुम्को करीब ३५ फीट माथि उठेको छ । यसको छेउछाउमा, वरपर ठूल्ठूला ढुङ्गाहरू जमिनमा निकै नै धसिएर रहेको अवस्थामा देखापर्छन् । सो गुफा लगायत यसको वरपर छरिएर रहेका त्यस्ता ढुङ्गाहरूलाई हेर्दा यस्तो प्रतीत हुन्छ मानौ ती पनि यसै गुफाका अवशिष्ट भाग हुन् र, इतिहासको अनेक कालखण्डमा गएका ठूल्ठूला भूकम्प एवं परकम्पहरूका कारण, माथिबाट आइरहने पहिरोका कारण र कैयन कालदेखि जम्मा हुँदै थुप्रिँदै गएका धूलोमाटो, घाँस, झारपात आदिले यो गुफा र यसको मुख लगायत यसको वरपरका ती ढुङ्गाहरू त्यसरी दबिएर समग्रमा यो परित्यक्त हुँदै अप्रचलित अवस्थामा पुगेको आभास हुन्छ ।

चाँगुको दक्षिण कछारमा रहेको कालिका गुफा यसअघि प्रकाशमा आएको देखिएको छैन । सर्वप्रथम चाँगुको अन्वेषण गरी मानदेवको अभिलेख पत्ता लगाई ई.सं. १८७६ मा सो अभिलेख प्रकाशमा ल्याएर नेपाललाई ठूलो गुन लगाउने भारतका प्रख्यात पुरातत्त्वज्ञ भगवान्लाल इन्द्रजी हुन् । त्यसबेलादेखि अनेक स्वदेशी एवं विदेशी विद्वानहरूले चाँगुका बारेमा अन्वेषण गर्दै नवीन कुरा प्रकाशमा ल्याएका छन् । तर आश्चर्यको कुरा छ ! सबैका

खोज चाँगुनारायणमन्दिर परिसरमा मात्र एकोहोरो केन्द्रित भएर आएको देखियो । यसको आसपासका उत्तिकै उल्लेख्य सम्पदाका बारेमा कसैको ध्यान गएको देखिएन । यदि गएको भए कालिका गुफा लगायतका अन्य धरै महत्त्वपूर्ण सम्पदाहरू उहिल्यै प्रकाशमा आइसक्ने थिए । यसरी इतिहास र पुरातत्त्वका दृष्टिले चाँगुको अन्वेषण हुन थालेको इतिहास पनि यो पंक्ति लेख्दासम्म एकसय चालीस वर्ष भइसकेको रहेछ र त्यस अन्तरालमा आज आएर यो गुफा पत्ता लाग्नु नै एक ठूलो प्राप्ति हो भनी मान्न सकिन्छ । अनुसन्धानको अन्त्य छैन । जहाँ एक कुरा पत्ता लाग्छ, त्यहाँबाट अर्को नयाँ कुराको आरम्भ पनि हुन्छ । मानदेवको अभिलेख पत्ता लागेपछि हामीले त्यहींदेखि नेपालको प्रामाणिक इतिहासको कालखण्डलाई कोर्ने प्रयास गऱ्यौं । त्यसपछि मालीगाउँमा यसभन्दा पूर्वकालको जयवर्माको अभिलेख पत्ता लाग्यो र मानदेवको समय पछि पर्न आयो । अहिले मानवनिर्मित नभएर प्रकृतिले रचना गरेको कालिका गुफा पत्ता लाग्न आएको छ। विश्व इतिहासका दृष्टिले प्राग्-मानवको बासस्थान त गुफा नै थियो । गुफा पहिलो मानव-निवास थियो । कालिका गुफाले पनि यस कुराको स्मरण गराएको छ । यसले पनि चाँगुको इतिहासलाई ऐतिहासिक-कालबाट प्रागैतिहासिक-कालमा पुऱ्याएको निश्चित-प्रतीत लाग्छ । हाम्रो यस कुरालाई थप पुष्टि गर्ने अन्य केही पुरातात्त्विक आधार पनि छन् :

चाँगुको उत्तरमा मनोहरा खोला पारि गागलफेदी, भद्रवास छन् जुन चाँगुको सांस्कृतिक भूगोलभित्रकै क्षेत्र हुन् । यहाँबाट बग्ने **कागेश्वरीखोला** हो । सो खोला अन्तर्गत बग्ने अर्को एक खोला **महादेवखोला** हो । वर्तमानमा साँखु नगरपालिका अन्तर्गत पर्ने यो खोला चाँगुबाट समीपस्थ क्षेत्रमा पर्छ वा भनौं चाँगुभेकमा पर्छ । यही महादेवखोलाको कान्ले खण्डबाट पुरातत्त्वद्वय गुडरून कर्भिनस र जनकलाल शर्माले दशलाख वर्ष भन्दा पनि अघिको मानिने **बोस नमाडिकस**को जीवाश्म फेला पारेका थिए । यसका जीवाश्महरू भारतको गोदावरी, कृष्णा लगायत नर्मदाघाटीबाट पनि फेला परेका छन् । गोदावरी र नर्मदामा यसका जीवाश्मका साथमा प्रारम्भिक एवं मध्यपुरापाषाण उपकरण पनि प्राप्त भएका थिए ।[५] 'बोस नमाडिकस' अर्ना लगायत गौ

---

[५] क Dilli Raj Sharma, Tek Bahadur Shrestha, **SANKHU Historical and Cultural Heritage**, Kirtipur: CNAS, 2016, pp.15.
" …a fossil of Bos Namadicus was recovered from Gagal village in Bhadravas Village Development Committee in the north-east of the Kathmandu Valley. The fossil was found from the cutting section of Mahadev Khola exposed with black

वंशका पुर्खा हुन् भन्ने देखिएको छ ।[६] यसरी उक्त आधारमा चाँगुभेकको इतिहासलाई ऐतिहासिक कालभन्दा पनि अघिको प्रागैतिहासिक कालतिर लान सकिएको हो । भौगोलिक दृष्टिले चाँगुभेक काठमाण्डौ उपत्यकाकै एक अंश हो । महादेवखोलामा फेला परेको बोस नमाडिकसको जीवाश्मले चाँगुभेक मात्र नभएर उपत्यकाका चारैतिरका डाँडा र कछारहरू पनि प्रागैतिहासिक दृष्टिले महत्त्वपूर्ण रहेको संकेत गर्छ । चोभार र गोदावरीबाट लाखौं वर्ष पुरानो मानिने जलहात्ती र महागजका जीवाश्म दशकौं अघि फेला परेको जानकारी प्राप्त भए तापनि विस्तृत अध्ययन गरी नयाँ कुरा प्रकाशमा ल्याउने प्रयास भएको देखिंदैन ।[७] यस बारेमा बेग्लै बृहत् अध्ययन हुन सकेमा काठमाण्डौ उपत्यकाको प्राग् इतिहासमा नवीन कुरा प्रकाश पर्ने निश्चित छ ।

---

clay and silt at the site. This can be dated during middle to upper Pleistocene period or 1-3 million years ago. Since this site is very close to Sankhu, the pre-historic importance is ascertainable. The nature of the site of mammalian fossils like Bos Namadics is comparable with that of Godavari, Krishna and Narmada river valleys of India. … All fossils are recovered from the river bid. In upper Godavari valley, remains of this animal have been found along with the early stone age artifacts, while in Narmada this is associated with middle Paleolithic tools. "

ख Gudrun Corvinus, Janaklal Sharma, "A vertebrate fossil found in the Kathmandu Valley", **Ancient Nepal**, 82/1984, pp.27-30.

६ **en.wikipedia.org/wiki/Indian_aurochs**

"The **Indian aurochs** (*Bos primigenius namadicus*) is a subspecies of the extinct aurochs. It is considered as the ancestor of the zebu cattle, which is mainly found in southern Asia and has been introduced in many other parts of the world, like Africaand South America. In contrast, the taurine cattle breeds, which are native to Europe, the Near East, and other parts of the world, are descendants of the Eurasian aurochs (*Bos primigenuis primigenius*). "

७ **क** केदारनाथ प्रधान **महाभारत मानव**, बनेपा : प्रधान प्रकाशन, १९८८ ई.सं., पृष्ठ ३ ।

"काठमाडौंको हिकुमडोल वा लुँहुडोलको महागज (Stegodon Ganesh १९६६ ई.), त्यस्तै चोभार (१९८४ ई.) र गोदावरी (१९८२ ई.) का महागजका अवशेषहरू पाइए तापनि ती अवशेषलाई मानव अनुकूल प्राकृतिक वातावरण (Ecology) र भूगर्भविज्ञान (Geology) सित जोडी अध्ययन गरिएको छैन ।"

ख संस्कृति शिरोमणि हरिराम जोशी सुनाउँछन् "वि.सं.२०१६ सालतिरको कुरा हो । गोदावरीमा भेटिएको करीब १०/१५ धार्नी तौल भएको एक अनौठो जीवाश्म (बङ्गारा?) मेरा मामा थीरगोविन्द वैद्यले चापागाउँबाट किनेर ल्याउनुभएको थियो । प्रागैतिहासिक दृष्टिले महत्त्वपूर्ण हुने देखेर त्यसलाई तत्कालीन नेपाल म्युजियमका क्युरेटर चन्द्रमान मास्केकहाँ लगें । करीव ५/६ महीना मास्केले त्यसलाई आफूकहाँ राखे । त्यसपछि उनले त्यो जीवाश्म लाखौं वर्ष पुरानो जलगैडाको हुनसक्ने बताएर फिर्ता गरे । केही समयपछि मामाले सो जीवाश्मलाई

चाँगु डाँडोको शृंखला यसको शिरबाट शुरू भएर पूर्वमा नगरकोट तथा पूर्व-दक्षिण तेलकोट-छालिङ हुँदै वागेश्वरी, सुडाल र ताथलीसम्म पुगेको छ । छिटो हिँड्ने हो भने चाँगुदेखि अढाई घण्टामा ताथली पुगिन्छ । चाँगुदेखि ताथलीसम्मका कछारहरूमा विशाल चट्टानहरू, विशाल ओडारहरू र गुफाहरू छन् ।[८] चाँगुको चापाख्वाल (पौडेल गाउँ)मा नवपाषाणकालीन हातेबंचरो फेला परेको छ ।[९] त्यसैगरी ताथलीको आइतवारे सामुदायिक वनमा सूक्ष्म नवपाषाणकालीन उपकरण फेलापरेको छ ।[१०] यसरी चाँगुभेक प्रागैतिहासिक थलो रहेको, प्राग्-मानवको विचरणस्थल थियो भन्ने कुरालाई पुष्टि गर्ने थप आधार यस भेकबाट फेलापरेका गुफा, ओडारहरू लगायत प्राग्-मानवले प्रयोगमा ल्याएका नवपाषाण उपकरणहरू पनि हुन् । काठमाण्डौ उपत्यकाका गुफा, ओडारहरूबाट प्राग्-मानवका जीवाश्म आजसम्म पनि भेटिएको छैन र यस विषयमा छुट्टै अन्वेषण र उत्खनन पनि भएको देखिंदैन ।

चीनको चाउकोटिन गुफाबाट पेकिङमानवका अवशेष मात्र नभएर खरानीको थुप्रो, आगोले डढेका हड्डी एवं ढुङ्गाहरू पनि पाइएका छन् । उक्त प्रमाणका आधारमा आगोको प्रयोग गर्ने प्रथम मानव पेकिङ्ग मानव देखिन आएको छ ।[११] युग आउँछ, युग जान्छ । यो निरन्तर चलिरहने प्रक्रिया हो ।

सिंहदरबारस्थित पुरातत्त्व विभागमा लगी हेमराज शाक्य मार्फत पाँचसय रूपियाँमा पुरातत्त्व विभागलाई वेच्नुभयो । त्यसवेला पुरातत्त्व विभागका हाकिम-खरिदार राममान प्रधान र निर्देशक सत्यमोहन जोशी थिए । पछि वीर पुस्तकायलले पुराना वस्तुहरूको प्रदर्शनी गर्दा यसलाई पनि प्रदर्शनमा राखिएको थियो । त्यसवेला एक जना भारतीय फोटोग्राफरले यसको फोटो खिचेर त्यस फोटोवाट मात्रै दश हजार कमाए ।" यही कुरा मैले राष्ट्रिय संग्रहालय-प्रमुख प्रकाश दर्नाललाई सुनाएँ र हेर्न अनुरोध गर्दै २०७३, भाद्र ४ गते शनिवार, छाउनीस्थित राष्ट्रिय संग्रहालयमा गएँ, हामी दुवै मिलेर खोज्यौं, दर्ता पुस्तक पनि पल्टाएर हेर्‍यौं । तर फेला परेन ।

८ यसको चर्चा तल **गुफा र ओडारहरू** (चित्र सहित) शीर्षकमा गरिएको छ ।

९ यसको चर्चा तल **भक्तपुर, काभ्रे र सिन्धुपाल्चोकबाट फेला परेका नवपाषाण उपकरणहरू** (चित्र सहित) शीर्षकमा गरिएको छ ।

१० पुरूषोत्तमलोचन श्रेष्ठ, **चट्टानअभिलेख र अन्य सम्पदा**, पूर्ववत्, पृष्ठ ९१-९२ ।

११ Chia Lan-Po, **The Cave Home of Peking Man**, Peking : Foreign Language Press, 1975, pp.33-37.
"The use of fire was a milestone in human history. ...The discovery of charred substances in the cave of Peiking Man pushed back the recorded history of man's use of fire many hundreds of thousands of years. ... ... the evidence of man's use of fire discovered at the cave home of Peiking Man is the earliest and the clearest from any of the sites of human fossils which have been excavated. Once he had

वंशका पुर्खा हुन् भन्ने देखिएको छ ।[६] यसरी उक्त आधारमा चाँगुभेकको इतिहासलाई ऐतिहासिक कालभन्दा पनि अघिको प्रागैतिहासिक कालतिर लान सकिएको हो । भौगोलिक दृष्टिले चाँगुभेक काठमाण्डौ उपत्यकाकै एक अंश हो । महादेवखोलामा फेला परेको बोस नमाडिकसको जीवाश्मले चाँगुभेक मात्र नभएर उपत्यकाका चारैतिरका डाँडा र कछ्यारहरू पनि प्रागैतिहासिक दृष्टिले महत्त्वपूर्ण रहेको संकेत गर्छ । चोभार र गोदावरीबाट लाखौं वर्ष पुरानो मानिने जलहात्ती र महागजका जीवाश्म दशकौं अघि फेला परेको जानकारी प्राप्त भए तापनि विस्तृत अध्ययन गरी नयाँ कुरा प्रकाशमा ल्याउने प्रयास भएको देखिंदैन ।[७] यस बारेमा बेग्लै बृहत् अध्ययन हुन सकेमा काठमाण्डौ उपत्यकाको प्राग् इतिहासमा नवीन कुरा प्रकाश पर्ने निश्चित छ ।

---

clay and silt at the site. This can be dated during middle to upper Pleistocene period or 1-3 million years ago. Since this site is very close to Sankhu, the pre-historic importance is ascertainable. The nature of the site of mammalian fossils like Bos Namadics is comparable with that of Godavari, Krishna and Narmada river valleys of India. … All fossils are recovered from the river bid. In upper Godavari valley, remains of this animal have been found along with the early stone age artifacts, while in Narmada this is associated with middle Paleolithic tools. "

ख Gudrun Corvinus, Janaklal Sharma, "A vertebrate fossil found in the Kathmandu Valley", **Ancient Nepal**, 82/1984, pp.27-30.

६ **en.wikipedia.org/wiki/Indian_aurochs**

"The **Indian aurochs** (*Bos primigenius namadicus*) is a subspecies of the extinct aurochs. It is considered as the ancestor of the zebu cattle, which is mainly found in southern Asia and has been introduced in many other parts of the world, like Africaand South America. In contrast, the taurine cattle breeds, which are native to Europe, the Near East, and other parts of the world, are descendants of the Eurasian aurochs (*Bos primigenuis primigenius*). "

७ **क** केदारनाथ प्रधान **महाभारत मानव**, बनेपा : प्रधान प्रकाशन, १९८८ ई.सं., पृष्ठ ३ ।

"काठमाडौंको हिकुमडोल वा लुँहुडोलको महागज (Stegodon Ganesh १९६६ ई.), त्यस्तै चोभार (१९८४ ई.) र गोदावरी (१९८२ ई.) का महागजका अवशेषहरू पाइए तापनि ती अवशेषलाई मानव अनुकूल प्राकृतिक वातावरण (Ecology) र भूगर्भविज्ञान (Geology) सित जोडी अध्ययन गरिएको छैन ।"

ख संस्कृति शिरोमणि हरिराम जोशी सुनाउँछन् "वि.सं.२०१६ सालतिरको कुरा हो । गोदावरीमा भेटिएको करीब १०/१५ धार्नी तौल भएको एक अनौठो जीवाश्म (बङ्गारा?) मेरा मामा थीरगोविन्द वैद्यले चापागाउँबाट किनेर ल्याउनुभएको थियो । प्रागैतिहासिक दृष्टिले महत्त्वपूर्ण हुने देखेर त्यसलाई तत्कालीन नेपाल म्युजियमका क्युरेटर चन्द्रमान मास्केकहाँ लगें । करीव ५/६ महीना मास्केले त्यसलाई आफूकहाँ राखे । त्यसपछि उनले त्यो जीवाश्म लाखौ वर्ष पुरानो जलगैडाको हुनसक्ने बताएर फिर्ता गरे । केही समयपछि मामाले सो जीवाश्मलाई

चाँगु डाँडोको शृंखला यसको शिरबाट शुरू भएर पूर्वमा नगरकोट तथा पूर्व-दक्षिण तेलकोट-छालिङ हुँदै वागेश्वरी, सुडाल र ताथलीसम्म पुगेको छ । छिटो हिँड्ने हो भने चाँगुदेखि अढाई घण्टामा ताथली पुगिन्छ । चाँगुदेखि ताथलीसम्मका कछारहरूमा विशाल चट्टानहरू, विशाल ओडारहरू र गुफाहरू छन् ।[८] चाँगुको चापाख्वाल (पौडेल गाउँ)मा नवपाषाणकालीन हातेबंचरो फेला परेको छ ।[९] त्यसैगरी ताथलीको आइतवारे सामुदायिक वनमा सूक्ष्म नवपाषाणकालीन उपकरण फेलापरेको छ ।[१०] यसरी चाँगुभेक प्रागैतिहासिक थलो रहेको, प्राग्-मानवको विचरणस्थल थियो भन्ने कुरालाई पुष्टि गर्ने थप आधार यस भेकबाट फेलापरेका गुफा, ओडारहरू लगायत प्राग्-मानवले प्रयोगमा ल्याएका नवपाषाण उपकरणहरू पनि हुन् । काठमाण्डौ उपत्यकाका गुफा, ओडारहरूबाट प्राग्-मानवका जीवाश्म आजसम्म पनि भेटिएको छैन र यस विषयमा छुट्टै अन्वेषण र उत्खनन पनि भएको देखिँदैन ।

चीनको चाउकोटिन गुफाबाट पेकिङमानवका अवशेष मात्र नभएर खरानीको थुप्रो, आगोले डढेका हड्डी एवं ढुङ्गाहरू पनि पाइएका छन् । उक्त प्रमाणका आधारमा आगोको प्रयोग गर्ने प्रथम मानव पेकिङ्ग मानव देखिन आएको छ ।[११] युग आउँछ, युग जान्छ । यो निरन्तर चलिरहने प्रक्रिया हो ।

सिंहदरबारस्थित पुरातत्त्व विभागमा लगी हेमराज शाक्य मार्फत पाँचसय रूपियाँमा पुरातत्त्व विभागलाई वेच्नुभयो । त्यसवेला पुरातत्त्व विभागका हाकिम-खरिदार राममान प्रधान र निर्देशक सत्यमोहन जोशी थिए । पछि वीर पुस्तकायलले पुराना वस्तुहरूको प्रदर्शनी गर्दा यसलाई पनि प्रदर्शनमा राखिएको थियो । त्यसवेला एक जना भारतीय फोटोग्राफरले यसको फोटो खिचेर त्यस फोटोवाट मात्रै दश हजार कमाए ।" यही कुरा मैले राष्ट्रिय संग्रहालय-प्रमुख प्रकाश दर्नाललाई सुनाएँ र हेर्न अनुरोध गर्दै २०७३, भाद्र ४ गते शनिवार, छाउनीस्थित राष्ट्रिय संग्रहालयमा गएँ, हामी दुवै मिलेर खोज्यौं, दर्ता पुस्तक पनि पल्टाएर हेर्‍यौं । तर फेला परेन ।

८ यसको चर्चा तल **गुफा र ओडारहरू** (चित्र सहित) शीर्षकमा गरिएको छ ।

९ यसको चर्चा तल **भक्तपुर, काभ्रे र सिन्धुपाल्चोकबाट फेला परेका नवपाषाण उपकरणहरू** (चित्र सहित) शीर्षकमा गरिएको छ ।

१० पुरूषोत्तमलोचन श्रेष्ठ, **चट्टानअभिलेख र अन्य सम्पदा**, पूर्ववत्, पृष्ठ ९१-९२ ।

११ Chia Lan-Po, **The Cave Home of Peking Man**, Peking : Foreign Language Press, 1975, pp.33-37.
"The use of fire was a milestone in human history. …The discovery of charred substances in the cave of Peiking Man pushed back the recorded history of man's use of fire many hundreds of thousands of years. … … the evidence of man's use of fire discovered at the cave home of Peiking Man is the earliest and the clearest from any of the sites of human fossils which have been excavated. Once he had

तर एउटा युगका मानवले सारा मानव जातिकै जीवनलाई प्रभावित पार्ने नवीन संस्कृतिको आरम्भ एवं आविष्कार गरेको छ भने त्यो युगान्तकारी हुने गर्छ, कुनै न कुनै रूपमा पछिसम्म वर्तमान रहिआएको जानिन्छ । आगोको प्रयोग एवं संग्रह र नियन्त्रण यस कुराको एक अनुपम उदाहरण हो ।[१२] हाम्रो संस्कृतिमा अग्निलाई कहिल्यै निभाउनु हुँदैन भन्ने मान्यता रहिआएको छ । यसैले ठाउँ ठाउँमा अग्निशाला हुन्थे । एउटा इलाकामा आगो निभेमा अर्को इलाकाबाट बीउ ल्याएर बाल्थे । जलिरहेको लासको आगो निभेमा साँखु वज्रयोगिनीको धुनीबाट बीउ ल्याएर पुनः जलाउने परम्परा छ । पाटनको अग्निमठमा आगो निभेमा साँखु वज्रयोगिनीको धुनीबाट बीउ ल्याएर बाली निरन्तरता दिने परम्परा छ ।[१३] यसरी आगोको संग्रह र प्रयोग नै यस संस्कृतिको मूल विशेषता थियो जुन पेकिङ मानवका समकालीन उपत्यकाका गुहामानवले आरम्भ गरेको संस्कृतिकै निरन्तरता थियो भन्ने दृष्टिगोचर हुन्छ । आज भन्दा २० लाख वर्ष अघि आरम्भ भएको मानिने प्रातिनूतनाश्म (Pleistocene) युगमा पृथ्वीमा मानवविकास संगसंगै भीमकाय स्तनपायी जनावरहरू पनि देखापरेका थिए । उपत्यकाका प्रसङ्गमा चाँगु पारि महादेवखोलामा फेला परेको बोस नमाडिकस, गोदावरी, लुभु, फर्पिङ, चोभारमा फेला परेका जलगैंडा, महागजका जीवाश्महरूले उपत्यकामा पनि होमो इरेक्टस वर्गका प्राग् मानव लगायत भीमकाय जनावरहरू विचरण गर्दथे भन्ने अनुमान हुन्छ ।

हाम्रो यहाँ गुफामा वनमानिस र वनझाँक्री बस्छन् भन्ने अनुश्रुति चलेर आएको छ । यसले पनि उपत्यकाका गुफाहरू प्रागैतिहासिक दृष्टिले महत्त्वपूर्ण छन् भन्ने छनक मिल्छ । यस्तै एक गुफा फुल्चोकी गुफा हो ।[१४]

---

harnessed fire, man's development was greatly accelerated by the new material force which he controlled"

१२ केदारनाथ प्रधान, **महाभारत मानव**, पूर्ववत्, पृष्ठ २४ ।

"चीनमा १० लाख वर्ष भन्दा अघि आगोको उपयोग सम्वन्धी तथ्य पाइएको छ । नेपालमा पूर्वको वराह क्षेत्रको रामधुनीको आगोको र उपत्यकाको फर्पिङको वज्रयोगिनी र साँखुको खड्ग योगिनीको धुनीमा आगो निभे एक अर्काबाट बीउ लगी वाल्ने परम्पराले आगोको उपयोगको सामान्य अनुमानसम्म गर्ने ठाउँ छ ।"

१३ हरिराम जोशीबाट प्राप्त जानकारी ।

१४ केदारनाथ प्रधान, महाभारत मानव, पूर्ववत्, पृष्ठ १४,१५ ।

"महाभारत पर्वत श्रृंखलामा ...निकै नै गुफाहरू पाइएका छन् । ...यस भेगमा पाइने गुफाहरूमा वन मानिस र वनझाँक्रीहरू बस्थे भन्ने अनुश्रुतिहरू पनि पाइन्छन् । काभ्रेपलाञ्चोकको

उपत्यकाको चारैतिर अनेक गुफाहरू छन् । तीमध्ये चोभारको चखुंति-बखुंति गुफा, ललितपुर लेलेस्थित गुप्तेश्वर गुफा, विशंखुनारायणको डाँडोको गुफा, नागार्जुन डाँडाका गुफा, सुन्दरीजलका गुफा लगायत चाँगुको कालिका गुफा र यसै गुफादेखि पूर्वका मागलहोप ओडार र छाप ओडार (चाँगु वडा नं.१०), ढुङ्गेखोल्चो-गुफा (नगरकोट, वडा नं ४), चमेरो गुफा/छ्युनिङ गुवा (नगरकोट वडा नं.५), ताथलीस्थित हललगाउँको गुफा र ओडार (नगरकोट न.पा. वडा नं.१) हैमादेवीस्थानको ओडार (नगरकोट न.पा.वडा नं.२), नगरकोट न.पा.वडा नं ७ सुडालस्थित थाकलमाथको ल्हासपाको ससुद्यः स्थानको गुफा (सरस्वती गुफा/महामञ्जुश्री गुफा/ ल्हासा जाने गुफा), साँखु वज्रयोगिनीका गुफाहरू, सूर्यविनायक वनको कछारमा रहेको गुफा (सूर्यविनायक मन्दिर जाने सिँढीको पश्चिमपट्टि), सूर्यविनायकबाट दक्षिणपट्टि (रानीकोटदेखि पनि दक्षिणपट्टि) का भैरवनाथ ओडार, छातेढुङ्गा ओडार, कल्छेढुङ्गा ओडार, मुसेढुङ्गा ओडार, फर्पिङस्थित शेषनारायणसंगैको गुफा, स्वयम्भू शान्तिपुरको गुफा लगायत पशुपतिक्षेत्रस्थित गौरीघाट र आर्यघाटको बीचको गुफा र भागलभुगल गुफा[१५], ओडार आदि उल्लेख्य छन् । कालिका गुफा आसपासका जमिनहरू लगायत यस गुफाको माथिल्लो भाग कैयनकालदेखिका ढिस्काले पुरिएको देखिन्छ । ऐतिहासिक धार्मिक स्थलमा देखिने यस्ता ढिस्का पुरातत्त्वका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । चीनको चाउकोटिन गुफादेखि फ्रान्सको मुस्तेर ओडारहरूमा प्रागमानवका अवशेष एवं उपकरणहरू फेला पर्छन् भने हाम्रा कालिका गुफा लगायत उपत्यकाका गुफा, ओडारहरूहरूको बेग्लै अन्वेषण उत्खनन हुन सकेमा प्रागइतिहासकालदेखि इतिहासकालसम्मका अनेक अमूल्य वस्तु प्राप्त भई नूतन कुरा प्रकाशमा आउने आशा गर्न सकिन्छ । हाम्रा पुर्खाका अवशेषहरू, उपकरणहरू आदि भेटिने छन् र, बामे सर्न लागेको नेपालको प्रागइतिहासले गति लिन सक्ने कुरामा पनि सन्देह नहोला ।

कुपिन्टारको झाँक्री ओडार, वनझाँक्री ओडार नामक गुफा र फुल्चोकीको गुफामा पनि वनमानिस रहने अनुश्रुति पाइएको छ । अहिलेसम्म मानवको अवशेष पाइएका गुफाहरूमा दक्षिण फेदी मकवानपुरको नजीक रहेको एउटा गुफा मात्र छ ।"

[१५] पुरातत्त्व विभागका भू.पू.अधिकृत, ललितपुरनिवासी इश्वरमान सिन्याका अनुसार भागलभुगल गुफाका महादेव पनि सोही गुफाको नामले 'भागलभुगल महादेव' नामले नै प्रख्यात रहिआएको छ । बाला चतुर्दशीका दिन पशुपतिको बालावन (श्लेष्मान्तक वन) मा सतबीज छरी परिक्रमा गर्ने चलन छ । त्यस क्रममा सबै क्षेत्र परिक्रमा गरिसकेपछि अन्त्यमा बाँकी सतबीज यही गुफामा चढाउने चलन छ ।

ढुङ्गेपेटी

कालिका गुफाको गुफामुख सामुन्ने जमिनमा लहरै दबिएर रहेका केही ढुङ्गेफलकहरूको एउटा अवशिष्ट अंश पनि देखा पर्छ जुन विगतको कुनै कालखण्डमा कसैले सो कालिका गुफाको दर्शनपुजन गर्न आउने भक्तजनहरूका लागि सजिलो होस् भन्नाका लागि बनाउन लगाएको हो भन्ने कुरा जानिन्छ । कालिका गुफामा कान्तिपुरका राजा प्रताप मल्लको गुहालेख एवं गुहाचित्र पनि छन् । यसो हुँदा सो पेटी उनैको पालामा (ने.सं.७६१-७९४) बनेको अनुमान हुन्छ । वर्तमानमा गुफामुख सामुन्नेको सो पेटीमा कोही भक्तजनले चढाएको एक सानो घण्ट र बत्ती बाल्ने दिया छन् ।

प्रतापमल्लको ने.सं.७८८ को गुहालेख (चित्र संख्या ३)

कालिका गुफाको दायाँपट्टिको चट्टानको तल्लो भागको ठूलो ढुङ्गाको शीर्षमा यो अभिलेख कुँदिएको छ । सो अभिलेखको लिपि नेवारी र भाषा नेपालभाषामा रहेको छ । यहाँ संवत् ७८८ छ । अभिलेख कुँदिएको भागको लम्बाइ ३९ से.मि. र चौडाइ ६ से.मि. रहेको छ । अभिलेख यस प्रकार छ :

१. श्रीश्रीप्रताप जय ...

२. ॐसंम्वत ७८८ श्रीमान चोडाया या

(श्रीश्रीप्रताप जय । ने.सं.७८८ (वि.सं.१७२५) मा श्रीमानमा बस्नुभएको बेलामा भएको यात्रा (?))

गुफामा उत्कीर्ण अभिलेख 'गुहालेख' हो । लेखनको आरम्भ भएदेखि नै ढुङ्गा पनि एक लेखन-सामग्रीको रूपमा रहिआएको विदित हुन्छ । नेपालमा शिलापत्र, प्रस्तरस्तम्भ, प्रस्तरमूर्तिका पादपीठ, जलहरी, ढुङ्गेधारा लगायत ठूलो ढुङ्गामा कुँदिएका अभिलेखहरू पाइएका छन् ।[१६] तर यस अघि गुहालेख पाइएको थिएन ।[१७] अतः नेपालमा फेलापरेको यो. पहिलो गुहालेख हो ।

चट्टानलेख जस्तै गुहालेख पनि दुर्लभ मानिन्छन् । भारतमा सम्राट अशोकका समयदेखिका बीसवटा भन्दा बढी गुहालेखहरू पाइएका छन् ।[१८] हाम्रो यो पहिलो हो । धार्मिक-सांस्कृतिक दृष्टिले मात्र नभएर आर्थिक, राजनैतिक एवं सामरिक सुरक्षाका दृष्टिले समेत गुफाको महत्त्व रहने हुँदा तदनुरूप गुहालेख राख्ने गरेको दृष्टिगोचर हुन्छ । प्रताप मल्लको यो गुहालेख पनि सोही प्रकृतिको रहेको देखिन्छ ।

---

१६ पुरुषोत्तमलोचन श्रेष्ठ, **चट्टानअभिलेख र अन्य सम्पदा**, पूर्ववत्, पृष्ठ ३६-१०४ ।
चाँगुदेखि पूर्वतिरको नगरकोट न.पा.स्थित ताथलीको हललगाउँ र नालाछापमा रहेका तीन ठूला ढुङ्गामा कुँदिएका १५ वटा चट्टानलेखहरू यस पंक्तिका लेखकले वि.सं.२०६७ सालमा फेला पारेको थियो । चट्टानलेख विश्वमै दुर्लभ मानिन्छ ।

१७ क डा.दिनेशचन्द्र रेग्मी, **पुरालेखन र अभिलेख**, काठमाडौं : हिमालय बुक स्टल, २०६०, पृष्ठ २१ ।
" लामो कालसम्म रहने र सार्वजनिक ठाउँमा राख्न सकिने भएकोले होला ढुंगा सबै ठाउँमा लोकप्रिय लेखनसामग्री रह्यो । अभिलेखकै निम्ति तयार पारिएको ढुंगाको पाटी वा शिलापत्र, ढुंगाको अग्लो खामो वा स्तम्भ, मूर्ति र शिवलिङ्गको तल्लो भाग वा पादपीठ र ढुंगेधाराको डुँडको दायाँ बायाँ पाटा लेखका लागि राम्रा ठाउँ हुन् । नेपालमा ठूलो ढुंगा वा चट्टानलेख, गुफालेख र माटाका पाटीलेख पाइएका छैनन् । "

१८ Dines Chandra Sircar, **Select Inscriptions**, ibid, pp. 75,77,95,164-72, 189-212,213,222,241,279, 449.

प्राचीनकालदेखि नै चाँगु प्रसिद्ध धार्मिक स्थलको रूपमा रहिआएको थियो । प्रताप मल्ल (१६४१-१६७४ई.सं.) स्वयं पनि गरुडनारायण र कालीका परमभक्त थिए । प्राचीनकालदेखि नै चाँगु एक वनदुर्गको रूपमा रहिआएको थियो । यसो हुँदा उपत्यकाको राजनैतिक विभाजनको लगत्तै कान्तिपुरले भक्तपुर अन्तर्गत रहेको चाँगु लगायत साँखुलाई समेत आफ्नो अधीनमा ल्याउन सफल भएको थियो । त्यसपछि चाँगुमा भक्तपुरको प्रभाव शून्यप्रायः रहि आयो । चाँगु र चाँगुदेखि पूर्वको नगरकोटभेक (ताथली, नालाछाप, नालदुम, महादेवपोखरी लगायतका इलाका) र साँखु इलाका उच्चकोटिका ढुङ्गाका लागि प्राचीनकालदेखि नै प्रख्यात रहिआएका **ढुङ्गा खानी** नै थिए । आर्थिक र सांस्कृतिक वैभवका लागि यी भेक महत्त्वपूर्ण थिए । घरदेखि दरबारसम्म, मण्डपदेखि सत्तलसम्म र मूर्ति, मन्दिर, चैत्य, विहार, पोखरी, धारा, आदि बनाउन नभै नहुने असल ढुङ्गा यस भेकमा प्रशस्तै थिए । ताथलीस्थित हलल गाउँका तीन ठूला ढुङ्गाहरूमा भक्तपुरका राजा जगज्योर्तिमल्ल, जितामित्र मल्ल, भूपतीन्द्र मल्लहरूले राख्न लगाएका चट्टानलेख लगायत प्रताप मल्लको वासुकी ढुङ्गाको ने.सं.७७८ को चट्टानलेखले पनि उक्त कुराको पुष्टि मिल्छ । प्रताप मल्लले चाँगुको गरुडनारायणका लागि हात्ती र सिंहको मूर्ति बनाउनका लागि ढुङ्गा चयन गरेको कुरा उनको सो चट्टानलेखबाट जानिन्छ ।[१९] सामरिक एवं आर्थिक दृष्टिले नुवाकोट

---

[१९] पुरुषोत्तमलोचन श्रेष्ठ, **चट्टानअभिलेख र अन्य सम्पदा**, पूर्ववत्, पृष्ठ १०८-०९ ।

" यो भेक प्रताप मल्लले आफ्नो हात पारिसकेको थियो । भक्तपुरका राजा जगत्प्रकाश मल्लले ललितपुरका राजा श्रीनिवास मल्लसित मिलेर ने.सं.७७८ श्रावण ६ गते कान्तिपुरमा आक्रमण गऱ्यो । तर त्यसको भोलिपल्ट नै कान्तिपुरका राजा प्रताप मल्लले श्रीनिवास मल्ललाई आफ्नो पक्षमा मिलाई कान्तिपुर र ललितपुरको संयुक्त सैन्यले भक्तपुरमा श्रावण १० गते आक्रमण गरी यहाँका गढी, बस्ती, गाउँ सर गर्दै नालाभेक पनि कब्जा गर्न पुगे । वासुकी ढुङ्गाको प्रताप मल्लको ने.सं.७७८ को चट्टानअभिलेखले यहाँनेर यही कुरा स्मरण गराएको छ । सो अभिलेख उनले नालाभेक कब्जामा लिएको ७ महीनापछि राख्न लगाएको हो ।

प्रताप मल्लले भक्तपुरमा आक्रमण गर्दा जहिले पनि चाँगुलाई सैनिक मुकाम बनाएको देखिन्छ । यहींबाट सैन्य तयारीका साथ उनी भक्तपुरको नाकैमुनिसम्म (महाकालीपीठ) पनि अधिकार गर्न आएका थिए भने यहींबाटै भक्तपुरका पूर्वीभेक पनि हान्न पुगेका थिए । शायद यसैकारण चाँगुका प्रसिद्ध गरुडनारायणलाई सदैव खुशी पारी राख्न शत्रुराज्यका भू-भाग जितेपछि त्यही जमिन गुठी राखी गरुडनारायणको प्रतिमूर्ति मात्र नभएर उनको नित्य नैमित्तिक पूजा राख्न समेत उनी पछि परेनन् । भक्तपुर महाकालीपीठमा उनले ने.सं.७८१ मा राख्न लगाएको एउटै व्यहोराका दुईवटा शिलाभिलेखले यही कुरा देखाएको छ । वासुकी ढुङ्गाको उनको यस चट्टानअभिलेखले पनि त्यही कुरा साबित गरेको छ । उनी चाँगुका गरुडनारायणका परमभक्त

कान्तिपुरको लागि पश्चिमको ढोका थियो भने चाँगुभेक (साँखु, नगरकोट लगायत) पूर्वको ढोका थियो । तत्कालीन समयमा दोलखा, सिन्धुली लगायत तिब्बत र भारत जाने मार्ग यसै भेकमा पर्ने भएकोले पनि यस भेकको आर्थिक महत्त्व बढेको थियो । ढुङ्गाका लागि मात्र नभएर इन्द्रजात्रा, विस्केटजात्रा जस्तो राष्ट्रिय पहिचान बोकेको पर्व मनाउनका लागि प्रत्येक वर्ष नभै नहुने सुरिलो सल्लाको रूख लिने ठाउँ पनि यसै भेकमा (नालाछाप, खड्कागाउँको सल्लाधारी वन) थियो । यसरी चाँगुभेक सामरिक एवं आर्थिक तथा धार्मिक-सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण रहेको हुँदा कान्तिपुर र भक्तपुरको बीचमा यो भेकमा आफ्नो वर्चश्व कायम राख्न ठूलो हानथाप र बराबर युद्ध नै हुने गर्दथ्यो । तापनि पछिसम्म पनि कान्तिपुरले चाँगुभेक आफ्नो अधीनमा पारी राख्न सफल भएको थियो । यसमा प्रताप मल्ललाई भने ठूलो सफलता मिलेको थियो । कालिका गुफाको उनको ७८८ को गुहालेखबाट पनि यस कुराको पुष्टि मिल्छ । समग्रमा भक्तपुरभेकको प्रताप मल्लको ने.सं.७७८को वासुकी ढुङ्गाको चट्टानलेख, छाप गाउँ देवीथानस्थित ठूलो ढुङ्गाको मानवाकृति चित्रसहितको ने.सं.७७९ को चट्टानलेख[२०], महाकालीपीठको ने.सं.७८१को शिलालेख र कालिका गुफाको ने.सं.७८८ को गुहालेखले उनी बराबर चाँगुभेकमा आइरहन्थे, चाँगुको दर्शनपुजन गरी कालिका गुफामा पनि बस्दथे, तान्त्रिक पूजा अनुष्ठान गर्दथे भन्ने इत्यादि कुरा विदित हुन्छ ।

थिए । नालाभेक पनि हात लागेपछि उनले यस दोलबाट सिंह र हात्ती बनाउने ढुङ्गा छुट्याई ती ढुङ्गा चाँगुका गरुडनारायणका निमित्त अर्पित गरेका रहेछन् । वासुकी ढुङ्गाको उनको ने.सं.७७८को अभिलेखले यही कुरा खुलाएको छ ।

चाँगुनारायणमन्दिरको दक्षिणपूर्व कुनामा हात्तीको एक अधुरो प्रस्तरमूर्ति छ । अधूरो भएकै कारण यो हात्ती नेवारलोकजीवनमा 'सिमध किसी' नामले प्रख्यात हुनपुगेको छ । वनाउने. कामले पूर्णत्व नपाउँदै किन यसले अधुरो भएर वस्नुपऱ्यो भन्ने कुराले सवैका मनमा खुल्दुली उत्पन्न गराउँछ । मलाई लाग्छ, प्रताप मल्लले नालाभेक जितेपछि गरुडनारायणका निमित्त हात्ती वनाउन लगाएर अर्पित गर्ने चाहना राख्दै छुट्याएको ढुङ्गाले यो हात्ती वन्नलागेको थियो । अनि हात्ती वनाउँदा बनाउँदै शत्रु राज्यले यहाँ पुनःआक्रमण गरी कब्जामा लिएपछि हात्ती वनाउने काम पनि अधुरै रहेको कुरा जानिन्छ ।

२० यसको चर्चा चित्रसंख्या ६९ सहित पृष्ठ १३९मा पनि गरिएको छ ।

प्रताप मल्ल र उनकी एक रानीको गुहाचित्र (चित्र संख्या ४)

गुहामा उत्कीर्ण चित्र **गुहाचित्र** हो । पुरातत्त्वका दृष्टिले मानिसले आफ्नो मनका भावलाई सर्वप्रथम आफ्नै प्रथम-निवास गुफाकै भित्तामा खोपेको थियो । त्यही गुहाकलाले चित्रलिपिको रूप लिँदै कालान्तरमा अनेक कलाको मात्र नभएर लिपिको समेत विकास भयो । स्पेनको अल्टामिरा पहिलो गुफा थियो जहाँ प्रागैतिहासिक गुहाचित्र पत्ता लागेको थियो ।[२१] हाम्रो लागि कालिका गुफा पहिलो हुन आएको छ जहाँ इतिहासकालको माध्यमिक चरणका एक प्रख्यात राजा प्रताप मल्ल र उनकी एक रानीको गुहाचित्र, हनुमान र प्रताप मल्लको एकल गुहाचित्र पत्ता लाग्न आएको छ । केही काल

[२१] https://en.wikipedia.org/wiki/Cave_of_Altamira

The **Cave of Altamira** is a cave in Cantabria, Spain, famous for its cave paintings featuring drawings and polychrome rock paintings of wild mammals and human hands, created between 18,500 and 14,000 years ago, during the Upper Paleolithic by early human beings. Altamira was the first cave in which prehistoric cave paintings were discovered.

अघि नेशनल जियोग्राफिक टोलीले उपल्लो मुस्ताङका आकासे गुफाका कोठाहरूमा पत्ता लगाएका गुहाचित्र पनि यहानिर द्रष्टव्य छ ।[२२]

कालिका गुफाको, गुफामुखभित्रको दायाँपट्टिको प्रस्तरखण्डमा एकजोडी स्त्री पुरुषको यो गुहाचित्र कुँदिएको छ । सो गुहाचित्रमा दुवै स्त्री पुरुष दक्षिणतर्फ अभिमुख छन् । ती दुवैजना उस्तै मुद्रा र उस्तै भावमा, दायाँ घुँडा उचालेर बायाँ घुँडाले टेकी विन्तीभाव प्रकट गरिरहेका छन् । पुरुष आकृतिले शिरमा पगडी गुथेका छन् भने स्त्री आकृतिले शिरमा झुरूप्प परेको मुकुट लगाएकी छिन् । गुहाचित्रको पादपीठमा निम्नलिखित एक पंक्तिको गुहालेख पनि उत्कीर्ण छ : **श्री मानचोडाया**(?)

कालिका गुफामा प्रताप मल्लकै गुहालेख एवं एकल गुहाचित्र छन् । यताबाट स्त्री पुरुषको यो गुहाचित्र पनि प्रताप मल्ल र उनकी एक रानी (अनन्तप्रिया?) को हो भन्ने कुरा निश्चित रूपले जानिन्छ । त्यस्तै उनीहरूले धारण गरेको पगडी र मुकुट एव उनीहरूका ढाँचा पनि राजसी लाग्छन् । यसै गुफाको बायाँपट्टिको प्रस्तरखण्डमा खोपिएको पुरुष-आकृतिसित पनि यो मिल्छ । यताबाट पनि उक्त कुराको पुष्टि मिल्छ ।

---

[२२] नेपाल गुफाहरूको पनि देश हो भने मुस्ताङलाई गुफाहरूको राजधानी शहर भनी मान्नु पर्ने हुन्छ । यहाँ कम्तिमा पनि दुई हजार वर्ष पुराना मानिने मानवनिर्मित र प्रकृतिनिर्मित दुईप्रकारका गुफाहरू छन् । पछिल्लो समयमा नेशनल जियोग्राफिक टोलीले गरेको अनुसन्धानले यहाँ संसारमै दुर्लभ एवं रहस्यमय लाग्ने करीब दशहजार गुफाहरू फेला पारेको दावा गरेका छन् जहाँ उपल्लो मुस्ताङका आकासे गुफाका केही कोठाका भित्ताहरू हिमाली बौद्धधर्मको विषयवस्तुका गुहाचित्रहरूले सजिएका छन् ।[क]

[क] sky caves of mustang/www.dailymail.co.uk/news/article-2403094/Mystery-ancient-caves-Nepal.html

"An estimated 10,000 of the caves have been found in the former Kingdom of Mustang in North, Central Nepal.

Hidden within the Himalayas, 155ft from the ground, these man-made caves are one of the World's greatest archaeological mysteries.

Thousands of holes are carved into the fragile, sandy-coloured cliff in a gorge so large it dwarfs the Grand Canyon.

The astonishing number of caves, some dug into the cliffside, others tunnelled from above are thousands of years old but who built them and why remains a mystery."

हनुमानको गुहाचित्र (चित्र संख्या ५)

कालिका गुफाको गुफामुखभित्र दायाँपट्टिको चट्टानमा हनुमानको सूक्ष्मरूपको यो गुहाचित्र उत्कीर्ण छ । यी हनुमान दक्षिणतर्फ आकासमा, बायाँ हातले पर्वत उचाली उडिरहेको अवस्थामा देखापर्छन् । यिनको आकृति त्यति खुलस्त देखिँदैन तापनि अलिकता गहिरिएर हेरेको खण्डमा यिनले आफ्नो दायाँ हात पछाडि ढाडमा आरामसाथ बिसाएर वेगवान् भइरहेको प्रतीत हुन्छ । यिनले गजुरयुक्त मुकुट लगाएका छन् ।

रामायण युद्धताका रावणपुत्र इन्द्रजीत/मेघनादसितको युद्धमा लक्ष्मण गम्भीर रूपमा घाइते भएर मृत्युको मुखमा पुगेको बेलामा वानरराज सुग्रीवको राजवैद्य सुषेणले द्रोणागिरी पर्वतमा रहेको सञ्जीवनी बूटी दिन ढल्नु अघि नै ल्याएर सेवन गराउन सकेमा मात्र लक्ष्मण बच्न सक्ने सुझाव दिएपछि तत्काल हनुमान त्यसतर्फ वेगवान् भए । तर द्रोणागिरी पुगेपछि उनले सञ्जीवनी बूटी पहिचान गर्न सकेनन् र सिङ्गो पर्वत नै उचालेर समयमै ल्याए । अनि राजवैद्य सुषेणले सो पर्वतमा रहेको सञ्जीवनी लक्ष्मणलाई सेवन गराएपछि उनी बाँचे । कालिका गुफाका हनुमानले पर्वत उचालेर वेगवान् भइरहेको सो गुहाचित्रले हामीलाई सोही पौराणिक कथाको स्मरण गराएको छ ।

चौधौं शताब्दीदेखि विष्णुको अवतारवादले प्रबल रूपमा सम्मोहित हुनपुगेको नेपाली लोकजीवन सत्रौं शताब्दीतिर र त्यसपछिका कालप्रवाहमा पुग्दासमेत वैष्णुको अवतारवादी भक्तिधारामा चुर्ल्लुम्म डुब्नपुगको थियो । यसो हुँदा धार्मिक दृष्टिले उल्लेख्य रहिआएका कतिपय स्थान जस्तै : खोलानाला, वनजङ्गल पहाड आदि प्राकृतिक तत्त्वहरू वा स्थानविशेष समेत पनि पौराणिक कथाकै अंशको रूपमा जोडेर सुन्ने सुनाउने संस्कृति पनि स्थानैपिच्छे चलेर आएको विदित हुन्छ । उदाहरणका लागि भक्तपुरको लौकिकजीवनमा हनुमानले उचालेर ल्याएको द्रोणागिरी पर्वतको खसेको एक टुक्रा सूर्यविनायक वन हो भनी सुनाउँछन् । त्यो कथा सुनेपछि यहाँका धार्मिक आस्थाभाव भएका लौकिकजीवनले 'सूर्यविनायक वनमा सञ्जीवनीबूटी छ !' भनी पत्याउँछन् । त्यसैगरी ललितपुरका लौकिकजीवनले ललितपुरको हात्तीवनदेखि टिकाभैरवस्थानसम्मको वनलाई द्रोणागिरीपर्वतको खसेको टुक्राका रूपमा जोडेर सो कथा सुनाउँछन् ।

उपत्यकाका तीनवटै राज्यलाई एउटै बनाएर चक्रवर्ती सम्राट बन्ने चाहना प्रताप मल्लको थियो । युद्ध र विजयले मात्र उनको सपना साकार हुन सक्दथ्यो । उनको त्यो सपना हनुमानले पूरा गरिदिन सक्दथ्यो । यसैले उनी हनुमानका पनि परमभक्त थिए । ने.सं.७९२ (वि.सं.१७२९) मा आफ्नो दरबारको ढोका सामुन्ने हनुमानको स्थापना उनले त्यसै गर्न लगाएका होइनन् । त्यसैबेलादेखि सो दरबारको नाम नै 'हनुमानढोका' भनी प्रसिद्ध रहिआयो । हनुमानको स्थापना गर्दा राख्न लगाएको अभिलेखमा उनले स्पष्टसित भनेका छन्[२३] "यी हनुमानले डरलाग्दो लडाइँमा शत्रुको नाश गरीकन लडाइँ जिताइदिन्छन्, घरमा रक्षा गरिदिन्छन् ।" कालिका गुफामा

---

[२३] नयराज पन्त, 'हनूमान्को स्थापना गर्नामा हेतु', **पूर्णिमा**, १/१, पृष्ठ २६ ।

"ओं स्वस्ति ॥ शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग महाराजाधिराज नेपालेश्वर विदग्धचूडामणि सकलराजचक्राधीश्वर श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्ल परमभट्टारक देवेन थ्वो हनूमान स्थापन याङ जुरो । विषमसंग्रामशत्रुसंहारणरणे जयति गृहे रक्षति ॥ सम्वत् ७९२ वैशाखमासे कृष्णपक्ष ॥ एकादशी प्र.द्वादशी रेवतीनक्षत्र आयुष्मानयोग सोमवार कुन्हु ॥ शुभमस्तु सर्व्वदाकाल ॥"

(ओं कल्याण होस् । हतियार चलाउनु, शास्त्र पढ्नु, गाना गर्नु आदि सबै विद्यामा पारङ्गत भएका महाराजाधिराज नेपालका मालिक, खूप चतुरा, सारा राजाहरूका मालिक, श्रीश्री ठूला राजा कविशिरोमणि, जयप्रताप मल्ल परमभट्टारक देवले यी हनूमान् स्थापना गर्नुभयो । यी हनूमान्ले डरलाग्दो लडाइँमा शत्रुको नाश गरीकन लडाइँ जिताइदिन्छन्, घरमा रक्षा गरिदिन्छन् । ने.सं.७९२ (वि.सं.१७२९) वैशाखकृष्ण एकादशी उप्रान्त द्वादशी रेवतीनक्षत्र आयुष्मान् योग सोमवारको दिन । सधैं कल्याण होओस् ।)

सोही अभिप्रायले हनुमानको गुहाचित्र खोप्न लगाएको दृष्टिगोचर हुन्छ । कालिका गुफामा हनुमानको चित्र खोप्न लगाएपछि उनको युद्ध जित्ने आत्मबल बढेको प्रतीत हुन्छ । भक्तपुरको पुस्तैनी अधिकारमा रहेको चाँगु, साँखु, नाला, नालदुम महोदवपोखरी लगायतका प्रदेशहरू युद्ध जितेर नै उनले आफ्नो अधीनमा पारीराख्न सफल भएका थिए । यसो हुँदा उनले कालिका गुफाको हनुमानबाट प्रेरित भई दरबार सामुन्ने पनि हनुमानको मूर्ति स्थापना गरेका हुन् भन्ने आभास हुन्छ ।

प्रताप मल्लको गुहाचित्र (चित्र संख्या ६)

कालिका गुफाको गुफामुखको बायाँपट्टिको चट्टानमा यो गुहाचित्र कुँदिएको छ । यस गुहाचित्रका व्यक्ति प्रभावशाली व्यक्तित्वका देखिन्छन् । उनको पहिरन राजसी ठाँटको छ । उनले दायाँ घुँडाले टेकी बायाँ घुँडा

उचाली, दुबै हात छातीसम्म पुऱ्याई बायाँतर्फ वा भनौं पश्चिमतर्फ अभिमुख भई विन्तीभावमुद्रा प्रकट गरिरहेका छन् । खासगरी यिनको मुखाकृति र यिनले लाएको पगडीले हामीलाई यस्तै शैली स्वरूपमा हनुमानढोका राजदरबारको मूल प्रवेशद्वारमाथिको खोपाको रानीसहित भई मुरली बजाइरहेको प्रतापमल्लको सालिग एवं सोही दरबारको रानीहरू र राजकुमारहरूसहितको स्तम्भमाथिको उनको सालिगलाई झल्झली संझाएको छ । ती सालिगहरूसित यस चट्टानमा कुँदिएको उनको गुहाचित्र दुरुस्त उस्तै छ । उनको गुहाभिलेख पनि त यसै गुफामा छ । यी प्रमाण-आधारहरूले यो गुहाचित्र प्रताप मल्लको हो भन्ने कुरा निश्चित छ ।

गुहा-रेखाचित्रण (चित्र संख्या ७)

कालिकागुफाको दायाँपट्टिको चट्टानमा अलिकता गहिरिएर हेऱ्यौं भने त्यहा ज्यामितिक आकारको त्रिकोणात्मक रेखाङ्कन उत्कीर्ण भएको देख्दछौं । (चित्र संख्या ७) सो रेखाङ्कनको बायाँपट्टि लामो धर्का खिँचिएर गएको छ जसको पुछारमा तल र माथि गरी तह-तह परेका ८/९ धर्काहरू पनि देख्न सकिन्छ । त्यसैगरी कालिकागुफाको शीर्षभागको चट्टानमा पनि केही ज्यामितिक आकारका धर्काहरू कुँदिएका छन् । (चित्र संख्या ८) यी गुहा-रेखाचित्रण कुनै खास साङ्केतिक अर्थबोधका अभिप्रायले उत्कीर्ण भएको प्रतीत हुन्छ । यी गुहारेखाचित्रण प्रतापमल्लको समयभन्दा धेरै काल अघिको प्रतीत

हुन्छ । कतै इतिहासकालअघिको त होइन ? यस बारेमा बेग्लै अनुसन्धान हुनु जरूरी छ ।

चित्र संख्या ८ : गुहा-रेखाचित्रण ।

साङ्दह (शङ्गदह/नागपोखरी)का भग्न कलाकृति (चित्र संख्या ९)

साङ्दह

कालिकागुफा सामुन्नेको चाँगुनारायण मन्दिर जाने उकालो बाटो हुँदै केही पाईला माथि पुग्नेबित्तिकै हाम्रो सामुन्नेमा सो बाटोको पूर्वपट्टि प्रस्तरका भग्न कलाकृति लगायत एउटा पोखरीको अवशेष देखापर्न आउँछ । स्थानीय लोकजीवनमा सो पोखरी **साङ्‌दह** नामले प्रसिद्ध रहिआएको छ । पूर्व-पश्चिम लाम्चो परेको सो पोखरीको अर्को नाम **शङ्खदह** हो । चतुर्बाहु भगवान् विष्णुको एक आयुध शङ्ख हो । शङ्ख जस्तै लाम्चो आकारमा बनेको हुँदा **शङ्खदह** नाम प्रचलित हुनपुगेको र यसैको लोकजीवनमा चलेर आएको. परवर्ती रूप **साङ्‌दह** हो भन्ने कुरा जानिन्छ । **नागपोखरी** नामले पनि यो दह प्रसिद्ध रहिआएको छ ।

कैयन कालदेखि पुरिएर रहेको साङ्‌दहको संरक्षण एवं जीर्णोद्धार कार्य स्थानीय बासिन्दाहरूले **शङ्खदह (नागपोखरी) संरक्षण समिति** गठन गरी केही समयअघिदेखि थालनी गरेका छन् ।[२४] यो महत्त्वपूर्ण र प्रशंसनीय कार्य हो । उल्लेखनीय कुरा के छ भने प्रारम्भिक-जीर्णोद्धारकै क्रममा पनि सो दहको स्वरूप हाम्रो सामुन्ने सुस्पष्ट हुन आएको छ । त्यस क्रममा सो दहको उत्तरपट्टि तीन तहको प्रस्तर-पेटी, दहमा गाडिएर रहेको एकजोडी प्रस्तर-स्तम्भ लगायत सो दहमा जानको निमित्त पश्चिमपट्टि बनेको करीब बाह्र तहको प्रस्तर-सिँढी देखा परेका छन् । (चित्र संख्या १०)

चित्र सख्या १० : साङ्‌दह ।

२४ स्रोत साभार : चाँगु न.पा.-११ निवासी महेशनाथ ढुङ्गाना (५६) ।

महत्त्वपूर्ण कुरा, चाँगुनाराणमन्दिरको पश्चिमद्वारको ढुङ्गेसिँढी हुँदै करीब १ मिटर चौडा प्रस्तरफलकले छापिएको जीर्णावस्थाको पुरानो ढुङ्गेबाटो साङ्गदहको सो सिँढीसम्म जोडिन पुगेको छ । यताबाट पूर्वकालदेखि नै सो ढुङ्गे बाटो मन्दिर र दहबीचको धार्मिक-सांस्कृतिक विधिविधान एवं तदनुरूपका जुलुस र मेलालाई निरन्तर जोडदै आइरहेको सांस्कृतिक मार्ग रहेछ भन्ने कुरा विदित हुन्छ । स्थानीय बासिन्दाहरूका अनुसार केही दशक अधिसम्म पनि यो दहमा जनै पूर्णिमा लगायत कार्तिक शुक्ल द्वादशीका दिनमा ठूलो मेला लाग्थ्यो । माघ महीनामा, साँखु शाली नदीमा स्वस्थानी व्रत बस्ने व्रतालुहरू माघशुक्ल एकादशीका दिनमा चाँगुनारायण मन्दिरमा बास बसी भोलिपल्ट अर्थात् द्वादशीका दिनमा सोही ढुङ्गे बाटो हुँदै यसै दहमा तीर्थस्नान गर्न आउने चलन थियो । यहाँ तीर्थस्नान नगरेसम्म चाँगुनारायण लगायत अन्यत्रको स्नान, दर्शनपुजन अधुरै रहने लोकमान्यता रहिआएको छ ।

चाँगुनारायणभेकमा रहेका सप्तदहमध्येको एक साङ्दह हो ।[२५] प्राचीनकालदेखि नै हाम्रो धार्मिक-सांस्कृतिक जीवनमा सप्तनाग-संस्कृति[२६] चलेर आएको छ । सप्तनाग-संस्कृतिले कला, वास्तुकलामा पनि उस्तै स्थान पाउँदै आएको देखिन्छ । सप्तनागका बासस्थानका रूपमा रहिआएका चाँगुनारायणभेकका सप्तदह यस कुराको पुष्टिका लागि उदाहरणस्वरूप छन् । सप्तनागको अवधारणा पौराणिक कालतिरै चलिसकेको विदित हुन्छ ।[२७] उपत्यकामा उत्तरप्राचीनकालतिर कम्तिमा पनि सातौं शताब्दीसम्म आइपुग्दा सप्तनाग-संस्कृतिले व्यापक प्रसार एवं लोकप्रियता पाइसकेको प्रसङ्गतिर विचार गर्दा चाँगुनारायणभेकका यी सप्तदह सोही समयतिर बनिसकेको कुराको अनुमान हुन्छ ।[२८]

---

[२५] पुरुषोत्तमलोचन श्रेष्ठ, 'भौखेलमा फेलापरेका लिच्छवि सम्पदा', **प्राचीन नेपाल**, संख्या - १८४, वि.सं.२०७०, पृ.४० ।

ग्वालदह, नागदह, पिगदह, पाङ्दह, साङ्दह, श्यालदह, र बाङ्दह ।

[२६] Vettam Mani, **Puranic Encyclopaedia,** Delhi: Motilal Banarsidass, repriented: 1989, pp.691.

अनन्त, तक्षक, कर्क (कर्कोटक), पद्म, महापद्म, शङ्ख र गुलिक (कुलिक) ।

[२७] मणि, पूर्ववत्, पृष्ठ ६९१ । **अग्नि पुराण**, अध्याय ५१ ।

[२८] विचारणीय कुरा के छ भने, सप्तनाग होस् वा सप्तमातृका ! विक्रमको सातौं शताब्दीसम्म आईपुग्दा त्यसबखतको धार्मिक-सांस्कृतिक जीवनमा सप्त/सात संख्याको समूहले गहिरो प्रभाव पारिसकेको देखिन्छ । तर त्यसपछिका समयहरूमा भने धार्मिक मतहरूमा तन्त्र सिद्धान्तको

महाकाल भैरव (चित्र संख्या ११)

साङ्‌दहको आग्नेय कोणमा (दक्षिण-पश्चिम कुना) झण्डै आधा भाग जमीनमा धसिएर रहेको एक लिङ्गाकार प्रस्तर छ । सो प्रस्तरको शिर्षभाग खोप्लो परेको छ । यसले पुरुष जननेन्द्रयको स्मरण गराएको छ ।

साझा प्रयोगसंगै (सप्तनाग लगायत सप्तमातृका संस्कृति विकसित र समृद्ध हुँदै जाँदा) तिनका स्थानमा क्रमशः आठ संख्या र नौ संख्याले महत्त्व पाउँदै तदनुरूप **अष्टनाग नवनाग** अष्टमातृका नवदुर्गाले सिङ्गो मध्यकालमा व्यापक लोकप्रियता पाएको देखिन्छ ।[क] यसरी तुलनात्मक रूपले विचार गर्दा चाँगुनारायणभेकका सप्तदह उत्तरप्राचीनकालतिरै निर्माण भइसकेको विदित हुन्छ ।

क पुरुषोत्तमलोचन श्रेष्ठ, **भक्तपुरको नवदुर्गा गण**, भक्तपुर : बविता श्रेष्ठ, २०६०, पृष्ठ ७-२१, १०२-१०४ ।

मध्यकालीन हस्तलिखित ग्रन्थ एवं ग्रन्थचित्र, प्रताप मल्लको स्वयंभू शान्तिपुरको चित्रपटमा उल्लेखित ने.सं.७७८ को अभिलेख लगायत आजसम्म चलिआएको यस विषयको लौकिक परम्पराका आधारमा, सप्तनागमा **वासुकी** थपेपछि अष्टनाग र त्यसैगरी अष्टनागमा **शेषनाग** थपेपछि **नवनाग** हुने कुरा जानिन्छ ।

सोही प्रस्तर यहाँको धार्मिक-सांस्कृतिक जीवनमा महाकाल भैरवका रूपमा विख्यात रहिआएका छन् ।

चतुर्मुख ब्रम्हाको मूर्ति (?) को जलहरी आसन र अन्य भग्न कलाकृति (चित्र संख्या १२)

साङ्दहको पश्चिमपट्टि, महाकालभैरवको उत्तरपट्टि एकजोडी प्रस्तर स्तम्भ, हराइसकेको चतुर्मुख ब्रम्हाको मूर्तिको खण्डित पाउमात्र बचेखुचेको जलहरी-आसन[२९] र सो संगै अर्को खण्डित अवस्थाको जलहरी आसन लगायत यत्रतत्र छरिएर रहेका केही भग्न कलाकृति देखापर्छन् । प्रस्तरका यी भग्न कलाकृति रहेको भाग प्रस्तरले छापिएका छन् र कालक्रमले ती पनि जीर्ण भइसकेका छन् र घाँस-माटोले पुरिने अवस्थामा पुगेका छन् । छापिएको सो भाग चतुष्कोण आकारको छ । यो कुरा विचारणीय लाग्छ । स्थानीय बासिन्दाहरूका अनुसार यहाँ पहिले चतुर्मुख ब्रम्हाको मूर्ति थियो । यो कुरा महत्त्वपूर्ण छ । यताबाट यहाँ पहिले ब्रम्हाको प्रस्तरमन्दिर थियो जुन शायद गुम्बजशैलीको दुर्लभ मन्दिर थियो भन्ने अनुमान हुन्छ ।

---

२९ चाँगु न.पा.-११ निवासी महेशनाथ ढुङ्गाना (५६) लगायतका स्थानीय बासिन्दाहरूका अनुसार आजभन्दा करीब तीन दशक अघि यहाँ चतुर्मुख ब्रम्हाको सुन्दर मूर्ति थियो ।

ढुङ्गे किल्ला, खण्डित देवमूर्ति र शिवलिङ्ग (चित्र संख्या १३)

कालिकागुफादेखि केही तल दक्षिणमा बाटोछेउमै एक अजङ्गको लिङ्गाकार ढुङ्गे किल्ला छ । ४८ से.मि. गोलाइ र १२७ से.मि. लम्बाइ यो ढुङ्गे किल्ला प्राचीन र दुर्लभ लाग्छ । र, आफ्नो प्रतिष्ठाकालदेखि नै यो किल्ला उस्तै खडा रहिआएको अनुमान हुन्छ । यो किल्लाले उपत्यका आसपासका प्राचीन गाउँबस्तीहरूका खास स्थानहरूमा खडा रहेका यस्तै दुर्लभ र प्राचीन किल्लाहरूलाई पनि यहाँनेर संझाएको छ । लिच्छविकालमा शासन प्रशासन सरल र सुचारू रूपले सञ्चालन गर्नका लागि बस्तीको अवस्था र बस्तीको आर्थिक भौतिक विकासलाई समेत ध्यानमा राखेर *ग्राम, तल,* र *द्रङ्ग* गरी अनेक भागमा विभक्त गर्ने सिलसिलामा त्यसैअनुसारले सीमा छुट्ट्याउने प्रयोजनका लागि यस्ता ढुङ्गे किल्लाहरू खास-खास सीमानामा सीमा-स्तम्भका रूपमा गाडेर राख्ने चलन रहेको आभास यो ढुङ्गे किल्लाले गराएको छ ।[३०]

---

३० लिच्छविकालमा वेसीभन्दा केही माथि रहेको सम्म ठाउँमा आबाद भएका संयुक्त ग्राम तल हो ।[क] यसको परवर्ती रूप **टार** रहेको देखिन्छ । जस्तै सिरूटार, रूम्जाटार र त्यसैगरी चाँगुनारायणभेकको दक्षिण काखमा रहेको झौखेलस्थित हनुमानटार । लिच्छविकालमा ग्राम भन्दा माथिल्लो तहको, अनेक गाउँहरू भएको व्यापारको केन्द्ररूपको तल सहितको बस्तीलाई **द्रङ्ग**

अनि धार्मिक-सांस्कृतिक जीवनले स्वतःस्फूर्त रूपमा यस्ता किल्लाहरूलाई शिवलिङ्ग वा भैरवकै प्रतीक मानी दर्शनपुजन गर्ने चलन विकसित रहिआएको कुरा पनि जानिन्छ ।

ढुङ्गे किल्लासङ्गै एउटा चौतारोसहितको पीपलको रूख छ । सो पीपलको चौतारोमा गुजमुज्ज अवस्थामा रहेका जलहरीसहितको शिवलिङ्ग, बसाहा, गणेशमूर्ति लगायत कुमभन्दा माथिको भाग खण्डित भइसककेको एक देवमूर्ति देखापर्छन् । (चित्र संख्या १४)



चित्र संख्या १४ : गुजमुज्ज अवस्थामा रहेका शिवलिङ्ग, बसाहा, गणेशमूर्ति र खण्डित विष्णुमूर्ति ।

भनिन्थ्यो । शहर विशेषको नाउँ द्रङ्ग हो ।[ख] केही समय पहिले भ्रौखेलमा फेलापरेको शिवदेव+अंशुवर्माको अभिलेखमा यस भेकलाई **थंखोपृसतलद्रङ्ग** भनी सम्बोधन गरिएको छ । यो कुरा महत्त्वपूर्ण छ । यताबाट आजको चाँगुनारायणभेक लिच्छविकालमा सातौं शताब्दीसम्म आइपुग्दा द्रङ्ग बस्तीको रूपमा विकसित भइसकेको थियो भन्ने कुरा निश्चित रूपले थाहा पाइन्छ ।[ग] यस भेकका प्राचीन वस्ती, कलाकृति, दहहरू लगायत यस ढुङ्गे किल्लाले पनि यस भेकमा लिच्छविकालीन द्रङ्ग रूपको चहलपहलयुक्त शहरी वस्तीको संभना गराएको छ ।

[क] धनवज्र वज्राचार्य, 'लिच्छविकालिक वस्ती', **पूर्णिमा**, १८ पूर्णाङ्क, २०२५, पृष्ठ ९६ ।

[ख] धनवज्र वज्राचार्य, 'द्रङ्ग, व्यापारको केन्द्र', **मधुपर्क**, ४/१०, पृष्ठ २३-३७ ।

[ग] श्रेष्ठ, 'भ्रौखेलमा फेलापरेका लिच्छविकालीन सम्पदा', पूर्ववत्, पृष्ठ ३४,३५ ।

सो देवमूर्तिको तिघ्रादेखि मुनिको भाग गाडिएर रहेको छ । सामान्यतया समभङ्ग मुद्राको यो मूर्तिमा देखिने शैली लक्षणतिर विचार गर्दा विष्णुमूति हो भनी मान्न सकिन्छ । यस मूर्तिका देवताले गलामा तीन तहको कण्ठहार लाएका छन् र उनको कम्मरमा तीन तहको डोरो कसेको छ । (चित्र संख्या १५)

चित्र संख्या १५ : चौतारोको खण्डित विष्णुमूर्ति चाँगु, ईस्वीको चौधौं-पन्ध्रौं शताब्दी ।

यस्तो विशेषता विशेषगरी उपत्यकाका ईस्वीको चौधौं-पन्ध्रौं शताब्दीतिरका विष्णुमूर्तिहरूमा देखापर्छन् । यताबाट हामी यस मूर्तिलाई ईस्वीको पन्ध्रौं शताब्दीतिर राख्न सक्दछौं । कालक्रममा नियतिको मारले यी सुन्दर प्रस्तर कलाकृतिहरू यसरी खुला आकासमुनि त्यसरी असरल्ल अवस्थामा परेका छन् ।

जोगीको कुटी (चित्र संख्या १६)



ढुङ्गे किल्लादेखि केही पर सिधा उत्तरमा जोगीको कुटी छ । यहाँ पनि शिवलिङ्ग लगायतका केही भग्न प्रस्तर कलाकृति सो कुटीको यत्रतत्र धसिएर वा पुरिएर रहेको अवस्थामा देखापर्छन् । सो कुटीभित्र जोगीको शिवलिङ्गसहितको समाधि छ । विशेषगरी सो कुटीको पूर्वपट्टि झारपात उम्रेको ठाउँमा कुनै देवमूर्ति रहने सानो गुम्बजमन्दिरको द्वारको अवशिष्ट भाग (४३X८२से.मि.) मिल्किएर रहेको अवस्थामा देख्न सकिन्छ । (चित्र संख्या १७)

चित्र संख्या १७ : गुम्बजमन्दिरको द्वारको अवशिष्ट भाग, जोगीको कुटी ने.सं. ७८८ ।

सो भाग खण्डित भएर पनि सुन्दर र कलात्मक छ । सो भाग अर्धगोलाकार छ । त्यसको घेरा पुष्पलहरा र सो माथि कुनामा दायाँ बायाँ फूलबूट्टाले सजिएका छन् । यसको बायाँपट्टिको भागमा पनि एउटा फूलबूट्टा छ र त्यसमाथि नेवारी लिपिमा नेपालसंवत. '**ॐ सम्वत ७८८**' अभिलेख कुँदिएको छ ।

जोगी-गुफा (चित्र संख्या १८)

कालिकागुफादेखि उत्तरमा केही उकालो लागेपछि बाटोको पश्चिमपट्टि एउटा परम्परागत ग्रामिण शैलीको घरमा (साङ्दह-वडा नं.९) पुगिन्छ । सो घरको आँगन र खेतमा शिवलिङ्गको जलहरी, शिवलिङ्गसहितको समाधि लगायत एकै ठाउँमा गुच्चमुच्च पारेर थुपारिएका क्षेपु र गरुडमूर्ति कुँदिएको स्तम्भ लगायतका अन्य प्रस्तरका अवशिष्ट तर सुन्दर कलाकृति देखापर्छन् । (चित्र संख्या १९)

चित्र संख्या १९ : जोगी गुफा रहेको घरको आँगनका अवशिष्ट प्रस्तर कलाकृति, मध्यकालीन ।

स्थानीय बासिन्दाहरूका अनुसार सो घर परिसरमा पहिले गुफा थियो । सो गुफा 'जोगी गुफा' नामले प्रसिद्ध थियो ।[३१] विष्णु गिरी सो गुफामा बस्थे । उनको समाधि अहिले पनि त्यहीँ छ । उनी बितेपछि कालक्रममा सो गुफा पनि पुरियो ।[३२]

सो घरको आँगन सामुन्ने थुपारिएका क्षेपु, गरुडमूर्ति कुँदिएको खण्डित अवस्थाको स्तम्भ, मन्दिरको पेटीमा छापिएर रहने प्रस्तर फलकका अवशिष्ट कलाकृतिहरूतिर विचार गर्दा सो परिसरमा पहिले शायद गुम्बज शैलीमा निर्मित विष्णुमन्दिर थियो भन्ने अनुमान हुन्छ । मलाई गरुडमूर्ति कुँदिएको स्तम्भ केही फरक, आकर्षक र विशेष लागेको छ । सो खण्डित स्तम्भको पीँधमा, कुनामा यो गरुडमूर्ति कुँदिएको छ । यी गरुडको कम्मरभन्दा मुनिको भाग गरुडपंक्षीकै छ र उनी दुबै खुट्टाले टेकी टुक्रुक्क बसेका छन् । यिनको कम्मरभन्दा माथिको भाग मानवाकृति रूपको छ । त्यस रूपमा उनी दुबै हात छातीसम्म पुऱ्याएर विन्तीभाव प्रकट गरिरहेका छन् जुन सुन्दर र सजीवलाग्दो छ । शैली लक्षणका आधारमा यो मूर्तिलाई ईस्वीको चौधौँ शताब्दीतिर राख्न सकिन्छ ।

---

[३१] यहाँ गुफा रहेको जानकारी दिने प्रथम स्रोतव्यक्ति मेरा विद्यार्थी मञ्जु पौडेल हुन् । तिनले मलाई सो स्थानसम्म लगेर देखाइदिएकी हुन् ।

[३२] सोही घरका भगवती गिरी (६९), (चित्र संख्या १८) बाट प्राप्त जानकारी ।

गामढोका हिटी र शाक्त-अर्धनारीश्वर मस्तक (चित्र संख्या २०)



साङ्‌दहदेखि उत्तरमा ढुङ्गेबाटो हुँदै पाँच मिनेट जति उकालो चढेपछि हाम्रो सामुन्नेमा दायाँपट्टि (बाटोको पूर्वमा) एउटा ढुङ्गेधारा देखा पर्न आउँछ। यसलाई 'गामढोका हिटी' (धारा) भनिन्छ।[३३] गामढोका हिटीको ढुङ्गे टुटो अन्यत्रका यस्तै प्राचीन टुटोहरूका तुलनामा केही भिन्न र विशेष लाग्छ। किनकि यस ढुङ्गेधाराको मकरको मुखबाट भने गौमुख पनि निस्केको छ र, सोही गौमुखबाट पानी झर्छ। यस आधारमा नेपालका केही भिन्नै विशेषता भएका विरलाकोटि ढुङ्गेधाराहरूको कोटिमा यसलाई पनि राख्न सकिन्छ।[३४]

---

३३ चाँगुनारायणभेकमा लिच्छविकालीन व्यवस्थित एवं समृद्ध ग्रामवस्ती थियो भन्ने कुराको छनक सुन्दै प्राचीन लाग्ने 'गामढोका' ले पनि दिएको छ। दक्षिणतर्फको उकालो ढुङ्गेबाटो पार गर्ने बित्तिक्कै हाम्रो सामुन्ने सिधै वस्तीभित्र पस्ने एउटा ठूलो ढोका देखा पर्न आउँछ। अहिले यो ढोका पुनःनिर्माण भइसकेको छ। गाउँ पस्ने ढोका भएकोले **गामढोका** र त्यहीं रहेको धारा **गामढोका हिटी**/धारा प्रचलित हुनपुगेको ज्ञात हुन्छ। यहाँको टोलवस्ती पनि तदनुरूपकै नामले चर्चित रहिआएको छ जहाँ पूर्वकालदेखि नै खासगरी *जुगि* (कपाली), *महान* (महर्जन), *कुटुवाल, पुतुवार, राजवाहक* लगायत *श्रेष्ठ* थरका नेवारहरूको वसोवास रहिआएको छ।

३४ यसले भक्तपुर राजदरवारको सुनधारा चोकको स्वर्णजलप लागेको धातुको पाताले छाएको धाराको मकराकृतिको मुखमा धातुको बोकाको टाउको जोडिएको **लुँ हिटी** लाई पनि संझाएको छ। तर त्यो भन्दा पनि बढ्ता, यसले पाटन राजदरवार, सुन्दरीचोकको **तुषाहिटी**लाई विशेष रूपले संझाएको छ। सो धारामा पनि गामढोका हिटीमा जस्तै मकरको मुखमा तर धातुको गौमुख जोडिएको छ। गाईको बाच्छोलाई नेवारीमा 'थुसा' भनिन्छ। थुसाको मुखबाट पानी झर्ने

स्थानीय बासिन्दाहरूका अनुसार गामढोका हिटीमा पहिले शिलालेख थियो जुन हराएको र, उनीहरूका अनुसार यो धारा राजा स्थिति मल्लले बनाउन लगाएका हुन् ।[३५] यो कुरा महत्त्वपूर्ण छ । **गोपालराजवंशावलीमा** स्थिति मल्लले ने.सं.५०६ (वि.स..१४४२) मा चाँगुको धारा जीर्णोद्धार गरेको कुरा आएको छ ।[३६] सो गौमुखे धाराको बनौट एव. शैली लक्षणतिर विचार गर्दा पनि प्राचीन नै लाग्छ । यी कुरातिर विचार गर्दा गामढोका हिटी उत्तरप्राचीनकालतिरै बनेको थियो । कालक्रमले सो धारा जीर्ण हुँदा स्थिति मल्लले बनाउन लगाएका हुन् भन्ने कुरा ज्ञात हुन आउँछ ।

शाक्त-अर्धनारीश्वर मस्तक (चित्र संख्या २१)

धारा भएकोले *थुसाहिटी* भनिएको र, थुसाहिटीकै परवर्ती प्रख्यात रूप तुषाहिटी रहेको कुरा जानिन्छ । र, शायद प्रस्तरको गौमुखाकृति भएको यो हालसम्म फेलापर्न आएको प्रथम गौमुखे धारा हो । यस वारेमा छुट्टै अनुसन्धान हुन सकेमा बढ्ता नयाँ कुरा प्रकाशमा आउने छ ।

[३५] कान्छा राजवाहक (७५), रमेश वहादुर श्रेष्ठ (४७), लगायत अनिष भट्ट (२६) हरूवाट प्राप्त जानकारी ।

[३६] Dhanavajra Vajracharya, Kamal P. Malla, **The Gopalarajavamsavali,** Kathmandu : Nepal Research Centre, 1985, ६२ पत्र, अनुदित पृष्ठ ११८ ।
'सं ५०६ पोष शुदि ११चङ्गु यिती हयका श्रीस्थितिराजमलदेवसनः ॥' (ने.सं.५०६ (वि.सं.१४४२) पौष शुक्ल एकादशीको दिन श्रीस्थितिराजमल्लदेवले चाँगुको धाराको जीर्णोद्धार गराउनुभयो ।

गामढोका हिटीको पर्खालको दक्षिण-पूर्व कुनामा एक देवमूर्तिको टुक्रिएको प्रस्तर-मस्तक सीमेन्टले जोडेर राखिएको अवस्थामा छ । आजभन्दा पन्ध्र वर्ष अघि स्थानीय जन सहभागितामा Japan University Students Association of Nepal (JUSAN) ले गामढोका हिटीको जीर्णोद्धार गरेको थियो ।[३७] त्यसबखत जीर्णोद्धारकै क्रममा यो मस्तक त्यहाँ त्यसबेला त्यसरी राखिएको बुझिन्छ । चाँगुनारायणभेकको मेरो पछिल्लो अन्वेषणका क्रममा त्यहींका स्थानीय वलंपुटोल वडा नं ८ निवासी अनिष भट्ट (२६) ले देवमूर्तिको सो मस्तक देखाइदिएका हुन् । गौमुखे धारा पनि उनैले देखाइदिएका हुन् । मैले यस अघि कहिल्यै गौमुखे टुटो भएको धारा देखेको थिइन, यसैले म एकोहोरो सो टुटो हेर्दै थिएँ । त्यसपछि अनिषले मेरो ध्यान सो टुटोबाट हटाउँदै धारासंगैको कुनामा रहेको सो मस्तकतिर औंल्याउँदै भने 'यता पनि हेर्नुहोस् त सर ! यो कुन देवमूर्तिको शिर होला ? कुन समयतिरको होला ?'

त्यसपछि मेरो सारा ध्यान कालक्रमले टुक्रिएर शरीर हराइसकेको शिर मात्र हाम्रो सामु त्यसरी बचेर रहेको यो मस्तकतिर गयो । बडो ओजपूर्ण, दिव्यभाव झल्कने, सामान्य भएर पनि शान्त, सौम्य, सुन्दर र सजीवलाग्दो यो कुनचाहिँ देवमूर्तिको विलक्षण मस्तक रहेछ भनी एकछिन अनिषसंगै म पनि सो मस्तकलाई ट्वाल्ल परेर हेरैं, हेर्दै घोत्लिन पुगैं । त्यो मस्तकलाई हेर्दा हेर्दै त्यसले उत्तरप्राचीनकालीन प्रस्तर मूर्तिकलामा पाइने विशेषताहरूको स्मरण गरायो । मलाई त्यो मस्तकको मुखाकृतिको नाक र त्रिनेत्रसहितको आँखाले झिनो अंशमा पशुपतिको त्रिनेत्रधारी विरूपाक्ष र त्यसैगरी चाँगुकै मानवाकृत गरुडमूर्तिका यस्तै नाक र आँखाको पनि झझल्को दियो । यद्यपि यस शिरको मुखाकृतिका ती नाक ओँठका अधिकांश भाग कैयनकालदेखिको प्राकृतिक एवं मानवीय स्पर्श र मारले टुक्रिएर खिइएर गइसकेको छ, अंश आकार भने अझै शेष छन् ।

त्यसपछि मेरो ध्यान यस मस्तकले धारण गरेका केही खास आभूषणतिर गयो । बडो आश्चर्यको कुरा थियो ! ती आभूषणलाई हेरेर मैले यस शिरमा दुई शिरभाग मिलेर बनेको एक शिर देखैं । जटामुकुटधारी सो शिरको बायाँपट्टि भागमा अर्धचन्द्रमा छ । सो शिरले बायाँपट्टिको कानमा सर्पकुण्डल र दायाँपट्टिको कानमा पुष्पकुण्डल धारण गरेका छन् । यसरी मनमा आएका माथिका कुराहरू खेलाउँदै एकछिन घोत्लिसकेर मैले अनिषलाई

---

[३७] चाँगु, वलंपुपाटीको ई.सं.२००० ताम्रपत्राभिलेख ।

भनें ' यो मिश्रित रूपको मस्तक हो र, शायद हरिहरको हो ! र, लाग्छ ईस्वीको छैटौं शताब्दीतिरको हो ।'

घरमा आएपछि आफूले खिचेको यसको चित्रलाई कम्प्युटरमा राखेर अनेकपल्ट हेरें, मनमा अनेक कुरा आए, गए । यसै क्रममा सो मस्तकले धारण गरेको सर्पकुण्डल र पुष्पकुण्डल एवं तिनका अवस्थानतिर धेरैपल्ट ध्यान गयो । सो चित्रलाई ठूलो पारेर हेर्दा यसको मुखाकृतिमा थप दुई नयाँ कुरा जस्तै : बायाँपट्टिको भागमा जुङ्गाको हल्का रेखा भएको, जटामुकुटको घेरामा नृमुण्ड (खिइसकेको) र दायाँ आँखाको तुलनामा बायाँ आँखा सानो भएको पाइयो । यसरी मलाई यसको प्रतिमालक्षणतिर पुनः सोच्न बाध्य तुल्यायो । हरिहरको प्रतिमालक्षणसित यसलाई राखेर हेर्दा यो भिन्न देखियो र त्यसैले यो मस्तक झन् अतुल्य लाग्न थाल्यो । अनि अघि अनिषलाई भनेको कुरा गलत रहेछ भन्ने निष्कर्षमा म पुगें । र, फेरि पनि उही प्रश्न मनमा उब्जियो । आफूले आफ्नै मनसित सोधें 'यो हरिहरको होइन भने आखिर के को मूर्ति हो ? सग्लो मूर्ति भएको भए आयुध एवं वाहनकै आधारमा पनि (शिवको वाहन : नन्दी र विष्णुको वाहन : गरुड, शिवको : नरमुण्डमाला, विष्णुको : पुष्पमाला, शिवको त्रिशूल र रूद्राक्षमाला, विष्णुको चक्र र शङ्ख आदि) सत्य कुराको निरूपण गर्न सकिन्थ्यो ! यसको त शरीरै बेपत्ता छ ! आसनको त कुरै छाडौं ! '

हाम्रो यहाँ आजसम्म पाइएका अर्धनारीश्वर मूर्तिहरूमा प्रकृति (शक्ति) तत्व सहायक मात्र भएको र पुरुष (शिव) तत्वको प्राधान्यता रहेका मिश्रित मूर्तिहरू मात्र छन् । हरि+हर, शिव+पार्वती लगायत विष्णु+लक्ष्मीका अर्धनारीश्वर मूर्तिहरू उदाहरणस्वरूप छन् ।[३८] पुरुष तत्वले प्राधान्यता पाएका यस्ता मूर्तिहरूमा मूर्तिको बायाँपट्टिको भागमा **शक्ति** र दायाँपट्टिको भागमा **पुरुष** रहेका हुन्छन् । मूलतः प्रतिमालक्षण विज्ञान एवं प्रयोगात्मक तन्त्र सिद्धान्तका आधारमा समेत यस्ता मूर्तिहरू बन्ने कुरा जानिन्छ । हरिहर मूर्तिको दायाँ भाग शिव (पुरुष) र बायाँपट्टिको भाग विष्णु (प्रकृति) को हुन्छ । दायाँ भागका हर (शिव)ले शिरमा (शिरको दायाँ भागमा) जटामुकुट,

---

३८ क हरिराम जोशी, **हिन्दू देवी देवता**, काठमाडौं : सूचना विभाग, वि.स..२०४०, पृष्ठ ६५-७१, ८६-९१ ।

ख मोहनप्रसाद खनाल, **नेपाली कला**, ललितपुर : साझा प्रकाशन, वि.सं.२०५२, पृष्ठ २१८-२२५ ।

अर्धचन्द्रमा, सर्पकुण्डल धारण गरेका हुन्छन् । र, तदनुरूप बायाँ भागको हरि (विष्णु)ले पुष्पमुकुट, पुष्पकुण्डल धारण गरेका हुन्छन् । हाम्रो यो मस्तकसित हरिहरका लक्षणले मेल खाएन । यसैले यो हरिहरको मूर्ति होइन भन्ने निश्चित हुन आयो ।[३९]

'लक्ष्मीनारायण' वा 'वैकुण्ठ कमलजा' विष्णु-अर्धनारीश्वरका प्रसिद्ध उदाहरण हुन् । विष्णु-अर्धनारीश्वर मूर्तिको दायाँपट्टिको भाग विष्णु र बायाँपट्टिको भाग लक्ष्मीको रहेको हुन्छ[४०] र, मस्तकको दायाँ कानमा विष्णुले पुष्पकुण्डल र बायाँ कानमा लक्ष्मीले चक्रकुण्डल धारण गरेका हुन्छन् । यसरी विष्णु-अर्धनारीश्वरको प्रतिमालक्षणसित पनि हाम्रो गामढोका हिटीको मस्तक मेल खान नआएकोले यो मस्तक विष्णु अर्धनारीश्वरको पनि होइन भन्ने कुरा बुझियो ।[४१]

---

[३९] पाटन सौगलटोलको हरिहर मूर्ति (ई.सं.तेस्रो शताव्दी)[क], भक्तपुर सिद्धपोखरीको हरिहर मूर्ति (ई.सं. बाह्रौं शताव्दी), भक्तपुर राष्ट्रिय कला संग्रहालयमा रहेको हरिहरको मूर्ति ई.सं.सत्रौं शताव्दी) उदाहरणस्वरूप छन् ।[ख]

[क] लैनसिंह बाङ्देल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, पूर्ववत्, चित्र नं.७७ ।

[ख] डा.पुरुषोत्तमलोचन श्रेष्ठ, **भक्तपुर राजदरवारस्थित राष्ट्रिय कला संग्रहालयका कलाकृति विवरण**, भक्तपुर : राष्ट्रिय कला संग्रहालय, वि.स..२०६३, पृष्ठ ९८, १०० ।

[४०] मूर्तिफलकमा संयुक्त रूपले विष्णुको साथमा लक्ष्मी मात्र नभएर गरुड पनि छ भने यस्तो मूर्तिमा विष्णुको दायाँपट्टि लक्ष्मी र बायाँपट्टि भने गरुड रहेको हुन्छ । उपत्यकाका अनेक स्थान लगायत चाँगुनाराणभेकमै पनि अनेक कालका यस्ता मूर्तिहरू यत्रतत्र देखापर्छन् ।

[४१] भक्तपुर सिद्धपोखरीको वैकुण्ठ कमलजाको मूर्ति (ई.सं.बाह्रौं शताव्दी)[क], र भक्तपुर नासमनाटोलको लक्ष्मीनारायणको मूर्ति (ई.सं.पन्ध्रौं शताव्दी । यो मूर्ति हराइसकेको छ ।)[ख] विष्णु-अर्धनारीश्वरका उदाहरणस्वरूप छन् । अष्टभूज वैकुण्ठ कमलजाका मूर्तिहरू दुर्लभ छन् । सिद्धपोखरीको वैकुण्ठ कमलजा अत्यन्त दुर्लभ मूर्ति हो । नेपाल र भारतको काश्मिर क्षेत्रमा निकै कम मात्रामा वैकुण्ठ कमलजाका मूर्तिहरू छन् ।[ग] जोशीका अनुसार 'शिव-पार्वतीको साथै लक्ष्मीनारायण संयुक्त अर्धनारीश्वर मूर्तिहरू पनि नेपालमा पाइएका छन्, जुन नेपाली मूर्तिकलाको एक खास विशेषता रहेको छ । भारतमा अहिलेसम्म उल्लेख्य लक्ष्मीनारायणका कुनै अर्धनारीश्वर मूर्तिहरू पाइएका छैनन् ।'[घ]

[क] डा.पुरुषोत्तमलोचन श्रेष्ठ, **सिद्धपोखरी एक ऐतिहासिक विश्लेषण**, भक्तपुर : भक्तपुर नगरपालिका, वि.सं.२०५४, पृष्ठ ३४, चित्र नं. २१ ।

[ख] Lain S. Bangdel, **Stolen Images of Nepal**, Kathmandu : Royal Nepal Academy, 1989, pp. 205, 206.

[ग] https://en.wikipedia.org/wiki/Vaikuntha_Kamalaja

यसरी हरिहर, लक्ष्मीनारायणको लक्षणसित मेल नखाएपछि यो मस्तक आखिर **शिव-अर्धनारीश्वरकै** रहेछ त भन्ने लाग्छ । तर सत्यको दर्शन नहुँदासम्म यो मनले त्यो मस्तकमा 'शिव-अर्धनारीश्वर' लाई पनि मान्दो रहेनछ । किनकि जति कुरा गरे पनि प्रमाण वा आधार नपाएसम्म प्रश्न त यसरी उठ्छ नै 'यदि यो मस्तक शिव-अर्धनारीश्वरको हो भने मस्तकको दायाँपट्टिको भागमा पुरुष तत्वको प्राधान्यता हुने **शिव** नै रहनु पर्ने होइन र ?[४२] के यो प्रतिमालक्षणशास्त्रलाई समेत उलंघन गरी बनेको आजसम्मकै ज्ञात मूर्तिहरूभन्दा नितान्त भिन्न मूर्ति हो ? के यो यसका कलाकारले भूलवश् यताको उता र उताको यता गरी बनाउन पुगेको मात्र एक भूल-अपवाद थियो ?' यदि यो अपवाद होइन, प्रतिमा विज्ञानलाई आधार मानेर शाक्ततन्त्रसिद्धान्त अनुसार समेत बनेको हो भने शिव-तत्व (पुरुष) लाई सहायकको रूपमा वाम भागमा राखेर, शक्ति-तत्व (प्रकृति)लाई प्रमुख मानेर दक्षिण भागमा राखी सोही अनुरूप शक्तिले प्राधान्यता पाएको, तान्त्रिक स्वरूपको **शाक्त-अर्धनारीश्वर-मस्तक** हो भन्ने कुराको निरूपण हुन्छ । यसरी सत्य कुरा थाहा भएपछि हामीलाई यस मस्तकमा गुप्त रहेको शाक्त तन्त्रबाट प्रभावित **शाक्त-अर्धनारीश्वरको** दर्शन मिल्छ ।

उता भारतमा, कागजमा चित्रित अठारौँ शताब्दीको एउटा शाक्त अर्धनारीश्वरको चित्र प्रकाशमा आएको छ जसलाई कलापारखीहरूले दुर्लभ मानेका छन् ।[४३] (चित्र संख्या २२)

Vaikuntha-Kamalaja (or **Lakshmi-Narayana**) is a composite **androgynous** form of the **Hindu** god **Vishnu** and his consort **Lakshmi**. Though inspired by the much more popular **Ardhanarishvara** form of the god **Shiva**, Vaikuntha-Kamalaja is a rare form, mostly restricted to **Nepal** and the **Kashmir** region of **India**.

घ हरिराम जोशी, हिन्दू देवी देवता, पूर्ववत्, पृष्ठ ७० ।

४२ शिव-अर्धनारीश्वरको एउटा प्राचीन मूर्ति (८०x३३ से.मि.) भोटाहिटीमा बाटो पार गर्ने खण्ड बनाउने क्रममा फेला परेको छ । सो मूर्ति हाल छाउनीस्थित राष्ट्रिय संग्रहालयमा राखिएको छ । शैली लक्षणका दृष्टिले ईस्वीको छैटौँ शताव्दी तिरको मान्न सकिने यस मूर्तिको आधा दायाँ भाग उर्ध्वलिङ्ग प्रदर्शित गरिरहेका शिव र बायाँ आधा भाग बाँया स्तन प्रदर्शित गरिरहेकी पार्वतीको रहेको छ । यस मूर्तिका शिवले कानमा सर्पकुण्डल र पार्वतीले चक्रकुण्डल धारण गरेका छन् । त्यसैगरी शिवले वरद्मुद्रा प्रदान गरेका छन् भने पार्वतीले दर्पणयुक्त पेटारी लिएकी छिन् ।

४३ en.wikipedia.org/wiki/Ardhanarishvarasha a rare example of a Shakta Ardhanarishvara, where the dominant right side is female. Created: circa 1710-20



चित्र संख्या २२ : शाक्त-अर्धनारीश्वरको चित्र, भारत, ईस्वी अठारौँ शताब्दी ।

शिरदेखि पाउसम्म, दायाँपट्टिको आधा भाग पार्वतीको दायाँ-देह र त्यसैगरी बायाँपट्टिको आधाभाग शिवको बायाँ-देहले बनेको यो शाक्त अर्धनारीश्वरको चित्र हो । यसरी यहाँ पार्वती शिवको दायाँ उभिएकी छिन् । पुष्पमुकुटधारी पार्वतीको वर्ण र पहिरन रातो छ । तुलनात्मक रूपमा तिनको आँखा शिवको भन्दा ठूलो र सुन्दर छ । तिनले दायाँ हातमा श्वेत-कपालपात्र लिएकी छिन् र त्यतैतिर वा दायाँतर्फ फर्केकी छिन् । जटामुकुटधारी शिवको वर्ण श्वेत छ । उनले आफ्नो बायाँ हातमा डमरूयुक्त-त्रिशूल लिएका छन् । उनले गलामा सर्पको माला लाएका छन् र कम्मरमा बाघको छाला ओढेका छन् । शिव बायाँपट्टि फर्केका छन् । पार्वतीको दायाँतर्फ, शरीरको दायाँ भाग रातो र बायाँ भाग सेतो वर्ण भएको बाघ र शिवको बायाँतर्फ सेतो वर्णको साँढे छन् । बाघले पार्वतीलाई र साँढेले शिवलाई हेरिरहेका छन् ।

पुरुष होस् वा प्रकृति ! वा शिव तत्व होस् वा शक्ति तत्व ! प्रतीकवादी अर्धनारीश्वर परम्पराको सृष्टिमय दार्शनिक संसारमा देहको दक्षिण भागमा रहने पुरुष वा प्रकृति नै सृष्टिको सर्वोच्च र मूल एवं वाम भाग भने निमित्त

वा सहायक मात्र हुने कुरा यस विषयका अन्य स्रोत लगायत माथिका प्रसङ्गबाट पनि विदित हुन्छ । शिव र शक्तिको संयोगले नै सृष्टि सम्भव हुन्छ । शैव सम्प्रदायमा सृष्टिको मूल शिव हो, शक्ति त सहायक मात्र हो । शाक्त संसारमा सृष्टिको मूल शक्ति हो जसले शिवलाई सहायक बनाएर सृष्टि गर्छ । यसैले शिव शक्तिद्वारा नियन्त्रित भएको जानिन्छ । शक्तिद्वारा नियन्त्रित नभएको शिव **शव** हो जसले विनाश हुन्छ । मूर्तिकलामा दर्शनीय हुन आएको दुर्लभ शाक्त अर्धनारीश्वर मस्तक यस कुराको उत्कृष्ट उदाहरण हो ।

चाँगुनारायणभेक वैष्णव मतका दृष्टिले मात्र नभएर शाक्त मतका दृष्टिले पनि एकसाथ उत्तिकै प्रभावित प्राचीन थलो रहिआएको विदित हुन्छ । चाँगुनारायण मन्दिरको आग्नेयकोणस्थित छिन्नमस्तामन्दिरभित्र रहेका ईस्वीको प्रथम-दोस्रो शताब्दीतिरका मानिने सप्तमातृकाका प्राचीन प्रस्तरमूर्तिहरू यस कुराका उत्कृष्ट उदाहरण हुन् । ईस्वीको छैटौँ शताब्दीदेखि धार्मिक मतहरूमा, धार्मिक-सांस्कृतिक जीवनमा शाक्ततन्त्रसिद्धान्तले विशेष स्थान पाउँदै आएको देखिएको छ । हाम्रो यो शाक्त अर्धनारीश्वर-मस्तकमा पाइने उत्तरप्राचीनकालीन शैली लक्षण एवं त्यसबखत धार्मिक मतहरूमा लोकप्रिय हुँदै जानथालेको तान्त्रिक प्रवाहतिर समेत विचार गर्दा यसलाई हामी ईस्वीको छैटौँ शताब्दीतिर राख्न सक्दछौँ ।

परवर्तीकालकै भए पनि भारतमा पाइएको शाक्त अर्धनारीश्वरको चित्रबाट हामीलाई केही अंशमा यसभन्दा कैयन काल अघिको गामढोका हिटीको शाक्त अर्धनारीश्वर-मस्तकमा मिल्ने सग्लो प्रतिमा-चित्रणको लाक्षणिक झलक मिल्छ । प्रस्तर प्रतिमाका प्रसङ्गमा भने भारतको मथुरा संग्रहालय, दिल्ली संग्रहालय लगायतका विभिन्न स्थानमा शिव दाहिने भागमा रहेका शिव-अर्धनारीश्वरका कुषाणकालदेखिका मस्तक लगायत सग्लो प्राचीन प्रस्तर प्रतिमाहरू समेत प्राप्त छन् ।[४४] तर शाक्त अर्धनारीश्वर प्रस्तरमूर्ति भने यस अघि आजसम्म जानकारीमा आएको देखिएको छैन ।

अर्धनारीश्वरमा निहीत मूल दर्शन 'सृष्टि' हो । प्रकृति र पुरुष द्वैत भएर पनि सृष्टिको द्वन्द्वात्मक मूल कारणको अपरिहार्य संयोगका प्रतीक विशिष्टाद्वैत छ । मूर्तिकलाको संसारबाट हामीले आजसम्म शिवविशिष्टाद्वैत अर्धनारीश्वर

---

[४४] डा.नीलकण्ठ पुरुषोत्तम जोशी, **प्राचीन भारतीय मूर्ति विज्ञान**, पटना : बिहार-राष्ट्रभाषा-परिषद्, वि.सं.२०३४, पृष्ठ, २१, ४९, चित्र संख्या २१, २२, २३, २४, २५ ।

मात्र हेर्दै आएका थियौँ र त्यही एकोहोरो प्रमाणका आधारमा हामीले मातृसत्ताको अन्त्य र पितृसत्ताको उदय भएको समेत ठान्यौँ । तर यो हाम्रो भ्रम रहेछ भन्ने कुरा अहिले पाइएको शक्तिविशिष्टाद्वैत शाक्त अर्धनारीश्वर-मस्तकले साबित गरेको छ । विशेषगरी उपत्यकाको समाज र संस्कृति सभ्यताको उषाकालदेखि नै मातृपरक, शाक्तप्रधान रहिआएको छ जुन यहाँका रैथाने नेवार वर्गमा आज पनि उत्तिकै वर्तमान छ । सृष्टिको एक निमित्त-कारण पिता (पुरुष) हो, मूल होइन । गर्भधारण गरी जन्म र जीवन (सृष्टिपछि पनि सन्तानको स्याहार सुसार) समेत दिने एक मात्र मूल वा प्रधान भनेको त आमा (प्रकृति) नै हुन् । यही कुरा हजारौँ वर्षदेखि अतुल्य रहिआएको यो शाक्त अर्धनारीश्वर-मस्तकले सम्झाइरहेको आभास हुन्छ ।

चाँगुनारायणभेकका मूर्तिहरूका बारेमा थुप्रै स्वदेशी विदेशी कलापारखीहरूले एकसय चालीस वर्ष अघिदेखि नै अध्ययन गर्दै आएका छन् तापनि यति महत्त्वपूर्ण यो मूर्तिको चर्चा आज़सम्म कसैबाट भएको पाइएन । यस्तो मूर्ति न त यसभन्दा अघिको कालको न त यसभन्दा पछिल्ला कालहरूको पाइएको छ र पाइएका पनि सबै पुरुषप्रधान छन् । यसैले हामी निश्चित रूपले भन्न सक्छौँ : नेपालको यो एकमात्र प्रकृतिप्रधान शाक्त अर्धनारीश्वरको मूर्ति हो ।

मूर्ति चाहे देवताको होस् वा मानिसको ! त्यसबाट पनि त्यसबखतको सामाजिक एवं धार्मिक-सांस्कृतिकजीवनको झझल्को मिल्छ । यो मस्तक पनि यस कुराको अपवाद होइन । यो मस्तकलाई हेरेर यस्तो प्रतीत हुन्छ मानौं आदिमकालदेखि चलेर आएको मातृसत्तात्मक समाज यो मस्तकको युगसम्म पनि कुनै न कुनै रूपमा वर्तमान भइरहेको थियो । समयको चालसंगै समाजले पनि पुरानोलाई चूपचाप इतिहासको गर्भमा बिसाउँदै नयाँलाई लिएर अघि लाग्ने गर्छ त्यो शाक्त अर्धनारीश्वर-मस्तक जस्तै ! यसैले यो मस्तकको युगलगत्तै समाज पितृसत्तात्मक मार्गतिर तीव्र गतिले लागेको देखिन्छ ।[४५] त्यसको छाप समाजमा यति गहिरो पर्न गयो कि परवर्ती

---

४५ दुई दशकअघि, काठमाडौं-रत्नपार्क र भोटाहिटी बीचको बाटो खन्ने क्रममा संवत्४४ (ई.सं.६२०)को अभिलेख कुँदिएको लिच्छविकालीन धारा लगायत शिव-अर्धनारीश्वरको मूर्ति प्राप्त हुन आएको छ । सो धारा विभु वर्माले संवत् ४४ मा बनाउन लगाएका थिए । सोही क्रममा मूर्ति पनि प्रतिष्ठा गरिएको हुनुपर्छ । इतिहासकार एवं कलापारखीहरूले सो मूर्तिलाई नेपालमा पाइएको शिव-अर्धनारीश्वरको सबैभन्दा प्राचीन मूर्ति मानेका छन् ।[क] हाल छाउनीस्थित राष्ट्रिय

कालमा पितृसत्ताको प्रतिनिधित्व गर्ने पुरुष-अर्धनारीश्वरको मूर्तरूपको मूर्ति-परम्पराले लगभग अन्तिम-अन्तिम सुस्केरा हाल्दै गर्दा पनि त्यसको अमूर्त परम्पराले भने आजसम्म पनि पूर्णविराम पाएको छ जस्तो मलाई लाग्दैन, प्राचीनकालदेखि आजसम्म पनि उस्तै चलिरहेको छ ।[४६]

अर्धनारीश्वरको यस्तो अनेक दृष्टिले विशेष महत्त्व राख्ने प्राचीन मूर्ति भारतमा पनि छ जस्तो मलाई लाग्दैन । (यो मेरो सीमित अन्वेषणको अल्पज्ञान पनि हुन सक्छ) यस आधारमा यो शाक्त अर्धनारीश्वर-मस्तकलाई आजसम्म पाइएका अर्धनारीश्वरका दुर्लभ मूर्तिहरूमध्ये पनि सर्वप्राचीन एवं पहिलो अत्यन्त दुर्लभ मूर्ति हो भनी मान्न सकिन्छ ।

संग्रहालयमा राखिएको सो मूर्तिको दायाँपट्टिको आधा भाग शिव र वायाँपट्टिको आधा भाग पार्वतीको रहेको छ । शिवको उर्ध्वलिङ्ग र पार्वतीको गोलो र हुप्प फुलेको पोटिलो स्तनले उनीहरूको पुरुषत्व र नारीत्वलाई एकसाथ छर्लङ्गै प्रदर्शन गरिरहेको छ । यो यस मूर्तिको भिन्नै विशेषता हो । यसरी लिच्छविकालको यो मूर्ति लगायत परवर्तीकालका आजसम्म पाइएका सबै मूर्तिहरू शिव-अर्धनारीश्वरका छन् । हरिहर लगायत विष्णु-अर्धनारीश्वर मूर्तिहरू पनि यस कुराका अपवाद होइनन् ।

[क] हरिराम जोशी, **प्रदीप अभिनव संस्कृति विश्वकोष**, भक्तपुर : वर्कर्स पब्लिकेसन्स्, वि.सं.२०७०, पृष्ठ ५०३-५०५ ।
'टुंडिखेल र भोटाहिटीको वाटो खन्दा प्राप्त ...अनेकौं महत्त्वपूर्ण वस्तुहरूमा ...शिव-पार्वती संयुक्त अर्धनारीश्वर मूर्ति सबैभन्दा प्राचीन देखिन्छ । अनुमानतः सो मूर्तिको निर्माण सातौं शताव्दी ई.मै भएको थियो । ...प्रस्तुत मूर्ति शिव शक्ति संयुक्त नेपालका मूर्तिहरूमा सबैभन्दा प्राचीन लाग्छ ।'

[४६] विवाह-उत्सव होस् वा पति-पत्नी संयुक्त मिलेर गरिने अन्य कुनै धार्मिक-सांस्कृतिक वा परम्परित-सामाजिक अनुष्ठान, उत्सवहरू ! नेपाली संस्कृतिमा अपरिहार्य रूपमा पतिको वायाँतर्फको भागमा पत्नी रहने परम्परा यथार्थमा शिव/पुरुष-अर्धनारीश्वर सिद्धान्तकै प्राचीनकालदेखि व्यापक रूपमा चलिआएको लौकिक व्यवहार-परम्परा हो भन्ने कुरामा दुई मत नहोला । पार्वती/प्रकृति सदृश् स्त्री वा पत्नीलाई त्यसै वामाङ्गी भनेको होइन । जे होस् उपस्थिति दक्षिणभागमा होस् वा वामभागमा ! दक्षिण र वामको संयुक्त उपस्थितिले समभाव प्रदर्शन हुन्छ जहाँ दुईको संयोगले एक हुन्छ । नत्र सृष्टि र संसार चल्दैन । यसरी हेर्दा लाग्छ, चराचर जीवजगत अर्धनारीश्वरमय छ । हाम्रो संस्कृतिमा त घरको मूलढोका समेत अर्धनारीश्वर सदृश् छ । एउटा ढोका, दुई खापा । दुई खापाको एक ढोका । आग्लो (खःग) लागे पछि दुई खापा वन्द भएर एक ढोका हुन्छ । समाजमा अर्धनारीश्वर परम्पराले पारेको गहिरो प्रभावको यो जस्तो अनुपम उदाहरण अरू के नै हुन सक्ला र ! निचोडमा अर्धनारीश्वरमा मिल्ने मूल दर्शन यही लाग्छ ।

शङ्ख, चक्र, गणेश र सूक्ष्म शिलामूर्ति (चित्र संख्या २३)

गामढोकाटोल (वडा नं ८) बाट दक्षिण-पश्चिमतिर केही पाइला तल झरेपछि हाम्रो दृष्टि यताउति असरल्ल छरिएका र गुजमुज्ज परेर रहेका जस्तै, भुईंमा रहेको एक ठूलो ढुङ्गे-शङ्ख, गणेशमूर्ति र अबीर लागेका केही आकारविहीन प्रस्तरहरूमाझ अत्यन्त खिइएर आकृतिसमेत गुमाइसकेको एक विचित्रको मूर्तितिर जान्छन् । यताबाट तल शाङ्दहमा जस्तै यहाँ पनि एक प्रस्तर मन्दिर थियो भन्ने आभास जो सुकैलाई पनि हुन्छ ।

यहाँ स्थापित गणेशको मूर्ति नयाँ हो । स्थानीय बासिन्दाहरूका अनुसार चाँगुका चार गणेशमध्येका एक गणेश यहाँका गणेश हुन् ।[४७] यहाँ पहिले गणेशमन्दिर थियो । वि.सं. १९९० सालको महाभूकम्पले सो गणेशमन्दिर भत्कियो । त्यसपछि गएका पहिरोले पनि यसका कलाकृतिहरू यताउति परे, पुरिए, हराए । हराएको पुरानो गणेशमूर्तिका बारेमा कसैलाई थाहा भएको पाइएन । लाग्छ, सो मूर्ति समयको गतिसंगै विस्मृतिको गर्भमा पुरियो ।

४७ चाँगुनाराणमन्दिरको पूर्वस्थित इनवहाटोल, दक्षिण-पश्चिमस्थित गामढोकाटोल, उत्तर-पश्चिमस्थित मगामटोल र चाँगुनारायाणमन्दिरदेखि पूर्वको पौवाभन्दा केही परको वडा नं ५ तामाङबस्तीमा चार गणेश छन् । यी चाँगुका चार गणेश हुन् । (चाँगुनारायणका पुजारी चक्रधरानन्द राजोपाध्याय (६२), मगामटोलका रमेश बहादुर श्रेष्ठ र स्थानीय बासिन्दाहरू लगायत स्थलगत अध्ययनबाट प्राप्त जानकारी)

पूर्वकालदेखि चाँगुनारायणमन्दिर लगायत यहाँका बासिन्दाहरूसित यस गणेशमन्दिरसित गाँसिएर आएको विधिविधान,पूजा अनुष्ठान, उत्सव आदि संकटमा पर्न थालेपछि गणेशको नयाँ मूर्ति स्थापना गरी राख्नुपरेको कुरा स्थानीय बासिन्दाहरू बताउँछन् ।[४८]

उक्त नयाँ गणेशमूर्तिको दायाँपट्टि अबीर लागेका केही शिलाहरू गाडिएका छन् । ती शिलाहरूमाझ शिला-खण्ड जस्तै मात्र लाग्ने तर अलिकता गहिरिएर हेरेपछि मात्र 'यो त मूर्ति पो रहेछ ! ' भनी मुश्किलैले ठम्याउन सकिने एउटा विचित्रको सानो शिलामूर्ति (१५ से.मि. चौडा, २४ से.मि. लम्बा) छ । (चित्र संख्या २४)



चित्र संख्या २४ : गणेश(?)को सूक्ष्ममूर्ति, गणेशथान, गामढोका, प्रारम्भिक लिच्छविकाल ।

---

४८ चाँगुका प्रायः सबै स्थानीय बासिन्दाहरूका स्थानगणेशका रूपमा मान्यपूज्य रही आएका पुरानो प्रख्यात गणेश यहाँका गणेश हुन् । चाँगुनारायणमन्दिरका पुजारी चक्रधरानन्द राजोपाध्यायका अनुसार मार्गशुक्ल द्वादशीका दिनमा चाँगुनारायणको वार्षिक-महास्नान पर्वपूजाका क्रममा यँहाको गणेशको पूजा चलाउनुपर्छ । त्यस्तै वैशाखकृष्ण चतुर्दशीका दिनमा चाँगुनारायणको जा द्यः(भातले बनेको देवता) यही गणेशममन्दिर हुँदै दाछिमा रहेको कान्तिभैरवस्थानमा लाने चलन छ ।

झट्ट हेर्दा मूर्ति बनाउने कला भर्खरै सिक्दै गरेका कुनै शिकारू प्रागमानवले बनाएको मूर्ति हो कि जस्तो लाग्ने यो मूर्ति उपत्यकाका प्राक्कालिक प्रस्तरमूर्तिहरूमध्ये एक हो भन्ने प्रतीत हुन्छ । कैयन कालदेखिको घामपानी र मानवस्पर्शले यो मूर्ति नितान्त खिइसकेको र बिग्रिसकेको अवस्थामा छ । यो के को मूर्ति हो र कुन कालतिरको हो भनी चिन्ने र काल निर्धारण गर्ने ठोस आधार पनि छैन । यसो हेर्दा, बायाँ घुँडा उचाली, दायाँ घुँडा हलुका पसारेर टुक्रुक्क बसेको अवस्थाको मूर्ति यो लाग्छ । र, लाग्छ यसका दुई हातहरू छन् जुन यसको पेटसम्म पुगेको छ । यसको मुखाकृतिको तल्लो भाग तलतिर लाम्चो परेर उठेको जस्तो देखिन्छ । यस मूर्तिमा देखिने यी केही अष्पष्ट-लक्षणहरू लगायत यो मूर्ति रहेको स्थान विशेषका आधारमा यस्तो प्रतीत हुन्छ मानौ यो शायद प्रारम्भिक कालतिर बनेको गणेशको दुर्लभ र प्राचीन मूर्ति हो ।[४९] गणेशथान सामुन्नेको ढुङ्गे-शङ्ख (चित्र संख्या २५)

चित्र संख्या २५ : ढुङ्गे-शङ्ख, गणेशस्थान, गामढोका, ईस्वी पाँचौ-छैटौं शताब्दी ।

---

४९ यो मातृदेवीको मूर्ति पनि हुन सक्छ । तर यदि यो गणेशको मूर्ति हो भने चांगु छिन्नमस्तामन्दिरभित्रको प्राकृतिक हात्तीको मस्तक भएको यस्तै उत्तरप्राचीनकालीन सूक्ष्म गणेशमूर्ति भन्दा पनि प्राचीन हुनुपर्छ । कलाविज्ञ कलापारखीहरूको ध्यान यस मूर्तिमा जानु जरूरी छ ।

पनि विलक्षण लाग्छ । ढुङ्गाको यति ठूलो र सुन्दर शङ्ख (९५X४९ से.मि.) नेपालमा अन्यत्र छ जस्तो मलाई लाग्दैन । सो शङ्खको चुच्चो परेर गएको दायाँ-बायाँ दुबै भागतिर अलिकता नियालेर हेरेको खण्डमा घुम्रो परेको साधारण सुन्दर बुट्टाहरू देखापर्छन् । यद्यपि ती बुट्टाहरू पनि निकै खिइएर गइसकेका छन् तापनि तिनले उत्तरप्राचीनकालीन प्रस्तरकलामा पाइने यस्तै सुन्दर बुट्टाहरूलाई स्मरण गराउँछ ।

ढुङ्गे शङ्ख भएको ठाउँदेखि सात मिटर जति पर दक्षिणतिर, भिरालो परेको ठाउँमा एउटा ठूलो ढुङ्गा छ । सो ढुङ्गामा एउटा सुन्दर चक्र (गोलाइ : २४ से.मि.) कुँदिएको छ । (चित्र संख्या २६)

चित्र संख्या २६ : ठूलो ढुङ्गामा उत्कीर्ण चक्र, गणेशस्थान, गामढोका, ईस्वी पाँचौं-छैटौं शताब्दी ।

प्रस्तरकलाकै परिप्रेक्षमा समेत यसलाई भिन्नै प्रकारको दुर्लभ नमुना हो भनी भन्न सकिन्छ । विश्व इतिहासकै दृष्टिले पनि प्राकृतिक अवस्थाको ठूलो ढुङ्गा वा चट्टानमा उत्कीर्ण कला (Petroglyph/Rock carving/Rock art) प्रागइतिहासकालदेखि प्राचीनकाल हुँदै मध्यकालसम्म पनि चलिआएको दुर्लभ

कला हो ।[५०] हामी यस्तो चट्टान-उत्कीर्णन कलालाई यहाँ अध्ययन सुविधाका दृष्टिले 'चट्टान कला' भन्नेछौँ । यसै कलाको कोटिमा हामी यो चक्रलाई पनि राख्न सक्दछौँ । सो चक्र पनि ढुङ्गे-शङ्खमा उत्कीर्ण बूट्टा जस्तै खिइएर गइसकेको छ तापनि चक्रको आकार भने अझै प्रष्ट देखिन्छ । चाँगुनारायणमन्दिर परिसरमा विष्णुका आयुधहरू (शङ्ख, चक्र, गदा र पद्म) मात्र कुँदिएको एउटा शिलाफलक छ जसलाई बाङ्गदेलले ईस्वीको आठौँ शताब्दीतिर राखेका छन् ।[५१] यसरी आयुध-आकृतिहरू पनि संयुक्त वा स्वतन्त्र रूपमा बनाउने प्रवाह उत्तरप्राचीनकालतिर चलेको थियो भन्ने कुरा उक्त प्रसङ्गमा ज्ञात हुन्छ । विष्णुका अवतार मात्र नभएर आयुधहरू समेत ईस्वीको आठौँ शताब्दीभन्दा अघिसम्म स्वतन्त्र रूपले बनाई विष्णुकै प्रतीक विष्णु रूपमा मान्ने पुज्ने प्रवाह विशेष रूपले चलेको दृष्टिगोचर हुन्छ । यताबाट गणेशस्थानको स्वतन्त्र रूपका ढुङ्गे शङ्ख र ठूलो ढुङ्गामा कुँदिएको चक्र अझै पुरानो देखिन आउँछ । यस आधारमा यी शङ्ख र चक्रलाई ईस्वीको पाँचौं-छैटौं शताब्दीतिर राख्न सक्दछौँ । लिच्छविकाल वा उत्तरप्राचीनकालदेखि नै नेपाली समाजमा प्रतीकोपासना पनि प्रबल रूपले प्रचलित रहिआएको कुरा यी आयुधहरूका प्रसङ्गमा पनि जानिन्छ ।[५२]

---

[५०] यूरोप, अमेरिका र एसियाका विभिन्न भागहरूमा प्रागइतिहासकालदेखिका चट्टान-उत्कीर्णन कलाका नमुनाहरू पाइएका छन् ।[क] नेपालको मुस्ताङभेकवाट पनि यस कलाका दुर्लभ नमुना पाइएका छन् ।[ख] चाँगुनारायणको यो हाम्रो ढुङ्गे-चक्र उपत्यकामा पाइएको चट्टान कलाको सवभन्दा पुरानो नमुनाको रूपमा देखिन आएको छ । तीनवटा ठूला ढुङ्गाहरूमा कुँदिएका १५ वटा मध्यकालीन चट्टान अभिलेख (Rock Edicts)सहित सिंह, हात्ती, घोडा लगायत जुधिरहेको साँढेका आकृतिहरू उत्कीर्णन चट्टान कला चाँगुभेककै पूर्वमा अवस्थित ताथलीवाट सर्वप्रथम पाइएका मध्यकालीन चट्टान कलाका दुर्लभ नमुना हुन् ।[ग] र, हामीले हालै फेला पारेका कालिका गुफाका प्रताप मल्लको आकृति, हनुमान, भक्त भक्तिनी पनि गुहा चित्र मात्र नभएर चट्टान कलाका समेत थप दुर्लभ नमुना हुन् भनी मान्न सकिन्छ ।

[क] en.wikipedia.org/wiki/**Petroglyph**

[ख] PD Dr. Perdita Pohle, 'Petroglyphs And Abandoned Sites In Mustang ...', **Ancient Nepal**, 153/2003, pp.1-14.

[ग] पुरुषोत्तमलोचन श्रेष्ठ, **चट्टानअभिलेख र अन्य सम्पदा**, पूर्ववत्, पृष्ठ ३६-४५ ।

[५१] Lain S. Bangdel, **Inventory of Stone Sculptures of the Kathmandu Valley**, Kathmandu : Royal Nepal Academy, 1995, pp. 366.

[५२] हरिराम जोशी, **हाम्रो संस्कृति**, ललितपुर : प्रदीप राम जोशी, तेस्रो संस्करण :२०६८, पृष्ठ २७ ।

इकुटोल र इनबहा:टोल गणेशमन्दिरका दुई प्राचीन बौद्धमूर्तिहरू

गामढोकाबाट चाँगुनारायणमन्दिर जान सो मन्दिरको पश्चिमतर्फको लामो ढुङ्गेसिँढी चढ्नुपर्छ । सो सिँढीको उत्तरतिरको मोडनिर पुगेपछि हाम्रो सामुन्नेमा ईँटाले बनेको पश्चिमाभिमुख एउटा ठूलो खोपाभित्र शिर-विहीन एवं बायाँ हात पनि नभएको एक प्राचीन प्रस्तरमूर्ति (लम्बाइ :३४से.मि, चौडाइ :२३ से.मि.) टड्कारो देखापर्न आउँछ ।

यो मूर्ति रहेको इलाका इकुटोल हो । यो मूर्ति रहेको खोपाभित्र, यसको दायाँतर्फ आकार नभएको एउटा शिला पनि छ जसलाई स्थानीय बासिन्दाहरूले गणेशको रूपमा मान्दैपुज्दै आएका छन् । यो खोपाभित्र र छेउछाउमा प्रस्तरका अवशिष्ट भाग पनि देखापर्छन् । त्यताबाट यहाँ पहिले ढुङ्गेमन्दिर थियो भन्ने प्रतीत हुन्छ ।

एक जिज्ञासु विद्यार्थीका रूपमा विगत चार दशकभन्दा अघिदेखि आजसम्म पनि चाँगु आइरहेको छु । र, हरेकपल्ट यहाँ आउँदा मलाई यो द्विभुज मूर्ति तथा दुरुस्त उस्तै शैलीको र लगभग एउटै समयतिर बनेको हुनसक्ने इनबहा:टोलको यस्तै अर्को प्राचीन द्विभुज मूर्तिको संझना आउँछ । द्विभुज विष्णुको मूर्ति नेपालमा आजसम्म पनि पाइएको छैन । भारतको विदिशालाई अपवाद मान्ने हो भने त्यहाँ पनि द्विभुज विष्णुको मूर्ति दुर्लभ छ । अत: चाँगुका यी द्विभुज मूर्तिहरू विष्णुका होइनन् भन्ने कुरा निश्चितप्राय: छ । यसरी प्रत्येकपल्ट यहाँ आउँदा यी मूर्तिहरू कुन देवताका होलान् भन्ने कुतूहल हुन्थ्यो । चाँगुनारायण मन्दिरपरिसरका प्राय: सबै जसो मूर्ति एवं अन्य कलाकृतिका बारेमा स्वदेशी तथा विदेशी विद्वानहरूले लेखेका थुप्रै कृतिहरू प्रकाशमा आइसकेका छन् तर आजसम्म पनि मन्दिरको चौगिर्दाभन्दा बाहिर रहेका यी प्राचीन मूर्तिहरूका बारेमा हरिराम जोशीको सूक्ष्म तर महत्त्वपूर्ण टिप्पणी बाहेक कसैले चर्चा गरेको पाइएन ।[५३] यी

'उत्तरप्राचीनकालीन नेपालमा प्रतीकोपासना पनि प्रचलित थियो । यस तथ्यको पत्तो चंगुनारायणस्थित शंख, चक्र, गदा, पद्मका आकृतिहरू मात्र कुँदिएको शिलालाई मानिसहरू विष्णुको रूपमा पूजा गरिने प्रचलनले हुन्छ ।'

[५३] हरिराम जोशी, **हाम्रो संस्कृति**, पूर्ववत्, पृष्ठ २६ ।

"चंगुनारायण र छिन्नमस्ताको मन्दिरको अतिरिक्त अनेकौं देवमूर्तिहरू यहाँ छरिएर रहेका छन् । ती मूर्तिहरूमा अनुमानित छैठौं शताब्दी ई.को विष्णु विश्वरूप, अनुमानित सातौं शताब्दी ई.को त्रिविक्रम विष्णु मूर्ति, अनुमानित १२औं शताब्दी ई.का नृसिंह तथा विष्णुमूर्ति, उत्तरप्राचीनकालीन

मूर्तिहरूमा देखापर्ने प्राचीन शैली स्वरूपले सारनाथ शैलीका बुद्धमूर्तिहरूलाई सम्झाएको छ । यसरी यस अघि प्रकाशमा नआएका यी मूर्तिहरूका बारेमा लेख्ने जमर्को यहाँ गरेको छु । यसमा मेरो अल्पज्ञान भएको रहेछ भने क्षमा चाहन्छु । सर्वप्रथम इकुटोलको प्राचीन बौद्ध मूर्तिका बारेमा चर्चा गरौं ।

इकुटोलको बौद्धमूर्ति (चित्र संख्या २७)

शीरविहीन बुद्धमूर्ति औ १७ औं शताब्दी ई.मा प्रतिष्ठापित चार हात भएको भीमसेन मूर्ति आदि-आदि उल्लेख्य छन् ।"

शिर-विहीन भएकोले इकुटोलको यस मूर्तिलाई स्थानीय बासिन्दाहरू **म्वोमदु द्यः** अर्थात् **मुर्कट्टा** भन्दछन् । यो मूर्ति रहेको खोपासंगै दक्षिणमा सर्वसाधारणका घर र सामुन्नेमा खुला चोक छ । 'ञला पुनी' अर्थात् भाद्र महिनामा मनाइने इन्द्रजात्रा भाद्रशुक्ल द्वादशीदेखि आश्विनकृष्ण चतुर्थीको दिनसम्म लगातार आठ दिनसम्म विभिन्न विधिविधान उत्सव गरी मनाउने चलन छ । सोही अनुरूप सो चोकमा पनि काठको करीब १४/१५ फूट लामो लिङ्गो गाडेर 'यम्वा द्यः थनेगु' भनी इन्द्रध्वजोत्थान गर्छन् । भाद्रशुक्ल पूर्णिमाको दिन इन्द्रजात्राको विशेष पर्व दिन मानिन्छ । यसै दिनमा सो शिरविहीन मूर्तिको पूजा गरी समयबजी खाने, बाँड्ने चलन छ । जात्राको विसर्जन दिनमा पनि यस मूर्तिको पूजा गर्ने चलन छ ।[५४] यो कुरा महत्त्वपूर्ण छ । यताबाट कम्तिमा पनि यस मूर्तिको प्रतिष्ठापनकालदेखि यहाँको धार्मिक-सांस्कृतिक जीवनसित यसको अटुट रूपमा गाँसिएर आएको सांस्कृतिक-धार्मिक सम्बन्ध आज पनि कुनै न कुनै रूपमा वर्तमान रहेछ भन्ने कुरा थाहा पाइन्छ । मूर्ति शोभाको लागि मात्र होइन । मूर्ति धार्मिक-सांस्कृतिक जीवनको अभिन्न अङ्ग पनि हो । मूर्ति निर्माणपछि स्वतः जनजीवनसित त्यसको अपरिहार्य-सांस्कृतिकीकरण पनि हुने गर्छ । नेपाली कला र संस्कृतिको एक मौलिक वैशिष्ट्य यो पनि हो । हाम्रो शिर-विहीन मूर्तिले पनि यही कुराको आभास गराएको छ ।

यो मूर्ति साह्रै नै खिइसकेको अवस्थामा छ । यसको तिघ्राभन्दा मुनिको भाग भुइँमुनि गाडिएको छ तापनि अलिकता गहिरिएर हेरेमा दायाँ खुट्टा अलि पछाडि पारेर, बायाँ खुट्टा अघि सारेर, हो कि होइन जस्तो गरी जीउलाई अलिकति बायाँपट्टि छड्के पारेर त्रिभङ्गमुद्रामा उभिएको अवस्थाको मूर्ति यो हो भन्ने सहजै विदित हुन्छ । झीनू कम्मर, चौडा छाती र सलक्कै पातलो जीउ भएको यो मूर्ति सोही कारण आकर्षक र सुन्दर देखिन्छ । यस मूर्तिमा अलंकरणको अभाव छ । यसले वस्त्रको नाममा हो कि होइन भने जस्तै गरी चीवर वस्त्र धारण गरी कम्मरमा धोती कसेका छन् जुन अत्यन्त पारदर्शी छ । यसले दायाँ हात तल झारेर वरदमुद्रा धारण गरको छ । यस मूर्तिको बायाँ हात हराइसकेको भए तापनि त्यसतर्फको यसको कुमभन्दा मुनिको पाखुराको केही अंश भने बाँकी नै छ जुन तल झारेको अवस्थाको छ । यसरी यस मूर्तिमा देखा पर्ने यसको ढाँचा, शैली, लक्षण र आदर्शतिर दृष्टि दिंदा यसले यसका समकालीन भारतको गुप्तकालीन, सारनाथ शैलीको उभिएको बुद्धमूर्ति

---

५४ चाँगु, इकुटोलका ध्रुवनारायण भडेल (५०)बाट प्राप्त जानकारी ।

(ई.पाँचौँ शताब्दी),[५५] नेपालको उत्तरप्राचीनकालीन, देउपाटनको उभिएको बुद्धमूर्ति (ई.पाँचौँ शताब्दी), पाटन, यम्पिबहालको उभिएको बुद्धमूर्ति (ई.छैठौँ शताब्दी) लगायत काठमाडौँ बाङ्गेमुढाको उभिएको बुद्धमूर्ति (ई.पाँचौँ शताब्दी) हरूलाई सम्भ्काउँछ ।[५६]

यसरी माथिका प्रसङ्गमा यो मूर्तिसित गाँसिएर आएको यसको परम्परित सांस्कृतिक-चरित्रले देवराज इन्द्रको स्मरण हुन्छ तापनि यस मूर्तिमा देखापर्ने शैलीलक्षणका आधारमा यो बौद्धमूर्ति हो भन्ने कुरा निश्चित नै देखिन्छ र, तदनुरूप हामी यसलाई ईस्वीको पाँचौ-छैटौँ शताब्दीको मान्न सक्दछौँ । अब **इनबहा:टोलस्थित गणेशमन्दिरभित्र रहेको प्राचीन मूर्ति**को बारेमा चर्चा गरौँ ।

इनबहा:टोलको बौद्धमूर्ति (चित्र संख्या २८)

हामीलाई इकुटोलको शिर-विहीन मूर्तिको पहिचान मिलेपछि त्यस आधारमा यो मूर्तिको पहिचान गर्न निकै सजिलो भएको छ । यी दुई मूर्तिलाई दाँजेर हेर्दा जुम्ल्याहा दाजुभाइ जस्ता लाग्छन् । यसैले यो पनि बौद्धमूर्ति हो भन्ने कुरामा अब शङ्का रहेन ।

इनबहा:टोल, गणेशमन्दिरको यो मूर्ति पनि साह्रै नै खिइसकेको छ । यसको मुखाकृति समेत चिन्नै नसकिने गरी खिइसकेको, बिग्रिसकेको छ तापनि समग्रमा यो मूर्ति सग्लो र ओजपूर्ण देखिन्छ । त्रिभङ्ग मुद्रामा उभिएको यो मूर्तिको शरीर सुन्दर र सुडौल एवं आकर्षक छ । यसको घुँडाभन्दा मुनिको भाग भुईंमा धसिएर रहेको छ । भ्कीनू कम्मर, चौडा छाती भएको यस मूर्तिका हात पाखुरा हात्तीदाँतका जस्ता र तिघ्राहरू पनि केराका थाम जस्ता राम्रा छन् । नेपाल, भारतका सारनाथ शैलीका बुद्धमूर्तिहरूले जस्तै यस मूर्तिका बुद्धले पनि उस्तै पारदर्शी धोती र चीवर लगाएका छन् र यिनले पनि तल भ्कारेको आफ्नो दायाँ हातले वरदमुद्रा धारण गरी दायाँ हातले वस्त्रान्त वा

---

[५५] लैनसिंह बाङ्गदेल, **जयवर्माको मूर्ति र नेपालको वर्मा वंश**, काठमाडौं : मण्डला प्रकाशन, पृष्ठ ५९ ।
"अन्तर्राष्ट्रिय गुप्तकालमा मथुरा र सारनाथमा वनाएको मूर्तिहरूले नेपाल, चीन, जापान, मध्य एसिया र दक्षिण-पूर्व एसियामा समेत धेरै प्रभाव पार्‍यो । ...सारनाथ शैलीका बुद्ध र वोधिसत्वहरूले पातलो जिउ छर्लङ्ग देखिने संगति लगाएको देखिन्छ ।"

[५६] Lain S. Bangdel, **Stolen Images of Nepal**, ibid, pp 51, 313, 316.

परिधानको सप्को समातेका छन् । त्यसैगरी गहनाको नाममा यिनले पनि सारनाथ समयका बुद्धको मूर्तिको कानमा जस्तै आफ्नो लाम्चो परेको कानमा पनि उस्तै सुहाउने कर्णकुण्डल धारण गरेका छन् । यसरी यस बुद्धमूर्तिमा देखापर्ने यी केही प्राचीन शैलीलक्षणका आधारमा हामी यसलाई ईस्वीको पाँचौं-छैठौं शताब्दीको मान्न सक्छौं ।[५७]

ईश्वर एउटै छ । अनुयायीहरूले आ-आफ्नो मत अनुरूपका रूप उनमा देख्छन् र विशेष नामले पुकार्छन् ।। यसैले उनका असंख्य रूप र नाम भएका हुन् । यसर्थ ईश्वर-दर्शनपूजनको एक माध्यम मूर्ति हो, मूल भने होइन । मूर्तिले आ-आफ्नो मनमा गडेर रहेको, आफूले मानेको ईश्वरको दर्शनपुजन हुने मनोभाव-दृष्टि मूल कुरा हो ।[५८] हामीलाई माथिका दुई प्राचीन मूर्तिहरूमा बुद्धको दर्शन मिलेपछि यही कुराको आभास भएको छ । र, यति कुरा बुझेपछि यी मूर्तिहरू विष्णुको बौद्धावतार रूपका विरलाकोटि

---

[५७] ईस्वीको पाँचौ शताब्दीदेखिका नेपालका बुद्धमूर्तिहरूमा भारतको गुप्तकालीन सारनाथ शैलीको प्रभाव प्रवल रूपमा परेको देखिन्छ ।[क] यहाँनेर हामीले यो कुरालाई पनि विर्सनु हुन्न कि निश्चय पनि शैली प्रभाव साझा भएर पनि महत्त्वपूर्ण कुरा हो । शैली-अनुकरण जस्ताको तस्तै नगरी आफ्नै माटो, मुहार र परिवेशलाई नविर्सीकन आफ्नोपन दिनु त्यो भन्दा पनि महत्त्वपूर्ण एवं नूतन कुरा हो । मूर्ति होस् वा मन्दिर ! जुनसुकै कालखण्डका नेपाली कलाकारहरूले नबिर्सेको मूल पक्ष पनि यही नेपालीपन हो । लिच्छवियुगलाई त्यसै नेपाली प्रस्तरकलाको स्वर्णिमयुग भनेको होइन । स्वदेशी विदेशी लगायतका सारा कलापारखीहरूले एक स्वरले भन्दै आएका कुरा पनि यही नै हो । यही सत्य हो ।

[क] Lain S. Bangdel, **Stolen Images of Nepal**, ibid, pp 39.
"It must also be noted that, while making the Buddha image in stone, the Sarnath type of Buddha was the favourate model for the Nepalese sculptors."

[ख] Department of Archaeology, **A Report on the Study of Iconography of Kathmandu Valley and their Preservation and Protection**, Nepal: 1996, pp.58.
"The Sarnath school of Indian art had a tremendous impact on the art of Nepal as can be seen with most Buddhist sculptures of this period."

[५८] उदाहरण चाँगुनारायण र सोही मन्दिरपरिसरका केही विशिष्ट देवताहरूलाई नै लिउँ । बौद्ध लौकिक-मनले मान्दै आएको विष्णुको एउटा रूप 'हरि-हरि-हरि-हरि-वाहन लोकेश्वर' पनि हो । चाँगुनारायणमन्दिरको पूर्वतर्फ रहेको ईस्वीको बाह्रौ शताब्दीको **पद्मपाणि लोकेश्वर**को मूर्ति (चित्र **संख्या २९**) पनि यस कुराको साक्ष भएर रहेको छ । शाक्त मनले उनी **छिन्नमस्तक** हुन् । र, शैव मनले उनी **किलेश्वर** एवं **कान्तिभैरव** हुन् । वैष्णव मनका पनि अनेक उप-मनहरूमा उनी गरुडनारायणका अतिरिक्त वामन वा त्रिविक्रम नारायण (ई. सातौं शताब्दी), विष्णु-विश्वरूप (ई.सातौं शताब्दी), वैकुण्ठ-विष्णु (ई.सोह्रौ शताब्दी), वैकुण्ठ कमलजा (ई.बाऱ्हौं शताब्दी), नरसिंह (ई.बाह्रौं शताब्दी) लगायत शेषशायी भएर रहेका छन् ।

बौद्धमूर्तिहरू हुन् भन्ने कुरा विदित हुन्छ । यस आधारमा हामी यी दुई मूर्तिहरूलाई नेपालमा आजसम्म पाइएका विष्णुको बौद्ध-अवतार मूर्तिहरूमा सबभन्दा प्राचीन हुन् भनी मान्न सक्दछौं । विष्णुको यस्तो बौद्धावतार मूर्ति भारतमा पनि छ जस्तो मलाई लाग्दैन ।[५९]

पुराण ग्रन्थहरूमा विष्णुको अवतार संख्यामा मतभिन्नता देखिए तापनि दश अवतारले पौराणिक कालमै विशेष मान्यता पाइसकेको विदित हुन्छ । र, त्यसमा पनि अवतार-नाममा मतैक्य रहेको पाइँदैन । जे होस् ! मत्स्यपुराण, अग्निपुराण, पद्मपुराण, स्कन्दपुराण लगायत वराहपुराणमा वर्णित दश अवतारहरूमध्ये नवौं अवतारको रूपमा बुद्धलाई लिइएको पाइन्छ । र यही अवतार रूढ रहिआएको छ ।[६०] अहिंसा-धर्मले असुरहरूको अन्त्य गरेर जीवहत्या रोकी धर्मको रक्षा गर्ने हेतुले विष्णुले बुद्धअवतार धारण गरेको कुरा पुराण-ग्रन्थहरूका आधारमा जानिन्छ ।

---

[५९] मानदेव प्रथमले राख्न लगाएको पशुपति तिलगङ्गा र लाजिम्पाटका ई.सं.४६७ का त्रिविक्रम, वामनका मूर्तिहरू भारतमा पाइएका भन्दा पनि प्राचीन छन् । यतावाट मूर्तिकलामा वामन र बौद्धावतारहरूको प्रथम-अंकन नेपालमा भएको कुरा निश्चित नै देखिन्छ ।

[६०] १.मत्स्य, २.कुर्म ३.वराह, ४.नरसिंह ५.वामन ६.परशुराम ७.राम ८.कृष्ण ९.बुद्ध १०.कल्की । पुरातत्त्वका दृष्टिले ईस्वीको आठौं शताब्दीसम्म आइपुग्दा विष्णुका नवौं अवतारको रूपमा बुद्ध सहित निम्न दश अवतार सुस्पष्ट रूपले जनप्रिय हुँदै आएको कुरा मामल्लपुरम अभिलेखवाट पनि स्पष्ट हुन्छ :[क]

[क] D.C.Sarkar, 'Vaishnavism', **The Classical Age**, Bombay : Bharatiya Vidya Bhavan, 1962, pp. 421.
"Buddha is recognized as an avatara in the Dasavatara-charita of the Kashmirian auther Kshemendra (c.A.D.1050) and in the Gitagovinda of Jayadeva 9c.A.D.1200) of eastern India. Jayadeva sings in praise of Krishna who is Vishnu himself, and of his ten avataras, viz. Fish, Tortoise, Boar, Man-Lion, Dwarf, Ram Bhargava, Rama Dasarathi, Rama Haladhara, Buddha and kalki. The same names are found in a well-known Puaranic verse enumerating the ten avataras, which is quated in a Mamallapurum (near Madras) inscription of about the eighth century A.D."

[ख] चाँगुनारायणमन्दिरमा, भक्तहरूलाई ९ वटा स्फटिक र एउटा शालिग्रामलाई बत्तीको प्रकाशमा पारेर दश अवतारका आकृति देखाउने रोचक परम्परा चलिआएको छ । र, त्यस क्रममा नवौं अवतारको रूपमा बौद्धावतार देखाइन्छ । पाटन कृष्णमन्दिरमा रहेका दशअवतार मूर्तिहरूमा नवौं अवतारको रूपको मूर्ति बौद्धावतार रहेको छ । यसरी दशअवतारका नाम रूप मध्यकालसम्म आइपुग्दा दृढमूल भइसकेको थियो ।



चित्र संख्या २८ : इनबहाःटोलको बौद्धमूर्ति, ईश्वी पाँचौ-छैटौं शताब्दी ।

लिच्छविकालीन नेपाल र गुप्तकालीन भारतमा विष्णुको अवतारवाद प्रबल रूपले लोकप्रिय भइसकेको थियो । अवतारको संख्यामा मतैक्य नदेखिएतापनि वराह, नरसिंह, वामन, राम एवं कृष्ण लगभग सर्वमान्य भइसकेको देखिन्छ । त्यसैगरी विश्वरूप, वैकुण्ठ, हरि, गरुड लगायत शेषशायी पनि विष्णुका अन्य विविध रूप/अवतारका रूपमा प्रचलनमा आइसकेको देखिन्छ ।[६१] चाँगुनाराणणभेक र उपत्यका लगायत नेपालका विभिन्न स्थानहरूमा रहेको प्राचीन विष्णु-अवतारमूर्तिहरू लगायत अहिले पहिचानमा आएका चाँगुका दुर्लभ बुद्धमूर्तिहरू पौराणिक साहित्यको विष्णु अवतारकै पृष्ठाधारमा अंकन भएका बौद्धावतार-मूर्तिहरू हुन् भन्ने कुरा जानिन्छ ।

---

६१ डा.नीलकण्ठ पुरुषोत्तम जोशी, प्राचीन भारतीय मूर्ति विज्ञान, पूर्ववत्, पृष्ठ १३,१४ ।

चित्र संख्या २९ : पद्मपाणि लोकेश्वर, चाँगु, ईस्वी बाह्रौं शताब्दी ।

सह-अस्तित्व र समन्वयवाद हिन्दू धर्मको मात्र नभएर बौद्ध धर्मको पनि मूल वैशिष्ट्य रहिआएको छ । यो कुरा स्वयम्भूपुराणको अध्ययनबाट पनि ज्ञात हुन्छ ।[६२] हिन्दूकरण वा बौद्धकरण गौण कुरा हो । धार्मिक समन्वय र सांस्कृतिक एकता मूल कुरा हो । संसारमा, नेपाली धर्म-संस्कृतिको मौलिक-पहिचान रहिआएको अतुलनीय-विशेषता पनि यही हो ।

इकुटोलको मात्र नभएर इनबहाःटोलको बौद्धमूर्ति पनि गणेशस्थानमै छ । र दुबै बौद्धमूर्तिहरूको इन्द्र वा इन्द्रजात्रासित शेषमात्र भए पनि भीनू सांस्कृतिक सम्बन्ध एवं सामिप्यता रहिआएको बोध हुन्छ । यसलाई संयोग मात्र मान्न मिल्दैन । यी कुरा विचारणीय छन् ।

इनबहाःटोलको **बहाः**ले बौद्धविहारको स्मरण हुन्छ तापनि यो बौद्धविहार नभएर हिन्दू बहा हो जहाँ गणेश एवं इन्द्रको वासस्थान भएकोले सोही अनुरूप **इनबहाः** नाम प्रचतिल रहिआएको जानिन्छ ।[६३] भक्तपुरको 'भोटे बहाः' 'खौमा बहाः' लगायतका अन्य सात बहालहरू उदाहरणस्वरूप छन् जुन **बौद्ध बहाः** नभएर **हिन्दू बहाः** हुन् ।

इनबहाःटोल, गणेशमन्दिरसंगैको एक घरमा ढलौटको इन्द्र-मस्तकमूर्ति राख्ने प्रचलन पूर्वकालदेखि नै रहिआएको विदित हुन्छ । इन्द्रजात्राताका सो मस्तकमूर्ति विधिवत् भाद्रशुक्ल एकादशीकै दिनमा माथि चाँगुनाराणमन्दिरको प्राङ्गणमा लगी काठको लिङ्गो गाडेर त्यसमा सो मस्तकलाई बाँधेर 'यम्बा द्यः थनेगु' भनी इन्द्रध्वजोत्थान गर्छन् । भाद्रशुक्ल द्वादशीको दिनमा विशेष पुजा गरिन्छ र भाद्रशुक्ल पूर्णिमाका दिनमा इन्द्रजात्रा-पुजा गरी समयबजी खाने परम्परा छ । विसर्जनपछि इन्द्रमस्तकलाई पुन सो घरमा लगेर राखिन्छ ।[६४]

---

[६२] स्वयम्भूपुराणको रचनाकाल ई.सं.चौधौं शताब्दीतिरको मानिन्छ । समन्वयवादी-वैष्णववादको भक्तिधारामा नेपाली समाज चुर्लुम्म डुबेको समय पनि यही थियो । संगसंगै, स्वयम्भूपुराणका कुराहरूले पहिलेको तुलनामा अझ प्रवल रूपले हिन्दू धर्मसित कुममा कुम मिलाएर सह-अस्तित्व र समन्वयवादी धारा लिएर धार्मिक-सांस्कृतिक जीवनमा गहिरो प्रभाव पार्दै अघि वढिरहेको समय समेत पनि यो थियो । यसो हुंदा लौकिकजीवनले शिव, पार्वती, बुद्ध, र विष्णुमा अन्तर देखेनन्, धार्मिक मतहरू गौण हुनपुगे । यो महत्त्वपुर्ण कुरा थियो ।

[६३] चाँगुनारायणका पुजारी चक्रधरानन्द राजोपाध्याय लगायत इनबहाःटोलका स्थानीय बासिन्दाहरूबाट प्राप्त जानकारी ।

[६४] चाँगुनारायणका पुजारी चक्रधरानन्द राजोपाध्यायबाट प्राप्त जानकारी ।

यताबाट एसियाका अन्य देशहरूमा जस्तै नेपालमा पनि बुद्ध, विष्णु र इन्द्रबीच प्राचीनकालदेखि नै समन्वयात्मक-सांस्कृतिक सम्बन्ध रहिआएको बोध हुन्छ ।[६५]

---

[६५] विश्वका अनेक धर्महरूमा बुद्धलाई अवतारको रूपमा ग्रहण गरिएको पाइन्छ ।[क] **अमरकोष** लगायतका पौराणिक आख्यानमा विष्णुलाई इन्द्रका भाइ मानेर **इन्द्रानुज, इन्द्रावरजः, उपेन्द्र** भनिएको छ ।[ख] इन्द्रको एक नाम **शक्र/शक्क** पनि हो । बौद्ध एवं जैन धर्ममा इन्द्रलाई **शक्र** भनिएको पाइन्छ ।[ग] सुदूर पूर्व एसियाको बौद्ध धर्ममा इन्द्रलाई रक्षक देवताको रूपमा लिइएको पाइन्छ ।[घ] श्रीलंकाका बौद्धहरू विष्णुलाई श्रीलंकाको पालनपोषण गर्ने, अभिभावक एवं बौद्धधर्मको रक्षकदेवताको रूपमा मान्दछन् । श्रीलंकामा प्रचलित एक लोककथन अनुसार बुद्ध स्वयंले अभिभावकत्वको अभिभारा विष्णुलाई दिएका थिए । अर्को लोककथन अनुसार सो अभिभारा बुद्धले इन्द्रलाई दिए, इन्द्रले पनि त्यसको जिम्मा विष्णुलाई सुम्पिदिए ।[ङ]

[क] **en.wikipedia.org/wiki/Gautama_Buddha in world religions** **Gautama Buddha**, the founder of Buddhism, is also venerated as a manifestation of God in Hinduism, Ahmadiyya Muslim Community and theBahá'í faith. Some Hindu texts regard Buddha, that he was an avatar of the god Vishnu, who came to Earth to delude beings away from the Vedic religion. The Buddha is also regarded as a prophet by the Ahmadiyya Muslim Community and a Manifestation of God in the Bahá'í faith.

[ख] हरिराम जोशी, हिन्दू देवी देवता, पूर्ववत्, पृष्ठ ५३ ।

[ग] **en.wikipedia.org/wiki/IndraIn** In Buddhism and Jainism, Indra is commonly called by his other name, Śakra or Sakka, ruler of the Trāyastriṃśa heaven. However, Śakra is sometimes given the title **Indra,** or, more commonly, **Devānām Indra,** "Lord of the Devas". The ceremonial name of Bangkok claims that the city was "given by Indra and built by Vishvakarman." The provincial seal of Surin Province,Thailand is an image of Indra atop Airavata.

[घ] **en.wikipedia.org/wiki/IndraIn**In the Buddhism of the Far East, Indra is one of the twelve Devas, as guardian deities, who are found in or around Buddhist shrines (Jūni-ten, 十二天). In Japan, Indra has been called "Taishaku-ten"

[ङ] **en.wikipedia.org/wiki/Vishnu** Buddhists in Sri Lanka venerate Vishnu as the custodian deity of Sri Lanka and protector of Buddhism.

According to Chronicles "Mahawamsa", "Chulawamsa", and folklore in Sri Lanka, Buddha himself handed over the custodianship to Vishnu. Others believe that Buddha entrusted this task to Sakra(Indra) and Sakra delegated this task of custodianship to god Vishnu.

छिन्नमस्तामन्दिर (चित्र संख्या ३०)



चाँगुनारायणमन्दिरको आग्नेयकोणमा छिन्नमस्तामन्दिर छ । एउटा मात्र छाना भएको यस मन्दिरको सो छाना सुनौलो छ । सो छाना पनि सुनका पंचगजुरले सुशोभित छन् । उत्तराभिमुख यस मन्दिरको तोरणसहितका तीन सुनौला ढोका पनि छन् र ती ढोकाका दायाँ बायाँ प्रस्तरका एकजोडी सिंहमूर्ति छन् । बीचको मुख्य ढोकाको तोरणमा महाकाली/चामुण्डा र तिनको दायाँपट्टिको तोरणमा भैरव र बायाँपट्टिको तोरणमा महालक्ष्मी वा संकटाका मूर्ति छन् ।[६६] यस मन्दिरको दक्षिणपट्टि पनि लहरै तीन सुनौला ढोका छन् ।

---

[६६] सप्तमातृकाकी अधिष्ठात्रीदेवी **महालक्ष्मी** हुन् । अष्टमातृका गणका आठौं मातृका महालक्ष्मी हुन् जसको उपस्थितिले अष्टमातृकाको दर्शन पूर्ण हुन्छ । भक्तपुरको प्रसिद्ध नवदुर्गा गणका मुख्य देवी महालक्ष्मी हुन् जसलाई स्थानीय नेवारलोकजीवन **सिफो द्यः** भन्छन् । यिनै देवीको एक रूप **संकटा** पनि हो । छिन्नमस्तामन्दिरका पुजारी प्रचण्डमान कर्माचार्यका अनुसार यस मन्दिरमा तिनलाई **संकटा** रूपमा पुजा उपासना गरिन्छ । नवरात्रको आठौं दिनमा सिद्ध हुने देवी महालक्ष्मी वा संकटा हुन् । जीवनमा आइपर्ने अनेक खतराहरू एवं संकटवाट वचाइदिने देवीको रूपमा मात्र नभएर धेरै टाढा गएका आफ्ना पतिको जीवन-सुरक्षा एवं सकुशल फिराइका लागि पनि यिनलाई विशेष मान्नेपुज्ने चलन रहिआएको विदित हुन्छ । निर्वासनमा रहेर संकटको सामना गरिरहेका पाण्डवहरूले पनि संकटादेवीको पुजा उपासना गरको लोकमान्यता छ ।

मन्दिरभित्र, आकृतिसमेत अति गोप्य पारेर प्रतिष्ठा गरिएका देवताको दर्शन/पहिचान वाहिर तोरणमा कुँदिएको देवतावाट मिल्छ । यतावाट तोरणलाई मन्दिरको मूलदेवताको दर्शन हुने ऐना हो जुन शोभाको लागि मात्र होइन भनी मान्न सकिन्छ । यस दृष्टिले तोरणकलालाई नेपाली वास्तुकलाको अतुल्य नमुनाको रूपमा लिन सकिन्छ । मन्दिरभित्र **महालक्ष्मी/संकटा**

बन्द अवस्थाका ती ढोकाहरूमाथि पनि तीनवटा सुन्दर काष्ठतोरणहरू छन् । जीर्ण अवस्थाका यी काष्ठतोरणहरूलाई ध्यानपूर्वक हेरेको खण्डमा उत्तराभिमुख धातुका तोरणहरू पछि बनेका नयाँ र यी पुराना काष्ठतोरणकै अनुकरणमा बनेका प्रतिरूप हुन् भन्ने कुरा जानिन्छ ।[६७] यी काष्ठतोरणहरूमा पनि बीचको तोरणमा अष्टभुज महाकाली (चामुण्डा) छिन । (चित्र संख्या ३१) तिनको दायाँपट्टिको तोरणमा चतुर्भुज भैरव (चित्र संख्या ३२) र बायाँपट्टिको तोरणमा अष्टभुज महालक्ष्मी वा संकटा छिन् । (चित्र संख्या ३३)

चित्र संख्या ३१ : महाकाली (चामुण्डा), काष्ठतोरण, छिन्नमस्तामन्दिर, ने.सं.७९९ ।

लगायत महाकाली, सप्तभैरव र अन्य देवमूर्ति छन् । तान्त्रिक देवी छिन्नमस्ताको गुह्य रूप काली हो । यस कुराको प्रतीकात्मक पुष्टि सो मन्दिरको वीचको मूलढोकाको तोरणमा कुँदिएको कालीको मूर्तिबाट मिल्छ । सो कालीको मूर्तिमा हामीलाई छिन्नमस्ताको दर्शन मिल्छ ।

६७ यसरी यो मन्दिर अन्य मन्दिरहरूभन्दा भिन्नै लाग्छ । किनकि दुवैतिर उस्तै ढोकाहरूले सजिएको यो मन्दिर उत्तराभिमुख मात्र नभएर दक्षिणाभिमुख पनि छ । चाँगुनारायणमन्दिरका पुजारी चक्रधरानन्द राजोपाध्याय एवं छिन्नमस्तामन्दिरका पुजारी प्रचण्डमान कर्माचार्यका अनुसार उहिले यो मन्दिरको अगाडि, उत्तरतर्फ **दक्षिणमसान** थियो । सो मसान लोप भएर गएपछि मन्दिरको दक्षिणतर्फका ढोकाहरू पनि प्रचलनमा ल्याइएन, उत्तरतर्फका ढोकाहरू मात्र प्रचलनमा आए । त्यसैगरी काष्ठतोरण पनि पहिले उत्तरतर्फका ढोकाहरूमाथि थिए । त्यसको ठाउँ धातुका तोरणले लिएपछि ती काष्ठतोरण मन्दिरको दक्षिणतर्फका ढोकाहरूमाथि राखिएका हुन् । चाँगु, मगामटोलका देवनारायण श्रेष्ठ (३७) थप्छन् 'त्यसपछि सो दक्षिण मसान चाँगुको उत्तरतर्फ रहेको गरुडघाटमा सारियो । गरुडले स्नान गरेको हुनाले **गरुडघाट** कहलिएको सो घाट पूर्वबाट वहेर आएको मनोहरा खोला र उत्तरवाट बहेर आएको कागेश्वरीखोलाको संगमस्थल (त्रिवेणी) मा छ । चाँगुभेक वारिका वासिन्दाहरूले मात्र नभएर पारिका नेवारहरूले समेत यहीं लास जलाउन यहीँ ल्याउँछन् ।' यो कुरा महत्त्वपूर्ण छ ।

चित्र संख्या ३२ : भैरव, काष्ठतोरण, छिन्नमस्तामन्दिर, नेसं. ७९९ ।

चित्र संख्या ३३ : महालक्ष्मी/संकटा, काष्ठतोरण, छिन्नमस्तामन्दिर, ने.सं. ७९९ ।

महाकालीको काष्ठतोरणको पीठिकामा ने.सं ७९९ (वि.स..१७३६) को अभिलेख पनि कुँदिएको छ। सो काष्ठ-अभिलेख यस प्रकार छ :[६८]

१. ॐ स्वस्ति सम्वत ७९९ वैशाष कृष्ण द्वादसि, आदित्यवार थ्व कुन्हु श्री ३ यिताजु चामुन्दा प्रमेश्वरि प्रमुषन

अष्टमात्रिका प्रितिन सुहतन थ्व तोरन कुथि दोहरपा ॥ परमान पंच ख्वारमानसिंह भाजु, भा-

२. जुसिंह विमयजु मानसिंह भाजुया भात्रा गिरिधल भाजु पुजारि गंगाराम भारो

यी तोरण ने.सं.७९९/वि.सं.१७६६ मा ख्वारमानसिंहहरूले श्री ३ यिताजु चामुण्डा परमेश्वरी अष्टमातृकालाई प्रीति गरी चढाएको कुरा सो काष्ठ-अभिलेखबाट थाहा पाइन्छ। **यिताजु** दिशाबाचक आदरार्थी शब्द हो। **चामुण्डा** महाकाली हुन्। यी चामुण्डा चाँगुनारायणमन्दिर वा चोकको दक्षिणमा अवस्थित मूल परमेश्वरी भएकी हुँदा यिनलाई **यिताजु** भनिएको कुरा जानिन्छ।[६९] चाँगुका पुजारी वर्गले भगवती छिन्नमस्तालाई **यिताजु/यताजु** भन्ने चलन आज पनि प्रचलित छ। यताबाट छिन्नमस्ताको एक नाम **यिताजु** मध्यकालदेखि विशेष प्रचलनमा आएको जानिन्छ। चाँगुनारायणमन्दिरको भण्डारभित्रको ने.सं.६१५ (वि.सं.१५५२) को सुवर्णपत्रमा छिन्नमस्तादेवीलाई **येता भट्टारिका** भनिएको छ।[७०]

---

६८ यो अभिलेख मोहनप्रसाद खनालले **चाँगुनारायणका ऐतिहासिक सामग्री**, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०४०, पृष्ठ ३०६ पनि छपाएका छन्। यहाँ यो अभिलेख मूलवाटै पढी प्रस्तुत गरिएको हो।

६९ डा.पुरुषोत्तमलोचन श्रेष्ठ, **त्रिपुर र युथुनिमम् राजकुल**, भक्तपुर : भक्तपुर नगरपालिका, वि.सं.२०५८, पृष्ठ ७१/३ संख्याको अभिलेख।
भक्तपुर राजदरबारस्थित मूलचोकको दक्षिणमा तलेजु आगममन्दिर अवस्थित छ। सो आगमन्दिरको एकमुखे झ्यालको तोरणको जीतमल्लको ने.सं.६७१ को अभिलेखमा तलेजुभवानीलाई **श्रीश्रीश्रीयेटापरमेश्वरी** भनिएको छ। दक्षिणमा रहेकी देवी हुनाले **येटा** सम्बोधन गरिएको कुरा यस आधारमा पनि जानिन्छ।

७० मोहनप्रसाद खनाल **चाँगुनारायणका ऐतिहासिक सामग्री**, पूर्ववत्, पृष्ठ १९५-९६ मा यो अभिलेख छापिएको छ।
दाज्यू रायमल्लको विरूद्धमा रत्नमल्ल, रणमल्ल, अरिमल्ल, जयभीममल्लहरू मिलेर गरेको सन्धिपत्र यो हो। यस सन्धिपत्रमा साक्षीका रूपमा गरुडनारायण, येता भट्टारिका, कान्तिदेवी भट्टारिका (कान्तिभैरव) र किलेश्वरलाई राखिएको छ। यताबाट यी चार देवताहरू चाँगुका उच्चतम देवताहरू रहिआएको कुरा जानिन्छ।

शिव महाकाल हुन् भने उनका शक्ति महाकाली । महाकालीकै एक रूप **छिन्नमस्ता** हो । यो कुरा माथिको महाकालीको मूर्ति कुँदिएको काष्ठतोरण एवं त्यसको पीठिकामा उत्कीर्ण काष्ठ-अभिलेखबाट पनि स्पष्ट रूपले थाहा हुन्छ। पंचमकारमा विश्वास गर्ने कौल र कापालिक लगायत शाक्तहरू पनि हुन् जसको एक विशेषता गोपनीयता हो । छिन्नमस्ता यस कुराको अपवाद होइन । महाविद्या वा दशमहाविद्यामध्येकी एक छिन्नमस्ता अत्यन्त गुप्त रूपमा पुजिने देवी हुन् ।[७१] 'छिन्नमस्ता' को ध्यानले : कमलशैय्यामा विपरीत रतिक्रियामा लिप्त रहेका रति+कामदेवमाथि उभिएकी, नरमुण्डमाला लगाएकी, नग्न अवस्थाकी, दायाँ हातमा डरलाग्दो चन्द्रहास खड्ग लिएकी, बायाँ हातमा आफैले आफ्नो शिर छेदन गर्दा आफ्नो गलाबाट जोडले बगेको तीन धारा रगतमध्ये एक धारा पिइरहेको सोही शिर थापेर छिन्नमस्तिका रूप धारण गरेकी, दायाँ बायाँ नग्नावस्थामा उभिएका दुई सहचारिणीहरू डाकिनी र वर्णिनीलाई अरू दुई धारा रगत पियाइरहेकी विभीषक रूपको स्मरण हुन्छ । छिन्नमस्तामन्दिरमा हामीलाई छुट्टै यस रूपको मूर्ति-दर्शन हुँदैन । यस मन्दिरमा चामुण्डा, अष्टमातृका लगायत अष्टभैरवको दर्शन मिल्छ । यताबाट भक्ति र भावले अनि मन्त्रविशेषले गोप्य रूपमा पुजा उपासना हुने महाविद्या छिन्नमस्ता हुन् भन्ने कुरा बुझिन्छ ।

रूपले होइन, गुणले हुन्छ । छिन्नमस्ताको बाहिरी रूप जतिसुकै भयानक देखिए तापनि सांकेतिक रूपमा तिनीभित्र निहित गुण भने सुन्दर, सूक्ष्म, बहुअर्थीय एवं विशाल लाग्छ । रतिले सृष्टि हुन्छ । सृष्टिले संसार हुन्छ जहाँ जीवन चल्छ । जीवनले मृत्यु र मृत्युले जीवनको पोषण हुन्छ । सृष्टि, स्थिति र संहार वा भनौं ब्रम्हा, विष्णु र रूद्रको एकात्मक रूप हो छिन्नमस्ता ! एक अर्कोसित अपरिहार्य रूपमा आश्रित भएर पनि अभिन्न

---

[७१] **चामुण्डा** एवं **मुण्डमाला** तन्त्रमा वर्णित दशमहाविद्या यस प्रकार छन् : **१.काली २.तारा ३.शोडषी ४.भुवनेश्वरी ५.भैरवी ६.छिन्नमस्ता ७.धुमावती ८.वगला ९.मातङ्गी १०.कमला** । शाक्त धर्मको ऐतिहासिक विकासक्रममा महाविद्याको आविर्भाव, अवधारणा एवं प्रचलनलाई महत्त्वपूर्ण मोडको रूपमा लिन सकिन्छ । किनकि यसले शाक्त परम्परामा भक्तिधारालाई प्रवाहित गऱ्यो जसको आरम्भ ईस्वीको छैठौं शताव्दीतिर भएको अनुमान हुन्छ र सत्रौं शताब्दीसम्म आइपुग्दा तान्त्रिक साधकहरूमा चरम रूपमा लोकप्रिय भइसकेको विदित हुन्छ । साधकहरू यिनलाई दक्षिणाम्नाय र उत्तराम्नाय दुवैमा उपासना गर्छन् ।[क]

[क] धनशमशेर ज.व.रा., **मन्त्रविद्यारहस्यम्,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३४, पृष्ठ १३ ।

रूपले पूर्णता पाइरहेको छिन्नमस्तिकामय अनन्त-संसार जस्तो ! जस्तो विष्णुको दश अवतार उस्तै शक्तिको दश अवतार । जस्तो छिन्नमस्तक विष्णु उस्तै उनको शक्ति छिन्नमस्ता ! [७२] जस्तो किलेश्वर-महाकाल, उस्तै यताजु

---

[७२] नेपाल किंवदन्तीहरूको पनि देश हो । किंवदन्तीमा पनि सत्यको अंश लुकेर रहेको हुन्छ । यस्तो लाग्छ मानौं, वस्ती, समाज धर्म-संस्कृति, कला वास्तुकला लगायतका यावत कुराको मूल संविधान किंवदन्ती नै लाग्छ । किनकि हरेक कुरा चाहे देवताको होस् वा देवमूर्ति, जात्रा होस् वा त्यसलाई मनाउने जनजीवन , सर्वप्रथम तः चलन वा उत्पत्तिका कुरा चल्दा किंवदन्ती नै प्रमुख भएर आउंछन् देहमा वस्ने निराकार आत्मा जस्तो भएर । छिन्नमस्ता र छिन्नमस्तक गरुडनारायणको उत्पत्तिको पौराणिक कथा वा किंवदन्ती पनि यस्तै छन् । यी किंवदन्तीवारे यहाँ चर्चा नगर्दा चाँगुका वारेमा हामीले गरेका कुरा अधुरै लाग्छन् । **स्कन्दपुराण** अन्तर्गतको **नेपालमहात्म्य** (अध्याय २) मा समेत वर्णित चाँगुनारायणको उत्पत्तिको कथा यस प्रकार छ :

चण्ड नामका एक दैत्यले महादेवको तपस्या गरेछन् । तीन लोक जितेर राज्य गर्ने वर उनले महादेववाट प्राप्त गरी अन्त तः तीनैलोकको राज्य पनि गरे । यसले गर्दा इन्द्रादि देवताले धेरै दुःख पाए । अनि उनीहरू विष्णुका शरणमा गए । त्यसपछि देवताका उद्धारका लागि विष्णुले चण्डसित युद्ध गरे । चण्डका एक परम मित्र सुमति नामका एक ब्राम्हण पनि थिए । सो युद्धमा आफ्ना मित्रलाई सहयोग गर्न सुमति पनि आए । सोही क्रममा विष्णुले आफ्नो सुदर्शन चक्रले सुमति ब्राम्हणको शिर छेदन गरे । परशुरामका शिष्य रहेका धर्मपरायण सुमति दैत्यगुरु शुक्राचार्यका समेत पनि प्रिय शिष्य थिए । यसरी एक ब्राम्हणको हत्या गरेको थाहा पाएपछि शुक्राचार्यले सुमति ब्राम्हणको वंशजले तिम्रो पनि शिरच्छेदन गरोस् भनी विष्णुलाई सराप दिए । व्रम्हहत्याको पापले पिडित विष्णु श्रापवाट मुक्ति पाउन दोलागिरिको चम्पकवनमा (चाँगुनारायण) आएर रहन लागे । समयप्रवाहको कुरा हो । त्यस चम्पक वनमा सुमतिका वंशज सुदर्शन नामका एक क्रोधी पवित्र ब्राम्हण वस्दथे । उनले आफनो घरभन्दा केही परको गोठमा धेरै गाईहरू पालेका थिए । त्यसका लागि ग्वाला/गोठाले (भडेल) पनि राखेका थिए । अहिले चाँगुको गरुडनारायणको मन्दिर रहेको ठाउँमा पहिले अलग्गै एउटा ठूलो चाँपको रूख थियो । यी गोठालेहरूले सुदर्शन ब्राम्हणकहाँ दैनिक दूध पुऱ्याउन जाने क्रममा त्यही ठूलो रूख पनि भएर जानुपर्थ्यो । दिनहुँ झैं दूध लिएर सुदर्शनकहाँ पुऱ्याउन जाने क्रममा एक दिन गोठालेलाई थाम्नै नसकिने गरी शौच लागेछ । उनले त्यही ठूलो रूखमा दूध भएको भाँडो झुण्ड्याएर शौचक्रियामा गएछन् । फर्केर आउँदा दूधको भाडो रित्तो पाए । अनि अचम्म मान्दै दूध कसले चोरेर खाएछ भनी यताउति खोजेछन्, भेट्टाएनन् । यस्तो अनौठो घटना यस्तै रीतले सात दिनसम्म चल्यो । र, सुटुक्क आएर घुटुक्कै दूध चोरेर स्वाप्पै स्वाहा पार्ने चोरको पत्ता नलागेपछि गोठालेले यो अद्‌भुत कुरा सुदर्शन ब्राम्हणलाई सुनाए । उनले पनि पत्याउन सकेनन् । अनि रिसले आगो भएका ब्राम्हण र गोठाले दुवै मिलेर चोर पत्ता लगाउने योजना वनाए । तदनुरूप सँधै झैं गोठालेलाई दूधको भाँडो वोकाएर सुदर्शन त्यही ठूलो रूख भएको ठाउँनेर पुगेपछि गोठालेलाई दूधको भाँडो त्यही ठूलो रूखमा झुण्ड्याउन लगाइ एकातिर लुकेर चियो गर्न लागे । गोठाले पनि पहिले जस्तै शौच गर्न गए । केही समयपछि त्यो ठूलो रूखवाट एकाएक किशोर अवस्थाको एक साह्रै नै सुन्दर पुरुष अचानक वाहिर आए र सो रूखमा झुण्ड्याएको भाँडोको दूध खान थाले । रिसको आवेगमा आएका सुदर्शन ब्राम्हणले आफ्नो हातमा रहेको धारिलो खड्गले सो पुरुषको शिर नै छेदन हुनेगरी मच्चाएर प्रहार गरे । उत्लैखेरी शिर विहीन सो पुरुषको शरीरवाट शंख, चक्र, गदा र पद्म प्रकट भयो । त्यसैगरी सुदर्शन ब्राम्हणले उक्त पुरुष गरुडमा आरूढ भएको देखे । यसरी उनले सो सुन्दर पुरुष शिर काटिएको चर्तुवाहु गरुडनाराण पो रहेछन् भनी थाहा

चामुण्डा, महाकाली । एक अविनाशी-सत्यको प्रतीक छिन्नमस्ता । शिरछेदन गरेर पनि जीवितै रहेकी छिन्नमस्ता । हिन्दू होस् वा बौद्ध ! समन्वयवादी सह-अस्तित्व एवं सहिष्णुताको मूल मन्त्रले तान्त्रिक बौद्धधर्ममा समेत प्रविष्टि पाउँदै वज्रयोगिनी/वज्रवाराही/वज्र वैरोचनी तारा सदृश् उपास्य रहिआएकी अतुल्य छिन्नमस्ता ।[७३]

भएपछि अत्यन्त डराए, दुःखी भए । 'मैले यो कस्तो पापकर्म गरेछु' भनी प्रायश्चित स्वरूप आफैलाई मार्न उद्यत हुँदा शिरसमेत भएको आफ्नो पूर्ण स्वरूपमा प्रकट भएर सुदर्शनलाई दर्शन दिँदै भने 'नडराउ ! तिमीले जे गर्‍यौं राम्रै गर्‍यौ । मेरै कारणले मेरो शिर काटिएको हो, यसमा तिम्रो दोष छैन । तिम्रै पूर्वज सुमतिको हत्या मैले गरेको कारणले उनका गुरु शुक्राचार्यले मलाई उनका वंशजले तिम्रो पनि शिर काट्ने छ भनी सराप दिएको कारणले उनैका वंशज तिम्रो हातले मेरो शिर कटाउन यहाँ चाँपको रूखमा आएर बसेको हुँ । म शुक्राचार्यको श्रापबाट मुक्त भएँ । तिमी धन्य छौ । म यहीं बस्छु । तिम्रो सन्तान दरसन्तानले मेरो पुजा गर्नु भनी सुदर्शनलाई वरदान दिइ अन्तर्ध्यान भए ।

चाँगुनारायणभेकका बालबालिकालाई समेत यो पौराणिक कथा कण्ठै छ । कथाको अत्यमा उनीहरू लगायतका चाँगुका पुजारी एवं सुसारेहरू थप्छन् 'यसरी शंख, चक्र, गदा र पद्म लिएका गरुडनारायण यहाँ बसेपछि सुदर्शन ब्राम्हण गरुडनारायणका पुजारी भए र उनका गोठाले गरुडनारायणका टहलुवा भए । उनै सुदर्शन ब्राम्हण र गोठालेका वंशज **ब्राम्हण र भडेल** चाँगुनारायणको प्रतिष्ठाकालदेखि नै पुजारी र सुसारेका रूपमा रहिआएका हुन् ।'[क] यतावाट चाँगुका राजोपाध्याय ब्राम्हण र भडेल प्राचीन जाति रहेको छनक पनि मिल्छ । खनालले पनि यी दुई जातिलाई नेपालका प्राचीन जाति मान्दै लेख्छन् 'चाँगुनारायणको स्थापनाकालदेखि आफ्नो वंशपरम्परागत सम्वन्ध भएको कथा बोकेर वसेका दुई जातिहरू चाँगुमा विद्यमान छन् । ...नेपालको पाचीन इतिहाससँग गोपालहरूको सम्वन्ध गाँसिएको छ । लिच्छविकालको शुरूदेखि नै यहाँ ब्राम्हणहरूले समाजमा प्रतिष्ठा पाइसकेका थिए । यसैले नेपालका प्राचीन जातिहरूमा यी दुवै जातिहरूको सम्वन्ध रहेको कथा सर्दै आउनुमा कारण स्पष्ट देखिन्छ ।'[ख]

[क] चाँगुनारायणमन्दिरका पुजारी चक्रधरानन्द राजोपाध्याय एवं सुसारे महेन्द्र भडेलबाट प्राप्त जानकारी ।

चाँगुनारायणमन्दिरको गर्भस्थानमा गरुडनारायणको स्वर्णमूर्ति स्थापित छ । पुजा अनुष्ठानका क्रममा विधिपूर्वक मन्त्रविशेषले भगवान् नारायणको सो स्वर्णमूर्तिको शिर छुट्टयाइन्छ र पुनः मन्त्रविशेषले जोड्ने विधान गरिन्छ । शिरविहीन अवस्थामा तान्त्रिक विधिपूर्वक छिन्नमस्तक/छिन्नमस्ताकै रूपमा पुजा उपासना हुन्छ । यतावाट पंचमकारसहितले भोगवली चल्ने छिन्नमस्तासित छिन्नमस्तक नारायण एकाकार हुने कुरा जानिन्छ ।

[ख] मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामग्री**, पूर्ववत्, पृष्ठ १५ ।

[७३] ध्यानपूर्वक हेर्ने हो भने छिन्नमस्ता :ब्रम्हशक्ति वा सृष्टि वा सृष्टिको मूल कारण, गरुडनारायण विष्णु : स्थिति एवं किलेश्वर संहारका प्रतीक रही एक अर्काका पूरक भएर रहेका छन् भन्ने कुराको सांकेतिकार्थ बोध हुन्छ । **किलेश्वर**-महाकालको शक्तिका रूपमा काली र **छिन्नमस्तक**-गरुडनारायणको शक्तिका रूपमा **छिन्नमस्ता** । अलिकता ध्यान दिएर हेर्ने हो भने चाँगुनाराणमन्दिर किलेश्वर र छिन्नमस्तामन्दिरको अवस्थान पनि त्रिकोणमय छ । शायद यसैकारण मन्दिरप्राङ्गणमा छापिएका मल्लकालीन ईंटाहरू पनि त्यही कुरालाई सांकेतिकार्थ बोध

छिन्नमस्तामन्दिर धार्मिक एवं सांस्कृतिक दृष्टिले मात्र नभएर विशेषगरी प्राचीन नेपाली मूर्तिकलाको इतिहासका दृष्टिले पनि त्यत्तिकै महत्त्वपूर्ण छ । यसभित्रका सम्पदालाई हेरेर यस्तो लाग्छ मानौं यो सानो मन्दिर स्वयंमा एक यस्तो दिव्य संग्रहालय हो जहाँ दुई हजार वर्ष अघिदेखिका अतुल्य सम्पदालाई यसले आफ्नो गर्भस्थानमा सुरक्षित तुल्याएर राखेको छ । भक्तहरूले चढाएको जल, अबीर आदिले समयको प्रवाहमा ती जीर्ण भएर गएका छन् तापनि यताउति परेका छैनन्, आफ्नै मूल स्थानमा छन् र उल्लेख्य कुरा के छ भने ती आज पनि यहाँको सांस्कृतिक-धार्मिकजीवनसित अभिन्न रूपले गाँसिएर उत्तिकै उपास्य रहिआएका छन् । यो महत्त्वपूर्ण कुरा हो । यी सम्पदाका बारेमा यस अघि नै बाङ्देल लगायतका कलाविज्ञहरूले महत्त्वपूर्ण कुरा प्रकाशमा ल्याइसकेका छन् । यसैले यहाँ यस मन्दिरभित्र रहेका ती अमूल्य सम्पदाका बारेमा केही नयाँ तथ्यसहित संक्षिप्त चर्चा मात्र गरौं ।

उमा-महेश्वरको प्रस्तरमूर्ति (चित्र संख्या ३४)

गराउने हेतु त्रिकोण आकारका छन् । समन्वयवादी सह-अस्तित्वकै दृष्टिले हेर्दा चाँगुमा छिन्नमस्ता र यसको समीप साँखुमा वज्रयोगिनी रहनुको सांकेतिकार्थ पनि खुलेको आभास हुन्छ ।

छिन्नमस्तामन्दिरभित्र, पूर्वपट्टि उमा-महेश्वरको मूर्ति (६१ से.मि.लम्बा, ४१ से.मि. चौडा) छ । यो मूर्ति ज्यादै खिइसकेको छ । तापनि कुषाणशैलीको स्पष्ट आभास गराउने यस मूर्तिले आफ्नो प्रारम्भिक कालको खास पहिचान वा भनौं मूल विशेषताहरूलाई भने गुमाएको छैन । उमा-महेश्वरको यो प्राचीनतम मूर्ति हो । यस मूर्तिमा शिव एक अग्लो आसनमाथि अर्धपर्यङ्कासन मुद्रामा (बायाँ खुट्टा पलेँटी कसी दायाँ खुट्टा आसनबाट तल झारेर) बसेका छन् । र, ध्यानपूर्वक हेरेमा लाग्छ, त्यहाँ उनको उर्ध्वलिङ्ग पनि प्रदर्शन भएको छ । उनको बायाँपट्टि उनीसितै जोडिएर बसेकी उमा छिन् । उमाले पनि शिवले जस्तै आफ्ना खुट्टा आसनबाट उस्तै किसिमले तल झारेर जीउलाई दायाँ फर्काएर शिवलाई हेरेर बसेकी छिन् । शिव र उमा दुवै द्विभुज छन् र शरीरका तुलनामा हातखुट्टा मोटा र लामा-लामा छन् । शिवले आफ्नो बायाँ हात बायाँ तिघ्रामा राखेका छन् र दायाँ हात दायाँ घुँडामा राखेका छन् र लाग्छ यो हात वरदमुद्रामा छ । दुवैका शिरपछाडि साधारण र गोलो प्रभामण्डल छन् । उमाले गोडामा मोटा-मोटा कल्लीहरू लगाएकी छिन् जुन संगैका सप्तमातृका मध्येका कौमारी, ब्रम्हायणी, माहेश्वरी, वैष्णवी र वाराहीका गोडामा लागेका कल्लीहरू समान दुरूस्त उस्तै छन् । शिवको पार्श्वमा, दायाँपट्टि शिर मात्र देखाएर बसेको नन्दी छ । यसरी यस मूर्तिमा दुवैले कुनै आयुध लिएका छैनन् र उनीहरूको साथमा नन्दीमात्र छ । यो मूर्तिमा देखिने प्राचीन शैलीलक्षण धेरै कुरा पाटन चामुण्डामन्दिरको उमा-महेश्वरको मूर्तिसित मेल खान्छ तर केही कुरा फरक छन् । चाँगुको भन्दा पाटन चामुण्डामन्दिरको उमा-महेश्वर मूर्ति केही परिमार्जित देखिन्छ । सो मूर्तिमा उमा-महेश्वरको पार्श्वमा नन्दीको पूरै जीउ पनि देखिन्छ जसमा शिव र उमा अडेस लाएर बसेका छन् । बाङ्गदेलले चाँगुको मूर्तिमा पनि उनले नन्दीको साथै उमाको साथमा कुमार रहेको चर्चा गरेका छन् ।[७४] तर मलाई त्यहाँ कुमार छ जस्तो लाग्दैन । चाँगुको मूर्तिमा मैले शिव र उमाको साथमा नन्दीलाई मात्र पाएँ, कुमारलाई देखिन । सो मूर्ति ज्यादै नै खिइसकेकोले सूक्ष्म कुरा नदेखिएको हो कि ! यदि यसो हो भने यो मेरो भ्रम र अल्पज्ञान पनि हुन सक्छ । आजसम्म पाइएका उमा-महेश्वर मूर्तिहरूमा, परवर्ती कालमा उमा-महेश्वर परिवार संख्या बढ्दै गएको भए तापनि शिवको दायाँपट्टि, नन्दीमाथि वा संगै कुमारलाई पनि देखाइएको पाइएको छ । पशुपति, ढुङ्गेधाराको ईस्वी तेस्रो शताब्दीको उमा-महेश्वर लगायत पशुपति मृगस्थलीको ईस्वी पाँचौं शताब्दीको उमा-महेश्वरको मूर्तिमा शिवको दायाँपट्टि रहेका कुमारहरू

---

७४ लैनसिंह बाङ्गदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, पूर्ववत्, पृष्ठ ९९ ।

उदाहरणस्वरूप छन् । पाटन चामुण्डामन्दिरको उमा-महेश्वरको मूर्ति र चाँगुनारायणको उमा-महेश्वरको मूर्तिलाई बाङ्गदेलले ईस्वीको दोस्रो-तेस्रो शताब्दीतिर राखेका छन् ।[७५] माथिका केही भिन्नताले भने मलाई चाँगुनारायणको मूर्ति पाटन चामुण्डामन्दिरको भन्दा पनि केही प्राचीन लाग्छ । जे होस् ! नेपालमा उमा-महेश्वर मूर्तिको प्रथम अंकन चाँगुको यही उमा-महेश्वर मूर्तिबाट भएको आभास हुन्छ । यसो हुँदा यस मूर्तिलाई हामी ईस्वीको प्रथम-दोस्रो शताब्दीतिरको मान्न सक्दछौं ।

नील-सरस्वती (चित्र संख्या ३५)

उमा-महेश्वर मूर्तिको बायाँतर्फ चार हात भएकी नील-सरस्वतीको प्रस्तरमूर्ति (लम्बाइ ६१ से.मि., चौडाइ ४० से.मि.) छ । यो मूर्तिको पादपीठमा नेवारी लिपिमा, ने.सं.८२० को एक पंक्तिको अभिलेख कुँदिएको

७५ लैनसिंह बाङ्गदेल, प्राचीन नेपाली मूर्तिकलाको इतिहास, पूर्ववत्, पृष्ठ ९९, १०० ।

छ । यताबाट यो मूर्ति ने.सं.८२० (वि.स..१८१७) मा बनेको रहेछ भन्ने कुरा थाहा पाइन्छ । पलैंटी मारेर बसेकी नील-सरस्वतीको आसनमा गणेशको सूक्ष्म आकृति कुँदिएको छ । यसले यो मूर्तिलाई सरस्वतीका अन्य मूर्तिभन्दा भिन्नै, तान्त्रिक स्वरूपको रहेछ भन्ने कुरा जानिन्छ । तान्त्रिक साधकहरूले मध्यरातमा छिन्नमस्तालाई सरस्वतीको रूपमा पुजा उपासना गर्ने परम्परा रहिआएको विदित हुन्छ । उक्त समयमा भगवती छिन्नमस्ताले सरस्वतीको रूप धारण गर्छिन् भन्ने मान्यता छ ।[७६] यताबाट छिन्नमस्तामन्दिरमा नील-सरस्वतीको मूर्ति स्थापना हुनुको हेतु खुल्छ ।

गणेशको प्रस्तरमूर्ति (चित्र संख्या ३६)



[७६] मदनमोहन मिश्र, दशमहाविद्या, रूक्मिणी श्रेष्ठ, ने.सं.११२७, पृष्ठ ३३ ।
'थज्या:गु नं विधान दु कि वाचा प्यंगूगु सन्ध्याकालय् वसपोल उपासना यायगुलिं साधकतय्त सरस्वतिं विइगु सिद्धि छिन्नमस्तां बी अर्थात् थुगु इलय् छिन्नमस्तां सरस्वतीया रूप काइगु जुयाच्वन ।'

नील-सरस्वतीको मूर्तिको बायाँपट्टि गणेशको मूर्ति छ । छिन्नमस्तामन्दिरभित्रका अन्य प्राचीन मूर्तिहरू झै यो मूर्ति पनि कालक्रमले खिइसकेको अवस्थामा छ । तापनि यस मूर्तिमा देखापर्ने प्राचीन शैलीलक्षणका आधारमा गणेशको यो प्राचीनतम मूर्ति हो भनी मान्न सकिन्छ । यस मूर्तिका गणेशले दायाँ घुँडा उचाली, बायाँ खुट्टा पलैंटी मारेर सुखासन मुद्रामा बसेका छन् । यिनको शिर प्राकृतिक हात्तीको छ र शरीरमा पनि वस्त्राभाव छ । यिनका दुई हात छन् । यिनले दायाँ हात दायाँ घुँडामाथिसम्म पुऱ्याएर केही लाम्चो वस्तु लिएका छन् । त्यो कुन वस्तु हो, पहिचान गर्न मुश्किल छ र मूला वा दन्त जे पनि हुन सक्छ । त्यसैगरी यिनले बायाँ हातमा मोदक-पात्र लिएका छन् र एउटा मात्र दाँत देखाइरहेको यिनको सूँड पनि त्यतैतिर गएर अडेको छ । लम्बाइ चौडाइका दृष्टिले यस मन्दिरभित्रका सप्तमातृकाका मूर्तिहरू जत्रै गणेशको यो मूर्ति (३८X२५से.मि) पनि उत्रै रहेको छ ।

यो मूर्ति खिइएकोले सबै कुरा स्पष्ट देखिँदैन । भारतमै पनि ईश्वीको तेस्रो-चौथो शताब्दी वा त्यो भन्दा पनि केही पूर्वकालका गणेशमूर्तिहरू उर्ध्वमेढ्र एवं सर्प-यज्ञोपवितधारी छन् । यी कुरा हाम्रो गणेशमूर्तिले पनि धारण गरेको हुनुपर्छ जुन खिइएर गएकोले देख्न दुर्बोध भइसकेको छ । नेपाल लगायत भारतका प्रारम्भिक कालका गणेशमूर्तिहरूमा गणेशको कुनै परिवार मात्र नभएर उनका वाहन मुसा पनि छैनन् ।[७७] हाम्रा गणेशका साथमा पनि उनका वाहन मुसा छैनन् ।

वस्त्राभाव, अलंकार-शून्यता, मुकुटविहीन प्राकृतिक हात्तीको मस्तक, एउटा मात्र दन्तको प्रदर्शन, द्विभुज आदि प्रारम्भिक गणेश-मूर्तिमा पाइने मूल विशेषता हुन् । सिद्धपोखरीको उभिएको द्विभुज गणेशमा (ई.सं.तेस्रो-चौथो शताब्दी) पनि यी विशेषताहरू छन् ।[७८] त्यसैगरी कागेश्वरी, मणिचूड र नालामा प्राप्त उत्तरप्राचीनकालीन द्विभुज गणेशमूर्तिहरू उदाहरणस्वरूप छन् ।[७९] भारतमा गणेशका प्राचीनतम मूर्तिहरू (संकिसा र मथुरा

---

७७ डा.नीलकण्ठ पुरुषोत्तम जोशी, **प्राचीन भारतीय मूर्ति विज्ञान**, पूर्ववत्, पृष्ठ १७० ।

७८ प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठ, विनोदराज शर्मा, **च्वडा गणेश**, भक्तपुर : च्वडा गणेशस्थान विकास समिति, २०६६, पृष्ठ ५२-५४ ।

७९ मोहनप्रसाद खनाल, **नेपाली कला**, ललितपुर : साझा प्रकाशन, २०५२, पृष्ठ २४०, चित्र संख्या ४९, ५०, ५१ ।

संग्रहालयका मूर्तिहरू) ईस्वीको तेस्रो-चौथो शताब्दीतिरका छन् । अफगानिस्तानमा प्राप्त गुप्तकालीन दुईवटा गणेश-मूर्तिहरूमध्येका एक 'महाविनायक' अभिलेखयुक्त गणेशमूर्ति पनि द्विभुज हुन् ।[८०] यसरी भारतीय उपमहाद्वीपका यी केही प्राचीन द्विभुज मूर्तिहरू मात्र नभएर सिद्धपोखरीको गणेशमूर्ति समेत पनि चाँगु छिन्नमस्तामन्दिरको हाम्रो गणेशमूर्तिभन्दा परिमार्जित लाग्छन् । र हाम्रो गणेशमूर्ति त अभिलेखयुक्त पनि छ । यसको पादपीठमा पूर्वलिच्छवि लिपिमा 'ॐ प्राणधार शर्मेश्यः' अभिलेख पनि कुँदिएको छ ।[८१] यसरी यति पुरानो अभिलिखित गणेशमूर्ति शायद एसियामा यो नै पहिलो हो भन्ने निश्चित लाग्छ । यस मूर्तिमा पाइने प्राचीन शैलीलक्षणका आधारमा हामी यस मूर्तिलाई ईस्वीको दोस्रो-तेस्रो शताब्दीतिर राख्न सक्दछौं । र, जसरी नेपालमा उमा-महेश्वर मूर्तिको प्रथम अंकन चाँगुको यही छिन्नमस्तामन्दिरभित्रको उमा-महेश्वर मूर्तिबाट भएको आभास हुन्छ त्यसरी नै नेपालमा गणेशमूर्ति-अंकनको श्रीगणेश पनि यही गणेशमूर्तिबाट भएको प्रतीत हुन्छ ।

कुमारको प्रस्तरमूर्ति (चित्र संख्या ३७)

गणेशको मूर्तिको बायाँपट्टि कुनामा कुमारको मूर्ति छ । यो मूर्तिलाई सुनको जलप लागेको धातुको मुकुट र खण्डित अवस्थाको धातुको पाताले ढाकिएको छ । सो धातुको पातामा समभङ्ग मुद्रामा उभिएको घुँडाभन्दा मुनिको भाग कुँदिएको छ । मुकुट र सो पाता निकालेर त्यसभित्रको कुमारको सग्लो प्रस्तरमूर्ति हेर्न दुर्बोध भएको छ । र, मुकुट र पाताबीचको दूरी अनुपात पनि मिल्दैन । मुकुट र पाताबीच केही अन्तरमा भित्रको मूर्तिका केही अंश देखिन्छ जुन खिइएर गएको छ

---

८० डा.नीलकण्ठ पुरुषोत्तम जोशी, **प्राचीन भारतीय मूर्ति विज्ञान**, पूर्ववत्, पृष्ठ १७० ।

८१ मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामग्री**, पूर्ववत्, पृष्ठ ८० मा यो अभिलेख छापिएको छ । खनालले यस अभिलेखको लिपिलाई सातौं शताब्दीतिरको मानेका छन् । र, तदनुरूप गणेशको यो मूर्तिलाई पनि त्यही समयको भनेका छन् । तर मलाई त्यस्तो लाग्दैन । लिपिको समयलाई सातौं शताब्दीताकाकै मान्ने हो भने पनि यस मूर्तिमा पाइने प्राचीन शैलीलक्षणले यसलाई त्यस कालसम्मका विकसित गणेशमूर्तिहरूको पंक्तिमा उभ्याएको छ जस्तो मलाई लाग्दैन । जे होस् ! लिपि र मूर्तिको काल निरूपण यस विषयका विशेषज्ञहरूबाट हुनु जरूरी छ ।

र खासै केही ठम्याउन सकिने अवस्थामा छैन । मुकुट रहेको भागमा मुखाकृति देखिनुपर्ने हो तर त्यो पनि देखिँदैन, छोपिएको छ । यस मूर्तिको देखिने प्रस्तर-अंश यस मन्दिरका उमामहेश्वर, सप्तमातृका लगायत गणेशका मूर्ति अंकित ढुङ्गा जस्तै उस्तै कोटिको र उत्तिकै पुरानो प्रतीत हुन्छ । सो प्रस्तर अंशमा केही साधारण रेखा कुँदिएको देखिन्छ । सो मुकुट र पातालाई निकालेर हेर्न सकिएको खण्डमा कुमारको शैली लक्षण लगायत उनी कुन मुद्रामा के कति हात र आयुध लिएर रहेका छन् भन्ने इत्यादि महत्त्वपूर्ण कुरा देख्न, जान्न बुझ्न सकिन्थ्यो । जे होस् ! यो मूर्ति पनि यसै मन्दिरभित्र रहेका अन्य प्राचीन मूर्तिहरूकै लहरमा पंक्तिबद्ध भएर रहेका छन् । उल्लेख्य कुरा के छ भने नील-सरस्वतीलाई छाडेर यो एउटै लहरमा शिव परिवारकै स्वतन्त्र प्राचीनतम मूर्ति मात्र छन् । यो कुरा विचारणीय छ । यस मूर्तिका कुमार आफ्नो प्रिय वाहन मयूरमा सवार भएको नभएर एउटै मात्र मस्तक एवं दुई हात भएको, भाला लिएर समभङ्ग मुद्रामा उभिएको कुषाणशैलीका कुमार/कार्तिकेय हुन् भन्ने अनुमान हुन्छ ।[८२] यसरी प्रकारान्तरमा यो मूर्ति पनि यहाँ रहेका अन्य मूर्ति जस्तै प्राचीन मूर्ति हो भन्ने आभास हुन्छ ।

---

[८२] पुरातत्त्वका दृष्टिले शिव परिवारका स्वतन्त्र मूर्तिहरू जस्तै, नन्दीसहितको उमा-महेश्वरको मूर्ति, गणेशको मूर्ति र त्यसैगरी कुमारको मूर्ति ईस्वीको आरम्भदेखि नै प्रचलनमा आइसकेको विदित हुन्छ । कुषाण शासक कनिष्क र हुविष्कका मुद्राहरू उदाहरणस्वरूप छन् । कनिष्क र हुविष्कका मुद्राहरूमा **ओयशी** नामले शिवको अंकन भएको पाइएको छ जसमा शिवको साथमा नन्दीलाई पनि देखाइएको छ ।[क] हुविष्कको एकथरी मुद्रामा धनुर्धारी देवमूर्ति उत्कीर्ण हुनुको साथै ब्राम्ही लिपिमा **गणेश** नाम अंकित भएको छ । हरिराम जोशीका अनुसार सो मुद्रामा उत्कीर्ण गणेश शब्दले शिवपुत्र गणेशलाई नभएर स्वयं शिवलाई बुझाएको अनुमान गरेका छन् ।[ख] हुविष्कको स्वर्णमुद्रामा मयूरवाहन कुमारको मूर्ति अंकन हुनुको साथै उनका **स्कन्द-कुमार**, **महासेन**, **विशाख** नामहरू उत्कीर्ण छन् । डि.सि सरकारका अनुसार यी तीन नामहरू तीन विभिन्न देवताहरूका नाम हुन् जुन पछि **कार्तिकेय** को रूपमा परिचित हुनपुगेको हो ।[ग]

[क] Parmewshwari Lal Gupta, **Coins**, New Delhi : Nationlal Book Trust, 1969, pp.30,31.

[ख] हरिराम जोशी, **हिन्दू देवी देवता**, पूर्ववत्, पृष्ठ ७ ।

[ग] Dines Chandra Sircar, **Select Inscriptions**, Calcutta : University of Calcutta, 1965, pp. 160-161.

चित्र संख्या ३७ : कुमार, छिन्नमस्तामन्दिर, ईस्वी दोश्रो-तेश्रो शताब्दी ।

सप्तमातृकाका प्राचीन प्रस्तरमूर्तिहरू

छिन्नमस्तामन्दिरभित्र सप्तमातृकाका उत्तराभिमुख निम्न सातवटा प्राचीन प्रस्तरमूर्तिहरू छन् । ती मूर्तिहरू क्रमशः बायाँबाट यस प्रकार छन् :

१.	कौमारी	(चित्र संख्या ३८)	३७x२५ से.मि.
२.	ब्रम्हायणी	(चित्र संख्या ३९)	३८x२४ से.मि.
३.	माहेश्वरी	(चित्र संख्या ४०)	३६x२३ से.मि.
४.	विष्णुवी	(चित्र संख्या ४१)	३१x२० से.मि.
५.	वाराही	(चित्र संख्या ४२)	३१x२३ से.मि.
६.	चामुण्डा/**छिन्नमस्ता**[८३]		३६x२३ से.मि.
७.	महालक्ष्मी/**संकटा**	(चित्र संख्या ४३)	३७x२५ से.मि.

सप्तमातृकाका एकथरी प्राचीन परम्परित निश्चित समूह १.ब्रम्हायणी २.माहेश्वरी ३.कौमारी ४.वैष्णवी ५.वाराही ६.इन्द्रायणी ७.चामुण्डा हुन् । सप्तमातृकाको अवधारणा एवं पुजा उपासना ऋग्वैदिक कालमै भइसकेको जानिन्छ । र, महाकाव्य एवं पौराणिक कालतिर आईपुग्दा विशेष उपास्य रहिआएको विदित हुन्छ । नेपाल र भारतमा दुर्गा, महिषमर्दिनी लगायतका अनेक नाम, रूप र युगभेदमा देवीहरूको पुजा उपासना व्यापक रूपमा चलेर आएको देखिन्छ । त्यसमध्येको एक समूह सप्तमातृका हो ।[८४]

---

[८३] छिन्नमस्ता/येतामाजु यस मन्दिरका मुख्य देवी हुन् । यिनको रूप समेत पनि अत्यन्त गुप्त पारेर पुजिंदै आएकी तान्त्रिक देवी हुन् । यसो हुँदा यिनको चित्र वा फोटो आजसम्म कतैबाट प्रकाशमा आएको छ जस्तो पनि लाग्दैन । यस मन्दिरका अन्य मूर्तिहरूको चित्र भने यस अघि नै वाङ्गदेल, खनाल लगायत पुरातत्त्व विभागबाट प्रकाशमा आइसकेको छ । मैले पनि त्यही परम्परा निर्वाह गर्दै यस विषयमा चाँगुनारायणमन्दिरका पुजारी चक्रधरानन्द राजोपाध्याय एवं छिन्नमस्तामन्दिरका पुजारी प्रचण्डमान कर्माचार्यहरूबाट प्राप्त सुझावका आधारमा प्रचलित परम्पराको सम्मान गर्दै मुख्य देवी छिन्नमस्ताको चित्र/फोटो यहाँ प्रकाशमा नल्याइएको हो ।

[८४] हरिराम जोशी, **अभिनव संस्कृति कोष**, ललितपुर : जोशी रिसर्च इन्स्टिच्यूट, २०५८, पृष्ठ २४३ ।

चित्र संख्या ३८ : कौमारी, छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोश्रो शताब्दी ।

चित्र संख्या ३९ : ब्रम्हायणी, छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोश्रो शताब्दी ।

चित्र संख्या ४० : माहेश्वरी, छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोश्रो शताब्दी ।

चित्र संख्या ४१ : विष्णुवी, छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोश्रो शताब्दी ।

चित्र संख्या ४२ : बाराही, छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोश्रो शताब्दी ।

चित्र संख्या ४३ : महालक्ष्मी/संकटा, छिन्नमस्तामन्दिर, ईस्वी प्रथम-दोश्रो शताब्दी ।

पौराणिक साहित्यिक स्रोतका अतिरिक्त पुरातत्त्वका दृष्टिले सप्तमातृका अनेक मूर्तिहरू ईस्वीको आरम्भदेखि भारत लगायत नेपालमा बन्न थालेको पाइएको छ । छिन्नमस्तामन्दिरका सप्तमातृका (ईस्वीको प्रथम-दोस्रो शताब्दी) लगायत उपत्यकाका विभिन्न स्थानमा फेलापरेका सप्तमातृकाका प्राचीन मूर्तिहरू उदाहरणस्वरूप छन् ।[८५] छिन्नमस्तामन्दिरभित्र सप्तमातृकाका साथमा उमा-महेश्वरको समकालीन मूर्ति हुनु संयोग मात्र होइन । शंखमूल सिकुबहीमा पनि सप्तमातृकाका मूर्तिहरूका साथमा उमा-महेश्वरको अभिलिखित मूर्ति छ जसमा मातृका देवीहरूलाई मात्र लक्षित गर्दै **देव्यो मातर** भनिएको छ र महेश्वरको भने नाम उल्लेख छैन ।[८६] यो कुरा तन्त्रका दृष्टिले

---

[८५] लैनसिंह बाङ्देल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, पूर्ववत्, पृष्ठ ४४-५९ । मातृमतको विकासक्रममा सप्तमातृका अष्टमातृकाभन्दा पनि प्राचीन देखिन आएको छ । सप्तमातृकाकै परवर्ती विकासक्रमको उपज अष्टमातृका हो । नेपालमा सप्तमातृकाका प्राचीन मूर्तिहरू सर्वप्रथम प्रकाशमा ल्याउने बाङ्देल हुन् । उनका अनुसार उपत्यकाका विभिन्न स्थानमा २५ भन्दा बढ्ता सप्तमातृकाका प्राचीन मूर्तिहरू फेलापरेका छन् ।

[८६] शंखमूल सिकुवहीको उमा-महेश्वरको मूर्तिको पादपीठमा संवत् ४९४ (ई.स. ५७३) को अभिलेख कुँदिएको छ । सो अभिलेखमा पहिले स्थापना गरिएका मातृदेवीका मृण्मय-मूर्तिहरू कालक्रमले पुराना भएर बिग्रेका हुनाले फेरि अर्कै किसिमले ढुङ्गाका मातृका देवीहरू बनाइएको कुरा परेको छ ।[क] ध्यानपूर्वक हेरेको खण्डमा उमा-महेश्वरको सो मूर्ति यसको पादपीठमा उत्कीर्ण अभिलेखभन्दा पनि प्राचीन देखिन आएको छ । यस बारेमा उल्लेखित बाङ्देलको विचार एवं तर्क सही लाग्छ । उनले यस मूर्तिलाई यसमा देखिने प्राचीन शैली लक्षणका आधारमा यसलाई ईस्वीको चौथो शताब्दीको मानेका छन् ।[ख] मेरो विचारमा यो मूर्ति चौथो शताब्दीभन्दा पनि पुरानो हुनुपर्छ । र, शायद ईस्वीको दोस्रो-तेस्रो शताब्दीतिरको लाग्छ । जे होस् यो मूर्ति स्थापना भएको समयतिर यसका समीपमा सप्तमातृकाका मृण्मूर्तिहरू पनि स्थापना गरिएको हुनुपर्छ । ती मृण्मूर्तिहरू कालक्रमले बिग्रेका हुनाले पछि ई.सं.५७३ मा त्यसको ठाउँमा ढुङ्गाका अर्कै किसिमले ढुङ्गाका सप्तमातृकाका मूर्तिहरू (आकृतिविहीन) स्थापना गरिएको र संस्मरणका लागि अटाई-नअटाई त्यही उमा-महेश्वरको मूर्तिको पादपीठमा सो अभिलेख कुँदिएको हुनुपर्छ । सप्तमातृकाका प्रतीक सातवटा आकृतिविहीन प्रस्तरमूर्तिहरू आज पनि सिकुवहीको उमा-महेश्वरको मूर्ति सामुन्नेमा स्थापित छन् ।[ग] काठमाण्डौ उपत्यकामा प्रस्तर मूर्तिकला संगसंगै मृत्तिका मूर्तिकला पनि प्राचीनकालदेखि नै विकसित रहिआएको कुरा पनि यसै प्रसङ्गमा थाहा पाइन्छ । मृत्तिका मूर्ति नाशवान् वस्तु हो । यसैले यसका प्राचीन नमुना नितान्त दुर्लभ हुनु स्वाभाविकै हो । यस्तै एक दुर्लभ नमुना चाँगुनारायणमन्दिरको भण्डारभित्र रहेको मातृदेवीको प्राचीन मृण्मूर्ति हो । समभङ्ग मुद्रामा उभिएको, चतुर्बाहु यस मूर्तिलाई सर्वप्रथम प्रकाशमा ल्याउने खनाल हुन् । उनका अनुसार यो मूर्ति ईस्वीको दोस्रो शताब्दीतिरको हो ।[घ] उपत्यकामा हालसम्म फेलापरेका मातृदेवीका मृण्मूर्तिहरूमध्ये यो नै सर्वप्राचीन देखिन आएको छ ।

[ख] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ २११ ।

अर्थपूर्ण एवं विचारणीय लाग्छ । सप्तमातृकाकी अधिष्ठात्रीदेवी **महालक्ष्मी** हुन् । शाक्त तान्त्रिक परम्परामा शाक्तहरू **उमा**लाई महालक्ष्मीकै सदृश् मानी उमा-पति भैरवदेहबाट अभिन्न मान्दछन् ।[८७] यसैकारण **महेश्वर** सप्तमातृकाद्वारा परिवारित परालक्ष्मीका साथमा विद्यमान रहन्छिन् भन्ने मान्यता प्रचलित रहको पाइन्छ । यताबाट सप्तमातृकाका मूर्तिहरू समीपमा रहेका उमा-महेश्वर मूर्तिहरू पुरुष तत्वलाई सहायकका रूपमा मात्र स्वीकार गरिएको मातृगणको प्राधान्यता रहेको मातृप्रधान मूर्ति हुन् भन्ने कुराको बोध हुन्छ ।[८८] **सात** को परिलक्षक **आठ** हो र, आठको **नौ** । जसरी **अ** देखि **क्ष** सम्मका पचास अक्षरहरूलाई **पचास मातृका**को रूपमा लिइएको पाइन्छ त्यसरी नै साधकहरू पचास लाई **एकाउन्न**को परिलक्षक मानेर आफ्नो शरीरलाई **एकाउन्न शक्तिपीठ** मानेर तदनुरूप मातृकान्यास गर्ने चलन पनि रहेको विदित हुन्छ ।[८९] यताबाट प्रकारान्तरमै भए पनि हामी सप्तमातृकाका प्राचीन मूर्तिहरूमा अप्रकट **अष्टमातृका**को अदृश्य अस्तित्व रहेको मान्न सक्दछौं । जे होस् ! छिन्नमस्तामन्दिरभित्रका सप्तमातृकाका मूर्तिदेखि शंखमूल सिकबहीका सप्तमातृकाका मूर्तिहरूको कालसम्म आइपुग्दा सप्तमातृका मत उपत्यकामा ईस्वीको आरम्भदेखि छैटौं शताब्दीसम्म खूब चलेको दृष्टिगोचर हुन्छ ।[९०] यस दृष्टिले शंखमूल शिकबहीको सप्तमातृकालाई सप्तमातृका मत/संस्कृतिको अन्तिम प्रतिनिधि मान्न सकिन्छ । त्यसपछिका काल प्रवाहमा विशेषगरी अष्टमातृका, नवदुर्गाको महत्त्व निकै बढेर आएको देखिन्छ । सप्तमातृकाको उत्पत्तिबारे प्रचलित पौराणिक कथा यस्तो छ :

ख लैनसिंह बाङ्गदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, पूर्ववत्, पृष्ठ १०७-९ ।

ग पुरुषोत्तमलोचन श्रेष्ठ, **भक्तपुरको नवदुर्गा गण**, पूर्ववत्, पृष्ठ ८-१० ।

ध मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामग्री**, पूर्ववत्, पृष्ठ ६३, चित्र संख्या १ ।

८७ डा.शिवशङ्कर अवस्थी शास्त्री, **मन्त्र और मातृकाओं का रहस्य**, वाराणसी : चौखम्वा विद्याभवन, १९६६, पृष्ठ १००-१०१ ।

८८ पुरुषोत्तमलोचन श्रेष्ठ, **भक्तपुरको नवदुर्गा गण**, पूर्ववत्, पृष्ठ ९-१० ।

८९ उही, पृष्ठ ८ ।

९० लैनसिंह बाङ्गदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, पूर्ववत्, पृष्ठ ४४-५९ । लैनसिंह बाङ्गदेल, प्राचीन नेपाली मूर्तिकलाको इतिहास, पूर्ववत्, पृष्ठ ४४-५९ । कमलादी बगलामुखी, बल्खु, कीर्तिपुर, जयवागीश्वरी, हाँडीगाउँ, मालीगाउँ, पाटन सुबहालहिटी, कमलादी गणेशस्थान, महाबौद्ध गणेशमन्दिर लगायतका उपत्यकामा पाइएका २५ भन्दा बढी सप्तमातृकाका प्राचीन मूर्तिहरू उदाहरणस्वरूप छन् ।

दानवमाता **दिति**का अनेक पुत्रहरूमध्ये हिरण्याक्ष र हिरण्यकशिपु पनि हुन् । यी दुई दैत्यराजहरूलाई भगवान् विष्णुले वराह र नृसिंह अवतार लिएर मारेपछि दितिका नाति एवं हिरण्यकसिपुका पुत्र विष्णुभक्त प्रल्हादले सांसारिक सुख त्याग गरे । उनीपछि **अन्धकासुर** असुरहरूका राजा भए । अन्धकासुरले लामो समयसम्म कठोर तपस्या गरेपछि ब्रम्हाबाट अनेक वरदान पाएर अत्यन्त शक्तिशाली भए । त्यसपछि उनले देवताहरूलाई अनेक प्रकारले सताउन थाले । उनको बर्बरताबाट त्राहिमाम भएका देवताहरूले रक्षाका लागि महादेवलाई गुहार्न कैलाश मात्र के पुगेका थिए उत्निखेरै अन्धकासुर पनि कैलाश आइपुगे र आफ्नै सामु पार्वतीलाई नै हरेर लान खोजेपछि अत्यन्त रिसाएका महादेवले अन्धकासुरसित युद्ध गर्न तयार भए । उनले तीन सुप्रसिद्ध नागहरू : **वासुकी, तक्षक** र **धनञ्जय**लाई आफ्नो शरीरमा कमरबन्दी र बाजुका रूपमा धारण गरे । नील नामका एक असुरले गुप्त रूपमा महादेवलाई मार्ने मनशायले हात्तीको रूप धारण गरे । यो कुरा नन्दीले थाहा पाए र वीरभद्रलाई तत्काल सुचित गरे । अनि वीरभद्रले पनि सिंह (हात्तीको प्राकृतिक शत्रु)को रूप धारण गरी नील हात्तीमाथि आक्रमण गरी सो हात्तीलाई मारे । वीरभद्रले नील हात्तीको छाला महादेवलाई उपहार दिए । महादेवले सो हात्तीको छालालाई उत्तरीय-वस्त्रको रूपमा धारण गरे वा ओढे । यसरी सर्पका गहना लगाई हात्तीको छाला ओढेका महादेवले आफ्नो शक्तिशाली त्रिशूल पनि धारण गरी आफ्ना गणसहित भई अन्धकासुरसित युद्ध गर्न अघि सरे । महादेवलाई थप सहायता दिनका लागि विष्णु लगायतका अन्य देवताहरू पनि उनका पछि लागे । अन्धकासुरसित भयङ्कर युद्ध भयो । युद्धमा विष्णु र अन्य देवताहरू भने टिक्न नसकी भागे । अन्त्यमा, महादेवले अन्धकासुरमाथि बाण प्रहार गरे । सो बाण लागेर अन्धकासुर घाइते भए । घाइते अन्धकासुरको शरीरबाट बेसरी रगत बग्न थाल्यो । तर अचम्म ! त्यसरी बगेको रगतका प्रत्येक थोपा चुहिएर भुइँमा झर्ने बित्तिकै अर्को अन्धकासुर उत्पन्न हुँदै त्यताबाट अनगिन्ती अन्धकासुरहरू निस्केर महादेवसित घनघोर युद्ध गर्न थाले । अन्धकासुरको शरीरबाट बगेको रगतका थोपा भुइँमा पर्न नदिन महादेवले आफ्नो मुखबाट अग्निज्वाला निकाल्दै महाशक्ति **योगेश्वरी**लाई उत्पन्न गराए । सोही प्रयोजनका लागि इन्द्र लगायतका अन्य देवताहरूले पनि आ-आफ्ना शक्तिहरूलाई आफूहरूले प्रयोग गर्ने उस्तै वाहन, ध्वजा, हतियार, आभूषण एवं आयुधहरू दिई असुर-संहारका निमित्त प्रस्थापन गराए । ती शक्तिदेवताहरूमा ब्रम्हाका **ब्रम्हायणी,** महेश्वरका **माहेश्वरी,** कुमारका **कौमारी,** विष्णुका **वैष्णवी**, वराहका **वाराही,** इन्द्रका **इन्द्रायणी** र यमका **चामुण्डा** थिए । यी सप्तमातृकाले अन्धकासुरको

शरीरबाट निस्केको रगतलाई भर्न नदिई स्वाहा पारे । र, यसरी अन्य अन्धकासुरहरू उत्पन्न हुन नपाएपछि अन्धकासुरको शक्ति ***असुर-माया*** *क्षीण भएर गयो* ***र*** *अन्त्यमा शक्तिहीन अन्धकासुरको बध गरी छाडे ।* महाकाव्य एवं पुराणहरूमा वर्णित सप्तमातृका-आविर्भावको मूल सार यही हो ।[११]

छिन्नमस्तामन्दिरभित्रका सप्तमातृकाका मूर्तिहरूमध्ये कौमारी, ब्रम्हायणी, माहेश्वरी, वैष्णवी र वाराहीका मूर्तिहरू दुवै घुँडा फारेर, खुट्टालाई आसनबाट तल भारेर, दुबै हात आरामपूर्वक घुँडामा बिसाएर, हलुका पछिल्तिर अडेस लाएको जस्तो गरेर प्रलम्बपादासन मुद्रामा टुक्रुक्क बसेका छन् । यी मातृकाहरूको त्यस किसिमले बसेको मुद्रालाई हेर्दा यस्तो लाग्छ मानौं उनीहरू भरखरै मात्र असुर-संग्रामबाट विजयी भएर आफ्नो स्वस्थानमा फर्केपछि एकैछिन थकाइ मार्न बसेका हुन् ।[१२] पाटन, हौगलबहालकी मातृदेवी (ई.सं.दोस्रो शताब्दी) को मूर्तिको मुद्रा एवं अवस्थान पनि दुरुस्त उस्तै छ । कुमारीको मूर्तिबाहेक अन्य मूर्तिहरू खिइसकेका छन् तापनि समग्रमा उनीहरूका मोटा-मोटा र कसिएका हात पाखुरा र तिघ्रा, सानो कम्मर र फराकिला बक्षस्थललाई हेर्दा सुन्दरताभन्दा पनि शौर्यशाली

---

११ Gopinatha Rao, **Elements of Hindu Iconography**, Delhi : Motilal Banarsidass, 1968, pp.379-81.
वराहपुराणले योगेश्वरीलाई प्रथम मातृकाको रूपमा उल्लेख गर्दै मातृकाहरूको संख्या आठ वताएको छ । यद्यपि अन्य पुराण एवं आगमहरूले भने सात संख्या नै उल्लेख गरेको पाइन्छ । **वराहपुराण**ले यी मातृकाहरूलाई नैतिक दृष्टिले विकार नाश् पार्ने आठ मानसिक गुण समान मान्दै *योगेश्वरी*लाई **काम**, *माहेश्वरी*लाई **क्रोध**, *वैष्णवी*लाई **लोभ**, *ब्रम्हायणी*लाई **मद**, *कौमारी*लाई **मोह**, *इन्द्रायणी*लाई **मात्सर्य**, *चामुण्डा*लाई **पैशुन्य** (छुल्याइँ) र *वाराही*लाई **इर्ष्या**को प्रतीक मानेको छ ।

१२ रोचक कुरा के छ भने स्थानीय बासिन्दाहरूमाभ्र यी मातृकाहरूको त्यस प्रकारले बसेको मुद्रा बारेमा एउटा भिन्नै कथा चलेर आएको छ । त्यो कथा यस्तो छ : *चाँगु, छिन्नमस्ताका यी अष्टमातृकाहरू (इन्द्रायणी लगायत) रातको समयमा दैत्यहरूसित युद्ध गर्न मनोहरा पारि गएका थिए । दिनको समयमा युद्ध गर्दा मानिसहरू पनि मर्ने वा घाइते हुने र उनीहरूमा भय पैदा हुने हुनाले यी मातृकाहरू रातको समयमा गएका हुन् । रातको अन्तिम प्रहर सकिएर उज्यालो हुनलाग्दा सबै दीदीवहिनीहरू दैत्यलाई सखाप पार्दै युद्धस्थलबाट फर्केछन् तर इन्द्रायणी भने खोला पारि नै छुटेछन् । यसैले छिन्नमस्तामन्दिरमा सात दिदीवहिनी मात्र रहेका हुन् र इन्द्रायणी भने त्यसैवेलादेखि उतै बसेकी हुन् । र, युद्धबाट फर्केका यी दिदीवहिनीहरूलाई थकाइ लागेको हुँदा उनीहरू थकाइ मार्न चौकामा त्यसरी टुक्रुक्क बसेका हुन् ।*
यो कथा सप्तमातृकाको लोकप्रियता ओभेलमा पर्दै गएपछि, अष्टमातृका मतको विकास, एवं व्यापक लोकप्रियतासंगै जोडिएर आएको विदित हुन्छ ।
कथा साभार : देवनारायण श्रेष्ठ, मगामटोल, चाँगु ।

अधिक लाग्छन् । वीरताको भाव झल्कने यी मूर्तिहरूमा कम्मरभन्दा माथिको भाग खुलै छन् भने तल्लो भागमा पातलो वस्त्र धारण गरेका छन् र वस्त्रको मुजा हौगलबहालकी मातृदेवीको जस्तै आसनदेखि उस्तै रीतले तल कलात्मक रूपले झारेका छन् । सबै मातृकाहरूले घाँटीमा एकसरो माला, कानमा ठूलाठूला र बाटुला कर्णकुण्डल र गोडामा पनि ठूलाठूला बाटुले कल्ली लगाएका छन् ।

छिन्नमस्तामन्दिरभित्र सप्तमातृकाका मूर्ति लहरमा, वाराहीमूर्तिको बायाँपट्टि रहेको मूर्ति **चामुण्डा**को हो । (चित्र संख्या ४३) यस मन्दिरसित सम्बद्ध तान्त्रिक पुजापद्धति, विधिविधान, पुजारीवर्ग एवं भक्तजनहरूले पुकार्दै आएको नाम लगायत अभिलेख प्रमाणहरूका आधारमा सप्तमातृकामध्येकी प्रमुख देवी यिनै चामुण्डा हुन् र, यिनी तान्त्रिक विधिविधानले गुप्त रूपमा **छिन्नमस्ता** रूपमा मान्यपुज्य रहिआएकी हुन् भन्ने कुरा जानिन्छ । नेपाल र भारतका शाक्त तान्त्रिक साधकहरूले छिन्नमस्तालाई पुकार्ने एक नाम **प्रचण्ड-चण्डिका** पनि हो । हामीले माथि यस मन्दिरको ने.सं.७९९/वि.सं.१७६६ काष्ठतोरण-अभिलेखको चर्चा गर्‍यौं । त्यसमा यिनलाई **श्री ३ यिताजु चामुण्डा परमेश्वरी** भनी पुकार गरिएको छ । छिन्नमस्ता/चामुण्डाको प्रस्तरमूर्ति परवर्ती कालका धातुका वस्त्र, आभूषण एवं पाताले पुरै ढाकिएको छ । यसो हुँदा भित्रको मूल मूर्तिको रूप कस्तो छ भन्ने कुरा पत्ता लाग्दैन । त्यसमध्ये धातुको तलको वस्त्र सार्न मिल्ने भएकोले सो मूर्तिको त्यहाँको केही भाग भने हेर्न सकिन्छ तर त्यसभन्दा माथिको भागमा धातुका पाता एवं मुकुट किल्लाले ठोकिइराखिएकोले सिङ्गो मूर्तिको दर्शन मिल्दैन । देख्न सकिने जति भाग भने अनौठो प्रकारको ठम्याउनै नसकिने भएको छ तर अलिकता गहिरिएर हेरेको खण्डमा यो मूर्ति पनि यसै लहरका सप्तमातृकाका अन्य मूर्तिहरू अंकन गरिएका प्रस्तरका प्रकारसित दुरूस्त मेल खान्छ । यसको लम्बाइ र चौडाइ पनि लगभग अन्य मातृकाहरूकै जत्रो छ । यो मूर्ति पनि अन्य मूर्तिहरू जस्तै खिइसकेको छ । यताबाट यो मूर्ति पनि अन्य मातृकाका प्राचीन मूर्तिहरूकै समकालीन हो भन्ने कुरा भने निश्चित रूपले थाहा हुन्छ । यस मूर्तिलाई ढाकिएको धातुको पातामा **तिपुल-आगमका अमात्यहरूको ने. सं. ९४४ को अभिलेख** कुँदिएको छ ।[९३] सो अभिलेख यस्तो छ :

---

९३ यो अभिलेख छिन्नमस्तामन्दिरका पुजारी प्रचण्डमान कर्माचार्यले देखाइदिनु भएको हो ।

१. ***ॐ सम्वत् ९४४ कातिक सुदि १५(?) स ॥ श्री३ यतामाजु प्रितिन : श्री दागम***
२. ***तिपुलया अमाते हनुमतसि भाजुधं सदासिवः लच्छिमि एलसि***
३. ***थ्व प्यम्ह फुकिस्येन थ्व जोराः मतुक दुता : ॥ शुभं : ॥***

(ने. सं. ९४४ मा श्री ३ यतामाजु प्रीति गरी तिपुल-आगमका अमात्य हनुमतसि, भाजुधं, सदासिव लच्छिमि यति चार जना दाजुभाइले यो एक जोर मुकुट चढायौं ।)

नेवार समुदायका एक प्रतिष्ठित वर्ग **अमात्य** पनि हुन् । परवर्तीकालकै भए पनि अमात्यहरूको बारेमा थोरै भए पनि प्रकाश पार्ने यो पनि एक महत्त्वपूर्ण अभिलेख हो । प्राचीनकालदेखि नै अमात्य वर्गले नेपालको शासन प्रशासनमा राजाका साथमा रही राजकाज चलाउन मद्दत गर्ने प्रमुख व्यक्ति वा मन्त्रीको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको विदित हुन्छ । देउपाटनको नरेन्द्रदेवको पालाको अभिलेखमा आएको एक साक्षी **अमात्यभगवचन्द्र** ले पनि यस कुराको प्रकारान्तर पुष्टि मिल्छ ।[९४] इतिहासको कालप्रवाहमा धर्म, संस्कृति र सम्पदाको संरक्षण एवं समृद्धिमा पनि उनीहरूले योगदान गर्दै आएको दृष्टिगोचर हुन्छ । यो अभिलेख पनि यस कुराको अपवाद होइन । चामुण्डा/छिन्नमस्ता अमात्यहरूको कुलदेवताको रूपमा रहिआएको कुरा यस अभिलेखले प्रत्यक्ष-प्रकारान्तरमै पनि जानिन्छ । यसो हुँदा हरेक वर्ष ललितपुरका अमात्यहरू यस मन्दिरमा **येतामाजु**/छिन्नमस्ता/ चामुण्डाको दर्शनपुजन गर्न आउने परम्परा आज पनि वर्तमान छ ।[९५]

छिन्नमस्तामन्दिरभित्र सप्तमातृकाका मूर्ति लहरमा **चामुण्डा/ छिन्नमस्ता**मूर्तिको बायाँपट्टि रहेको मूर्तिका देवता **महालक्ष्मी** हुन् । (चित्र संख्या ४३) महालक्ष्मीको अर्को तान्त्रिक नाम रूप **संकटा** पनि हो । नेपाल

---

९४ हरिराम जोशी, **नेपालको प्राचीन अभिलेख**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३०, पृष्ठ ४६७ ।

९५ चाँगुनारायणमन्दिरका पुजारी चक्रधरानन्द राजोपाध्याय एवं छन्नमस्तामन्दिरका पुजारी प्रचण्डमान कर्माचार्यहरूका अनुसार ललितपुरका अमात्यहरू यस मन्दिरमा वार्षिक-पुजा गर्न आउँछन् । ललितपुर दौ बाहाःका अमात्यहरू कार्तिक शुक्ल अष्टमीका दिनमा **द्वार वर्षबन्धन पुजा** (द्वार पुजा) गर्न आउँछन् । त्यसैगरी ललितपुर कुपण्डोलका अमात्यहरू मंसीरकृष्ण प्रतिपदाका दिन **छ्यदन वर्षबन्धन पुजा** (छाना पुजा) गर्न आउँछन् ।

लगायत भारतमा नवरात्रपर्वताका आठौं दिनमा सिद्ध हुने देवी महालक्ष्मीलाई **संकटा** रूपमा पनि दर्शनपुजन एवं तीर्थस्नान गर्ने परम्परा रहिआएको विदित हुन्छ । यिनको एक तान्त्रिक रूप **विकट मातृका** पनि साधकहरूमा प्रचलित रहिआएको जानिन्छ ।

चाँगुका पुजारीवर्ग लगायत स्थानीय बासिन्दाहरूमा महालक्ष्मी **संकटा** नामले प्रसिद्ध रहिआएकी छिन् । महालक्ष्मीको यो मूर्तिलाई अलिकता गहिरिएर हेरेको खण्डमा हाम्रो सामु यस मूर्तिमा **महिषमर्दिनी दुर्गा भवानी**को रूप दर्शनीय हुन आउँछ । यो कुरा महत्त्वपूर्ण छ । यस मूर्तिको मुखाकृति र कौमारीको मुखाकृति (चित्र संख्या ३८) दुरूस्त लाग्छ । कैयनकालदेखि यस मूर्तिमा लाग्दै आएको अबीर, तेल इत्यादिका पत्रले ढाकेकाले धेरै कुरा स्पष्ट देखिंदैन । तापनि महिषमर्दिनीको अबीरले छोपिएको दायाँ कान नदेखिए तापनि बायाँपट्टिको कानमा यिनले ठूलो कर्णकुण्डल लगाएकी छिन् । यिनका चार हात छन । ती हातहरू पनि मोटामोटा र कसिएका छन् र हातको नाडीमा तीन तहको बाटुलो बाला लगाएकी छिन् । यिनले बायाँ हातले महिषलाई चल्नै नसकिने गरी त्यसको पुच्छरलाई बलैले बेसरी च्याप्दै, दायाँ हातमा लिएको त्रिशूलले सो महिषलाई रोपेर मार्न लागेकी छिन् । त्यसरी मार्न लाग्दा पैदा हुने तल्लीनता एवं बलप्रयोगको भाव तिनको मुखमण्डलमा पनि स्पष्टै अनुभूत गर्न सकिन्छ ।

छिन्नमस्तामन्दिरभित्रका सप्तमातृकाका मूर्तिहरूमा पाइने विशेषताहरू मथुरा-कुषाणकालीन शैली लक्षणका छन् । काठमाण्डौ उपत्यकामा : कीर्तिपुरका सप्तमातृका (ई.सं. दोस्रो शताब्दी), बल्खुका सप्तमातृका (ई.सं.दोस्रो-तेस्रो शताब्दी), बगलामुखीका सप्तमातृका (ई.सं.तेस्रो शताब्दी), पाटन सुबहालहिटीको सप्तमातृका (ई.सं.तेस्रो शताब्दी), कमलादी गणेशस्थानका सप्तमातृका (ई.सं.पाँचौं शताब्दी) लगायत पाँचौ-छैटौं शताब्दी अघिका मातृकागणका प्रायः सबैजसो प्राचीन मूर्तिहरू ललितासन मुद्रामा बसेका छन् ।[९६] चाँगुका सप्तमातृका भने भिन्नै, प्रलम्बपादासन मुद्रामा बसेका छन् । हौगलबहालको मातृदेवी भने यसै मुद्रामा छिन् ।

---

९६ क Hari Ram Joshi, **Pages of the Forgotten Past,** Lalitpur : Sushil Ram Joshi, Lalitpur, 1998, Illustrations : Matrikas, Kirtipur, Ca. 2nd- Cent.A.C.
ख लैनसिंह बाङ्देल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, पूर्ववत्, पृष्ठ ४६-५९, चित्र संख्या : ५,१०,१२,१३,१४,१६,१७, २५,३०,३४ ।
ग स्थलगत अवलोकन ।

प्रलम्बपादासन मुद्रामा बसेका मातृकाका मूर्तिहरूका तुलनामा ललितासनमा बसेका सप्तमातृकाका मूर्तिहरू परिमार्जित लाग्छन् । यस्तो प्रतीत हुन्छ मानौ छिन्नमस्तामन्दिरका उमा-महेश्वर, गणेश मात्र नभएर एकै स्थानमा रहेका सप्तमातृकाका यी सातवटै मूर्तिहरू पनि उपत्यकामा आजसम्म पाइएका सप्तमातृकाका प्राचीन मूर्तिहरूमध्येका सर्वप्राचीन हुन् ।[१७] उपत्यकामा सप्तमातृकाको मूर्ति अंकनको आरम्भ पनि छिन्नमस्तामन्दिरका सप्तमातृकाबाटै भएको प्रतीत हुन्छ । यी आधारहरूले हामी छिन्नमस्तामन्दिरका सप्तमातृकालाई ईस्वीको प्रथम-दोस्रो शताब्दीतिरको मान्न सक्दछौँ ।

सप्तभैरव (चित्र संख्या ४४)

---

१७ वाङ्गदेल र खनालले छिन्नमस्तामन्दिरभित्रका चारवटा मातृकाहरूका वारेमा मात्र उल्लेख गरेका छन् । वाङ्गदेलले कौमारी, वम्हायणी, माहेश्वरी र वाराही र त्यसैगरी खनालले ब्रम्हायणी, महिषमर्दिनी, वाराही, कौमारीको मात्र चर्चा गरेका छन् ।[क] मातृकाहरूको पहिचान र संख्याका वारेमा पनि यी विद्वानहरूमा भ्रम परेको देखिन्छ । त्यहीं संगैका विष्णुवी र चामुण्डालाई यी विद्वानहरूले देखेर पनि चिनेनन् वा विर्सेका छन् । खनालले महालक्ष्मीको बाहिरी बनौटको महिषमर्दिनी रूप मात्र देखे, तिनको गुप्त पारिएको महालक्ष्मी रूप देखेनन् । स्थानीय वासिन्दाहरूले सदियौंदेखि मान्दैपुज्दै प्रत्येक दिन अनेकपल्ट दर्शन गर्दै आएको एउटै लहरमा प्रतिष्ठाकालदेखि रहेका यी सप्तमातृका दिदीवहिनीहरूलाई वाङ्गदेलहरूले देखेजस्तो सोचेजस्तो 'कतै छरिएर, कोही कता पुगे, कोही त्यहीं अलपत्र परिरहेका ... चारवटा प्राचीन सप्तमातृकाका मूर्तिहरू ...' मात्र होइनन् ।[ख] यथार्थमा त्यहाँ एउटै लहरमा सप्तमातृकाका सातवटै प्राचीन मूर्तिहरू यथास्थानमै छन् । ती हराएका पनि छैनन्, अलपत्र परिरहेका पनि छैनन् र प्रतिष्ठाकालदेखि आफ्नो मूलस्थानमै छन् भन्ने कुरा सहजै अनुभूत हुन्छ ।

क/१ लैनसिंह वाङ्गदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, पूर्ववत्, पृष्ठ ४६-४७ ।

क/२ मोहनप्रसाद खनाल, चाँगुनारायणका ऐतिहासिक सामग्री, पूर्ववत्, पृष्ठ ६३-६४ ।

ख लैनसिंह वाङ्गदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, पूर्ववत्, पृष्ठ ४६ ।

महालक्ष्मी/महिषमर्दिनीदुर्गाभवानीको बायाँपट्टि मानिसको टाउको जत्रै, रूप नभएको मस्तकाकार प्राचीन प्रस्तरहरू एकै ठाउँमा गुजमुज्ज ढङ्गले प्रतिष्ठापित छन् । चाँगुका पुजारी वर्ग, स्थानीय बासिन्दाहरू लगायत छिन्नमस्तामन्दिरका उपासकहरूले यी मस्तकाकार प्रस्तरहरूलाई भैरव रूपमा पुजा उपासना गर्दै आएका छन् ।

चराचर जीवजगत प्रकृति+पुरुषमय छ । यो विज्ञानमय छ शिवशक्ति जस्तो शाश्वत सत्य ! **दुईले एक** भइरहने यो अपरिहार्य सनातन-सत्यमा कहिले सृष्टि त कहिले संभार अनि कहिले संहारका चीरन्तन रूप अवस्था सदाकाल दर्शनीय भइरहेकै हुन्छ । यो कहिले शान्त हुन्छ त कहिले उग्र । शान्त र सौम्यावस्थामा शिव+पार्वतीको दर्शन मिल्छ । उग्र रूपमा भैरव+मातृकाको दर्शन मिल्छ । यति सानो हाम्रो छिन्नमस्तामन्दिरभित्रैकै संसारलाई हेरौं न ! त्यहाँ शान्त र सौम्यभावका उमा+महेश्वर छन् । उमा+महेश्वरकै सामुन्नेमा उनीहरूका उग्र स्वरूपका सप्तमातृका+सप्तभैरव पनि छन् । हामीलाई यी मस्तकाकार प्रस्तरहरूले सप्तमातृकाका पतिभैरवहरूको स्मरण स्वतः गराएको छ । ध्यानपूर्वक हेरेको खण्डमा हामीलाई यहाँ चारवटा मस्तकहरूको मात्र दर्शन मिल्छ । यो कुरा अर्थपूर्ण एवं गहन लाग्छ । यसले हामीलाई भैरव-उत्पत्तिबारेको एक भिन्नै पौराणिक कथाको स्मरण गराउँछ । वामनपुराणमा वर्णित उक्त कथा यस्तो छ :

अन्धकासुरसित उत्पातको युद्ध भइरहेको समयमा अन्धकासुरले महादेवको मस्तकमा जोरले प्रहार गर्दा महादेवको मस्तकबाट रगतका पाँच धारा बगे । ती पाँच धारा रगतमध्ये पूर्व दिशामा बगेको रगतको धाराबाट **विदुराज** भैरव, पश्चिम दिशामा बगेको रगतको धाराबाट **नागराज** भैरव, उत्तर दिशामा बगेको रगतको धाराबाट **स्वच्छन्दराज** भैरव, दक्षिण दिशाबाट बगेको रगतको धाराबाट **रामराज** र बाँकी बचेको रगतको धाराबाट **लम्बितराज** भैरवको उत्पत्ति भयो । महादेवका यी पाँच महा उग्ररूप हुन् । यसरी भैरवरूप धारण गरी महादेवले अन्धकासुरसित भयङ्कर युद्ध गरी अन्धकासुरको वध गरे । यसैकारण महादेव **अन्धकारि**, **अन्धकान्तक**, **अन्धकरिपु** आदि नामले विख्यात भए ।[९८]

---

९८ हरिराम जोशी, **प्रदीप अभिनव संस्कृति विश्वकोष**, भक्तपुर : वर्कर्स पब्लिकेसन्स, २०७०, पृष्ठ ६७७ ।

यसरी छिन्नमस्तामन्दिरभित्र चारवटै मात्र भैरवमस्तकहरू प्रतिष्ठापित हुनुले पनि यिनको प्राचीनता बोध हुन्छ । यी चार भैरवमस्तकले हामीलाई प्रतीकात्मक रूपमा महादेवका प्रत्यक्ष दर्शनीय हुने **चतुर्मुख** एवं ईशान मुख अदृश्य भएको समेत गरी मूल रूपमा **पंचमुख**को विशेष स्मरण गराएको छ । अर्को कुरा, जहाँ जति संख्याको मातृका गण हुन्छ त्यहाँ त्यति नै संख्याको भैरव पनि अपरिहार्य रूपमा रहेका हुन्छन् । जस्तै पंचमातृका छन् भने पंचभैरवको बोध हुन्छ, सप्तमातृका छन् भने सप्तभैरवको र त्यसैगरी अष्टमातृकाका अष्टभैरव लगायत दशमहाविद्याका दशभैरवको उपस्थिति-बोध हुन्छ । यताबाट हामीलाई छिन्नमस्तामन्दिरभित्र सप्तमातृकाका साथमा यी भैरवमस्तकहरूले सप्तभैरवको अस्तित्व-बोध गराएको छ । सप्तभैरवको एक प्राचीन समूह सप्त जिह्वाबाट प्रकट हुने निम्न नामका सप्तभैरव हुन् : १.मन्थानभैरव २.फट्कारभैरव ३.षट्चक्रभैरव ४.एकात्मभैरव ५.हविर्भक्ष्यभैरव ६.चण्डभैरव ७.भ्रमरभाष्करभैरव ।[९९]

भैरवको उपस्थिति वेदकालमा देखिंदैन । पुराणकालमा भने यिनको महत्त्व बढेर आएको देखिन्छ । मूर्तिकलाका दृष्टिले भारतको अहिच्छत्रामा प्राप्त मृत्फलकमा अंकित महाभैरवको मूर्ति उल्लेख्य छ । कुषाण पूर्वकालदेखि घोर रूपका भैरवमस्तक एवं सग्ला मूर्तिहरू बन्न थालिसकेको देखिन्छ ।[१००] महादेवको द्विविध स्वरूपमध्ये (सौम्य र घोर) घोर रूप भैरव हो । अहिच्छत्राको आकार प्राप्त महाभैरवको मूर्ति लगायत छिन्नमस्ताका आकारविहीन सप्तभैरव/भैरवमस्तकहरू उदाहरणस्वरूप छन् । यी प्राचीन भैरवमस्तकहरूका बारेमा यस अघि कसैले पनि चर्चा गरेको छ जस्तो मलाई लाग्दैन । यसरी अन्वेषणका क्रममा पहिलोपल्ट यसरी फेला पर्न आएका यी भैरवमस्तकहरू सप्तमातृकाका समकालीन पतिभैरव हुन् भन्ने कुरा निश्चित रूपले जानिन्छ । यस आधारमा हामी नेपालमा भैरवमत एवं संस्कृतिको

---

९९ हरिराम जोशी, **अभिनव संस्कृति कोष**, पूर्ववत् पृष्ठ २२२ ।

१०० क डा.नीलकण्ठ पुरुषोत्तम जोशी, **प्राचीन भारतीय मूर्तिविज्ञान**, पूर्ववत्, पृष्ठ ३२,३४,४२ ।
ख हरिराम जोशी, **प्रदीप अभिनव संस्कृति विश्वकोष**, पूर्ववत्, पृष्ठ ६७५ ।
महादेवका अन्य प्राचीन भयानक भैरव रूपहरू **अघोर, वीरभद्र, चण्ड, भैरव, महाकाल, विरूपाक्ष** आदि हुन् । विष्णुको भयानक रूप **नरसिंह** हो भने महादेवको **भैरव** ।

सर्वप्राचीन नमुनाका रूपमा छिन्नमस्तामन्दिरका यी सप्तभैरव/भैरवमस्तकहरूलाई मान्न सक्दछौं ।[१०१]

खड्ग (चित्र संख्या ४५)

कैयन कालदेखि खिया लाग्दा-लाग्दा लागेका खियाका पत्रले नै ढाकेर खिया लाग्न छाडिसकेको अवस्थाको एउटा ठूलो फलामे खड्ग छिन्नमस्तामन्दिरभित्र उत्तरपश्चिम कुनामा छ । ८ से.मि. चौडा र लगभग १९६ से.मि. लम्बा यो खड्गको करीब ४६ से.मि. टुप्पोसहितको भाग माथि छतभित्र घुसेको अवस्थामा छ । अन्धकासुर वध गर्न यही दिव्य खड्गको प्रयोग थियो भन्ने धार्मिक-भाव यसलाई हेरेर मनमा पैदा हुन्छ । बडा दिव्य

---

१०१ समाजमा सुख, शान्ति, समृद्धि र एकताभाव कायम गरी राख्न धार्मिक समन्वय र सद्भाव एवं सांस्कृतिक एकता र सह-अस्तित्व अपरिहार्य कुरा थियो । यसो हुँदा त्यही सन्देश लौकिकजीवनमा प्रवाहित गर्न शिव र विष्णुमा भेद छैन भन्ने एक थरी मत पनि प्राचीनकालदेखि नै चलेर आएको विदित हुन्छ । **हरिहर** उदाहरणस्वरूप छ । यसै कुराको उल्लेख्य प्रयोगात्मक-उदाहरण छिन्नमस्तामन्दिरभित्रका यी भैरवमस्तकहरूवाट पनि मिल्छ । शिव वा हरको भयानक रूप भैरव हो । **छिन्नमस्ता** छिन्नमस्तक नारायणका मात्र नभएर छिन्नमस्तक भैरवका पनि शक्ति हुन् भन्ने कुरा यतावाट थाहा पाइन्छ । अर्को कुरा चाँगुका यी उच्चतम् प्राचीन देवताहरू नारायण, छिन्नमस्ता लगायत भैरव पनि **छिन्नमस्तक-वैशिष्ट्य**मा नै देखिनआएका छन् । हामीले उपत्यकाका यसभन्दा केही पछिका अन्य प्राचीन देवताहरूतिर दृष्टि दिँदा उनीहरू पनि मस्तकमात्र भएका देवताहरूका रूपमा दर्शनीय हुन आउँछन् । कान्तिपुरको इन्द्रजात्राका उच्चतम् देवता **आकाशभैरव**, जसलाई यहाँका नेवारहरूले **यलम्बर** रूपमा समेत दर्शनपुजन गर्छन्, काठ वा मृत्तिकाका **हाथु द्यः भैरव**हरू, इन्द्रध्वजोत्थान गर्दा काष्ठस्तभ्ममा प्रतिष्ठापित गरिने **इन्द्रमस्तक**, भक्तपुरका उच्चतम् देवता **विश्वनाथ भैरव/आकाशभैरव**, मातृकागणका देवगृहहरूमा प्रतिष्ठापित **मातृकागण** एवं **गणनाचका मुखुण्डोहरू** लगायत देवमन्दिरहरूका मूलद्वारका दायाँवायाँ भित्ताहरूमा स्थापित **कीर्तिमुख भैरव** उदाहरणस्वरूप छन् । यसरी प्राचीन देवस्थल चाँगुको सानो संसारवाट उपत्यकाका देवताहरूलाई हेर्दा यो सिङ्गो उपत्यका नै छिन्नमस्तक वा मस्तकमय लाग्छ । यतावाट यो उपत्यका मस्तक-संस्कृतिको मूल थलो हो भने त्यसको पनि मुहान चाँगु देवस्थल हो भन्ने कुरा जानिन्छ । भैरवमस्तककै प्रसङ्गमा उपत्यका भैरवमय एवं भक्तपुर अझ विशेष भैरवमय लाग्छ । किनभने भक्तपुरमा मनाइने विशेष जात्रा **विस्केटजात्रा** हो । सो जात्राका प्रमुखदेवता मस्तकमात्र भएका विश्वनाथ भैरव वा आकासभैरव नै हुन् । मस्तक-संस्कृतिकै इतिहासलाई अझ फर्केर हेर्ने हो भने महाभारतकालमा पुग्नुपर्ने हुन्छ जहाँ भगवान् श्रीकृष्णले पाण्डव र कौरवको युद्ध हेर्न हस्तिनापुर आएका **एकलव्यलाई** छल गरी आफ्नो सुदर्शन चक्रले शिर छेदन गरेका थिए । त्यसपछि 'अव मैले युद्ध हेर्न नपाउने भएँ !' भने पछि श्रीकृष्णले उनको मस्तकलाई यथास्थानमा राखी सो युद्ध देखाइदिएको कथा छ । यसरी एकलव्यको मस्तकबाट मस्तकभैरवको उत्पत्ति एवं परम्परा चलेको मान्यता पनि रहिआएको छ ।

लाग्ने यो खड्गको विशेष पूजा दशैंताका चल्छ ।[१०२] यो खड्गमा अभिलेख पनि कुँदिएको छ कि भनी यसको देखिने जति भागमा हेरियो तर पाईएन । यसको पार्श्वभाग र टुप्पोसहितको छतभित्र घुसेको भागमा के छ त्यो भने हेर्न दुर्बोध भएको छ । सरसरी हेर्दा यो खड्ग उत्तरप्राचीनकालतिरको हो कि भन्ने अनुमान हुन्छ ।

चित्र संख्या ४५ : खड्ग, छिन्नमस्तामन्दिर, लिच्छविकालीन ।

---

१०२ छिन्नमस्तामन्दिरका पुजारी प्रचण्डमान कर्माचार्यका अनुसार देशमा राजतन्त्र चलेका समयमा शाह राजाहरूले खड्ग पुजा गर्न आउँथे । सैनिकहरू भने प्रत्येक वर्ष दशैंमा पुजा गर्न आउँछन् ।

यस प्रकार छिन्नमस्तामन्दिरभित्रका माथि उल्लेखित प्राचीन सम्पदाहरूले पनि हाम्रो इतिहासलाई मानदेव प्रथमको अभिलिखित समयभन्दा पनि चारौँ-पाँचौ शताब्दी अघि पुऱ्याएको छ । छिन्नमस्तक चाँगुनारायणको मूर्ति एवं मन्दिर, छिन्नमस्तामन्दिर एवं सो मन्दिरभित्रका उमामहेश्वर, सप्तमातृका, गणेश, कुमार, लगायत मस्तकभैरवहरूको प्रतिष्ठापन ईस्वीको प्रथम-दोस्रो शताब्दीतिर भइसकेको थियो ; नेपालमा वैष्णव मत मात्र नभएर तान्त्रिक स्वरूपको शाक्त मत लगायत तान्त्रिक शैव एवं भैरव मत समेत ईस्वीको आरम्भदेखि नै प्रचारमा आएर लोकप्रिय भइसकेको थियो भन्ने पुरातात्त्विक आधार मिलेको छ ।

सातसय बस्ती नौ सय फेरा

विगतलाई वर्तमानले नभएर विगतकै समय र सोचले फर्केर हेर्दा मात्र हाम्रा सामु विगत वर्तमान हुन आउँछ । उदाहरणको रूपमा चाँगुलाई नै लिउँ ! सामान्यत: वर्तमानको चाँगुले हाम्रा सामु डाँडोको शिरमा बसेको नारायणमन्दिर एवं त्यसको आसपासमा बसेको सानो परम्परागत नेवारबस्तीको मात्र स्मरण हुन्छ । तर यसको आजसम्म पनि कुनै न कुनै रूपमा जीवन्त रहिआएको सांस्कृतिक-भूगोललाई समेत ध्यानपूर्वक अध्ययन गर्ने हो भने हाम्रा सामु डाँडोमा बसेको नारायणमन्दिर एवं यसको वरपरका बस्ती आजको महानगर जत्रै चारैतिर फैलिएर रहेको प्राचीन बृहत् नगरबस्तीको शिर रहेछ भन्ने कुराको निश्चित-आभास हुन्छ । चाँगुभेक एवं यसको आसपास र टाढाका बस्तीका बासिन्दाहरू विगतमा यस भेकमा बृहत् रूपमा फैलिएर रहेको महानगर थियो यसैकारण यो विशाल भेक 'सातसय बस्ती नौ सय फेरा' भनी कहलिएको कुरा सुनाउँछन् । सुन्दा यो लोकोक्ति अनौठो र अपत्यारिलो लाग्छ । तर यसले संकेत गरेको कुरातिर गहिरिएर विचार गर्ने हो भने सत्य प्रतीत लाग्छ । चाँगुभेक नेपालकै पहिलो महानगरको शिर रहेको कुरा यसले औँल्याएको छ । यस कुरालाई पुष्टि गर्ने पुरातात्त्विक एवं सांस्कृतिक आधार निम्न छन् :

१. पुरातात्त्विक आधार

केही समय अघि मात्र फेलापरेको झौखेलधाराको **शिवदेव+अंशुवर्माको अभिलेखमा** यहाँका जनताहरूको कुशल मङ्गलको

कामना गर्ने क्रममा यस भेकलाई **थंखोपृंद्रङ्ग** भनिएको छ ।[१०३] भक्तपुर शहरको उत्तरपट्टि माथिल्लो भागमा झौखेल बस्ती छ । झौखेल चाँगुको दक्षिण काखमा छ । झौखेलको दक्षिणमा **कासां खुसि/खासाङखुसुङ्** खोला छ । सो खोलाले भक्तपुर शहर र झौखेललाई छुट्याएको छ । सो खोलापारि उकालो चढी गएपछि माथि झौखेलबस्तीमा पुगिन्छ । भौगोलिक दृष्टिले यो कुरा महत्त्वपूर्ण छ । भौगोलिक विशेषताले पनि नामकरण गर्ने संस्कृति हाम्रो यहाँ हजारौं वर्ष अघिदेखि लौकिक जीवनमा चली आएको पाइन्छ । 'थंखोपृं' हाम्रो सामु उदाहरण भएर आएको छ । यहाँ 'खोपृं' (खोपृङ्) को अघिल्तिर लागेको '**थं**' ले माथिल्लो भेक भन्ने जनाएको छ । नेपालभाषामा भक्तपुरलाई 'ख्वप' भनिन्छ । ख्वप को पूर्व रूप 'खोपृं' हो । **खोपृं** संस्कृत भाषाको नभएर जनभाषाको शब्द हो । नेपालमा लिच्छविहरूको आगमन पूर्व नै आजको भक्तपुरभेकमा ईस्वीको आरम्भभन्दा पूर्वकालतिर वा भनौं नेपालमा शासन गर्ने प्रथम राजवंश **गोपाल**हरूको समयतिर नै बस्ती बसिसकेको दृष्टिगोचर हुन्छ । प्राचीनकालमा आजको भक्तपुरभेक खोपृं (**खोपृङ्ग्रामप्रदेश**) कहलिएको थियो । खोपृंप्रदेशभित्र **खृपुं, माखोदुलु, माखोपृं** एवं हाल प्रकाशमा आएको **थंखोपृं** लगायत अनेक नामका बस्तीहरू थिए । ईस्वीको छैटौं शताब्दीसम्म आईपुग्दा उपत्यकाका कतिपय बस्तीहरू आर्थिक, भौतिक, सामाजिक, धार्मिक-सांस्कृतिक आदि अनेक दृष्टिले शहरी बस्तीकै रूपमा विकसित हुँदै जाँदा **द्रङ्ग** (शहर विशेष) कहलिएका थिए । एउटा **द्रङ्ग**भित्र अनेक **ग्राम** (गाउँ) एवं **तल** (सम्म परेका फाँट वा टार जस्तै चाँगुभेकका हनुमानटार, नारायणटार एवं चरणटार आदि) पर्दथे ।[१०४]

---

[१०३] पुरुषोत्तमलोचन श्रेष्ठ, 'झौखेलमा फेलापरेका लिच्छविकालीन सम्पदा', पूर्ववत् पृ.३२ ।
स्वस्ति मानगृहादपरिमितगुणसमु (दयोद्भासितयशा वप्प) पादानुध्यातो लिच्छविकुलकेतुर्भट्टा (रकमहाराज श्रीशिवदेवः) कुशली ***थंखोपृसतलद्रङ्ग*** *निवासिन : (प्रधानपुरस्सरान्ग्राम)* (कल्याण होस् । मानगृह (दरवार) वाट अनगिन्ती गुणको थुप्रोले सफा कीर्ति फैलिएका, बप्प (बुवा) का पाउको अनुग्रह पाएका, लिच्छविकुलको झण्डास्वरूप भएका, गाथमा आराम रहेका, भट्टारक महाराज श्रीशिवदेववाट तलसहितको थंखोपृम् द्रङ्गमा बस्ने मुखियालगायत ग्रामका गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ ।)
(अनुवाद साभार : धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ २५० ।)

[१०४] क धनवज्र वज्राचार्य, 'लिच्छविकालका शासनसम्वन्धी पारिभाषिक शव्दको व्याख्या', **पूर्णिमा**, १०/२०२३, पृष्ठ १७ ।
ख पुरुषोत्तमलोचन श्रेष्ठ, 'झौखेलमा फेलापरेका लिच्छविकालीन सम्पदा, पूर्ववत्, पृष्ठ ३६ ।
थंखोपृंद्रङ्ग (माथिल्लो भक्तपुर : दुवाकोट, झौखेल, पीखेल, छालिङ्ग, सुडाल लगायत चाँगुभेक) एवं **माखोपृंद्रङ्ग** (तल्लो भक्तपुरको गोलमढी, सुकुलढोका, साकोथा, तुलाछे लगायतको मुख्य शहरी

यताबाट माथिल्लो भेकको भक्तपुरलाई बुझाउने जनभाषाको शब्द **थंखोपृं** हो भन्ने कुरा निश्चित रूपले थाहा पाइन्छ । **खोपृङ्ग्रामप्रदेश** लिच्छविकालपूर्व 'माथिल्लो' र 'तल्लो' गरी दुई भागमा विभक्त रहेछ भन्ने कुरा पनि यसै प्रसङ्गमा ज्ञात हुन्छ । खासाङखुसुङ् खोला वारि दक्षिणपट्टि आजको भक्तपुर शहर तल्लो भेकको खोपृङ् थियो जसको मध्यभागमा बसेको एक बस्ती **माखोपृद्रङ्गं** थियो । त्यसैगरी खासाङखुसुङ खोला पारि उत्तरपट्टिको आजको दुवाकोट, झौखेल, पीखेल, छालिङ्, वागेश्वरी, सुडाल लगायतका चाँगुभेक समग्रमा 'माथिल्लो भेकको खोपृङ' वा भनौं **थंखोपृं** थियो भन्ने कुरा जानिन्छ । यही थंखोपृं अनेक दृष्टिले शहरी बस्तीको रूपमा विकसित हुँदै गएकोले ईस्वीको छैटौं शताब्दीतिर आइपुग्दा द्रङ्गको दर्जा पाइसकेको थियो । यसरी इतिहासकाल अघि वा भनौं आद्यइतिहासको उषाकालतिरै सभ्यताको युगमा प्रवेश गरिसकेको चाँगु सभ्यता इतिहासकालमा आइपुग्दा बृहत् शहरी बस्तीको रूपमा समृद्ध भइसकेको थियो जसको दक्षिणपट्टिको सीमाना खासाङ्खुसुङ् खोलाले छुट्टिएको थियो भन्ने कुरा ज्ञात हुन आउँछ ।[१०५]

प्राचीन र मध्यकालमा सुरक्षाव्यवस्थाको प्रबन्ध गरिएको दुर्ग वा किल्ला वा गढ रूपको सुरक्षित स्थानमा मात्र बस्तीबसाई सम्भव थियो, सुन्दरता त त्यसपछिको मात्र कुरा थियो । आक्रमण प्रत्याक्रमण बराबर भइरहने ती युगहरूमा सुरक्षाव्यवस्था मजबुत पार्न मुख्य बस्ती, सहायक बस्ती लगायत बस्ती आसपासका डाँडाहरूसमेत पनि किल्ला रूपमा परिणत गरिएका हुन्थे । स्वयम्भू, बालाजु, गोकर्ण, वज्रयोगिनी लगायत चाँगु यस्तै वनदुर्ग थिए । दुर्गको रक्षाले देशरक्षा हुन्थ्यो । यसैले दुर्गको संभार गरिराख्नु सबैको राष्ट्रिय कर्तव्य थियो । दुर्गको रक्षाका लागि सरकारी नियम कानून समेत बनाइएको हुन्थ्यो । यो कुरा परवर्तीकालको, कान्तिपुरका राजा

बस्ती)का समकालीन उपत्यकाका उत्तरप्राचीनकालीन केही उल्लेख्य द्रङ्गवस्तीहरू जस्तै : **हंसगृहद्रङ्ग** (भक्तपुरको गुण्डु/दधिकोट, गाम्चा, चित्रपुर, हायँडोलभेक), **लेम्वटीद्रङ्ग** (लेले), **युपग्रामद्रङ्ग** (ललितपुर), **नुप्पुन्नद्रङ्ग** (केवलपुरभेक), **थंतुंरीद्रङ्ग** (धर्मस्थली, टोखा, धापासी, चपलीगाउँ लगायत बूढानीलकण्ठभेक), **शीटाटिकाद्रङ्ग** (सतुङ्गल,
सीतापाइला, बलम्वु, लगायत थानकोटभेक), **दक्षिणकोलिग्रामद्रङ्ग** (कान्तिपुर) आदि हुन् ।

१०५ विश्वका साना ठूला सबै प्रकारका सभ्यताहरू नदी वा खोलाकिनारवाटै उठेका हुन् । उपत्यकाका प्रसङ्गमा हिजाखुसि (धोवीखोला), वागमतीले कान्तिपुरको सभ्यता, मणिमतीले ललितपुरको सभ्यता, हनुमानघाट र खासाङ्खुसुङ्ले भक्तपुरको सभ्यता र त्यसैगरी खासाङ्खुसुङ्-मनोहराले उठेको सभ्यता चाँगु सभ्यता हो । समग्रमा यी खोलानालाहरू नृसित नहुँदो हो त उपत्यकामा मानव बस्ती आवाद हुने थिएन, काठमाण्डौं उपत्यकाको सभ्यता मौलाउने थिएन ।

जयप्रकाश मल्लको वज्रयोगिनी मन्दिरको ने.सं.८७२ को ताम्रपत्राभिलेख-प्रमाणबाट पनि पुष्टि हुन्छ ।[१०६] यताबाट चाँगुभेक सुरक्षाको दृष्टिले मजबूत गढ रूपको शहरीबस्ती थियो भन्ने कुरा थाहा पाइन्छ ।

२. सांस्कृतिक आधार

सांस्कृतिक विकासले पनि त्यसबखत नगर वा शहरीबस्तीको परिचय मिल्थ्यो ।[१०७] हामीले आज पनि चाँगुभेकको परम्परित बस्ती-बसाइतिर अलिकता गहिरिएर हेर्ने हो प्राचीन/मध्यकालीन शहरी बस्ती-बसाइ व्यवस्थित रूपमा आ-आफ्नो परम्परित सामाजिक-सांस्कृतिक हैसियत वा जात वा पेशा अनुसार खास-खास स्थानमा पुस्तौं पुस्तादेखि कसरी बस्दै आएका रहेछन् भन्ने कुराको जीवन्त-आभास हुन्छ । धार्मिक समन्वय र सद्भाव एवं सांस्कृतिक एकता र सह-अस्तित्वको भावलाई समाजमा प्रवाहित गर्ने अनेक सम्प्रदायका प्राचीन देवमन्दिरहरू यस भेकमा छन् । केही परदेखि नै शहरीबस्तीको स्वतःबोध गराउने लौकिक वास्तुकलाका प्राचीन नमुनाहरू जस्तै सत्तल, पाटीपौवा, कुवा, ढुङ्गेधाराहरू, दहहरू आदि यहाँ छन् । यसरी यी सम्पदाहरूले पनि यस भेकमा शहरीबस्ती समृद्ध रहिआएको थियो भन्ने छनक मिल्छ ।

छिन्नमस्तादेवीकै एक तान्त्रिक अवतार वज्रयोगिनी पनि हुन् । यस बारेमा हामीले माथि पनि चर्चा गरेका छौं । शैव बौद्ध दुवै सम्प्रदायले उत्तिकै श्रद्धाभावले मान्दै आएकी वज्रयोगिनी साँखुभेकका उच्चतम प्राचीन देवी हुन् । यसरी वज्रयोगिनी र छिन्नमस्ताबीच निकट सांस्कृतिक सान्निध्यता रहिआएको छ । यताबाट प्रकारान्तरमै पनि चाँगुको सांस्कृतिक प्रभाव उत्तरपूर्वमा साँखुसम्म रहिआएको दृष्टिगोचर हुन्छ ।

---

[१०६] रामजी तेवारी,भोलानाथ पौडेल, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य (सं), **ऐतिहासिक पत्रसंग्रह** (दोस्रो भाग), काठमाण्डौ : नेपाल सांस्कृतिक परिषद् २०२१, पृष्ठ ६१,६२ ।
'स्वयंभूचैत्यया गर, बाराबुगर, गोकर्ण्णगर, चंगुगर, वज्रयोगिनीया गर ॥ थ्वति देवया स्थानया सिमागरं सुनानं सि छका पुनं द्याङाओ कायमदु' (स्वयम्भूगढ, बालाजुगढ, गोकर्णगढ, चाँगुगढ, वज्रयोगिनी गढ यति देवस्थानका सिमागढबाट कसैले एक टुक्रा दाउरा पनि चोरी काटी लिनु हुँदैन ।)

[१०७] धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, **दोलखाको ऐतिहासिक रूपरेखा**, काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, २०३१, पृष्ठ ३,४ ।

चाँगुभेकको हृदयस्थलमा छिन्नमस्तादेवी छिन् । छिन्नमस्तालाई बस्तीको मुख्य देवता मानेर यसको आसपासमा प्रतिष्ठापित मातृकागणतिर दृष्टि दिँदा उत्तरमा मनोहरा खोलापारि **इन्द्रायणीपीठ**, उत्तरपूर्वमा **वज्रयोगिनी**, पूर्वमा आदि **ब्रम्हायणीपीठ** (सुडाल) दक्षिणमा **कोटदेवी** (झौखेल), पश्चिममा **नीलवाराही** (बोडे) आदि दर्शनीय हुन आउँछन् ।[१०८] पूर्वमध्यकालतिर तीनवटै शहरहरूमा देशरक्षाका लागि अष्टमातृका, नवदुर्गा, दशमहाविद्या आदि शहरका सीमान्त भाग एवं शहरका खास स्थानहरूमा यन्त्राकार (भक्तपुर), खड्गाकार (कान्तिपुर) र मण्डलाकार (ललितपुर) ले प्रतिष्ठा गरी सैनिक सुरक्षा मात्र नभएर तान्त्रिक सुरक्षा समेत लिने प्रबल आस्था प्रवाह चलेको थियो ।[१०९] यस्तो प्रवाह यस अघि उत्तरप्राचीनकालतिरै चलिसकेको थियो भन्ने कुराको आभास माथि वर्णित चाँगुको छिन्नमस्ता लगायत यसको चारैतिरका घेराहरूमा प्रतिष्ठापित मातृकागणले दिएको छ । यताबाट पनि आजको चाँगुभेकमा सांस्कृतिक दृष्टिले निकै समृद्ध बृहत् शहरीबस्ती गुलजार रहेको सांस्कृतिक-भूगोल स्मरणीय हुन आउँछ ।

ईस्वी पूर्वका कालतिर वैशालीमा गणतान्त्रिक शासन चलाउने लिच्छविहरू कालक्रममा कालान्तरमा मगध सम्राट अजातशत्रुद्वारा पराजित भई त्यहाँबाट भागेर शरणार्थीका रूपमा नेपाल आएको ज्ञात हुन्छ ।[११०] आफूलाई शरण दिने किरातहरूलाई समेत हराई उनीहरूले यहाँ राजतन्त्रात्मक शासन चलाए । यता आएपछि बाहिरबाट आएका अरू जाति जस्तै उनीहरू पनि यहीँका रैथाने नेपाली भए । उताबाट यता आउँदा उनीहरूमा उतैको संस्कृतिको छाप परेको भए तापनि नेपालीपनलाई भने बिर्सेनन् । मिश्रित शैली र संस्कारले सिर्जित प्रयोगात्मक नूतन शैली र संस्कार जुन विशुद्ध नेपाली थियो, चाहे त्यो कला वास्तुकलाको क्षेत्रमा होस् वा धर्म-संस्कृतिको क्षेत्रमा ! समग्रमा लिच्छवि-प्रभाव सामाजिक-सांस्कृतिक

---

१०८ Prof. Dr. Purushottam Lochan Shrestha, **A Study of the Cultural Heritages of Bhaktapur District,** A research work submitted to Nepal Tourism Board for the Tourism Development and Management Plan of Bhaktapur District. Kathmandu, 2010, pp. 20-25.

१०९ पुरुषोत्तमलोचन श्रेष्ठ, **भक्तपुरको नवदुर्गा गण**, पूर्ववत्, पृष्ठ २२ ।

११० **क** Hari Ram Joshi, **Pages of the Forgotten Past**, ibid, pp.67.

ख R.C.Majumdar, 'Northern India after the break-up of the Gupta empire', **The Classical Age,** ibid, pp. 82.

जीवनमा गहिरो एवं दूरगामी पर्न गएको आभास हुन्छ। वर्तमानमा पनि कुनै न कुनै रूपमा जीवन्त रहिआएको चाँगुभेकका केही प्राचीन परम्परामा पनि यस कुराको छनक प्रकारान्तरमै भए पनि मिल्छ। जस्तै :

चाँगुमा फागुपर्व दुईदिनसम्म मनाउने चलन रहेको जानिन्छ। फागुपूर्णिमाको दिनमा बंशीगोपालको रथयात्रा गरी रातो अबीरले र भोलिपल्ट भुईसिन्ह वा फुस्रेसिन्दूरले फागु मनाउने परम्परा छ।[१११] यस प्रकारको यो परम्परा उपत्यकामा यहीँ मात्र प्रचलनमा रहेको जानिन्छ। यसले लिच्छवि-संस्कृतिको आभास गराउनुको साथै लिच्छविहरूको बाक्लो बस्ती बसाइ उपत्यकाको उत्तरपूर्वी क्षेत्रतिर वा भनौं हाँडीगाउँ, मालीगाउँ, चण्डोल, पशुपतिक्षेत्र, गोकर्ण, सुन्दरीजल लगायत निकटस्थ चाँगुभेकमा रहिआएको दृष्टिगोचर हुन्छ। प्राचीनकालदेखिका विख्यात तीर्थस्थल एवं मन्दिरहरू जस्तै पशुपतिनाथ, मानेश्वरी, गोकर्ण, चाँगु, वज्रयोगिनी आदि पनि यसै भेकमा छन्। रथ लान हुने फराकिला सडकहरू यस भेकमा थिए। यसो हुँदा यस भेकमा किरात, वृजिक, मल्ल, शाक्य लगायत लिच्छविहरूको बाक्लो बसोवास रहेको दृष्टिगोचर हुन्छ। लिच्छविकालका तीनवटा प्रख्यात दरबारहरू **मानगृह, कैलाशकूटभवन** र **भद्राधिवासभन** पनि यसै भेकतिर रहेको कुरा पनि निश्चितप्राय लाग्छ। जस्तै :

प्रत्येक वर्ष चाँगुनारायणमन्दिरमा दक्षिणभारतका वैष्णवहरू दर्शनपुजन गर्न आउने चलन छ। चाँगुनारायणमन्दिरको गर्भस्थानमा प्रतिष्ठापित गरुडनारायणको मूर्तिको दायाँ बायाँ लक्ष्मी र सरस्वतीका मूर्ति पनि छन्। ती मूर्तिहरूलाई उनीहरू **श्रीदेवी** र **भूदेवी** भनी पूजा उपासना गर्छन्। यसरी सांस्कृतिक दृष्टिले यो परम्परा महत्त्वपूर्ण लाग्छ। यो परम्परालाई आँखीझ्यालको प्वाल मानेर त्यताबाट नेपाली सांस्कृतिक संसारलाई चियाएर हेर्ने हो भने पनि नेपालमा निकटस्थ उत्तरभारतको भन्दा पनि दूरस्थ दक्षिणभारतको सांस्कृतिक प्रभाव पूर्वकालदेखि नै प्रबल भएर आएको दृष्टिगोचर हुन्छ। यस कुरालाई पुष्टि गर्ने अन्य धेरै उदाहरण छन्। पशुपतिनाथकै उदाहरण लिउँ न ! त्यहाँ आजसम्म पनि **पञ्चेबाजा** बजाउने चलन छ। चाँगुमा पनि विशेष जात्रा पर्वपुजाताका पञ्चेबाजा बजाउने चलन छ। पञ्चेबाजा भनेको गुजराति बाजा हो। गुजराति बाजा भनेको दक्षिणभारतको हो। विवाहका बेलामा पञ्चेबाजा अनिवार्य बजाउने चलन

---

१११ चाँगु इनवहाटोलका महेन्द्र भडेलबाट प्राप्त जानकारी।

नेपाली संस्कृति हो । पशुपतिनाथका भट्ट पुजारी पनि त दक्षिणभारतकै हुन् । भट्टहरूको परम्परित बसाइ त पूर्वकालदेखि नै चाँगुनारायण देवस्थलमा पनि रहिआएको सर्वविदितै छ । खासगरी नेवार सांस्कृतिक जीवनमा सुपारीको महत्त्व पनि निकै संवेदनशील रहिआएको छ । दुलहीमार्फत सम्बन्ध जोड्ने काम सुपारी दिएर हुन्छ भने सम्बन्ध टुटाउने काम पनि त्यही सुपारी फिर्ता लिएर हुन्छ । यति महत्त्व राख्ने सुपारी उपत्यकामा फल्दैन । त्यो मूल तः दक्षिणभारतबाट नै ल्याउने परम्परा आज पनि वर्तमान छ । यी परम्पराले हामीलाई प्रकारान्तरमै पनि लिच्छवि-संस्कृतिको सांस्कृतिक-सुस्केरा आज पनि चालै नपाउने गरी कसरी हाम्रो सांस्कृतिक जीवनमा चलिरहेको रहेछ भन्ने प्रतीत हुन्छ ।

चाँगुका पर्व पूजा एवं रथयात्रा प्राचीनकालदेखि चलिआएको छ । चाँगुका पर्व पूजा एवं रथयात्राको खास प्रभाव दक्षिणतिर भक्तपुरका निकट गाउँबस्तीमै पनि शून्य प्रायः लाग्छ तर चाँगुका पूर्व, पश्चिम र उत्तरका समीम एवं दुरस्थ स्थानका गाउँबस्तीहरूमा भने धुमधामका साथ मनाउने चलन रहिआएको छ ।[११२] उदाहरणको रूपमा चाँगुका प्रसिद्ध रथयात्रालाई नै

---

[११२] यसो किन भयो त्यो आश्चर्यलाग्दो एवं महत्त्वपूर्ण कुरा छ । यसको सही उत्तर तत्कालीन उपत्यकाको मल्लकालीन राजनैतिक इतिहासलाई वुझेपछि पत्ता लाग्छ । आनन्ददेव (ई.सं.११४६-११६७) देखि यक्ष मल्ल (ई.सं.१४२८-१४८२) को पालासम्म करीब तीनसय वर्ष भन्दा बढी समयसम्म भक्तपुर नेपालको राजधानी रहेको थियो । तर यक्ष मल्लको मृत्युपछि उनका सन्तानहरूबीच चलेको राजनैतिक कलहले उग्र रूप लिंदै गएपछि यति सानो काठमाण्डौ उपत्यकाको राजनैतिक विभाजन भयो । पुस्तैनी अधिकार पाएको हुँदा यक्ष मल्लका जेठा छोरा राय मल्लले भक्तपुरवाट स्वतन्त्र शासन गरे भने भक्तपुरवाट छुट्टिएर गएका रत्न मल्ल (यक्ष मल्लका माहिला छोरा)ले ललितपुरलाई समेत अधिकारमा लिएर कान्तिपुरवाट स्वतन्त्र शासन गर्न थाले । त्यसपछि दाजुभाइहरूवीच आगो पानी नै वन्द हुने गरी सम्वन्ध विग्रन पुग्यो । चाँगुनारायणको भण्डारको ने.सं. ६१५ को रत्नमल्ल, रणमल्ल, अरिमल्ल र भीममल्लहरू मिलेर भक्तपुर विरूद्ध गरेको सन्धिपत्र यस कुराको साक्ष छ ।[क] राय मल्लको मृत्यु हुँदा रत्नमल्लले उनको शवलाई पशुपतिमा दाह संस्कार समेत पनि गर्न दिइएन । भक्तपुर राज्यको पुस्तैनी अधिकारमा रहिआएको चाँगु पनि यसैबेलादेखि कान्तिपुरको अधीनमा पर्न गयो । यसो हुँदा चाँगुमा पूर्वकालदेखि रहिआएको भक्तपुरको सांस्कृतिक प्रभाव ओझेलमा पर्न गयो भने कान्तिपुरको सांस्कृतिक प्रभाव भने अत्यन्त वढेर आयो । भक्तपुरको तुलनामा ललितपुरको सांस्कृतिक प्रभाव वा सम्वन्ध भने चाँगुमा कान्तिपुरपछि वढेर आएको देखिन्छ । प्रताप मल्ल गरुडनारायणका परमभक्त थिए । उनले चाँगुमा कान्तिपुरको राजनैतिक एवं सांस्कृतिक प्रभावलाई अझ बढाए, मजवूत पारे । उनका समकालीन भक्तपुरका राजा जगत्प्रकाश मल्लले चाँगुलाई पुन : अधिकार गर्ने प्रयास गरेका थिए । प्रताप मल्लले ललितपुरलाई साथमा लिई उल्टै जगत्प्रकाश मल्लका चाँगुमा रहेका खड्का सैनिकहरूलाई आफ्नो पक्षमा पारेर चाँगु कव्जा गरे ।

लिउँ । चाँगुका उच्चतम देवताहरू गरुडनारायण, किलेश्वर, भैरव र काली (छिन्नमस्ता) का रथयात्रा वैशाखकृष्ण त्रयोदशीदेखि अक्षयतृतीया सम्म धूमधामले मनाउने. चलन छ । रथयात्राका क्रममा गढ परिक्रमा, नगर परिक्रमा गराई पूर्व, पश्चिम र उत्तरभेकमा लाने परम्परा छ । वैशाखशुक्ल प्रतिपदाका दिनमा भडेललाई विधिवत् राजकीय वस्त्र अलंकार पहिराएर राजा बनाई किलेश्वर, भैरव र कालीको पुजा उपासना गर्ने विधानले लिच्छविकालीन राजकीय परम्पराको अनुभूति गराउँछ । वैशाखशुक्ल द्वितीयाको दिनमा गरुडनारायण, किलेश्वर, भैरव र काली (छिन्नमस्ता)लाई वलंपुटोलमा लगी विशेष पुजा चलाइन्छ । यहाँ दिनभरी नै दर्शनपुजन गर्न

केही कालपछि ने.सं.७८० मा जगत्प्रकाश मल्लले चाँगुको सैनिक अड्डामा आगो लगाई चाँगु पुनः कब्जा गरी भक्तपुरको विरूद्धमा लागेका सैनिकहरूमध्ये ८ जनालाई छिन्नमस्तामन्दिरमै काट्न लगाए । बाँकी २१ जनालाई पक्रेर ल्याई भोलिपल्ट केहीलाई नगर प्रवेशद्वार अघिल्तिर र बाँकीलाई महाकालीपीठमा लगी काट्न लगाए । प्रताप मल्ल पनि चूप लागेनन् । उनले ललितपुरका श्रीनिवास मल्ललाई आफ्नो पक्षमा मिलाएर ने.सं. ७८१मा पुनः चाँगु, साँखु, नाला, छालिङ् आदि किल्लाहरू कब्जा गर्दै भक्तपुरमाथि आक्रमण गर्न महाकालीपीठसम्म आइपुगे । त्यसवखत भक्तपुर शहर मजवूत गढको रूपमा रहेको हुँदा खाइ पार गरेर ढोका सुरक्षापर्खाल फोडेर भित्र जान सकेनन् । तापनि भक्तपुरको महाकालीपीठसम्म कान्तिपुरले कब्जा गरेको देखाउन उनले त्यहाँ ने.सं.७८१ मा गरुडनारायणको मूर्ति स्थापना गर्न लगाएर श्रीनिवास मल्ललाई समेत साक्षी राखी शिलापत्र नै राखेर, भक्तपुर शहरवाहिरको जगज्योर्तिमल्लनिर्मित रानीपोखरीका सुन्दर कलाकृति उठाएर कान्तिपुर फर्के ।[ख] यसरी अन्य किल्लाहरू लगायत चाँगुलाई आफनो राज्यअन्तर्गत पार्न कान्तिपुर र भक्तपुरवीच वरावर हानथाप, लडाईभिडाई भइरहेको देखिन्छ । गोर्खालीहरूले चाँगु कब्जा गर्नु अघिसम्म पनि चाँगुमा कान्तिपुरले आफ्नो अधिकार कायम गरी राख्न सफल रहेको देखिन्छ । यसरी चाँगुमा कान्तिपुरको राजनैतिक प्रभाव मात्र नभएर सांस्कृतिक प्रभाव पछिसम्म पनि पर्दै रहयो । यसो हुँदा चाँगुका जात्रा, पर्वपूजा दक्षिणमा शून्यप्राय हुँदै पूर्व, उत्तर र पश्चिमतिर भने धूमधामले मनाउने परम्परा रहिआएको विदित हुन्छ । कान्तिपुरले चाँगुमा हात पारेको सांस्कृतिक वैभव सांस्कृतिक परम्परा बनेर आज पनि उस्तै वर्तमान रहिआएको छ । आज पनि हनुमानढोका राजदरवार चाँगुको सांस्कृतिक ढुकढुकी भएर रहेको छ । चाँगुमा भक्तपुरको तुलनामा कान्तिपुरतर्फकै कलाकृति एवं सांस्कृतिक निधि बढ्ता छन् । अभिलेखीय प्रमाणलाई हेर्ने हो भने पनि रत्नमल्लको पालादेखि जयप्रकाश मल्लको पालासम्म पनि चाँगु कान्तिपुरको अधीनमा रहिआएको देखिन्छ । मौका परेको बेलामा भक्तपुरले चाँगु कब्जा गरी आफ्नो अधीनमा पार्ने असफल प्रयास गर्नु वेग्लै कुरा थियो । अझ स्पष्ट रूपमा भन्नुपर्दा ने.सं.६६३ पछि चाँगुमा भक्तपुरको पूर्वकालदेखिको वचेखुचेको प्रभाव पनि कान्तिपुरकै पोल्टामा पर्न गएको देखिन्छ । खनाल लेख्छन्[ग]: *ने.सं.६६३ कार्तिकसम्म पनि चाँगु भक्तपुर राज्य अन्तर्गत रहेको थियो । सो कुरा चाँगुमा पाइने भक्तपुरका शासकहरूका कलाकृतिहरूले स्पष्ट गरेका छन् । ...६६३ साल जेष्ठदेखि चाँगुमा कान्तिपुरका शासकहरूको नाम भएका अभिलेखहरू मात्र पाइएका छन् ।*

क मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामग्री**, पूर्ववत्, पृष्ठ १९५-९७ ।

खडा.पुरुषोत्तमलोचन श्रेष्ठ, 'अरिंहिटीका अभिलेखहरू', **भक्तपुर** १२५/२०५४, पृष्ठ ४१-४५ ।

ग मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामग्री**, पूर्ववत्, पृष्ठ ३६ ।

आउने भक्तजनहरूको भीड नै लाग्छ । साँझतिर देवताहरूलाइ आ-आफ्नो रथमा विराजमान गराइन्छ । नारायण र किलेश्वरका रथलाई नारायणमन्दिर सामुन्ने लगेर राखिन्छ । भैरव र कालीका रथहरू भने मनोहरा खोला पारि पूर्वमा साँखु, उत्तरमा सानागाउँ-इन्द्रायणी लगायत गागलफेदी र त्यसैगरी पश्चिममा डाँछि, थलि, आलापोट, ब्रम्हखेल, सुन्दरीजल, गोकर्ण आदि स्थानहरूमा घुमाउन लाने चलन छ । यी स्थानहरूको मध्यभागमा पर्ने एक प्राचीन बस्ती **भद्रवास** हो । भद्रवासले हामीलाई लिच्छविकालीन राजदरबार **भद्राधिवास** भवनको स्मरण गराएको छ । लिच्छवि राजा नरेन्द्रदेव (ई.सं.६२१-६७९) ले बनाउन लगाएको यो नयाँ दरबार थियो । यो दरबार बनेपछि उनले यहीं बसी शासन चलाएको देखिन्छ ।[११३] भद्राधिवासकै लौकिकजीवनमा चलेर आएको परवर्ती नाम **भद्रवास** हो । आजको **भद्रवास**मा नरेन्द्रदेवको **भद्राधिवास** थियो भन्ने कुरा देखिन्छ ।[११४] यस कुरालाई थप पुष्टि गर्ने एउटा दरिलो सांस्कृतिक-आधार भैरव र कालीका जात्रा वा रथयात्रा पनि हुन् । अक्षय तृतीया रथयात्राको समापन दिन हो । यस दिनमा भैरव र कालीका रथयात्रा लगायत वरपरका गाउँबस्तीका स्थानीय देवीदेवताहरूको पनि जात्रा चल्छ । त्यस क्रममा स्थानीय देवीदेवताहरूले भैरव र कालीलाई सम्मानपूर्वक परिक्रमा गरी विदा गर्छन् । अन्त्यमा भैरव र कालीका रथयात्रा भद्रवासमा लगेर घुमाउने चलन छ । त्यहाँ गणेशमन्दिरमा पुजाआजा सम्पन्न भएपछि भैरव र कालीका रथहरू चाँगु मूलस्थानमा फिर्ती सवारी हुन्छ । यथार्थमा भैरव र कालीका रथहरू भद्रवास लाने परम्पराले राजदरबार लाने प्राचीन परम्पराको आभास गराएको छ ।[११५] मलाई लाग्छ, भद्राधिवासका

---

११३ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ४९१ ।

'लिच्छवि राजाहरूको मूल राजगद्धी मानगृहमा थियो । मानगृहभन्दा कैलासकूट भवन भव्य र पाइक पर्ने हुँदा नरेन्द्रदेवले कैलासकूटभवनमा बसी शासन चलाए । तर पछि भद्राधिवास भवन वनाएपछि नरेन्द्रदेवले राजगद्धी पनि यहीं सारेको देखिन्छ । यसै हुँदा यसको नाम 'भद्राधिवास' भन्ने रहेको वुझिन्छ । 'भद्रासन' शब्दले राजगद्धीलाई बुझाउँछ ।'

११४ हरिराम जोशीको विचार पनि यही रहेको छ । Hari Ram Joshi, **Pages of the Forgotten Past**, ibid, pp. 134-39.

'Most probably this palace was built at Sankhu region. A village namly Bhadravas of Sankhu region is conceived as an indication of the existence of the aforementioned Bhadradhivasa palace.

११५ परवर्तीकालकै भए पनि उपत्यकाका तीनवटै मल्लकालीन राजदरबारहरूलाई यस कुराको पुष्टि गर्ने एक सांस्कृतिक आधार-नमुनाको रूपमा लिन सकिन्छ । यी राजदरबारहरू राजकीय वासस्थानका रूपमा मात्र नभएर देवीदेवताहरूका देवस्थानका रूपमा पनि रहिआएका छन् । आज पनि यी दरबारहरू मल्लकालीन शहरी सांस्कृतिक जीवनका ढुकढुकी रहिआएका छन् ।

बारेमा यस अघि सत्यताको नजीक पुगेर अन्वेषण कसैले गरेको छ जस्तो लाग्दैन । यसरी पुरातात्त्विक एवं सांस्कृतिक आधारमा हाम्रो यस अन्वेषणले भद्राधिवास रहेको सही स्थान भद्रवास हो भन्ने कुरा देखाएको छ । लाग्छ, अन्वेषणको एक उल्लेख्य उपलब्धि यो पनि हो । अन्वेषणका उपलब्धिले उत्खनन हुन्छ । अतः भद्रवासमा पुरातात्त्विक उत्खनन हुन सकेमा लिच्छविकालीन भद्राधिवासका अवशेष लगायत लिच्छविकालका अन्य नूतन तथ्य प्रकाशमा आउने आशा गर्न सकिन्छ ।[११६]

यसरी माथिका प्रसङ्गमा चाँगुको सांस्कृतिक भूगोलतिर दृष्टि दिँदा हाम्रो सामु उत्तरमा सानागाउँ इन्द्रायणीक्षेत्र लगायत त्यो भन्दा पनि उत्तरतर्फको गागलफेदीभेक, दक्षिणमा खासाङ्खुसुङ् खोला, पूर्व-उत्तरमा नगरकोट एवं साँखु र साँखुभन्दा पनि करीब एक कोश परको विश्वंभरा र पश्चिममा ब्रम्हखेल, थलि, आलापोट, डुमाखाल, भद्रवास, सुन्दरीजल, गोकर्ण एवं त्यो

वर्षभरीका जात्रा, चाडपर्वहरूको सांस्कृतिक केद्रको रूपमा पनि रहिआएका छन् । गणनाच एवं जात्राहरू दरवारका मूलचोक लगेर वा राजदरबार मार्ग हुँदै देखाउने परम्परा आज पनि चलेकै छ । एउटा उप-उदाहरण भक्तपुर राजदरवारकै लिउँ । जितामित्र मल्लले ने.सं. ७९८ मा बनाउन लगाएको **थंथु राजकुल** (माथिल्लो राजदरवार) अव छैन । त्यो दरबार उहिल्यै भूकम्पले पाताल भएर त्यसको अवशेष समेत लोप भइसकेको भए तापनि त्यस स्थानमा प्रत्येक वर्ष भक्तपुरका प्रसिद्ध नवदुर्गा गण सो दरवारको सम्मानमा नाच प्रदर्शन गर्न ल्याउने परम्परा भने आजसम्म पनि चलेर आएको छ । उनीहरू यस स्थानमा नाच प्रदर्शन गर्न ल्याउदाँ 'थाथु लाय्कुलि वानेगु' (माथिल्लो राजदरवारमा नाच प्रदर्शन गर्न लाने) भन्छन् । यसरी राजदरवारमा नाच, जात्रा लाने परम्परा प्राचीनकालदेखि चलिआएको कुरा भद्रवासमा भैरव र कालीको रथयात्रा लाने परम्पराले देखाएको छ ।

११६ भद्रवासमा भद्राधिवासभवन रहेको भन्ने हरिराम जोशीको विचारलाई पुष्टि गर्ने आधार नरहेको भन्ने तर्क सुदर्शन राज तिवारीको रहेको छ ।[क] सतह मात्रको अध्ययनले सत्य प्राप्ति हुन्न । हामीले भद्रवासमा सम्पन्न हुने भैरव र कालीको सांस्कृतिक विधान र त्यसैगरी भक्तपुर दरवारमा नवदुर्गा गण लाने उस्तै प्रकृतिको सांस्कृतिक विधानसित पनि तुलना गरेर हेऱ्यौं । यतावाट हामीलाई भद्रवासमा भद्राधिवास थियो भन्ने कुरालाई पुष्टि गर्ने माथि उल्लेखित सांस्कृतिक आधार मिलेको छ । भद्रवासमा उत्खनन् हुन सकेमा सत्य कुरा प्रकाशमा आउने नै छ । हाम्रो अन्वेषणले यही देखाएको छ ।

क Sudarshan Raj Tiwari, **The ancient settlements of the Kathmandu Valley,** Kirtipur : CNAS, 2001, pp.62.
'H.R.Joshi's speculative suggestion that Bhadradhivasbhabana was located at Bhadravas village east of Gokarna is not acceptable for lack of positive corroboration.'

भन्दा पनि अझ पश्चिमका हाँडीगाउँ, मालीगाउँ, चण्डोल, लाजिम्पाट, नक्सालभेकसम्म बृहत् रूपले फैलिएर रहेको प्राचीन महानगरको विशाल मानचित्र सुस्पष्ट हुन आउँछ ।

समय एकनासले चल्दैन । परिवर्तन समयको प्रधान नियम हो । समयको प्रवाहमा घर-परिवार, बस्ती र समाज, शासनव्यवस्था, सोच र व्यवहार लगायत भौतिक संसार समेत परिवर्तित भइरहेको हुन्छ जुन एक समय रहन्छ, अर्को समयमा हराउँछ र त्यसको ठाउँ अर्केले लिन्छ । तर अनेक कालमा सिर्जित कतिपय कुरा भने अपरिवर्तनीय हुन पुग्छन् । त्यस्ता कुरा अमूर्त परम्पराका रूपमा पछिसम्म पनि लौकिकजीवनमा वर्तमान भइरहेका हुन्छन् । प्राचीन कालदेखि चलिआएका हाम्रा जात्रा, चाडपर्वहरू, चालचलन, संस्कार वा भनौं हाम्रा सांस्कृतिक निधि यस कुराका साक्ष छन् । लोकजीवनमा चलेर आएका कतिपय किंवदन्ती एवं लोकोक्तिहरू, कर्मकाण्ड एवं पर्व पूजाताका लिइने संकल्पवाक्यहरू आदि पनि यस कुराका साक्ष छन् जसभित्र सत्यताको अंश वा भनौं इतिहासका कुरा लुकेका हुन्छन् । चाँगुभेकमा लिइने संकल्प वाक्यमा आज पनि 'चम्पकापुर महानगर' भन्ने चलन जीवन्त छ । र, विगतका सयौं साना ठूला समृद्ध बस्तीहरू मिलेर बनेको महानगर विस्मृतिको गर्भमा पुरिसकेको भए तापनि पुस्तौं पुस्तादेखि यस भेकका लौकिकजीवनले अतितको महानगरलाई स्मरण गर्दै सगौरव भन्दै आएको **सात सय बस्ती नौ सय फेरा**ले देखाएको तथ्यपरक इतिहास पनि यही लाग्छ ।

यसरी हाम्रो यो अन्वेषणले एउटा लुकेको प्राचीन शहरको विशाल मानचित्र पत्ता लाग्न आएको छ जुन यस अघि यस बारेमा कसैले चर्चा गरेको छ जस्तो लाग्दैन । यस मानचित्रमा हामीलाई आफ्नो मूल थातथलो वैशालीबाट काठमाण्डौ-उपत्यका आएका लिच्छविहरूले त्यही विशाल वैशालीलाई संझदै सोही अनुरूप उपत्यकाको उत्तरपूर्वमा बसालेको सयौं साना ठूला बस्तीहरू समेटिएको **विशालनगर**को स्मरण गराएको छ । यसरी नेपालका लिच्छविहरूको मूल थलो थियो : **विशालनगर** । हामीले यस अघि सोचे जस्तो नक्साल, हाँडीगाउँ, मालीगाउँ, टुंडालदेवी लगायत चण्डोल मात्र समेटिएको नगर विशालनगर थिएन । यी स्थानहरूमा लिच्छविकालीन पुरातात्त्विक स्रोत अवश्य छन् जसले लिच्छविहरूको क्रियाकलापको छनक दिन्छ । तर लिच्छविकालको आजसम्मकै सर्वाधिक महत्त्वपूर्ण पुरातात्त्विक ऐतिहासिक सामग्री चाँगुको मानदेवको गरुडस्तम्भ अभिलेख हो । यस भन्दा

अधिका स्रोत नपाइएका होइनन् । ती छिटपुट एवं इतिहासका धेरै कुरा एकैपल्ट प्रकाश पार्ने खालका छैनन् । मालीगाउँको जयवर्माको संवत् १०७ (ई.१८५) को अभिलिखित मूर्ति उदाहरणस्वरूप छ । चाँगुको मानदेवको एउटै अभिलेखले लिच्छविकालको धेरै कुरा प्रकाशमा ल्याएको छ । नेपालको प्रामाणिक इतिहास यसै कालदेखि शुरू भएको भनी त्यसै भनिएको होइन । जे होस् ! चाँगु विशालनगरको शिर थियो, ढुकढुकी थियो भन्ने कुराको छनक यसले पनि दिएको छ । यदि यसो नहुँदो हो त मानदेवले त्यति महत्त्व दिएको काव्यमय त्यो भव्य विजयस्तम्भ-अभिलेख अन्तै राख्थे होलान् । लिच्छविहरूले बसालेको विशालनगरमा कतिपय किरातकालीन विकसित बस्तीहरू पनि समेटिएको हुनुपर्छ । यसभित्र हामीले माथि चर्चा गरे झैं नक्साल, हाँडीगाउँ, मालीगाउँ, चण्डोल, ब्रम्हखेल, थलि, आलापोट, डुमाखाल, भद्रवास, सुन्दरीजल, पशुपतिभेक, गोकर्ण, चाँगु, बोडे, दुवाकोट, झौखेल, छालिङ, वागेश्वरी, सुडाल लगायत साँखुभेकसम्मका अनेक बस्तीहरू समेटिएको विशाल आकारको नगर यो थियो । यसरी केही बस्तीहरू मिलेर बनेको चानचुने नगर नभएर सयौं बस्तीहरू मिलेर बनेकोले **विशालनगर** कहलिएको ज्ञात हुन्छ । **सात सय बस्ती नौ सय फेराको महानगर थियो - विशालनगर । काठमाण्डौ उपत्यकाको पहिलो महानगर थियो - विशालनगर । काठमाण्डौ उपत्यकाको प्रथम नगरसभ्यता थियो - विशालनगर सभ्यता** । हामीलाई लाग्छ यो हाम्रो अन्वेषणको अर्को एक महत्त्वपूर्ण प्राप्ति हो ।

विशालनगर सभ्यताको नियतिलाई हेर्दा यस्तो प्रतीत हुन्छ मानौं सिन्धुघाटी सभ्यता (ई.पू.३०००-ई.पू.१७५०)को इतिहास हाम्रो यहाँ पनि दोहरिएको छ : स्थानभेद पात्रभेद गौण कुरा हो चारित्रिक-लक्षण मूल कुरा हो । हामीलाई विशालनगर सभ्यताले केही अंशमा सिन्धुघाटी सभ्यताको स्मरण गराएको छ । सिन्धुघाटी सभ्यता नगरसभ्यता थियो । हाम्रो काठमाण्डौ उपत्यकाको सभ्यता पनि व्यवस्थित नगरसभ्यता थियो । जस्तो सिन्धुघाटीको मोहन्जोदारो नगर र हडप्पा नगर उस्तै हाम्रो उपत्यकाको विशालनगर । सिन्धुघाटी सभ्यता सिन्धु नदीबाट उठेको सभ्यता थियो । हाम्रो काठमाण्डौ उपत्यकाको सभ्यता मनोहरा, हिजाखुसि (धोबीखोला), बागमती, मणिमती, विष्णुमती, खासाङ्खुसुङ् लगायत खोँन्ह (हनुमन्ते)हरूबाट उठेको सभ्यता थियो । सिन्धुघाटी सभ्यताको देन नगर सभ्यता थियो । विशालनगर सभ्यताको देन पनि नगर सभ्यता नै थियो । सिन्धु सभ्यताको पतन स्वाभाविक पतन थियो । विशालनगर सभ्यताको पतन पनि उस्तै प्रतीत हुन्छ । मोहन्जोदारो र हडप्पा जस्तै विशालनगर सभ्यताका आसपासमा पनि

ग्रामीण सभ्यताहरू विकसित थिए । समृद्ध संस्कृतिसहितको नगर सभ्यता सिन्धु सभ्यताको खास देन थियो । यसैले सो नगर सभ्यताको पतनपछि अनगिन्ती ग्रामीण सभ्यताहरू विकसित भए । ती ग्रामीण सभ्यताहरू नगर सभ्यताका रूपमा भारतीय उपमहाद्वीपमा विकसित हुन पुगेका थिए । त्यसै गरी काठमाण्डौ उपत्यकाको सर्वप्राचीन प्रथम नगर सभ्यता वा भनौं विशालनगर सभ्यताको पतनपछि यसको वरपर थुप्रै ग्रामीण सभ्यताहरू देखा परे । ती ग्रामीण सभ्यताहरू पनि पछि गएर द्रङ्ग सभ्यता वा भनौं नगर सभ्यताका रूपमा विकसित हुन पुगेका थिए । **हंसगृहद्रङ्ग**, **थंखोपृंद्रङ्ग**, **माखोपृंद्रङ्ग**, **दक्षिणकोलिग्रामद्रङ्ग**, **यूपग्रामद्रङ्ग**, **लेम्बटीद्रङ्ग**, **नुप्पुन्नद्रङ्ग**, **शीटाटिकाद्रङ्ग**, **थंतुंरीद्रङ्ग** आदि उदाहरणस्वरूप छन् ।

सानागाउँ, इन्द्रायणीस्थानका सम्पदा

चाँगुनारायण मन्दिरको उत्तरमा, मनोहरा पारिको एक प्राचीन नेवार बस्ती सानागाउँ हो । यो गाउँमा इन्द्रायणीपीठ छ । यसो हुँदा यो बस्ती इन्द्रायणी बस्तीका नामले पनि प्रसिद्ध रहिआएको छ । यो बस्ती शंखरापुर (साँखु) न.पा.वडा नं.१ अन्तर्गत रहेको छ ।

छिन्नमस्तामन्दिरका सप्तमातृकाहरू प्रलम्बपादासन मुद्रामा (दुबै घुँडा तल झारेर बसेको) चौकामा बसेको शैलीबारेमा लोकजीवनमा चलिआएको कथा हामीले माथि पनि चर्चा गरिसकेका छौं । चाँगु, सानागाउँ लगायत वरपरका भेकमा चलेर आएको सो कथा अनुसार *छिन्नमस्तामन्दिरका सप्तमातृकाहरू इन्द्रायणीसहित मनोहरा पारि असुरहरूसित युद्ध गर्न जाँदा अन्तिम प्रहर बितेकोले फर्कने क्रममा सप्तमातृकाहरू मात्र छिन्नमस्तामन्दिरमा पुगे र इन्द्रायणी भने मनोहरा वारि नै छुट्न पुगिछिन् । त्यसो हुँदा त्यसैबेलादेखि इन्द्रायणी मात्र मनोहरा पारि रहिआएकी हुन् । त्यहाँ सानागाउँमा स्थापित इन्द्रायणीपीठ उनै इन्द्रायणी हुन् ।*

सप्तमातृकाका बारेमा चाँगु मगामटोलका देवनारायण श्रेष्ठसित कुरा चल्दा उनले मलाई यो कथा सुनाएका हुन् । यो कथा सुनेपछि मलाई लाग्यो सानागाउँ इन्द्रायणीस्थानमा पनि छिन्नमस्तामन्दिरका सप्तमातृकाका मूर्ति जस्तै इन्द्रायणीको त्यस्तै प्राचीन मूर्ति एवं अन्य कलाकृति अभिलेखहरू हुनुपर्छ । यति कुरा मनमा खेल्न थाले त्यहाँ नगइ नहुने भयो । सो ठाउँ मेरा लागि नौलो थियो । मैले उनलाई त्यहाँ स्थलगत अध्ययन गर्न जाने आफ्नो

इच्छा पोखेपछि उनी पग्लिहाले र उनले मलाई सो ठाउँ देखाउन लगे । भोलिपल्ट (असार १० गते, २०७३, शुक्रवार) हामी यस ठाउँमा पुग्यौं ।

इन्द्रायणीपीठ (चित्र संख्या ४६)

बस्तीदेखि केही पाइला पूर्वपट्टि थुम्कोमा इन्द्रायणीपीठ छ । यहाँ हामीले सोचे जस्तो सप्तमातृकाका प्राचीन मूर्ति जस्तै इन्द्रायणीको मूर्ति नभएर बाह्रवटा प्रस्तर तोरणहरूमा प्रतिष्ठापित देवप्रस्तरहरूसहितले युक्त **इन्द्रायणीपीठ** रहेछ । ती तोरणहरूमध्ये बीचको प्रस्तर तोरण (क्रमशः बायाँबाट छैटौं) अन्य तोरणका तुलनामा केही ठूलो छ र त्यसभित्र स्थापित देवप्रस्तर पनि अन्य तोरणभित्र स्थापित देवप्रस्तरका तुलनामा ठूलै छ । स्थानीय बासिन्दाहरू सो ठूलो प्रस्तरलाई ब्रम्हायणीको रूपमा मान्छन् । तोरणभित्र सजिएका यी बाह्रवटा आकृतिविहीन देवप्रस्तरहरूले हामीलाई एकातिर उपत्यकाका विभिन्न स्थानमा खासगरी श्रेष्ठ थरका नेवार जातिले कुलदेवताका रूपमा मान्दैपुज्दै आएका देवप्रस्तरहरूको स्मरण गराएको छ भने अर्कोतिर गणेश, कुमार, भैरवसहितका नवकौमारीको पनि स्मरण गराएको छ ।[११७] यी बाह्रवटा तोरणहरूमध्ये तेस्रो, चौथो, पाँचौं र आठौं

---

११७ काठमाण्डौ, धरहरादेखि केही पाइला दक्षिणपट्टि हाम्रो कूलदेवता छ । सो कुलदेवता स्थानमा लहरै बाह्रवटा स-साना तोरणहरूभित्र सजिएर रहेका यस्तै आकृतिविहीन सूक्ष्म-प्रस्तरहरू छन् । हामीले यी बाह्र देवप्रस्तरहरूलाई हाम्रो कुलदेवताका रूपमा मान्दै पुज्दै आएका छौं । यी प्रस्तरहरू नवकौमारीगण+गणेश, कुमार र भैरव सदृश् छन् । भक्तपुरको प्रसिद्ध नवदुर्गा देवगृहको उत्तरपट्टि बालकुमारीमन्दिर छ । सो मन्दिरभित्र लहरै आकृतिविहीन पीठ रूपका

तोरणहरू दुबै हातले सर्प निलिरहेका छेपुका आकृतिहरूले सजिएका छन् । अलिकता ध्यान दिएर हेर्ने हो भने तोरणमा कुँदिएका यी छेपुहरू मध्यकालीन ज्यादा अलंकृत छेपुहरूभन्दा भिन्नै प्रकारका सामान्य र कम मात्र अलंकृत छन् । पुष्पाकृति पनि उस्तै सामान्य र सुन्दर छन् । तोरणमा कुँदिएका साधारण तर सुन्दर बुट्टाहरूले पनि मध्यकालीन बुट्टाहरूभन्दा उत्तरलिच्छविकालीन (ईस्वीको सातौँ-आठौँ शताब्दीदेखिका) बूट्टाहरूको स्मरण गराएको छ । यस आधारमा हामी इन्द्रायणीपीठलाई उपत्यकामा सप्तमातृकाको स्थान अष्टमातृका एवं नवदुर्गा गणले लिँदै भर्खरै मात्र लोकप्रिय हुँदै गएको समयतिरको वा भनौँ ईस्वीको सातौँ-आठौँ शताब्दीतिरको भनी मान्न सक्दछौँ । यस दृष्टिले उपत्यका र आसपासका भेकहरूमा विविध संख्या समूहका मातृगणहरूको क्रमिक विकासको शृंखलाबद्ध इतिहास जान्न इन्द्रायणीपीठ पुरातत्त्वका दृष्टिले समेत उल्लेख्य रहेको देखिन्छ ।

तुलसीमठको खोपाका मूर्तिहरू (चित्र संख्या ४७)

स्थलगत अध्ययन-अवलोकनका क्रममा इन्द्रायणीपीठको अतिररिक्त यस ठाउँमा अन्य मूर्ति, अभिलेख एवं कलाकृति देखिएन । त्यसपछि बस्तीतिर फर्केर आयौँ । बाटो सुनसान भए पनि हाम्रो पछि-पछि एक जना स्थानीय बस्तीकै केटो पनि आउँदै थियो । मैले उसलाई सोधें 'यहाँ बस्तीमा अरू के-के मन्दिर छन् बाबु ?' उनले भने 'गणेशमन्दिर र तुलसीमन्दिर छन् ।' त्यसपछि उनले हामीलाई त्यहीं लगेर देखाइदिए । सरसरी हेर्दा यहाँ आफूले सोचेजस्तो (प्राचीन मूर्ति, अभिलेख आदि) केही छ जस्तो देखिएन । भजनघर

बाह्रवटा देवप्रस्तरहरू स्थापित छन् । सो मन्दिरको भित्तामा रहेको ने.सं.८५४ को शिलाभिलेखमा **गुमूल कौमालि** (नवकौमारी) सहित देवल प्रतिष्ठा गरेको कुरा परेको छ ।[क] दशैंताका भक्तपुर तलेजु कुमारीचोकमा नवमीका दिनमा जीवित देवताहरू : गणेश, कुमार, भैरवसहित नवकौमारीगणको विशेष पूजा हुन्छ । तदनुरूप नेवार सांस्कृतिक जीवनमा नवमीको दिनमा कुमारी पूजा गर्दा बाह्र जना बालबालिकाहरूलाई लहरै राखेर पुजा गर्ने संस्कृति प्रचलनमा रहिआएको पाइन्छ ।

जसरी आठ र एकको योगसंख्या नौ हुन्छ उसैगरी बाह्र र एकको योगसंख्या तेह्र हुन्छ । तन्त्रप्रधान नेवार सांस्कृतिक परम्परामा सोही अनुरूप बाह्रमा एक थपेर तेह्र गणलाई मान्नेपुज्ने मान्यता रहिआएको कुरा पनि यसै प्रसङ्गमा जानिन्छ । भक्तपुरको नवदुर्गा गणका तेह्रवटा मुखुण्डोहरू यस कुराको पुष्टिका लागि उदाहरणस्वरूप छन् ।

क पुरुषोत्तमलोचन श्रेष्ठ, **भक्तपुरको नवदुर्गा गण**, पूर्ववत्, पृष्ठ ३२ ।

चित्र संख्या ४७ : तुलसीमठको खोपाका मूर्तिहरु, सानागाउँ, साँखु ।
(क्रमशः बायाँबाट : बोधिसत्व-मस्तक, शक्तिसहितको षण्मुख-कुमारको मूर्ति र यक्ष-भैरव मस्तक)

जस्तो पाटीमा तोरणभित्र गणेशको मूर्ति रहेछ जुन मल्लकालभन्दा पछिको देखिन्छ । यसैलाईं गणेशमन्दिर भन्दा रहेछन् । सो गणेशमन्दिरको सामुन्ने खोपासहितको एक तुलसीमठ छ । सो तुलसीमठको खोपाभित्र कैयनकालदेखिको अबीर लागेर ठम्याउनै नसकिने शक्तिसहितको एक मूर्ति र यसको दायाँ बायाँ आसपासबाट ल्याएर राखिएका प्रतीत हुने देवमूर्तिका दुईवटा साना ठूला मस्तकहरू छन् । बीचको सो मूर्ति उमा-महेश्वरको प्राचीन मूर्ति जस्तो लाग्यो । त्यसैगरी हेर्दै जाँदा यो मात्र नभएर यसको दायाँ बायाँका मस्तकहरू पनि उस्तै प्राचीन र अनौठो लाग्न थाल्यो । ठूलोचाहिँ मस्तक हेर्दै विभत्स लाग्ने विकृतमुखको छ । यसरी समग्रमा यस खोपाभित्रका यी मूर्तिहरू अनौठा र दुर्लभ लागेपछि अध्ययन-उत्सुकता पनि बढेर आयो । मैले देवनारायणलाई भाइलाई भनें 'यी मूर्तिरू सफा गरेर हेर्न पाए यिनलाई अझ ठम्याउन सकिन्थ्यो' । उनले तुरून्त पानी ल्याए । हामीले अबीर पखालेर मूर्तिहरू सफा गर्‍यौं । त्यतिञ्जेल त्यहाँ दुईजना स्थानीय मानिसहरू पनि कौतूहलतावश् हामीले गरिरहेको काम हेर्न आए । उनीहरूलाई हामीले ती मूर्तिहरू अध्ययन गर्नुको आशय र आफ्नो परिचय दिएपछि उनीहरू आश्वस्त भए र, आफूले जाने-बुझेका कुरा बताएर हामीलाई सहयोग

गरे ।[११८] मूर्ति सफा भएपछि यसका फोटो एवं नापो लिएँ । त्यही क्रममा मैले उनीहरूसित सो मन्दिर र यसको खोपाका ती मूर्तिहरूका बारेमा सोधें । उनीहरूले ती मूर्तिहरू कुन देवताका हुन् भन्ने कुनै जानकारी नभएको र, तुलसी रोपेका कारण तुलसी मन्दिर भनी मान्दैपुज्दै आएको कुरा बताए । कुराकानीकै क्रममा मैले उनीहरूलाई सोधें 'तपाईहरूको बस्तीमा अरू मूर्ति, अभिलेख पनि छन् ? उनीहरूले हामीलाई नजीकैको पीपलको रूखमा लगेर त्यहाँ रहेको एउटा शिलापत्र देखाइदिए । सो शिलापत्रको बनौट मध्यकालीन देखिन्छ । तर त्यसमा कुँदिएका सबै अक्षरहरू मेटिइसकेका छन् । जे होस् ! गणेशमन्दिरका खोपामा फेलापरेका मूर्तिहरू दुर्लभ, अनौठा एवं विशेष महत्त्वका छन् । इन्द्रायणीपीठ लगायत फेलापरेका यी सम्पदाले पनि यस बस्तीको प्राचीनता एवं सांस्कृतिक महत्त्व बोध हुन्छ । अब यी मूर्तिका बारेमा तल चर्चा गरिन्छ :

शक्तिसहितको षण्मुख-कुमारमूर्ति (चित्र संख्या ४८)

गणेशमन्दिरको खोपाभित्र बीचमा यो मूर्ति (२४ से.मि. लम्वा, २० से.मि. चौडा) रहेको छ । सरसरी हेर्दा यो मूर्ति उमा-महेश्वरको हो भन्ने भान हुन्छ । किनभने यस मूर्तिको शक्तिसहितका देवता दुरूस्त उस्तै छाँटछन्द र मुद्रामा बसेका छन् । तर गहिरिएर यो मूर्तिलाई हेर्दै जाँदा हामीलाई यो मूर्ति उमा-महेश्वरको नभएर शक्तिसहितको षन्मुख-कुमार रहेछन् भन्ने कुरा छर्लङ्ग हुन आउँछ । कुमारको बीचको मुखाकृति र उनका शक्तिको मुखाकृति नराम्रोसित खप्लक्कै काटिएको अवस्थामा छ ।

उमा-महेश्वरको मूर्तिमा शिवको दायाँपट्टि नन्दीलाई पनि देखाइएको हुन्छ । यसमा नन्दी छैन । उमा-महेश्वरको मूर्तिमा महेश्वरको एक शिर मात्र देखाइएको हुन्छ । यस मूर्तिका पुरुषदेवता ६ शिर (**अगाडि देखिने ३ शिर** र पार्श्वभागमा अदनुरूप अग्रभागका शिरले छेकिएर नदेखिने भावका ३ शिर समेत गरी ६ शिर) ले युक्त छन् । यो मूर्ति चाँगुभेकका अन्य मूर्तिहरू जस्तै यस भेकमा सजिलैसित पाइने काल्छी ढुङ्गा (उच्च कोटिको ढुङ्गाको स्थानीय नाम) बाट बनेको छ । पुरुषदेवताको शिरको पार्श्वमा साधारण गोलो प्रभामण्डल छ । महेश्वरको कानमा सर्पकुण्डल हुन्छ । तर यस देवताले भने

---

११८ सानागाउँ-इन्द्रायणी वडा नं.१ निवासी तुलसी श्रेष्ठ (६२) र रामवहादुर श्रेष्ठ (६३) ।

चित्र संख्या ४८ : शक्तिसहितको षण्मुख-कुमारमूर्ति, सानागाउँ, साँखु, ईस्वी छैटौं-सातौ शताब्दी ।

कानमा घण्टा भुण्ड्याएको देखिन्छ । शक्तिले बाट्टुला कर्णकुण्डल लाएकी छिन् । दुबैले गलामा एकोहोरो कण्ठहार लगाएका छन् । दुबैले लगाएको धोती पारदर्शी देखिन्छ र कम्मरभन्दा माथिका भाग खुलै छन् र एकोहोरो पद्मपीठमा बसेका छन् । यसरी यस मूर्तिमा देखिने शैली लक्षणहरूले हामीलाई सातौं शताब्दीतिरका मूर्तिहरूको स्मरण गराएको छ । यसैले यसलाई सातौं शताब्दीतिरको मान्न सकिन्छ । यस कालसम्म आइपुग्दा उमा-महेश्वरका मूर्तिहरूमा उमा, महेश्वर र नन्दीमात्र नभएर गणेश र कुमारसहितको शिव-परिवार एवं अन्य गणहरू समेत देखापर्न आइसकेका छन् । यस मूर्तिमा शक्तिसहितका पुरुषदेवता मात्र छन् र उनीहरूका वाहन समेतको पनि यहाँ दर्शन मिल्दैन । उमा-महेश्वर मूर्तिमा महेश्वरका चार हातमध्ये माथिका दुई हातहरूमा दायाँ अक्षयमाला र बायाँ हातमा त्रिशूल लिएका हुन्छन् । यस मूर्तिका पुरुषदेवताका पनि चार हात छन् । तीमध्ये माथिको दायाँ हात भरिसकेको छ र बायाँ हातमा धनुष लिएका छन् । भरेको हातमा यिनले कुन आयुध लिएको हो भन्ने कुरा किटान साथ भन्ने अवस्था रहेन । तर त्यो हातको ढाँचालाई हेर्दा यिनले बायाँ हातमा समातेको धनुषमा बाण चढाएर हान्न लागेको अवस्थालाई संझाउँछ । यिनले धनुष लिएको हात पुरै सिधा पारेर लक्ष लिएका छन् र दायाँ हात पनि त्यही कोणमा पारेका छन् । यसरी यिनको त्यो मुद्राले बाण हान्न लागेको अवस्थालाई दर्शाएको स्पष्ट देखिन्छ । यिनको तलका दुई हातमध्ये दायाँ हात घुँडामाथि अड्याएका छन् । त्यो भाग केही नष्ट भएको छ तापनि उनले त्यस हातमा अभय मुद्रा लिएको देखिन्छ । शक्तिलाई उमा-महेश्वरको मूर्तिमा महेश्वरले तलको बायाँ हातले उमालाई तानी आफूतिर च्यापेको वा उमाको दायाँ कुममाथि आरामपूर्वक अड्याएको हुन्छ । तर यस मूर्तिका देवताले भने तलको बायाँ हातले शक्तिलाई अंगालेको जस्तो पनि देखिने गरी कुनै वस्तु लिइरहेको देखिन्छ । शायद त्यो शूल हो । यिनको बायाँ-काखमा यिनी जस्तै ललितासन मुद्रामा बसेकी द्विभुजी शक्तिले पनि दायाँ हातमा अभय मुद्रा र बायाँ हातमा वरद्मुद्रा धारण गरेको देखिन्छ ।

यस प्रकार माथिका कुराबाट यो मूर्ति उमा-महेश्वरको नभएर यस मूर्तिमा देखापर्ने प्रतिमालक्षणका आधारमा शक्तिसहित षण्मुख-कुमारको मूर्ति यो रहेछ भन्ने कुरा निश्चित रूपले जानिन्छ । वैदिक, पौराणिक साहित्यमा कुमारको चर्चा भएको पाइन्छ । शतपथब्राम्हणमा ६ शिर भएका रूद्रपुत्र कुमारको उल्लेख छ । पौराणिककालमा आइपुग्दा उनी प्रख्यात भइसकेको विदित हुन्छ । षन्मुख कुमार (छः वटा शिर भएका)को उत्पत्तिबारेमा विभिन्न

प्रकारका पौराणिक कथा चलेर आएको पाइन्छ । स्वस्थानी व्रतकथामा समेत वर्णित, लोकजीवनमा पनि प्रसिद्ध रहिआएको एउटा कथा संक्षिप्तमा यस्तो छ :

एकान्त-ठाउँभित्र महादेव पार्वतीसित भुलिरहेका बेलामा अचानक भिक्षुकरूपधारी अग्नि भित्र आएको देखी महादेवले क्रुद्ध भै भस्म गर्न लागे । त्यो देखि पार्वतीलाई अति करुणा भयो र त्यसो नगरी बरू केही भिक्षा दिएर पठाउन अनुरोध गरिन् । तब महादेवले आफ्नो वीर्य अग्निलाई भिक्षा दिए । अग्निले त्यो वीर्य आफ्नो मुखमा हाली निलिदिए र बाहिर आए । त्यसपछि महादेवको वीर्य निलेका अग्निलाई गर्भ भयो । अग्निले डराएर त्यो वीर्य कुशको वनमा उगेली आए । कुशको वनमा त्यो वीर्य दनदनी बल्न थाल्यो । त्यही क्रममा गंगास्नान गर्न गएका सप्तऋषिका सात पत्नीहरूले आगो बलिरहेको देखी ताप्न गए । एक ऋषिपत्नी भने अर्काले बालेका आगो ताप्नु छैन भनी गएनन् र छः जनाले भने त्यो आगो तापी घर गए । त्यसपछि आगो ताप्ने छःजनालाई नै गर्भ रह्यो । ऋषिहरूले गर्भ कसरी रह्यो भनी आ-आफ्ना पत्नीहरूलाई सोधे । उनीहरूले कुनै उत्तर नदिएपछि ऋषिहरूले उनीहरूलाई श्राप दिए । ती ऋषिपत्नीहरूले गंगामा गई त्यो वीर्य उगेली आकाशमा गई षट्कृत्तिका तारा भई रहे । ऋषिपत्नीहरूले गंगामा उगेलेको त्यो वीर्यबाट षट्वक्त्र कुमारको जन्म भयो र गंगाका पुत्र भई महादेवका साथ रहे ।

रामायणको बालकाण्डमा वर्णित कथा अनुसार : *शिवले उमासित विवाह गरेपछि उनी उमासितको प्रेममै भुलिरहे । यसरी एक हजार वर्ष प्रेमालापमा बिते पनि उनीहरूबाट सन्तान उत्पन्न नभएपछि देवताहरूलाई पीर परेछ र शिवकहाँ गएर प्रार्थना गरेछन् । त्यसका लागि शिवले आफ्नो वीर्य स्कन्न भइसकेको एवं त्यो वीर्यलाई पृथ्वी र अग्निले ग्रहण गर्ने, वायुले प्रवेश गर्ने गरी भिन्नै व्यक्तित्व भएका पुत्रको जन्म हुने कुरा बताए । तदनुरूप अग्निले शिवको स्खलित वीर्यमा प्रवेश गरी सेतो पहाड निर्माण गरे जहाँ कार्तिकेयको जन्म भयो । तर यसरी कार्तिकेयको जन्म भएकोमा उमाले आफू आमा बन्ने सुखद् अवसरबाट बञ्चित हुनुपरेको असन्तुष्टि प्रकट गर्दै देवताहरूलाई उनीहरूका पत्नीहरू बाँझो हुनुपरोस् भनी श्राप दिइन् ।*[११९]

---

११९ Gopinath Rao, **Elements of Hindu Iconography, vol.2,Part II,** Delhi : Motilal Banirasidass, 1968, pp.415-16.

अर्को एकथरी भिन्नै पौराणिक कथा यस प्रकार छ *: शिवले तपस्या गरिरहँदा, देवताहरूले शिवको स्थानमा अर्कै देवसेनापतिको माग गरेछन् । उमाले श्राप दिएका कारण देवताहरूले पुत्र नपाउने भएका थिए । पुत्र नभएपछि नयाँ देवसेनापति पनि नपाउने स्थिति आएको थियो । तर ब्रम्हाले देवताहरूलाई अग्निले गंगाबाट पुत्र पाउने सम्भावना रहेको सुझाएपछि सोही अनुसार महादेवबाट वीर्य प्राप्त गरी अग्निले गंगालाई आफ्नो बनाएर कार्तिकेय पाए ।*[१२०]

महाभारतको वन पर्वमा वर्णित कथा संक्षिप्तमा यस्तो छ *: दक्षपुत्री स्वाहा अग्निको प्रेममा आसक्त भएकी थिइन् । तर अग्निको ध्यान भने स्वाहातिर नभएर सप्तऋषिपत्नीहरूतिर गएको थियो । सप्तऋषिहरूको यज्ञमा बस्न जाँदा अग्निले सप्तऋषि-पत्नीहरूको सुन्दरताबाट मोहित भएर एक टकले उनीहरूलाई हेरिरहन्थे । अन्त्यमा चाहनाले गर्दा आफ्नो भूललाई पनि बिर्सेका अग्नि तपस्या गर्न वनमा गए । स्वाहा पनि अग्निको पछि लागेर गइन् । स्वाहाले अग्निको चाहनालाई बुझिसकेकी थिइन् । यसैले स्वाहाले ऋषिपत्नीहरूको रूप धारण गरिन् । तर त्यस क्रममा तिनले वशिष्ठ ऋषिका पत्नी अरून्धतीको रूप भने धारण गर्न सकिनन् । यसरी छः ऋषिपत्नीहरूको रूप धारण गरेकी स्वाहा अग्निको सामुन्नेमा उपस्थित हुन पुगिन् । अनि उनीहरूले लामो समयसम्म वनमा प्रेमालाप गरिरहे । उनीहरूको प्रेममा शिव र पार्वतीले प्रेम-उर्जा थप्दैरहे । फलस्वरूप उनीहरूबाट छः शिर भएका कार्तिकेय/स्कन्दको जन्म भयो । यिनै कार्तिकेय इन्द्रको देवसेनाका देवसेनापति भए र थुप्रै असुरहरूको संहार गरे । यिनले देवसेनासित विवाह गरे । स्वाहादेखि प्रसन्न भएका स्कन्दले अग्निमा हवन गर्दा सबैले 'स्वाहा' मन्त्रोच्चारण गर्नु पर्ने वरदान दिए ।*[१२१]

यसरी छः कृत्तिकाहरूबाट गर्भस्थ भएका कारण उनलाई **षन्मुख** वा **षट्वक्त्र** भनिएको जानिन्छ । त्यसैगरी गणेश 'देवगणपति' हुन् भने कुमार **देवसेनापति** हुन् । यिनको एक शक्ति इन्द्रपुत्री **देवसेना** हुन् । यताबाट शक्तिसहितको यस मूर्तिका देवता उनै देवसेनापति र उनको शक्ति देवसेना

---

१२० Ibid, pp.416.

१२१ Ibid, pp.417-20.

हुन् भन्ने कुरा थाहा हुन्छ ।[१२२] कुमार युद्ध र विजयका देवता हुन् । यसैले उनलाई देवसेनापति भनिएको समीचीन लाग्छ । यस मूर्तिमा उनले लिएका आयुधहरू शूल, धनुष र वाणले पनि उनको सोही विशेषतालाई दर्शाइरहेको छ । उनका छः शिर छः ऋतु सदृश् मात्र नभएर छः प्रकारका सिद्धि प्रदायकका रूपमा समेत मान्य रहिआएको जानिन्छ ।

ईशापूर्वका कालदेखि नै कुमार एसियाका विभिन्न देशहरूमा मान्यपूज्य रहिआएको देखिन्छ । मूर्तिअंकनका दृष्टिले कुषाणकालीन अभिलेखयुक्त यौधेय मुद्रामा सर्वप्रथम उनी षण्मुख रूपमा देखिन आएका छन् ।[१२३] सो मुद्राको अग्रभागमा कार्तिकेय एवं पृष्ठभागमा देवी षष्ठीलाई देखाइएको छ ।[१२४] यौधेय गणको एक मुद्रा काठमाण्डौ उपत्यकाको थानकोटभेकमा फेला परेको छ जुन हरिराम जोशीको संग्रहमा छ । यो कुरा महत्त्वपूर्ण छ । यस बारेमा जोशी लेख्छन्[१२५] :

---

१२२ Ibid, plate CXXII, CXXIII, pp.415-50

दक्षिणभारतमा कुमारलाई सुब्रम्हण्य भनिन्छ । दक्षिणभारतमा कुनै यस्तो शहर, गाउँ, बगैंचा, डाँडोको थुम्को लगायतका भिन्नै स्थान छैन जहाँ सुब्रम्हण्यको तीर्थस्थल नभएको होस् । लाग्छ पुरै दक्षिणभारत सुव्म्हण्यमय रहिआएको छ । कुमार कार्तिकेय वा सुब्रम्हण्यका दुई शक्तिहरू वल्ली र देवसेना हुन् । मूर्ति अंकनका दृष्टिले उनी अनेक स्वरूपमा देखापर्न आएका छन् । मूर्तिकलामा उनी एक वा कहिलेकाहीं दुई शक्तिका साथमा पनि देखापर्छन् । उनका अनेक नाम छन् । ती मध्ये केही मुख्य नामहरू : कार्तिकेय, षण्मुख, षडानन, सेनानी, तारकाजीत/तारकारी, शिखिवाहन, शक्तिधर, गंगापुत्र, गुह, अग्निभू, स्कन्द, विशाख, स्वामीनाथ आदि हुन् ।

१२३ D.C. Sircar, **Studies in Indian Coins**, Delhi: Motilal Banarsidass, 1968. pp. 213.

On the coins of Yaudheyas, the legends have been read and interpreted as follows : (1) *Bhagavata-svamino Brahmanya[sya] Yaudheya* or *Yaudheya-bhagavata-svamino Brahmanayadevasya Kumarasya*, "of Brahmanya (a name of Karttikeya), the divine lord of the Yaudheyas," and (2) *Bhagavata-svamino Brahmanyadevasya Kumarasya*, "of Kumara the divine lord Brahmanyadeva"

१२४ क Parmeshwari Lal Gupta, **Coins**, ibid, pp.38.

The Yaudheyas placed their favourite god Kartikeya and his consort on their coins.

ख डा. नीलकण्ठ पुरुषोत्तम जोशी, **प्राचीन भारतीय मूर्त्तिविज्ञान**, पूर्ववत्, पृष्ठ १५० ।

१२५ हरिराम जोशी, **हिन्दू देवी देवता**, पूर्ववत्, पृष्ठ १०३ ।

नेपाल खाल्डोको थानकोट भेकमा प्राप्त भएको यौधेय गणको एक मुद्रा यो लेखकको संग्रहमा छ । उक्त मुद्राको पुरोभागमा शूल हातमा लिएर उभिइरहेको कार्तिकेय तथा तिनको वाहन मानिएको मयूरको आकृति अंकित गरिनुको अतिरिक्त यौधेय गण भनी स्पष्ट उल्लेख गरिएको छ भने पृष्ठभागमा हिंड्न लागेको देवसेनाको मूर्ति र उक कलशको आकृति अंकित गरिएको छ । यसबाट यौधेयहरू कार्तिकेयका उपासक रहेको कुरा जानिन्छ । नेपालमा यौधेय गणको मुद्रा प्राप्तिले साहित्यिक आधारमा नेपालको भारतसित व्यापारिक सम्बन्ध चारौं शताब्दी ई.पू.मै भएको देखिएतापनि पुरातात्त्विक आधारमा यसको पुष्ट्याई द्वितीय-तृतीय शताब्दी ई.देखि भएको कुरा प्रमाणित हुन्छ ।

पुरातत्त्वका दृष्टिले भारतमा कुषाणकाल र गुप्तकालमा स्कन्दोपासना खूब चलेको देखिन आएको छ । थानकोटमा फेलापरेको यौधेय मुद्राले प्रकारान्तरमै उपत्यकामा पनि यसको प्रचार प्रसार एवं प्रसिद्धि बढिरहेको प्रतीत हुन्छ । लिच्छविकालीन मुद्राहरूमा यौधेय गणका मुद्राहरूको प्रभाव स्पष्ट देखिएको छ ।[१२६] छिन्नमस्तामन्दिरभित्रको कुमारको मूर्ति लगायत सानागाउँ इन्द्रायणीस्थानको हाम्रो अभीष्ट रहेको शक्तिसहितको षन्मुख कुमारको मूर्तिले कम्तिमा पनि ईस्वीको आरम्भदेखि ईस्वीको सातौं शताब्दीसम्ममा आइपुग्दा गुप्तकालीन भारतमा जस्तै लिच्छविकालीन नेपालमा पनि स्कन्दोपासना अत्यन्त लोकप्रिय भएर आएको कुरा निश्चित रूपले थाहा हुन्छ । लिच्छविकालका अभिलेखहरू पनि यस कुराका थप साक्ष छन् । पशुपतिको द्वितीय जयदेवको अभिलेखमा उल्लेखित **षड्भिर्म्मुखैःषण्मुख** (स्वामी कार्तिक छवटै मुखले) र त्यसैगरी नक्साल नारायणचौरको जयदेव द्वितीयको समयतिरको अभिलेखमा आएको **स्वामीकार्तिक** उदाहरणस्वरूप छन् । नरेन्द्रदेवले आफ्ना जेष्ठपुत्रको नाम **स्कन्ददेव** राखेको कुरा पनि यहाँ स्मरणीय छ ।[१२७] त्यसैगरी हाँडीगाउँको अंशुवर्माको अभिलेखमा आएको **षष्ठीदेवकुल** एवं सो अभिलेख जारी गरेको संवत् ३० **ज्येष्ठ शुक्ल षष्ठीले** 'सिठी' देवता वा कुमार कार्तिकेयको मन्दिर एवं जेष्ठ शुक्ल षष्ठीको दिनमा मनाइने **सिठी नख** वा **कुमार षष्ठी** लाई संझाएको छ ।[१२८] कुमार षष्ठी अर्थात् कुमारको जन्म भएको दिन : **जेष्ठ शुक्ल षष्ठी** । देवसेनापति कुमार

---

१२६ ऐजन, पृष्ठ १०३ ।

१२७ हरिराम जोशी, **नेपालको प्राचीन अभिलेख**, पूर्ववत्, पृष्ठ ४९२, ५८०, ५९३ ।

१२८ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ३०१-२ ।

कार्तिकेयलाई पुजा उपासना गरेर परिआएको खण्डमा सारा देशवासी नै सैन्यबलको रूपमा परिचालित भएर देशरक्षाका लागि गढ एवं गढका खाई, पर्खाल, ढोका, जलाशय, देवस्थल, सत्तल पाटी पौवा, बाटोघाटो खोल्ने, सफा गर्ने, सम्पदाहरू भत्के बिग्रेका छन् भने तत्काल जीर्णोद्वार समेत गरी, युद्धाभ्यास समेत गरेर आत्मबल बढाउने सामरिक महत्त्वको दिन : **जेष्ठ शुक्ल षष्ठी** । छवटा शिर भएका षण्मुख कुमारलाई छः प्रकारका रोटी, खानेकुरा चढाएर पुजा उपासना गरी भोज खाने दिन : **जेष्ठ शुक्ल षष्ठी** । यसरी लिच्छविकालमा धुमधामले मनाइने यो पर्व विशेषगरी नेपालका नेवारहरूमा आज पनि उस्तै चलेर आएको छ । घर होस् वा दरबार, आगम होस् वा मन्दिर ! मूलढोका बाहिरै रहेर पनि हजारौँ वर्षदेखि उपत्यकाको सांस्कृतिक-जीवनसित सदाकाल सांस्कृतिक सान्निध्यता राख्दै सबैलाई सुरक्षाको अनुभूति दिँदै आएका एकमात्र सेनानी कुमार कार्तिकेय नै हुन् । यसले पनि उनको अपार लोकप्रियता लौकिकजीवनमा कसरी अति-निकट रहिआएको रहेछ भन्ने कुरा थाहा हुन्छ ।[१२९]

भारतमा कुमारको वाहन मयूरको घाँटीमा घण्टी झुण्डिएको गुप्तकालीन मूर्तिको जानकारी प्राप्त छ । तर त्यही घण्टी हाम्रो यहाँ मयूर पनि नभएको, शक्तिसहितको वा भनौं देवसेना-षण्मुखकुमारको कानमा झुण्डिएको छ जसले पनि यिनलाई विशेष तुल्याएको छ । कानमा घण्टी झुण्ड्याएका कुमारमूर्तिहरू ललितपुरको कुम्भेश्वरस्थित गहिरीधारा एवं काठमाण्डौको कमलादी गणेशमन्दिरभित्र पनि छन् । यसै विशेषताका आधारमा हरिराम जोशीले कुमारको एक रूप घण्टाकर्ण हुनसक्ने अनुमान लाएका छन् ।[१३०]

---

१२९ काठमाण्डौ-उपत्यका नेवारहरूको मूल थलो हो । नेवार राष्ट्रवोधी नाम हो । इतिहासको कालप्रवाहमा यहाँ गोपाल, महिषपाल, किरात, लिच्छवि, वृजिक, शाक्य, मल्ल आदि अनेक जाति आए । जो पनि आए र, यहाँको धर्म संस्कृति र समाजलाई आत्मसात गरे ती सबै नेवार भए । दक्षिणभारतमा कुनै यस्तो ठाउँ छैन जहाँ सुब्रम्हण्य नरहेको होस् ! उस्तै काठमाण्डौ उपत्यकामा नेवारहरूको कुनै यस्तो घर छैन जुन घरको मूलढोका वाहिर कुमारको प्रतीक प्रस्तर-पद्माकृति प्रतिष्ठापित नभएको होस् ! गणेशभन्दा पनि सर्वप्रथम पुजिने कुमार ! घरवाट वाहिर गएर पुजा गरिने अरू देवीदेवताको त कुरै छाडौं, गणेशकै पूजा गर्न जानुपरेमा पनि सर्वप्रथम घरको मूलढोका वाहिरका कुमारलाई पहिले पुजा गरिन्छ ।

१३० हरिराम जोशी, नेपालका चाडपर्व, ललितपुर : शुशिलराम जोशी, २०६०, पृष्ठ ७० ।

दिल्लीको राष्ट्रिय संग्रहालयमा उत्तर-गुप्तकालीन (ई.सं.६-७ शताब्दी) छवटा शिर र चार हात भएका कुमारको एक कांस्यमूर्तिको चर्चा डा.नीलकण्ठले गरेका छन् । यसलाई उनले भिन्नै विशेषता भएको मूर्ति मानेका छन् । यस मूर्तिको दोस्रो विशेषता मयूर एवं शक्तिको मानव रूपमा अंकनलाई मानेका छन् र यस्तो मूर्ति आजसम्म कतै पनि प्राप्त नभएको भनेका छन् ।[१३१] सो मूर्ति हेर्न पाएको भए हाम्रो शक्तिसहितको षण्मुखकुमारको मूर्तिबारेमा तुलनात्मक दृष्टिले थप केही नूतन कुरा जान्न सकिन्थ्यो । तापनि एउटा समानता के देखिन्छ भने दुबै मूर्तिहरू समकालीन लाग्छन् । किनकि दुबै मूर्तिहरू छवटा शिर र चार हातले युक्त छन् । तर अरू कुरामा उताका भन्दा हाम्रो यताका कुमारमूर्ति केही भिन्नै विशेषताले युक्त भएको अतुल्य मूर्ति हो भन्ने देखिन्छ । जस्तै : हाम्रो कुमारमूर्ति प्रस्तरले बनेको छ । अर्को कुरा उमा-महेश्वरको दुरूस्त ढाँचामा बनेको शक्तिसहितको यस्तो षण्मुखकुमार मूर्ति भारतमा मात्र नभएर, एसियाका अन्यत्र स्थानमा पनि छ जस्तो मलाई लाग्दैन । नेपालमै पनि शक्तिसहितको कुमारको यति प्राचीन, स्वतन्त्र वा भिन्नै मूर्ति यस अघि फेला परेको देख्न सुन्नमा आएको छैन । लिच्छविकालीन उमा-महेश्वरका मूर्तिहरूमा उनी अन्य परिवार र गणका साथमा गौणदेवताका रूपमा मात्र देखिन आएका छन् ।[१३२] यसरी हामी शक्तिसहितको षण्मुखकुमारको यो अतुल्य मूर्तिलाई नेपालमा प्राप्त पहिलो र सर्वप्राचीन मूर्ति हो भनी मान्न सक्दछौँ ।[१३३]

---

१३१ डा.नीलकण्ठ पुरुषोत्तम जोशी, **प्राचीन भारतीय मूर्त्तिविज्ञान**, पूर्ववत्, पृष्ठ १५३ ।

१३२ पार्वतीले बायाँ काखमा गणेश र दायाँ काखमा कुमारलाई बसालेर राखेको एक दुर्लभ मध्यकालीन प्रस्तरमूर्ति धुलिखेलमा छ । यस मूर्तिमा बालक कुमारका छवटा शिर र बाह्र हात छन् । हरिराम जोशीले यस मूर्तिलाई प्रकाशमा ल्याएका हुन् ।[क]

क Hari Ram Joshi, **Pages of the Forgotten Past**, ibid, see Illustration.

१३३ हामीले माथि प्रस्तुत गरेको मानचित्रमा पसेर लिच्छविहरूले बसालेको विशालनगरलाई हेर्ने हो भने यस महानगरभित्र भारतमा पनि नभएका र नभेटिएका अतुल्य कलाकृतिहरू देख्दछौं । मानदेवकालीन त्रिविक्रम नारायणका मूर्तिहरू लगायत शक्तिसहितको षण्मुखकुमारको यो मूर्ति पनि यस कुराको एक सूक्ष्म उदाहरण हो ।

यक्ष-मस्तक (चित्र संख्या ४९)

तुलसीमठको खोपाभित्र रहेको यो मस्तक (लम्बाइ २० से.मि., चौडाइ १६ से.मि.) छक्कलाग्दो छ । यस भेकमा सजिलैसित पाइने काल्छी ढुङ्गाबाट यो मस्तक बनेको छ । झट्ट हेर्दा पनि भिन्नै र प्राचीन लाग्ने सो मस्तक विकृत रूपको छ । यस मस्तकको मुखाकृति-भाव हेर्दैमा कठोर एवं निकै सामर्थ्यशाली देखिन्छ । यस मस्तकको नाप नक्सातिर विचार गर्दा यो अन्दाजी ५ फिट अग्लो मोटोघाटो बलिष्ठ शरीर भएको यक्षको मस्तक हो भन्ने प्रतीत हुन्छ ।

यो मस्तकलाई सरसरी हेर्दा कसैले यसका आँखा, नाक मुख, गाला कोरकार पारेकाले विकृत हुन पुगेको रहेछ भन्ने लाग्छ । समयको मारले यसका केही भाग अवश्य नै टुटफूट भएका छन् । तर अलिकता गहिरिएर हेरेमा यसलाई बनाउने कलाकारले नै विकृतभाव पैदा हुने गरी यो मूर्ति बनाएका हुन् भन्ने कुरामा बढ्ता विश्वास हुन्छ । जस्तै यसको दुबैपट्टि आँखा मुनिका धर्का र गालाका धर्का आगोले उठेका झिल्का जस्तै उस्तै छन् । यस्तै आगो लाग्दा उठेका अग्निका झिल्का जस्ता धर्काहरू यसको निधारको बीचमा पनि कोरिएका छन् जसले सहजै तेस्रो नेत्रको आभास गराउँछ । र त्यही झिल्का जस्ता धर्काहरू आगोको मुस्लो जस्तै निधारमाथि कपालको चारैतिर दुई तहमा फैलिएर मुकुटको रूप लिन पुगेको छ । यसको नाक हल्का फुटिसकेको देखिन्छ । तर त्यो नाक पनि पनि खोज्नुपर्ने गरी हराइसकेको भान हुन्छ जुन थ्याच्च परेको छ । यसको नाक मुनि पनि कोरकार पारेका जस्तै लाग्ने हल्का धर्काहरू देखापर्छन् जुन खिइसकेका छन् । यसरी समग्रमा भयानक र विकृत देखिने यो मस्तकलाई हेर्दा अग्निज्वालाले धपक्क बलेको अग्निदेवकै मस्तक हो कि भन्ने आभास हुन्छ ।

यसको आँखा पनि ठूलठूला छन् । यसको कानपछाडि पनि धर्का छन् । यसले दुबैपट्टि कानमा मोटामोटा कुण्डल लाएका छन् । ती कुण्डल पनि खिइसकेका छन् । मस्तकको बायाँपट्टि आँखा र कानभन्दा माथिका केही भाग र मस्तकको पछाडिपट्टिका केही भाग भने चोट लागेर फुटिसकेको देखिन्छ । यसको ओँठलाई हेर्दा त यसका कुनै परमशत्रुले योदेखि बेस्सरी रिसाएर यसका ती ओँठ नै कच्याककुचुक पारेर यसकै मुखभित्र कोचिदिएको जस्तो लाग्छ । यसरी यस मस्तकमा देखिने केही प्राचीन विशेषताहरूले कुषाणकालीन भयानक शरीर र विकृत रूप भएका यक्षमूर्तिहरूलाई संझाएको छ ।

नेपाल, भारत लगायत एसियाका विभिन्न भागहरूमा ब्राम्हण एवं बौद्ध कलाका मूर्तिहरू निर्माण हुनुभन्दा पनि पूर्वकालदेखि लौकिकजीवनले मूर्ति बनाएर मान्दैपुज्दै आएका प्रसिद्ध लोकदेवता यक्ष हुन् भन्ने कुरा ज्ञात हुन्छ ।[१३४] ब्राम्हण एवं बौद्ध कलाका मूर्तिहरूको प्राधान्यता बढ्दै गएपछि भने यक्ष ओझेलमा पर्न गएको आभास हुन्छ । देवता र दानवभन्दा भिन्नै वा दोहोरो चरित्र भएका, भूत-प्रेत, गन्धर्व, किन्नर, नाग लगायत प्रकृतिका विविध शक्तिको प्रतिनिधित्व गर्ने (खोलानाला, वन, पहाड आदि) आदि यक्ष हुन् भन्ने बुझिन्छ । प्राचीन साहित्य (वेद, उपनिषद्, पुराण, जातकादि पालि-ग्रन्थ, जैन, संस्कृत कथा साहित्य आदि) मा यक्षको प्रशस्त उल्लेख पाइन्छ । यक्षलाई एकातिर लोकको हित गर्ने अद्भुत सामर्थ्यशाली सुन्दर आँखा भएका रूपमा कल्पना गरिएको पाइन्छ भने अर्कोतिर ठूलाठूला आँखा भएको, विवृतमुख भएको, भयंकर देह भएको मानिएको छ ।[१३५] हाम्रो यक्षमस्तक यही कोटिमा पर्न आउँछ । अग्नि, इन्द्र, कृष्ण, बलराम, स्कन्द/कुमार कार्तिकेय आदिलाई पनि यक्ष भनिएको पाइन्छ ।[१३६] विकृत रूप भएका यक्षलाई हास्यको आलम्बन समेत मानिएको ज्ञात हुन्छ । घण्टाकर्ण शायद यस्तै यक्ष थिए । लोकदेवताका रूपमा यक्षले ब्राम्हण, बौद्ध एवं जैन धर्ममा सजिलै प्रवेश पाएको विदित हुन्छ ।[१३७] ईस्वीको चारौँ-पाँचौँ शताब्दीदेखि यक्ष-पूजनको प्राचीन रूप लुप्त भइसकेको विदित हुन्छ तापनि परवर्तीकालमा वेताल, द्वारपाल, भारवाहक, इत्यादि गौणरूप भने अलंकरण अभिप्रायले नवीन संस्करणका रूपमा चलेको प्रतीत हुन्छ ।[१३८]

---

१३४ Department of Archaeology, **A Report on the Study of Iconography of Kathmandu Valley and their Preservation and Protection**, ibid, pp.10.
'The cult of Yakshya worship had a long history in South Asia and it was widely prevailed in ancient India. As Yakshya cult pre-dates both Brahmanical and Buddhist art, its antiquity goes beyond Mauryan art of the 3rd century B.C.'

१३५ डा.नीलकण्ठ पुरुषोत्तम जोशी, **प्राचीन भारतीय मूर्त्तिविज्ञान**, पूर्ववत्, पृष्ठ १८० ।

१३६ ऐजन, पृष्ठ १८० ।
यक्ष जस्तै यक्षिनीलाई पनि उस्तै सामर्थ्यशाली, रूपवती मानिएको पाइन्छ । लक्ष्मी, एकानंशा लगायतका मायाविनी देवीहरूलाई यक्षिनी भनिएको पाइन्छ ।

१३७ ऐजन, पृष्ठ १८० ।
ब्राम्हण धर्म अनुसार यक्षहरूका अधिपति कुवेर थिए । बौद्ध परम्परा अनुसार यक्षहरू चार दिशाका 'चार्तुमहाराज' एवं जैन परम्परा अनुसार शासनदेवका रूपमा सम्वद्ध छन् ।

१३८ मूर्तिकलाका दृष्टिले यस्ता यक्षहरू प्रस्तर/काष्ठस्तम्भहरूमा, ढुङ्गेधाराको टुटोमुनि : भगिरथ/पोटेदेवता/भारवाहक आदि रूपमा देखापर्छन् ।

हाँडीगाउँमा फेलापरेको यक्षको प्राचीन मूर्ति (ईस्वीको प्रथम शताब्दी) मस्तकविहीन छ । यो अहिले राष्ट्रिय संग्रहालयमा छ । साँखु, सानागाउँ-इन्द्रायणीमा हामीले भर्खरै फेलापारेको यक्षको यो प्राचीन मस्तकमूर्ति देहविहीन छ । हाँडीगाउँको यक्षको टाउको पनि भइदिएको भए त्यससित यसको तुलना गर्न सजिलो हुने थियो । मालीगाउँमा फेलापरेको र हाल राष्ट्रिय संग्रहालयमा रहेको सुन्दर आँखा, ओँठहरूले मीठो मुस्कान दिनै लागेको जयवर्माको मुखाकृतिसित यसको तुलना हुनै सक्दैन । किनकि हाम्रो यक्षको मस्तकको भाव ठीक त्यसको विपरित विकृत भावको छ । तर यही विकृतभाव यस यक्षमस्तकको मूल पहिचान हो भनी मान्न सकिन्छ । यस विशेषताको अतिरिक्त निकै सामर्थ्यशाली देखिनु, कानमा मोटामोटा कुण्डल, ठूलाठूला आँखा, भयानक मुखाकृति आदि विकृत रूप भएका प्राचीन यक्षमूर्तिका खास पहिचान हुन् । यी विशेषताहरू यस यक्षमस्तकमा स्पष्ट देखापर्छन् । यस आधारमा हामी यस यक्षमस्तकलाई ईस्वीको प्रथम शताब्दीतिर राख्न सक्दछौँ । विशेषगरी यस यक्षमस्तकमा अग्निको प्राधान्यता प्रवल रहेको छ । अग्नि रूद्र-शिवकै एक रूप हो । यसको विकृत एवं भयानक मुखाकृतिले रौद्र रूपका भैरवको स्मरण गराएको छ । यसरी यस यक्षमस्तकमा रूद्र-शैव सम्प्रदाय अन्तर्गतको 'यक्ष-भैरव'को दर्शन मिल्छ । यसैले हामी यो प्राचीन, दुर्लभ एवं अद्भुत यक्षमस्तकलाई 'यक्ष-भैरव' भनी पुकार्ने छौँ । समयको प्रवाहमा कुनै कारणले यसको छुट्टिएको देह यस प्राचीन गाउँमै कतै पृथ्वीको गर्भमा पुरिएर रहेको हुनुपर्छ । यसले पनि यस भेकको पुरातात्त्विक महत्त्व बोध हुन्छ । पुरातात्त्विक उत्खननको एक आदर्श थलोको रूपमा यसलाई पनि लिन सकिन्छ ।

बोधिसत्व-मस्तक (चित्र संख्या ५०)

तुलसीमठको खोपाको दायाँपट्टि सिमेन्टले जोडेर यो मस्तक राखिएको छ । यसको देह पनि यक्ष-भैरवकै जस्तो यस गाउँमा कतै पुरिएर रहेको अनुमान गर्न सकिन्छ । यो मस्तक (लम्बाइ : १२ से.मि., चौडाइ : ७ से.मि.) चिल्लो चिप्लो काल्छी ढुङ्गाबाट बनेको छ । मस्तकका नाक, मुख, निधार आदि भागमा चोटका दाग लागेका छन् । तापनि यस मस्तकको मुखाकृति शान्त, सौम्य र सुन्दर देखिन्छ र त्यहाँ करुणाभावको आभास पनि हुन्छ । यस मस्तकले धारण गरेको मुकुट सुन्दर र कलात्मक छ । सो मुकुटको मध्यभागमा पलैंटी कसी ध्यानमुद्रामा बसेको एक सूक्ष्म आकृति पनि देखिन्छ

। सो आकृतिमा पनि चोटका दाग लागेका छन् र खिइसकेको पनि छ । मुकुटको शिर्षभाग टुटिसकेको छ । यसरी यस मस्तकमा देखिने यी केही लक्षणहरूका आधारमा यो बोधिसत्वको मूर्ति हो भनी मान्न सकिन्छ । यसको कान पनि बोधिसत्वका अन्य मूर्तिहरूका कान जस्तै लाम्चो छ । बोधिसत्वका मूर्तिहरूले धारण गर्ने मुकुटहरूको मध्य भागमा पितृस्थानीय-ध्यानीबुद्धका आकृतिहरू पनि कुँदिएका हुन्छन् । यताबाट यो बोधिसत्व पद्मपाणिको मस्तक हो र यसको मुकुटको मध्यभागको आकृति अमिताभको हो भन्ने मलाई लाग्छ । तुलसीमठको ठीक पूर्वपट्टि एउटा सानो चैत्य पनि छ । यताबाट पनि प्रकारान्तरमा यो बोधिसत्व पद्मपाणिको मस्तक हो भन्ने कुरा निश्चितप्राय: देखिन्छ । यस मस्तकमा देखापर्ने शैलीलक्षणका आधारमा हामी यसलाई इस्वीको दशौँ शताब्दीतिरको मान्न सक्दछौँ ।

गणेशको खण्डित प्रस्तरमूर्ति (चित्र संख्या ५१)

गणेशमन्दिर, तुलसीमठ परिसरमा अन्य उल्लेख्य कलाकृति छन् कि भन्ने आशाले यताउति अवलोकन गर्‍यौं । त्यस क्रममा तुलसीमठसंगै मिल्किएर वा भनौं साह्रै नै परित्यक्त अवस्थामा छुट्टिएर रहेका दुईवटा खण्डित प्रस्तर हामीले भेट्टायौं । ती खण्डित प्रस्तरलाई जोडेर हेर्दा विस्मयकारी रूपमा सुखासनमा बसेका गणेशमूर्तिको झुलुक्क दर्शन मिल्न आयो । यसको अर्को भाग हामीले भेट्टाएनौं । त्यो भाग निश्चित रूपले यसको आसपास कतै हुनुपर्छ ।

यस खण्डित भागमा हामीलाई मूर्तिफलकको दायाँपट्टि कुशलमङ्गलको प्रतीक पूर्णकलशको दर्शन मिल्छ । त्यसपछि सुखासनमा बसेका गणेशको दायाँपट्टिको भाग देखापर्छ । त्यस भागमा उनका दुई हातहरू छन् । त्यसमध्ये दायाँपट्टिको माथिल्लो हातमा उनले कुनै लाम्चो वस्तु समातेको देखिन्छ । त्यो शायद अंकुश हो । यिनले दायाँ खुट्टा आसनबाट तल झारेका छन् । अर्को खण्डित भागमा यिनले बायाँ खुट्टा पलैंटी मारेर बसेका छन् । खासगरी मध्यकालमा प्रस्तरकलाकृति खस्रो ढुङ्गाबाट ज्यादा बनेका पाइन्छन् । त्यस्तै कोटिको खस्रो ढुङ्गामा यो मूर्ति बनेको छ । यताबाट पनि यो मध्यकालीन मूर्ति हो भन्ने कुरा जानिन्छ । र, मलाई लाग्छ गणेशमन्दिरको मूलदेवता यही हुनुपर्छ । कारणवश् सो गणेशमन्दिर भत्केर पाताल भएपछि सो मूर्ति पनि अलपत्र अवस्थामा पर्न गयो होला । पछि हालको पाटी वा गणेशमन्दिर बनेपछि यो त्यसरी परित्यक्त वा वेवारिसे हुनपुगेको प्रतीत हुन्छ ।

इन्द्रायणीपीठ लगायत तुलसीमठको खोपामा फेलापरेका सम्पदाले पनि यस प्राचीन भेकको धार्मिक-सांस्कृतिक, ऐतिहासिक एवं पुरातात्त्विक महत्त्व र गरिमालाई बढाएको छ । यस भेकमा छुट्टै अन्वेषण र उत्खनन हुन सकेमा थप धेरै नयाँ कुरा प्रकाशमा आउने छन् भन्ने मलाई लागेको छ । यसरी सानागाउँ-इन्द्रायणीका कुरा पंक्तिबद्ध गरिसकेपछि अब भने माथि चाँगु डाँडाको उत्तरपट्टिको भाग हुँदै त्यहाँबाट पूर्वतर्फको नगरकोटभेकसम्म यस अघि नै स्थलगत अन्वेषण गरिसकेका धार्मिक-सांस्कृतिक र खासगरी ऐतिहासिक एवं प्रागैतिहासिक महत्त्वका स्थानहरू : गणेश(मगामटोल), गोठालेदेवता, भीमसेनस्थान, गुफा, ओडारहरू लगायत विभिन्न स्थानबाट फेलापरेका नवपाषाण उपकरणहरूका बारेमा तल चर्चा गरिन्छ :

मगामटोलका गणेश (चित्र संख्या ५२)

चाँगुनारायणमन्दिरको उत्तरपट्टि मगामटोल (वडा नं ८) छ । यस टोलमा कलात्मक एवं सुन्दर काष्ठ-द्वारतोरणमा प्रतिष्ठापित दक्षिणाभिमुख गणेशको प्रस्तरमूर्ति (लम्बाइ ४८ से.मि., चौडाइ २६ से.मि.) छ । मध्यकालीन यस मूर्तिका गणेश दायाँ घुँडा उचाली, बायाँ खुट्टा पलेँटी कसेर राजलीलासनमा बसेका छन् । यिनका चार हात छन् । तीमध्ये माथिका दायाँ हातमा अक्षयमाला, बायाँ हातमा परशु र तलको दायाँ हात वरदमुद्रामा र बायाँ हातमा मोदकपात्र लिएका छन् । यिनले आफ्नो सूँड त्यतैतिर लगेका छन् । भिन्नै प्रकारको देखिने सो काष्ठतोरणको बीचमा पनि गणेशको मूल मूर्तिभन्दा केही मात्र सानो गणेशको काष्ठमूर्ति छ ।

चाँगुका चार गणेशमध्येका एक मानिने यी गणेश यस भेकका थानगणेश हुन् । चाँगुको महास्नान-पर्वपूजाताका यस गणेशको पनि आरम्भपूजा गर्ने परम्परा रहिआएको जानिन्छ ।[१३९]

गोठालेदेवता (चित्र संख्या ५३)

चाँगुनारायणमन्दिरको उत्तरपट्टि भिरालोमा ढुङ्गाले छापेको ठाडो र लाम्चो सिँढीयुक्त बाटो छ । सोही बाटो हुँदै मगामटोलका गणेशलाई पनि दायाँ पारेर उत्तरतर्फ केही तल झरेपछि बाटोको बायाँपट्टि एक ढिस्को देखापर्न आउँछ । सो ढिस्कोको वायव्यकोणमा अन्दाजी ६ फिट जति लाम्चो एक लिङ्गाकार प्रस्तर जमिनबाट माथि ४०-५० डिग्री कोणमा तेर्सिने गरी गाडिइएको छ । यही प्रस्तर यस भेकमा गोठालेदेवता भनी विख्यात रहिआएको छ ।

गोठालेदेवता स्थापित ढिस्कोमा ढुङ्गाहरू छरपष्ट अवस्थामा देखापर्छन् । कुनैबेला ती ढुङ्गाहरूले सो ढिस्को चौकुने आकारमा छापिएर गोठालेदेवताको गर्भस्थानको रूपमा सजिएको थियो भन्ने छनक मिल्छ । गोठालेदेवताको

१३९ मगामटोलका देवनारायण श्रेष्ठबाट प्राप्त जानकारी ।

दायाँपट्टि चारपाटे आकारको एक प्रस्तर खण्ड छ । सो प्रस्तर खण्डमा सादा ढङ्गले पुष्पलहरा-आकृति कुँदिएको खोपा छ । सो खोपाभित्र पनि मुकुटधारी देवमस्तक छ । यताबाट यो कुनै ढुङ्गेमन्दिरको सुन्दर र कलात्मक प्रस्तर-थामको पनि अवशिष्ट भाग हो भन्ने देखिन्छ । त्यसैगरी गोठालेदेवताको बायाँपट्टि टाउको, पञ्जा पनि टुटिसकेको, साह्रै नै खिइसकेको प्रस्तरको एक जीर्ण सिंहमूर्ति पनि छ । त्यसको सामुन्ने खिइसकेको एक ढुङ्गे पानस पनि छ । देवमूर्तिको ढिस्कोको पूर्व कुनामा एक अत्यन्त भग्न अवस्थाको एक जलद्रोणी पनि छ । यसरी यी अवशिष्ट खण्डहरूले यहाँ एकताका गोठालेदेवताको प्राचीन ढुङ्गेमन्दिर थियो जुन कालक्रमले भत्किएर पाताल हुनपुगेको अनुमान हुन्छ ।

गोठालेदेवता ग्वालाहरूका देवता हुन् । चाँगुनारायणको प्रतिष्ठाकालदेखिका सुसारेहरू यस भेकका ग्वालाहरू/भडेलहरू हुन् भन्ने कुराको चर्चा माथि भइसकेको छ । यस आधारमा गोठालेदेवता चाँगुनारायण जतिकै प्राचीन हुन् भन्ने कुरा जानिन्छ । ऋषिपंचमीका दिनमा भडेलहरूले गोठालेदेवताको पुजा गरी सामूहिक भोज : **'मंकाभ्वय्'** खाने चलन छ ।[१४०] त्यसैगरी यस भेकका गोठालेहरू वा स्थानीय बासिन्दाहरूले आफ्ना पशुधनको रक्षाका लागि र वस्तुभाउ हराएमा गोठालेदेवताको पुजाआजा गर्ने चलन छ । उहिले भेँडाबाखाका उन बाहिर लगेर व्यापार गर्न जाने व्यापारीहरूले पनि गोठालेदेवताको पुजा उपासना गर्ने चलन रहेको कुरा स्थानीय बासिन्दाहरू बताउँछन् । गाईभैँसी ब्याएपछि गोठालेदेवताकहाँ कुखुराबली चढाउने चलन पनि रहेको छ । अद्भुत कुरा के छ भने कुखुराको बली दिँदा हँसियाले मात्र कुखुरा काट्ने चलन छ जुन अन्यत्र छैन ।[१४१]

---

१४० चाँगुनारायणमन्दिरका सुसारे महेन्द्र भडेलबाट प्राप्त जानकारी ।

१४१ नेवार-सांस्कृतिकजीवनमा हँसियाले कुखुरा बली दिने कुरा त परै जाओस्, सानो टुक्रा मासु पनि काट्ने चलन छैन । अनिकाल परेको बेलामा भक्तपुरको विस्केट जात्रा हेर्न आएका काशी विश्वनाथ भैरवलाई भक्तपुरमै बसाल्न सके सहकाल आउने छ भनी यहाँका तान्त्रिक आचार्यले आफ्नो तन्त्रशक्तिले विश्वनाथ भैरवलाई समात्न खोज्दा उनी उम्केर भागेछन् । अनि उनलाई लखेट्दै गएका आचार्यले अलप हुन लागेका भैरवको टाउको हँसियाले च्वाट्टै छिनाल्न पुगेछन् । लोकजीवनले यही कथा संझदै, त्यसै हुँदा हँसियाले मासु काट्न हुन्न भन्ने लोक आस्था र विश्वास चलिआएको विदित हुन्छ । चाँगुभेकमा भने हँसियाले बली दिने चलन पछाडिको किंवदन्ती, दर्शन के हो त्यो भने खोतल्न बाँकी नै छ । तर मलाई लाग्छ ग्वाला वा गोठालेहरूका साथमा सदा रहने उनीहरूको मुख्य हतियार हँसिया नै हो । वस्तुभाउलाई चाहिने घाँसपात जुटाउन हँसिया नभै हुन्न । यसै हुँदा अन्य हतियारले नभएर आफू र आफ्नो पशुधनको रक्षा

चार हाते भीमसेन (चित्र संख्या ५४)



गर्ने एक मात्र हतियार हँसिया उनीहरूका लागि देवता हुन् र यसै हुँदा हँसियाले नै बली दिने चलन रहिआएको दृष्टिगोचर हुन्छ । गोठालेहरू किसान हुन् । कृषि र पशुपालन किसानको मूल पेशा हो । काठमाण्डौ उपत्यकामा सर्वप्रथम कृषि र पशुपालनको पेशा आरम्भ गरी बस्ती बसाल्ने गोपाल/महिषपाल वा आभीरहरू किसान नै थिए । अर्को उल्लेख्य कुरा, विश्व इतिहासका दृष्टिले पनि हँसिया संसारका सारा किसानहरूको मुख्य हतियारको रूपमा रहिआएको छ जसरी हथौडा मजदुरहरूको । हँसियाले किसानको परिचय मिल्छ जसरी हथौडाले मजदुरको ! यसै हुँदा संसारका सारा कम्युनिष्टहरूको झण्डामा तदनुरूप हँसिया र हथौडा रहिआएको कुरा पनि यहाँनेर स्मरण गर्नु प्रसङ्गप्राप्त लाग्छ ।

गोठालेदेवताथानबाट पनि केही तल झरेपछि कापाहिटी वडा नं ८ स्थित भीमसेनथानमा पुगिन्छ । खुला आकाशमुनि प्रतिष्ठापित पशिचमाभिमुख, प्रस्तरकै द्वारतोरणमा सजिएको भीमसेनको प्रस्तरमूर्तिको पादपीठमा ने.सं.७७२ (ई.सं.१६५२) को अभिलेख पनि कुँदिएको छ । त्यताबाट यो मूर्ति ने.सं.७७२ मा स्थापना भएको कुरा थाहा पाइन्छ ।

यस मूर्तिका भीमसेन (लम्बाइ ६९ से.मि., चौडाइ २२ से.मि.) दु:शासन-आसनमा प्रत्यालीढ मुद्रामा उभिएका छन् । उनका चार हात छन् जसमध्ये तलको दायाँ हातमा खड्ग लिई बायाँ हात छातिसम्म पुऱ्याएर अपानमुद्रा (जति खाए पनि पचाउन सक्ने) धारण गरेका छन् । माथिको दायाँ हातमा खट्वाङ्ग र बायाँ हातमा धनुष लिएका छन् । यस मूर्तिको खास विशेषता पनि उनका ती चार हात नै हुन् । यसैले हाम्रा यी भीमसेन नेपालका दुई हात मात्र भएका भीमसेनहरूभन्दा भिन्नै वा खास भएका छन् । जोशी लेख्छन्[१४२] : 'यहाँ प्रतिष्ठापित चार हात भएको भीमसेनको मूर्ति नेपालका दुर्लभ भीमसेन मूर्तिहरूमा मानिन्छ ।' नेपालमा चार हात भएका भीमसेन यिनी मात्र हुन् र यिनीबाहेक अर्को दोस्रा आजसम्म देखिन र सुन्नमा आएको छैन ।

तोरणको बीचमा रहने देवतामा भित्रपट्टि गर्भस्थानमा स्थापित मूलदेवताको खास रूपको दर्शन मिल्छ । नेपाली तोरणकलाको यो एक खास वैशिष्ट्य रहिआएको छ । यस कुराको एक अनुपम उदाहरण यसै भीमसेनमूर्तिको द्वारतोरण पनि हो । ध्यानपूर्वक हेरेमा उक्त तोरणको बीचमा यसकै प्रतिरूपक तर दुई हात भएको (दायाँ हातमा खड्ग लिई बायाँ हातले अपान मुद्रा धारण गरेको) भीमसेनको सूक्ष्म मूर्तिको दर्शन मिल्छ । सरसरी हेर्दा यो प्रतिकूल प्रतीत हुन्छ । तर तिनमा निहित प्रतिकात्मक अर्थलाई भीमसेनमा पाइने दुई मूल विशेषतातिर विचार गरी हेर्दा सुन्दर यथार्थताको दर्शन मिल्छ ।

चारहाते भीमसेनको मुखाकृतितिर ध्यानपूर्वक हेरेको खण्डमा भैरवका जस्तै यिनका पनि दाह्रा निस्केका छन् । अन्य विशेषताहरू भैरवसित पनि मिल्दाजुल्दा छन् । प्रतिमालक्षणका दृष्टिले चारहाते भीमसेनमा भैरवको पनि

---

१४२ हरिराम जोशी, हाम्रो संस्कृति, पूर्ववत्, पृष्ठ २६ ।

दर्शन मिल्छ । यसरी हाम्रा चारहाते भीमसेन भैरव पनि हुन् यसैले हामी उनलाई **भीमभैरव** भनी मान्न सक्दछौं ।

यथार्थमा वायुपुत्र भीमसेन पनि आफ्ना अन्य दाजुभाइ जस्तै लौकिक नै थिए । आफ्नो असाधारण बल र वीरताले उनी भने लोकजीवनमा अलौकिक हुन पुगे । खासगरी केही अपवादलाई छाडेर नेपालका नेवार वैश्यहरूले अलौकिक रूपमा मान्दै पुज्दै आएका सर्वमान्यदेवता भीमसेन हुन् ।[१४३] वैश्य वा व्यापारीहरूका लागि भीमसेन नै एक मात्र यस्ता इष्टदेवता थिए जसले व्यापारका लागि दुरस्थ स्थानहरूमा वा परदेशमा जाँदा उनीहरूको जीउज्यान एवं धनसम्पत्तिको रक्षा गरिदिन सक्दथे, आफन्तहरूमा कुशलमङ्गल छु भनी वायुवेगले खबर पुऱ्याइदिन सक्दथे ।[१४४] उनी असलमा लौकिक भएर पनि नेवार समाजमा अभिन्न रूपले अलौकिक हुन पुगे । यसरी प्रतीकात्मक रूपमा हाम्रा चार हाते भीमसेन र उनकै प्रतिरूपक दुई हाते भीमसेनमा भीमसेनको अलौकिक र लौकिक रूपको दर्शन मिल्छ । निःसन्देह यो नेपालको एक मात्र अपूर्व भीमसेनमूर्ति हो भन्ने आधार हामीलाई यतावाट पनि मिल्छ । यस्तो भावले सिर्जित चारहाते भीमसेन मूर्ति भारतमा पनि

---

१४३ तन्त्रप्रधान नेवार धर्म संस्कृतिमा एउटै देवता पनि अनेक अवतारमा मान्यपुज्य रहिआएको पाइन्छ । भीमसेनकै उदाहरण लिउँ । भीमसेनलाई भैरव एवं शिवकै रूपमा पनि पुजा उपासना गने चलन रहिआएको देखिन्छ । रूद्रयामल तन्त्रमा उनलाई **भीमभैरव** भनिएको छ । काठमाण्डौ भीमसेनस्थानको ने.सं.७७५ को प्रतापमल्लको अभिलेखमा उनलाई 'श्री ३ शिवरूप भीमसेनाय नमः ॥' भनिएको छ । कीर्तिपुर वाघभैरवको ने.सं.७०७ को अभिलेखमा **बाघभैरवलाई** भीमसेन भनिएको छ । परदेशमा गएका व्यापारीको कुशलमङ्गल वा हालखवर वायुवेगले उनका आफन्तहरूसमक्ष पुऱ्याउन सक्ने हुँदा उनी **परदेशी भीभसेन** कहलिएका छन् । उनको एक नाम **वृकोदर** हो ।

भक्तपुर राजदरवारको दक्षिणपट्टि ब्राम्हणहरूको परम्परागत बसोवास रहिआएको एक टोलवस्ती इपाछें हो । सो टोलका रत्नराज शर्मा (८५)का अनुसार उनको घरमा दश हात, पाँच शिर भएको **शक्ति(द्रौपदी)सहितको पंचमुखी भीमसेन**को एक हात लामो सुन्दर शिलामूर्ति थियो जुन चार दशक अघि चोरी भयो । सो मूर्तिको पाँच शिर तीन तहमा विभक्त थियो । पहिलो तहमा तीन शिर थिए जसमध्ये वीचको मूल शिर भीमसेनको थियो र यो सबैभन्दा ठूलो शिर थियो । भीमसेनको शिरको दायाँपट्टि नकुल र बायाँपट्टि सहदेव तथा दोस्रो तहमा अर्जुन र शिर्ष तहमा युधिष्ठिरका शिर थिए । प्रत्यालीढ मुद्रामा पंचमुखी भीमसेन दायाँ वायाँ दुई वेतालका जीउमा खुट्टा टेकी उभिएको यो दुर्लभ मूर्ति थियो ।

१४४ क. हरिराम जोशी, **हिन्दू देवी देवता**, पूर्ववत्, पृष्ठ ७२-७४ ।

ख. पुरुषोत्तमलोचन श्रेष्ठ, **सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेन**, भक्तपुर : श्री सुकुलढोका दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति, २०६९, पृष्ठ ४८-५९ ।

छैन । विश्वमै नेपाललाई चिनाउने यो पनि एक मौलिक सांस्कृतिक पहिचान हो भन्ने कुरामा दुई मत नहोला ।

भीमसेनको वार्षिक पर्वपूजा करीब चार पुस्ता अघिदेखि चाँगुका भट्ट पुजारीहरूले 'पर्वते गुठी' अन्तर्गत संचालन गर्दै आएको विदित हुन्छ । भट्ट परिवारले स्थापना गरेको सो पर्वते गुठीमा बाहुनक्षेत्री लगायत नेवारहरू पनि छन् ।[१४५]

गोरखनाथ-पादुका (चित्र संख्या ५५)

भीमसेनथानको उत्तरपट्टि भग्न प्रस्तरतोरणहरू, स-साना ढुङ्गे पानस आदि लथालिङ्ग अवस्थामा देखापर्छन् । त्यसमध्ये एउटा तोरणको सामुन्ने मध्यभागमा एकजोडी पादुका सहित भएको गोलाकार प्रस्तर-पद्माकृति छ । चाँगुभेकका दर्शनधारी, खड्गीहरूले यस पादुकालाई आफ्नो इष्टदेवता **गोरखनाथ**को रूपमा मान्दैपुज्दै आएका छन् ।[१४६]

---

[१४५] चाँगु वलंपुटोल वडा नं.८ निवासी अनिष भट्टबाट प्राप्त जानकारी ।

[१४६] चाँगु मंगनटोलका दानदेवी शाही (६५), गामढोकाका प्रेमलाल कपाली (६३) हरूबाट प्राप्त जानकारी ।

चाँगुनारायणमन्दिरपरिसरमा प्रत्येक दिन प्रातकालमा गरिने नित्यपूजा एवं संध्याकालमा गरिने आरतीपूजा लगायत वार्षिक पर्वपूजाका क्रममा दर्शनधारी/कपालीले चाँगुनारायणमन्दिर तीनपल्ट परिक्रमा गर्दै त्यही क्रममा छिन्नमस्ता र किलेश्वर महादेवमन्दिरमा समेत सन्मुख भई मुहालीवाजा बजाउने चलन रहिआएको छ ।

कापाहिटीका तीनधारा

भीमसेनथानबाट पनि केही उत्तरतिर झरेपछि कापाहिटी वडा नं.८ मा तीन अलग-अलग तीनवटा ढुङ्गेधाराहरू छन् । तीमध्ये माथिको धारा **शिरधारा** (चित्र संख्या ५६), माझको **माझधारा** (चित्र संख्या ५७) र पुछारको **पुछारधारा** (चित्र संख्या ५८) नामले चर्चित छन् ।

चित्र संख्या ५६ : शिरधारा, कापाहिटी, चाँगु, लिच्छवीकालीन ।

चित्र संख्या ५७ : माझधारा, कापाहिटी, चाँगु, पूर्व मध्यकाल ।

चित्र संख्या ५८ : पुछारधारा, कापाहिटी, चाँगु, पूर्व मध्यकाल ।

उत्तरलिच्छविकालतिरको लाग्ने **शिरधारा**को टुटो अत्यन्त खिइएर गएको देखिन्छ । अनौठो कुरा के छ भने सो ढुङ्गेधारामाथि एक जलहरी छ । सो जलहरीमाथि आधारपेटी र त्रयोदशभुवन पनि हराइसकेको लिच्छविकालीन चैत्यको अण्ड राखिइएको छ । स्थानीय बासिन्दाहरूका अनुसार पहिले सो चैत्य माथि भीमसेनथानमा थियो ।[१४७] चाँगुभेकमा फेलापरेका बौद्ध मूर्तिहरू बारेमा हामीले माथि चर्चा गरिसकेका छौं । त्यसैगरी प्रथमपल्ट यसरी एक प्राचीन चैत्य पनि फेलापर्न आएको छ । यो पनि हाम्रो अन्वेषणको एक महत्त्वपूर्ण प्राप्ति हो । अभिलेख-प्रमाणले मात्र नभएर कलावस्तु-प्रमाणले पनि नेपालमा प्राचीनकालदेखि धार्मिक समन्वय र सह-अस्तित्व एवं सास्कृतिक एकता र सहिष्णुता रहिआएको कुरालाई दर्शाइराख्ने अनेक नमुना यत्रतत्र देखापर्छन् । तीमध्ये यो पनि एक अनुपम नमुना हो भनी मान्न सकिन्छ ।

शिरधाराको मुनि समभङ्ग मुद्रामा उभिएका भगीरथको विन्तीभाव प्रकट गरिरहेको मूर्ति छ । त्यसैगरी धाराको पर्खालको खोपामा पलेंटी कसी बसेको नागराजको मूर्ति पनि छ । शिरधाराको बायाँपट्टि जलहरीआसनमा समभङ्ग

---

[१४७] स्थानीय वासिन्दा नरबहादुर केसी (६१) का अनुसार सो जलहरीमा नारायणको धेरै राम्रो मूर्ति थियो जुन चोरी भयो । अहिले जलहरीमा रहेको सो अण्ड (चैत्य) पहिले माथि भीमसेनथानमा थियो, केटाकेटीहरूले खेल्दै गुडाएर ल्याए । त्यसपछि यहाँ राखिएको हो ।

मुद्रामा उभिएका लक्ष्मी र गरुडसहितको चतुर्बाहु श्रीधर विष्णुको सुन्दर मूर्ति (ई.सं.एघारौँ शताब्दी, लम्बाइ : ६० से.मि. चौडाइ : ४० से.मि.) छ । सो मूर्तिमा विष्णुले माथिको दायाँ हातमा चक्र र बायाँ हातमा गदा तथा तलको दायाँ हातमा पद्म र बायाँ हातमा शंख लिएका छन् । (चित्र संख्या : ५९)



चित्र संख्या ५९ : लक्ष्मी र गरुडसहितको चतुर्बाहु श्रीधर विष्णु, शिरधारा, ईस्वी एघारौँ शताब्दी ।

पूर्वमध्यकालतिरको लाग्ने **माझधारा**को ठीक माथि एक लाम्चो प्रस्तर छ । सो प्रस्तरमा उत्तरलिच्छवि लिपिको प्रभाव शेष रहेको आभास हुने प्राचीन नेवारी लिपिमा अन्दाजी चार पंक्तिमा कुँदिएको अभिलेख छ (चित्र संख्या : ६०) । सो अभिलेख ज्यादै नै खिइएर पढ्नै नसकिने भएको छ । सो अभिलेखको दोस्रो पंक्तिको अन्तमा '..**विजयनः**' र तेस्रो पंक्तिको पनि अन्तमा '...**जीवेनः**' ठम्याउन सकिएको छ । तर त्यताबाट खास कुरा खुल्दैन । अभिलेख कुँदिएको यो प्रस्तर आसपासबाट उठाएर ल्याई यहाँ राखिएको अनुमान हुन्छ ।

मध्यकालतिरको लाग्ने **पुच्छारधारा**को टुटो ठुटो देखिन्छ । यस धारामाथि दायाँ बायाँ स्त्रीपुरुषका आकृति कुँदिएको देवनागरी लिपिमा कुँदिएको आधुनिक कालको एउटा शिलापत्र छ ।



चित्र संख्या ६० : माझधारामाथिको मध्यकालीन शिलालेख ।

श्रीधर विष्णुको खण्डित प्रस्तरमूर्ति (चित्र संख्या ६१)

कापाहिटीका तीनधाराबाट केही पूर्वतिर लागेपछि गोरेटोबाटोको बायाँ किनारमा अबीर, फूल अक्षता चढाइएको एक ढुङ्गा देखापर्न आउँछ । सो ढुङ्गालाई स्थानीय बासिन्दाहरू नागढुङ्गा भन्छन् । सो नागढुङ्गासंगै २३ से.मि.लम्बा, १० से.मि. चौडा विष्णुको कम्मरमाथिको पूरै भाग टुटिसकेको एक खण्डित मूर्ति उत्तानो पारेर राखिएको छ । सो मूर्तिको अवस्थानलाई हेर्दा यो कतैबाट ल्याएर राखिएको स्पष्टै आभास हुन्छ । सो मूर्तिको सामुन्ने उत्तरपट्टि सर्वसाधारणका घर छन् । मैले सो मूर्तिको नापो र फोटो लिइरहँदा सामुन्नेको एक घरका महिलाले मेरो काम हेरिरहेकी थिइन् । मैले उनै महिलासित तिनको नाम सोधेँ । तिनले उत्तर दिइन् 'मैयाँ थापामगर (२८) ।' मैले सोधे 'यो मूर्ति पहिले कहाँ थियो ?' तिनले भनिन् 'बाह्र वर्ष अघि मनोहरामा गोठाला जाँदा खोलाले बगाएर ल्याएको रहेछ । कुन देउताको मूर्ति हो थाहा छैन, अलपत्र अवस्थामा थियो । त्यहीँ भेट्टाएर ल्याएको हुँ ।'

विष्णुका चौबिस अवतारका नाम एवं तदनुरूप मूर्तिहरू निर्माण गर्ने बारेको प्रतिमाशास्त्र विषयको एक मध्यकालीन हस्तलिखित ग्रन्थ प्राप्त छ । सो ग्रन्थमा माथिको दायाँ हातमा चक्र र बायाँ हातमा गदा तथा तलको दायाँ हातमा पद्म र बायाँ हातमा शंख लिएको चतुर्बाहु **श्रीधर** विष्णुको उल्लेख छ । यसरी प्रतिमालक्षणका दृष्टिले हामीले माथि चर्चा गरेको शिरधाराको लक्ष्मी र गरुडसहितको विष्णु मात्र नभएर यस खण्डत मूर्तिका विष्णु पनि **श्रीधर** हुन् भन्ने कुरा निश्चित रूपले जानिन्छ । यिनको बचेको तलको बायाँ हातले शंख लिएका छन् । यिनी समभङ्ग मुद्रामा उभिएका छन् । यिनले कम्मरमा बाँधेको पुष्पकमरबन्दी चिटिक्क परेको, सुन्दर छ । यिनले च्याप्पै टाँसिने गरी धोती लाएका छन् र त्यसको फेरो घुँडामाथिसम्म पुग्ने गरी अर्द्धगोलाकार परेर सुन्दर देखिएको छ । शैली लक्षणका दृष्टिले यस मूर्तिलाई ईस्वीको चौधौं शताब्दीतिरको मान्न सकिन्छ ।

गरुडनारायणको मूर्ति र अन्य (चित्र संख्या ६२)

श्रीधर विष्णुको खण्डित मूर्ति भएको ठाउँबाट केही पूर्वतिर लागेपछि चाँगु, कोथु गाउँ वडा नं १ स्थित पीपलको रूख भएको ठाउँमा पुगिन्छ । सो पीपलको रूखमुनि टुटेफुटेका केही मध्यकालीन प्रस्तर कलाकृति गुजमुज्ज गरी राखिइएका छन् । तीमध्ये टाउको टुटिसकेको गरुडनारायणको मूर्ति (३२x२० से.मि.), जलहरी, पद्माकृति लगायत अत्यन्तै खिइसकेको भग्न अवस्थाको देवमूर्ति छन् ।

दुई देवमूर्ति (चित्र संख्या ६३)



चाँगुनारायणमन्दिरबाट केही पर पूर्वमा चौर छ । सो चौरमा कम्मरमुनिको भाग जमिनमा गाडिइएका दुईवटा मध्यकालीन देवमूर्तिहरू (पश्चिमाभिमुख) छन् । दायाँपट्टिको देवमूर्ति (१९x१३ से.मि.) सुन्दर र हँसिलो छ । यिनले आफ्ना दुबै हात छातीसम्म पुऱ्याएर विन्तीभाव प्रकट गरिरहेका छन् । यिनले शिरमा मुकुट र कानमा गोलो कुण्डल धारण गरेका छन् । त्यसैगरी यिनको बायाँपट्टि देवीको मूर्ति (१५x९ से.मि.) छ । यिनको मुखाकृति खिइसकेको छ । यिनको मूर्तिमाथि पुष्पलहरा कुँदिएको सुन्दर प्रस्तरतोरण छ । सो तोरणको तलको भाग भने हराइसकेको छ ।

चाँगुदेखि पूर्व एवं उत्तरपूर्वका गुफा र ओडारहरू

चाँगुको डाँडोदेखि केही निकट एवं केही पर पूर्वी एवं उत्तरपूर्वी भेकका कछारतिर अनेक नामका विशाल ओडार एवं गुफाहरू छन् । स्थानीय धार्मिक-सांस्कृतिक जीवनसित अभिन्न रूपले जोडिएर आएका, स्थानीय भेकमा मात्र चर्चित यी गुफा एवं ओडारहरू पनि हाम्रो अन्वेषणका महत्त्वपूर्ण प्राप्ति हुन् । नेपाल भारत लगायत विश्वका अनेक भागहरूमा प्राकृतिक एवं मानवनिर्मित गरी दुई प्रकारका गुफाहरू पाइएका छन् । चाँगुको डाँडोदेखि पूर्वका कछारहरूमा रहेका गुफा र ओडारहरू प्राकृतिक हुन् भने चाँगुदेखि उत्तरपूर्वको साँखु वज्रयोगिनीका गुफाहरू मानवनिर्मित हुन् । अब यी गुफा र ओडारहरू बारेमा तल अध्ययन गरिन्छ :

मागलहोप ओडार (चित्र संख्या ६४)



यो ओडार चाँगु नगरपालिका, वडा नं.१० खोरियामा छ । यहाँ तामाङहरूको बसोबास रहिआएको छ । कालिका गुफा र छाप ओडार पत्ता लागेको तीन वर्षपछि चैत्र २ गते, २०७२ सालमा मेरा नयाँ विद्यार्थीहरूलाई ती गुफा, ओडार लगायत अन्य सम्पदा देखाउन लगेको थिएँ । मेरा एक छात्रा यसै गाउँकी सम्झना तामाङ हुन् । त्यसैबेला स्थलगत अध्ययनका सिलसिलामा उनले सो ओडार हामीलाई देखाइदिएकी हुन् ।

तह-तह परेका अजङ्गका पत्रहरूको विशाल चट्टानले बनेको प्राकृतिक रूपको यो ओडारको मुख उत्तराभिमुख छ जसमा एकैपटक २५/३० जना जति मानिसहरू अटाउँछन् । यो ओडार अन्दाजी ३० फिट अग्लो छ । ओडारको मुखमा इँटाले बनेको पाटी छ । सो पाटीभित्र दक्षिण र उत्तर खण्ड छन् । उत्तरखण्डमा गणेशको मूर्ति लगायत अबीर पुजाप्रसाद लागेका केही देवप्रस्तर स्थापित छन् जसलाई स्थानीय बासिन्दाहरू **कालीदेवी** र त्यसैगरी दक्षिणपट्टि पनि केही देवप्रस्तर छन् जसलाई **सेतीदेवी** मानेर पूजा उपासना गर्छन् । (चित्र संख्या ६५) र, गाउँमा कोही बिरामी परेमा, भूतप्रेत पन्छाउन परेमा विशेषगरी विहीवार यहाँ पूजा गर्न आउँछन् ।[१४८] दशैं, चैते दशैं लगायत फागु पूर्णिमामा बलिसहित पुजा गर्ने चलन छ । सो ओडारमाथि दक्षिणपट्टि बस्ती छ । (चित्र संख्या ६६)

चित्र संख्या ६५ : कालीदेवी र सेतीदेवी, मागलहोप ओडार ।



चित्र संख्या ६६ : मागलहोप ओडारमाथिको बस्ती ।

ओडारभित्र दक्षिणतिर सुरूङजस्तो बनेको छ जुन माथिबाट आएको पहिरो वा माथिका भाग भासिएका कारण थुनिन पुगको देखिन्छ ।

---

१४८ स्थानीय मङ्गलटार निवासी कृष्णवहादुर तामाङ (३५)वाट प्राप्त जानकारी ।

छापस्थित देवीथानको चट्टानमा कुँदिएका मस्तक

चाँगुको डाँडोदेखि केही पर पूर्वमा टाकुरै-टाकुरो बाटो भएर लागेपछि **छाप** भन्ने ठाउँमा पुगिन्छ ।यहाँ बाटो सामुन्ने नै हाम्रा सामु गुजमुज्ज परेका ठूलठूला चट्टानहरू देखापर्न आउँछन् । (चित्र संख्या ६७) यी चट्टानहरूको मुख उत्तरतर्फ फर्केको छ जसले एउटा सानो ओडारको रूप लिन पुगेको छ । त्यहाँभित्र केही आकारविहीन देवप्रस्तर छन् । सो ठाउँलाई स्थानीय बासिन्दाहरू **देवीथान** भन्छन् । (चित्र संख्या ६८) भूतप्रेत पन्छाउन र विशेष पर्वहरूमा यहाँ भोगबलिसहित पुजा उपासना गर्ने चलन रहेको देखिन्छ ।

चित्र संख्या ६७ : गुजमुज्ज परेका चट्टान, छाप गाउँ ।

चित्र संख्या ६८ : देवीथान, छाप गाउँ ।

योद्धा/मानवमस्तक (प्रताप मल्ल) (चित्र संख्या ६९)



देवीथानको एक चट्टानखण्डमा पश्चिमतर्फ फर्केको एक **मानवमस्तक** खोपिएको छ । सो मस्तकले कुनै ग्रीक वा रोमन योद्धाले लगाउने जस्तै शिरस्त्राण लाएका छन् । उनी फूर्तिला देखिन्छन् । सो मस्तकको बायाँपट्टि चार अक्षरको एक शब्द कुँदिएको छ जुन रहस्यमय प्रतीत हुन्छ । ती अक्षर ठम्याउन दुर्बोध भएको छ । तापनि कुनै खास कुरा त्यसले संकेत गरेको जस्तो प्रतीत हुन्छ । त्यसको पनि तल नेवारी लिपिको संवत् ७७९ कुँदिएको छ । यसरी सो चट्टानमा खोपिएको योद्धाको मस्तक, रहस्यमय शब्द र ने.सं.७७९ उदेकलाग्दा छन् तापनि ती कुराले युद्धको स्मरण गराउँछ । कालिका गुफाको प्रताप मल्लका रेखाचित्र र यो रेखाचित्रको ढाँचा लक्षण उस्तै छ । त्यस्तै संवत्‌को अङ्क कुँदिएको शैली पनि उनकै समयतिरको छ । र यस समयमा यो भेक प्रताप मल्लको कब्जामा रहेको थियो । देवीथानबाट पूर्वमा नाला शहर छ । प्रताप मल्लका समकालीन भक्तपुरका राजा नरेश मल्ल र जगत्प्रकाश मल्ल हुन् । चाँगु, साँखु, नाला लगायतका प्रदेशहरू भक्तपुर राज्यअन्तर्गत पर्दथे तापनि प्रताप मल्लले ती प्रदेशहरूमाथि कब्जा जमाउन सफल भएका थिए । अतः यस चित्रका मस्तक अरू कोही नभएर स्वयं प्रताप मल्लको हो भन्ने लाग्छ । उनी पश्चिम फर्केका छन् जहाँ नाला शहर पनि छ । यताबाट उनी उक्त वर्षमा भक्तपुर राज्य अन्तर्गतका चाँगु

कब्जा गर्दै नाला शहर पनि आक्रमण गर्न जाने तयारीमा थिए र यो गुप्त एवं सुरक्षित मार्ग थियो भन्ने कुराको संकेत मिल्छ । चट्टानको एक अर्को खण्डमा दायाँतिर फर्केको एक **नारीमस्तक र कुमदेखि माथिको भाग मात्र देखिने एक पुरुषाकृति** कुँदिएको छ । (चित्र संख्या ७०) ती दुई आकृतिका बीचमा बाणको टुप्पो आकारको एक चिन्ह पनि खोपिएको छ । सो चिन्ह र ती आकृति मध्यकालतिरको तर रहस्यमय लाग्छन् ।[१४९]

चित्र संख्या ७० : देवीथानमाथिको एक चट्टानखण्डमा कुँदिएको नारीमस्तक र पुरुषाकृति, मध्यकालीन ।

१४९ ती चट्टानचित्रका वारेमा स्थानीय सुकुराती तामाङ (२५) र माइली तामाङ (७०) यसरी सुनाउँछन् "सती जान लागेकी एक आइमाई भागेर आएको हुनाले तिनलाई खोज्दै आएका एक पुरुषले सो ठूलो ढुङ्गामा औंलाको छाप लगाएर गएको हुनाले यस ठाउँलाई छाप भनिएको हो ।" तर त्यहाँ औलाको छाप भने कतै पनि खोपेको देखिएन । जे होस् ! अनुश्रुति जोडिएर रहेको त्यस चित्रले तत्कालीन सामाजिक जीवनको एक झलक प्रस्तुत गरेको छ ।

वनझाँक्री ओडार (चित्र संख्या ७१)

देवीथानबाट उत्तरपूर्व तल झरेर कछारतिर पुगी खोल्सो तरेपछि हाम्रो सामुन्नेमा एक विशाल ओडार देखापर्न आउँछ । चाँगु न.पा. वडा नं.१० छापस्थित अनकन्टार ठाउँमा यो ओडार रहेको छ। यस ओडारमा वनझाँक्री बस्छन् भन्ने विश्वास चलेर आएको छ । यसैले यस ओडारको नाम पनि 'वनझाँक्री' रहेको विदित हुन्छ। यस भेकमा फेलापर्न आएको यो नै सबभन्दा ठूलो ओडार हो । यो ओडार मेरा विद्यार्थी मञ्जु पौडेलले देखाइदिएकी हुन् । यो ओडार अन्दाजी ४० फिट जति अग्लो र निकै फराकिलो छ । यस ओडारको पूर्वपट्टिको खण्डमा उदेकलाग्दो भीमकाय चट्टान छ जसको ढुङ्गे छानो जमिनको सतहबाट १३४ से.मि. मात्र माथि उठेको छ । (चित्र संख्या ७२) र छानो जस्तै भएर उत्तरतिर करीब २५ फिट जति हानिएर गएको छ । त्यहाँभित्र जानका लागि होचो कदको मान्छे पनि निहुरिएर नगै सुखै छैन । (चित्र संख्या ७३) र, निहुरिएर दक्षिणतिर बढ्दै गएपछि घिस्रेर जानुपर्ने हुन्छ जहाँ सुरूङ बनेको छ । सो सुरूङ भित्रसम्म पुगेको देखिन्छ । (चित्र संख्या ७४) हामीले गुफा/ओडार अध्ययनका निमित्त चाहिने डोरी, टर्च जस्ता अत्यावश्यक सामग्री लान बिर्सेका कारण भित्रसम्म छिरेर अध्ययन गर्न सकिएन । सो साँघुरो ढुङ्गे छानामुनि गुजमुज्ज हुने गरी बसेमा सयजना भन्दा बढी मानिस अटाउँछन् । ओडार अध्ययनका लागि मञ्जुसहित मेरा अन्य दुई विद्यार्थीहरू अनिष भट्ट र सन्दीप केसी पनि मेरा साथमा थिए । (चित्र संख्या

७५) वनझाँक्री ओडारको कापमा घिस्रेर छिर्नै पनि अप्ठेरो पर्ने प्राकृतिक अवस्थाको सानो त्रिकोणाकार मुख बनेको छ । (चित्र संख्या ७६) सो मुखबाट भित्र छिरेपछि दक्षिणतिर हानिएर गएको सुरूङमा पुगिन्छ । (चित्र संख्या ७७) सो सुरूङ निकै भित्रसम्म गहिरिएर गएको देखिन्छ । वनझाँक्री ओडारको विशाल प्रस्तरखण्डको सामुन्नेमा आठवटा आकृतिविहीन सूक्ष्म-देवप्रस्तरहरू स्थापित रहेको देखिन्छ । (चित्र संख्या ७८) ती देवप्रस्तरहरूलाई देखाउँदै मञ्जुले भनिन् 'यो हाम्रो (चाँगुभेकका पौडेलहरूको) कुलदेवताथान हो । यी देवप्रस्तरहरू हाम्रा कुलदेवता हुन् ।'[१५०] वनझाँक्री ओडार सामुन्नेको खुला स्थानमा तामाङहरूको कुलदेवतास्थान छ । (चित्र संख्या ७९) सो कुलदेवतास्थानमा एउटा ठूलो ढुङ्गामा अडेस लाएर राखिएका पाँचवटा आकृतिविहीन सूक्ष्म-देवप्रस्तर ढुङ्गे-आसनमा स्थापित छन् । भोगबलिसहित पूजा गर्दा कुखुराका प्वाँख गाडेर पूजा गर्ने चलन रहेको देखिन्छ । सबै मिलेर गरिने पुजा **संसारीपुजा** हो । वस्तुभाउलाई रोग नलागोस् भनेर पनि संसारीपूजा गर्ने चलन रहेको देखिन्छ ।[१५१]

चित्र संख्या ७२ : बनझाँक्री ओडारको पूर्वी छानोको नापो लिँदै लेखक ।

---

[१५०] स्थलगत अध्ययनबाट फर्केपछि बाटैमा परेकोले मञ्जुको घरमा पुगी उनका पिता वलराम पौडेल (७३) सित सो कुलायनथानका वारेमा जिज्ञासा राख्दा उहाँले भन्नुभयो 'वामन द्वादशीका दिनमा कुलायन पुजा गर्न जानुपर्छ । एकादशी र दशमीका दिनमा पनि जाने चलन छ । जज्ञ गर्नु पर्छ । त्यस क्रममा आठवटा देवप्रस्तर+शिव+पार्वती+पुर्खाको देवतासहित जम्मा ११ देवताहरूको पुजा गर्ने चलन छ ।'

[१५१] मेरा विद्यार्थी नगरकोट, वेसीका मङ्गल मोक्तान (२३)बाट प्राप्त जानकारी ।



चित्र संख्या ७३ : वनझाँक्री ओडारको छानो मुनि लेखक र अन्वेषणमा साथ दिने उनका दुई विद्यार्थीहरु : मञ्जु पौडेल र सन्दीप केसी ।

चित्र संख्या ७४ : वनझाँक्री ओडारभित्रको सुरुङ ।



चित्र संख्या ७५ : वनझाँक्री ओडारको छानो मुनि लेखक र अन्वेषणमा साथ दिने उनका दुई विद्यार्थीहरु : मञ्जु पौडेल र अनिष भट्ट ।

चित्र संख्या ७६ : वनझाँक्री ओडार भित्रको सुरुङ पस्ने एक मुख ।

चित्र संख्या ७७ : वनझाँक्री ओडारभित्रको एक सुरुङ ।

चित्र संख्या ७८ : वनभाँक्री ओडार सामुन्नेका चाँगुभेकका पौडेलहरुका कुलदेवता : आकृतिविहिन देवप्रस्तहरु ।

चित्र संख्या ७९ : वनझाँक्री ओडार सामुन्नेका तामाङहरुका कुलदेवता ।

दुङ्गेखोल्चो-गुफा (चित्र संख्या ८०)

वि.सं.२०६९, कार्तिक ५ गते आइतबार, फूलपातीको दिन : मलाई मेरा विद्यार्थी नगरकोट, सेराफाँटनिवासी मङ्गल मोक्तानले ढुङ्गेखोल्चो गुफा देखाउन लगेको दिन । यो गुफा सेराफाँट इलाकामा पर्छ । वनझाँक्री ओडारदेखि पूर्वतिर लागेपछि तेलकोट पुगिन्छ । तेलकोटको डाँडोबाट तल झरेपछि दायाँपट्टि नगरकोट जाने पीचबाटो र जालपादेवीथान जाने सिँढी र त्यसैगरी बायाँपट्टि ढुङ्गेखोल्चो जाने कच्चीबाटो शुरू हुन्छ । सोही कच्चीबाटो हुँदै तीस मिनेट जति पर पुगेपछि बाटो छाडेर उत्तरपट्टिको कछारतिर झरेपछि, बडेमाका झारपात, लहरा छिचोल्दै गएपछि अजङका चट्टानहरू भएको अनकन्टार ठाउँमा पुगिन्छ । सो सङ्गै एक खोल्सो पनि उत्तरतिर बगिरहेको छ । सो खोल्सो पार गरेपछि ढुङ्गेखोल्चो गुफाको मुखमा पुगिन्छ । (चित्र संख्या ८१) यो गुफा अन्य गुफाको तुलनामा केही डरलाग्दो छ । यहाँभित्र बरावर चितुवा पनि आएर बस्दो रहेछ । गुफामुखबाट भित्र पसेपछि भित्रपट्टि अनेक भागहरूमा पस्न छिर्न निकै अप्ठेरो, अध्यारो र चिप्लो पनि छ । (चित्र संख्या ८२) गुफाभित्रका केही भाग खोल्सोको पानीले रसेका छन् । र, हामी भित्र पसेपछि भित्रका केही चमेराहरू भने बाहिर उडे । (चित्र संख्या ८३) गुफाको बाहिरपट्टिको चट्टानमा निकै काल अधिका लाग्ने साना ठूला खोपिल्टाहरु छन् । (चित्र संख्या ८४) ती खोपिल्टाहरु कसले, किन र कुन प्रयोजनका लागि खोपेका हुन् भन्ने कुरा रहस्यमय लाग्छ । यस विषयमा बेग्लै अध्ययन हुन सकेमा नयाँ कुरा प्रकाशमा आउने आशा गर्न सकिन्छ । अन्य गुफा र ओडारमा जस्तो यस गुफामा अबीर, फुलप्रसाद इत्यादि लागेका देवप्रस्तर, देखिएन । यताबाट यो गुफा धार्मिक-सांस्कृतिक जीवनसित सांस्कृतिक रूपले आबद्ध नभएर नितान्त परित्यक्त अवस्थामा रहेको प्रतीत हुन्छ ।



चित्र संख्या ८१ : ढुङ्गेखोल्चो गुफा-मुख सामुन्नेमा बसेका लेखक ।



चित्र संख्या ८२ : ढुङ्गेखोल्चो गुफाभित्रको एक भाग ।



चित्र संख्या ८३ : दुङ्गेखोल्चो गुफाभित्रको अर्को एक भागमा लेखकका विद्यार्थीः मङ्गल मोक्तान ।

चित्र संख्या ८४ : दुङ्गेखोल्चो गुफाका भित्तामा कुँदिएका खोपिल्टाहरु ।

छ्युनिङ गुवा (चित्र संख्या ८५)

ढुङ्गेखोल्चो गुफादेखि केही पूर्वतिर लागेपछि पुगिने गुफा 'छ्युनिङ गुवा' हो । तामाङ भाषामा यसको अर्थ 'पानी गुफा' भन्ने हुन्छ ।[१५२] नगरकोट न.पा., वडा नं.१२, गैह्रीगाउँ इलाकामा यो गुफा रहेको छ । यो गुफा **'भूमेगुफा'** र त्यसैगरी **चमेरो गुफा** नामले पनि चर्चित रहिआएको जानिन्छ ।[१५३] स्थानीय बासिन्दाहरू यस गुफामा वनझाँक्री बस्छन् भन्ने विश्वास गर्छन् ।

छ्युनिङ गुवा जानै अप्ठेरो भीरमा छ । पहिलोपल्ट, उत्तरतर्फबाट करीब ३० फिट माथि आएपछि पानीले रसाइरहेको चिप्लो ढुङ्गामा पाइला टेक्दै यसको साँघुरो गुफामुखमा पुगियो । त्यहाँबाट चिप्लेर तल खसेमा हातखुट्टा भाँच्ने त निश्चितै छ, त्यो बाहेक तलबाटै सोझै कहिल्यै नफर्कने गरी माथि पुग्ने सम्भावना पनि उत्तिकै रहेछ ।[१५४] गुफाभित्र छिर्न बामे सरेर

---

१५२ नगरकोट न.पा. वडा नं.१२, गैह्रीगाउँका सुमारसिंह तामाङ(४१)बाट प्राप्त जानकारी ।

१५३ स्थानीय मर्दन तामाङ (७२), बलबहादुर तामाङ (६०) र सुमारसिंह तामाङहरूवाट प्राप्त जानकारी ।
स्थानीय वासिन्दाहरूका अनुसार सो गुफाभन्दा माथिको वनमा फुलचोकीथान छ । त्यहाँ पनि एक गुफा छ । सो गुफालाई **फूलचोकी गुफा** भनिन्छ ।

१५४ पहिलोपल्ट, स्थलगत अध्ययनका क्रममा विद्यार्थीहरूलाई लिएर यो गुफामा आउँदा बाटो नै नभएको, यही खतरनाक चट्टान भएर सो गुफाभित्र पसेको थिएँ । धन्य ! कसैलाई केही भएन ।

नगै सुखै छैन । भित्र पुगेपछि भने फराकिला खण्डहरू छन् जहाँ सजिलैसित ४०/५० जना अटाउँछन् । (चित्र संख्या ८६)



चित्र संख्या ८६ : छ्युनिङ् गुवाको गर्भभित्र लेखक र उनका विद्यार्थीहरु ।

छ्युनिङ गुवा स्थानीय सांस्कृतिक जीवनसित अभिन्न रूपले जोडिएर आएको देखिन्छ । यस गुफाभित्रको फराकिलो खण्डमा चट्टानमा अडेस लाएर राखिएका ८/९ वटा आकृतिविहीन देवप्रस्तर छन् । (चित्र संख्या ८७)

राष्ट्रिय महत्त्वका दशै, वैशाख पूर्णिमा लगायत स्थानीय जात्राताका यहाँ मेला लाग्छ र, तामाङ नाइकेले गुफाभित्रका आकृतिविहीन देवप्रस्तरहरूको पुजा उपासना गर्छन् ।

हामी सबै सुरक्षित रूपले भित्र छिर्न सफल भयौं । गुफाभित्र पसेपछि त्यहाँबाट बाहिर निस्कने सुरक्षित निकास पूर्वतिर रहेछ । पछिल्लो पल्ट मेरा विद्यार्थी मङ्गल मोक्तानसित आउँदा पूर्वतर्फको भीर हुँदै यस गुफामा पसेको थिएँ । अतः पाठकवृन्दमा मेरो अनुरोध छ : यदि तपाईंहरू यो गुफा हेर्न आउँदै हुनुहुन्छ भने पूर्वको सुरक्षित मार्ग भएर आउनुहोला र त्यहींबाट जानुहोला ।

चित्र संख्या ८७ : छ्युनिङ् गुवाभित्रका आकृतिविहीन देवप्रस्तरहरु ।

फूलपातीको दिन भएकोले विहानै ढुङ्गेखोल्चो गुफा अध्ययन गर्न मेरा विद्यार्थी मङ्गललाई लिएर गएको थिएँ । उनी यहाँका स्थानीय भएकोले मलाई अध्ययन गर्न सजिलो भएको थियो । हामीले खोल्चेढुङ्गा र छ्युनिङ गुवा अध्ययन गरेपछि फर्कने क्रममा केही समयमै त्यहाँबाट दक्षिणतर्फ माथि उक्लियौं । यहाँ बाटोसङ्गै चारैतिर करीब ३ फिट जति अग्लो ढुङ्गाको पर्खालले घेरिएको एक गोलाकार ठाउँमा पुगियो । त्यसको बीचमा एउटा ठूलो रूखमुनि एकजोडी आकृतिविहीन देवप्रस्तर स्थापित रहेछन् । सो देवप्रस्तरको पार्श्वभागमा दक्षिणपट्टि पर्खालको कुनामा बलिको रगतले लतपतिएको एक आकृतिविहीन देवप्रस्तर र त्यसको पनि सामुन्ने भर्खरै बलिमा चढाइएको बोकाको काटिएको शिर देखेर मैले मङ्गललाई सोधें 'यो कुन देवस्थान हो ?' उनले भने ' यो भूमेथान हो ।' (चित्र संख्या ८८)

चित्र संख्या ८८ : छ्युनिङ् गुवामाथिको दक्षिण कछारस्थित भूमेथान ।

संयोगले हामी त्यहाँ पुग्दा एक जना वृद्ध व्यक्ति ती देवप्रस्तरहरूको पुजा गर्नमा तल्लीन थिए । (चित्र संख्या ८९)

चित्र संख्या ८९ : भूमेथानमा पूजा गर्दै स्थानीय पुजारी मर्दन तामाङ ।

उनी पुजारी मर्दन तामाङ (७२) रहेछन् । मैले उनलाई सोधें 'तपाईंले पुजा गरिरहनुभएको ती एकजोडी देवता को हुन् ?' उनले भने ' 'बा आमा हुन् ।' मैले सोधें 'अनि उताको त्यो बोकाको टाउको चढाएर राखेको रगत लागेको ढुङ्गेदेवता को हुन् ?' उनले भने 'त्यो भोग खाने देवता हो, भैरव हुन् ।' एकछिन चूप लागेपछि उनले आफ्नो कुरा थप्दै भने 'तल भूमेगुफामा पंचामृतले पुजा गरेपछि माथि आएर यो भूमेथानमा भोगबलिसहित पुजा हुन्छ । चैत्र पूर्णिमाको दिनमा पनि यहाँ ठूलो मेला लाग्छ ।'

ल्हासा प्वाः ससुद्यः स्थानको गुफा

नगरकोट न.पा. वडा नं. १ स्थित हललगाउँको पहिरोले पुरिएको गुफा र त्यहाँदेखि उत्तरपूर्वमा नगरकोट न.पा.वडा नं. २ स्थित हैमादेवीस्थानको ओडारका बारेमा यस पंक्तिका लेखकले पत्ता लगाएका १५ वटा चट्टान अभिलेखसङ्गै यस अघि नै प्रकाशमा ल्याइसकेको कुरा यहाँनिर द्रष्टव्य छ ।[१५५] त्यसैगरी यसै भेकको अर्थात् नगरकोट न.पा.वडा नं.७ थाकलमाथस्थित ल्हासा प्वाः ससुद्यः (ल्हासापाको ससुद्यः) स्थानको गुफा बारेमा चर्चा गर्नु पनि यहाँनेर प्रसङ्गप्राप्त लाग्छ ।

काठमाण्डौ उपत्यकाका प्रसिद्ध गुफाहरूमध्ये यो पनि एक हो । उत्तरपट्टि, पार्श्वमा चट्टानै-चट्टानले बनेको विशाल पहाड छ जुन 'महामण्डलेश्वर पहाड' नामले विख्यात छ ।[१५६] (चित्र संख्या ९०) सोही महामण्डलेश्वरको दक्षिणाभिमुख विशाल चट्टानद्वार वा गुफामुख नै 'ल्हासा प्वाः' (ल्हासा जाने प्वाल) हो जसलाई नेवार धार्मिक-सांस्कृतिक जीवनले 'ससुद्यः' (सरस्वती) को रूपमा मान्दैपुज्दै आएका छन् । (चित्र संख्या ९१, ९२) यसरी आकारप्रकारले यो गुफा निकै ठूलो रहेको दृष्टिगोचर हुन्छ ।

---

[१५५] पुरुषोत्तमलोचन श्रेष्ठ, **चट्टानअभिलेख र अन्य सम्पदा**, पूर्ववत्, पृष्ठ ४६,४७,८८,८९ ।

[१५६] प्रेमप्रसाद काफ्ले, **वागीश्वरीदेखि ब्रम्हायणीसम्म**, भक्तपुर : रामप्रसाद तिमिल्सेना, २०६६, पृष्ठ ४० ।

चित्र संख्या ९० : महामण्डलेश्वर पहाडको एक अंश, ल्हासापाको ससुद्यःस्थान, थाकलमाथ, नगरकोट ।

चित्र संख्या ९१ : ल्हासा प्वाः - 'ल्हासा जाने प्वाल'/ल्हासापाको गुफाको मुख ।

चित्र संख्या ९२ : गुफामुखमा स्थापित महामञ्जुश्री ।

प्राचीनकालदेखि नै गुफालाई ज्ञान वा विद्या आर्जन गर्ने पवित्र स्थलको रूपमा पनि प्रयोगमा ल्याएको विदित हुन्छ । यस कुराको एक अनुपम उदाहरण यो गुफा पनि हो ।बौद्ध जनले यस गुफालाई **महामञ्जुश्री गुफा** र हिन्दू जनले **सरस्वती गुफा** भनी मान्दैपुज्दै आएका छन् । गुफाको उत्तरमा

रत्नचूड पर्वतबाट बहेर आएको तिला र बोधिनी नदीको संगमले सुवर्ण नदी प्रवाहित भएको छ ।[१५७]

यस गुफा रहेको स्थानदेखि केही मात्र तल वागेश्वरीमा लिच्छविकालीन वागेश्वरमहादेव छन् । यहीँ एक **वागहिटी/वाग्धारा** नामको लिच्छविकालीन ढुङ्गेधारा पनि छ । सो स्थानमा एक लिच्छविकालीन अभिलेख छ । त्यस अभिलेखमा **उद्योतक विहार**को उल्लेख आएको छ ।[१५८] यी कुरा महत्त्वपूर्ण छन् । संसारमा नेपाल नै एक यस्तो देश हो जहाँ प्राचीनकालदेखि नै हिन्दू धर्म र बौद्ध धर्म कुममा कुम मिलाएर धार्मिक समन्वय र सह-अस्तित्त्व एवं सांस्कृतिक एकता कायम राख्दै समृद्ध रहिआएको छ । यस कुराको एक अनुपम उदाहरण उद्योतक विहार र वागेश्वर महादेव हुन् र त्यसैगरी यो गुफा पनि हो ।

यस गुफाले हामीलाई एघारौँ शताब्दीको तान्त्रिक बौद्धधर्मका एक प्रसिद्ध तिब्वती महासिद्ध-योगी मिलारेपा (ई.सं.१०५२-११३५) लाई पनि झल्झली संझाएको छ जसले यस गुफामा बसी तप साधना गरेका थिए ।[१५९] मिलारेपाको एक मूर्ति पनि यस गुफामा छ ।

---

[१५७] उही, पृष्ठ ४४ ।

[१५८] पुरुषोत्तमलोचन श्रेष्ठ, 'धनवज्र वज्राचार्य : मेरा श्रद्धेय गुरु', ज्ञानगुनका कुरा भाग-१७४, २०६९, पृष्ठ ४४,४५ ।

सो अभिलेख भक्तपुर इनाचोटोलनिवासी मेरा विद्यार्थी पद्मसुन्दर शाक्यले वि.सं.२०४५ सालमा पत्ता लगाएका हुन् । उनले सो अभिलेखको प्रतिलिपि मलाई देखाएपछि मैले त्यसलाई मेरा गुरु धनवज्र वज्राचार्यकहाँ लगेर शुद्ध पाठ पढीदिन अनुरोध गरेको थिएँ । उहाँले तत्काल त्यसको मूलपाठ सुन्दर अक्षरमा लेखेर दिनुभयो र भन्नुभयो 'भाइ यस अभिलेखमा उद्योतक विहार को उल्लेख आएको छ । यो यस भेकमा पाइएको पहिलो शिलालेख हो । यसले पनि यस भेकको प्राचीनता बोध हुन्छ । लिच्छविकालमा भक्तपुरमा पनि विहार थियो भन्ने कुराको सर्वप्रथम जानकारी दिने शिलालेख यो हो । लिच्छविकालमा भक्तपुरभेकमा विहार थिएन भन्ने आजसम्म पनि चलिआएको धारणालाई यसले असत्य ठहऱ्याएको छ । यतावाट पनि यस शिलालेखको महत्त्व बोध हुन्छ । यस शिलालेखमा तत्कालीन राजा वा कुनै व्यक्तिको नाम र तिथिमिति पनि उल्लेख भएको छैन । तर यस शिलालेखका जस्ता अक्षरहरू मानदेव प्रथमको चाँगुको शिलालेखसंग मिल्दोजुल्दो देखिन्छ । यतावाट यो मानदेव प्रथम अथवा उनको अवसानपछिको हो भन्ने अनुमान हुन्छ ।

[१५९] मिलारेपाले आफ्नो जीवनकालमा तिब्वत र नेपालका अन्य विभिन्न गुफाहरूमा पनि तप साधना गरेका थिए । ती गुफाहरू उनकै नामले पनि मिलारेपा गुफा भनी प्रसिद्ध रहिआएको विदित हुन्छ ।[क]

प्राचीनकालदेखि नै नेपालका गुफा, चैत्य लगायतका विहारहरू तिब्बत र चीनका बौद्ध तीर्थयात्रीहरूको पवित्र स्थलको रूपमा रहिआएको जानिन्छ। यो गुफा पनि त्यस कुराको अपवाद होइन। यस गुफामा तिब्बती दर्शनार्थीहरूको चहलपहल भइरहन्थ्यो जुन आज पनि वर्तमान छ। जङ्गबहादुर राणाले गुफाका पुजारीलाई प्रदान गरेको लालमोहरमा उल्लेख भएको निम्न व्यहोराबाट पनि यो कुरा जानिन्छ : [१६०]

"...श्रीश्रीश्री महाराज जङ्गबहादुर राणा जिसिवि प्राइममीनीष्टर यान्ड कम्यांडर इनचीफकस्य रुक्का ...आगे भादगाउ वेषाल्टोलको भाजुमन वाडा गुभालके भादगाउ जितपुरका अम्वलमध्ये थाकलमाथा डाका गुफा भीत्र श्रीमहामंजुश्रीका स्थान छ इ देवता परापुर्व देषी प्रकास भयाका भोटबाट भोट्याहरू आइ पुजामा मान्य पनी अरु गरि जादैछन ..."

साँखु वज्रयोगिनीस्थानका मानवनिर्मित गुहा(गुफा)हरू

बौद्ध धर्मको उन्नतिसङ्गै गुहा/विहारको पनि विकास हुँदै गएको देखिन्छ। भिक्षुगणको संख्या बढ्दै गएपछि उनीहरूका लागि निवास एवं पूजास्थानको व्यवस्था गर्नु पनि आवश्यक थियो। पर्वत खोदेर गुहा निर्माण गर्नु यसको उपयुक्त समाधान थियो। नगरको कोलाहलबाट केही टाढा, तपस्या गर्न पनि शान्त वातावरण हुने भएकोले अन्तिम हलको रूपमा यसले मान्यता पाएको ज्ञात हुन्छ। यसरी पर्वत खोदेर गुहा निर्माण गर्ने परम्पराको आरम्भ भारत लगायत नेपालमा पनि संघको शुभारंभसंगै लगभग उही युगतिर वा भनौं महायान युगको अभ्युदय हुनु अघि नै भएको विदित हुन्छ।

[क] **https://en.wikipedia.org/wiki/Milarepa%27s_CaveMilarepa's Cave** or **Namkading Cave** 'The great Tibetan Buddhist philosopher, andVajrayana Mahasiddha, Milarepa (c. 1052—c. 1135 CE), spent many years of his life in the eleventh century…There is also a cave associated with Milarepa in Nepal on the Annapurna Circuit at approximately 4000m just outside Manang. …This is one of many caves associated with Milarepa between Langtang and Jomolungma.

[१६०] पद्मसुन्दर शाक्य (सं.), **श्रीमहामञ्जुश्रीस्थानको ऐतिहासिकता**, भक्तपुर : श्रीमहामञ्जुश्री गुरु गुठी संस्था, २०७२, पृष्ठ १३-१४।

भारतमा यस परम्पराको आरम्भ ईशापूर्व तेस्रो शताब्दीतिर मौर्यकालमा[१६१] र नेपालमा लिच्छविहरूको आगमनपूर्वको किरातकालमा आरंभ भएको दृष्टिगोचर हुन्छ । मणिचूड पर्वतको कछारस्थित वज्रयोगिनीको **गुं विहार** यस कुराको उदाहरण हो । किरातकालतिरै गुं विहार निमांण भइसकेको देखिन्छ । 'गुं' नेवारी भाषाको वा भनौं किरातपरिवारको भाषाको शव्द हो । नेवारीमा वनलाई 'गु' भनिन्छ । वनको विहार **गुं विहार** हो । हाँडगिाउँको अंशुवर्माको अभिलेखमा गुं विहारको उल्लेख आएको छ । साँखुको अभिलेखमा '(महा)सांघिक भिक्षुसंघ'को उल्लेख आएको छ ।[१६२] यसरी महायान सम्प्रदाय उदाउनु अघि नै काठमाण्डौ उपत्यकामा महासांघिकहरू पसिसकेका थिए[१६३] र उनीहरूले यहाँका खास स्थानहरूमा चैत्य, विहार एवं गुहाहरूको परम्परा थालनी गरिसकेका थिए भन्ने कुरा थाहा पाइन्छ । गुं विहारले वज्रयोगिनीमन्दिर परिसरका यस्तै चट्टान खोदेर बनाइएका मानवनिर्मित गुहाहरूलाई संझाएको छ जुन आज पनि हाम्रा सामु छन् । तीमध्येका एक गुहामा बसी लिच्छवि राजा मानदेव प्रथमले ध्यान गरेको कुरा भाषा

---

१६१ मानवनिर्मित गुहाको इतिहास बौद्धमतको धार्मिक सिद्धान्तसित विशेष सम्वन्धित देखिन्छ । ईशापूर्व तेस्रो शताव्दीमा भारतका मौर्यसम्राट् अशोकले बौद्ध संघमा प्रवेश गरेपछि बौद्ध वास्तुकलामा हीनयानद्वारा पूजित प्रतीकहरूले स्थान पाउँदै आयो । अशोकले बौद्धमतको प्रचारका लागि विदेशमा धर्मदूत पठाए ।[क] उनले चार प्रकारका आकारहरू (स्तंभ, स्तूप, राजप्रासाद र गुहा) बनाउन लगाए जसमध्ये गुहा-निर्माणको घटना अद्वितीय थियो ।[ख] अशोकले विहारस्थित गयाको निकटस्थ बराबर पर्वतका चट्टान खोदेर तीन सुन्दर गुफाहरू आजीविकहरूलाई दान दिएको कुरा उनको गुहा-लेखबाट थाहा पाइन्छ।[ग] त्यस्तै उनको अर्को गुहा-लेखबाट आजीविकहरूले वर्षाबाट आफूहरूलाई सुरक्षित तुल्याउन सकून् भन्नाका लागि उनले खलतिक पर्वत खोदेर बनाएका गुफाहरू उनीहरूलाई दान दिएका थिए भन्ने कुरा जानिन्छ ।घ त्यसैगरी उनका नाति दशरथले पनि बराबर पर्वतसमिपको नागार्जुनी पर्वतमा तीन अन्य गुफाहरू बनाउन लगाई आजीविक संघलाई दान दिएका थिए । यसरी गुहा-लेखबाट पनि यो कुरा स्पष्ट जानिन्छ कि मौर्यकालदेखि यस प्रकारको गुहा-निर्माण आरंभ भएको थियो ।

क प्रोफेसर डा.वासुदेव उपाध्याय, **प्राचीन भारतीय स्तूप, गुहा एवं मन्दिर**, पटना : विहार हिंदी ग्रंथ अकादमी, ई.सं.१९७२, पृष्ठ १०९ ।

ख उही, पृष्ठ १०९ ।

ग हरिराम जोशी, **प्रदीप अभिनव संस्कृति विश्वकोष**, पूर्ववत् पृष्ठ

घ उही, पृष्ठ

१६२ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ५०८ ।

१६३ उही, पृष्ठ ५१० ।

वंशावलीबाट जानिन्छ । यताबाट पनि यी गुहाहरू लिच्छविकालपूर्वका हुन् भन्ने कुरा थाहा पाइन्छ ।[१६४]

चट्टान खोदेर बनाइएका यस्ता गुहाहरूको संख्या ९ वटा रहेको देखिन्छ । तीमध्ये ८ वटा गुहाहरू वज्रयोगिनी मन्दिर परिसरमा र अर्को एउटा मन्दिरदेखि आधा कि.मि. टाढा पश्चिमको नागाचामा रहेको छ ।[१६५]

चट्टान खोदेर बनाइएका गुहाहरूमध्ये एउटा वज्रयोगिनी मन्दिरको उत्तर-पश्चिममा रहेको छ । (चित्र संख्या ९३)

चित्र संख्या ९३ : बज्रयोगिनी मन्दिरको उत्तरपश्चिममा रहेको मानवनिर्मित गुफा, ई.पू. तेश्रो शताब्दी ।

यो गुहाको द्वार (लम्बाइ : ९२ से.मि., चौडाइ : ८२ से.मि.) पूर्वाभिमुख छ । भित्रपट्टि १.८० से.मि. अग्लो (बीचबाट) कोठा छ । उक्त गुहादेखि पश्चिमपट्टि अर्को एक गुहा छ । (चित्र संख्या ९४) यसको द्वार (१.१८X०७० से.मि.) पश्चिमाभिमुख छ । यसको भित्रपट्टि १.८६ मि.अग्लो कोठा छ ।

---

[१६४] नयनाथ पौडेल(सं), भाषा वंशावली, काठमाण्डौ : नेपाल राष्ट्रिय पुस्तकालय,

[१६५] Dilli Raj Sharma, Tek Bahadur Shrestha, **Sankhu Historical and Cultural Heritage**, ibid, pp.223

चित्र संख्या ९४ : वज्रयोगिनी मन्दिरको पश्चिममा रहेको मानवनिर्मित गुफा, ई.पू. तेश्रो शताब्दी ।

उक्त गुहादेखि पनि पश्चिमपट्टि अर्को एक गुहा छ । (चित्र संख्या ९५)यसको द्वार (१.३०X०५४) पूर्वाभिमुख छ । सो द्वारको बायाँपट्टि एक सानो खुला झ्याल बनेको छ । भित्रपट्टि दुईवटा कोठा छन् जसमध्ये उत्तरपट्टिको अँध्यारो कोठामा पछिल्लो कालमा बनेको एक महाकालको प्रस्तरमूति राखिएको छ । (चित्र संख्या ९६) यस गुहाको द्वारको उत्तरखण्डमा बौद्धधर्मको प्राचीन चिन्ह धर्मचक्रको आकृति र त्यसको तल तिब्बती लिपिमा ॐमणिपद्मेहुं मन्त्र लेखिएको छ । (चित्र संख्या ९७) त्यसैगरी गुहाको बाहिरपट्टिको भित्तामा पनि सोही मन्त्र कुँदिएको छ । वज्रयोगिनीमन्दिर पुग्ने सिँढीको उत्तरपट्टि पनि एक गुहा रहेको छ जुन पूर्णरूपले भत्किएको छ । (चित्र संख्या ९८) यो गुहा स्वयं यसका भग्नावशेषहरूले पुरिएको अवस्थामा छ ।

वर्तमान वज्रयोगिनी मन्दिर पनि गुहामाथि नै अवस्थित रहेको मान्यता चलेर आएको छ । स्वयम्भू पुराणले यी गुहाहरू चौरासी सिद्धहरूको बासस्थानको रूपमा उल्लेख गरेको छ । यी गुहाहरूमा बौद्धधर्मका महासिद्ध गुरु पद्मसंभव, बुद्धकीर्ति, नागार्जुन लगायत नारोपाहरू आई तपस्या गरेको

उल्लेख पाइन्छ ।[१६६] यी गुहाहरू नेपालको बौद्ध वास्तुकलाका प्राचीनतम् नमुनाहरू हुन् । र, हाम्रा अद्वितीय सांस्कृतिक धरोहर हुन् ।

चित्र संख्या ९५ : बज्रयोगिनी मन्दिरको पश्चिममा रहेको मानवनिर्मित गुफा, साँखु, ई.पु. तेश्रो शताब्दी ।

चित्र संख्या ९६ : बज्रयोगिनी मन्दिरको पश्चिममा रहेको गुफाभित्रको महाकाल, आधुनिक काल ।

---

१६६ ibid, pp.228.

चित्र संख्या ९७ : गुफाको द्वारखण्डमा कुँदिएको धर्मचक्र आकृति एवं 'ॐ मणि पद्मे हूँ' मन्त्र ।

चित्र संख्या ९८ : बज्रयोगिनी मन्दिरपुग्ने सिँढीको उत्तरपट्टिको भग्न गुफा ।

भौखेलमा फेलापरेका लिच्छविकालीन सम्पदा

भक्तपुर जिल्लाको एक प्राचीन बस्ती झौखेल पनि हो । यसको उत्तरमा चाँगु, दक्षिणमा भक्तपुर नगर, पूर्वमा छालिङ र पश्चिममा दुवाकोट छन् । भक्तपुर शहरको **ब्यासी**बाट सिधा उत्तरतिरको मूलबाटो लागेपछि **कालीघाट** पुगिन्छ । सो घाट हुँदै त्यहाँबाट पश्चिम बग्ने **खासाङखुसुङ खोला/कासां खुसि**को पुल पार गर्दै माथितिर लागेपछि झौखेलको दोबाटोमा पुगिन्छ । यहाँबाट पनि दायाँपट्टिको पुरानो मूलबाटो हुँदै उत्तरतिर सिधा गएपछि केही पर सो बाटोको बायाँपट्टि पश्चिममा एउटा पूर्वाभिमुख ढुङ्गेधारो हाम्रो सामुन्ने देखापर्न आउँछ । स्थानीय लोकजीवनमा सो धारा '**झौखेल धारा/झउ ख्यः हिटी**' भनी प्रसिद्ध रही आएको छ । (चित्र संख्या ९९)

चित्र संख्या ९९ : झौखेल धारा/झउ ख्यः हिटी, झौखेल ।

सोही धारोको उत्तरपूर्वी पर्खालबाहिरको कुनामा टाँसिएर, सडकको किनारमा झण्डै पुरै धसिन लागको अवस्थाको एक ढुङ्गा थियो । झट्ट हेर्दा ढुङ्गै मात्र देखिने यो ढुङ्गा यथार्थमा ऐतिहासिक पुरातात्त्विक महत्त्व बोकेको

लिच्छविकालको शिलापत्र रहेछ । यस शिलापत्रमा **शिवदेव+अंशुवर्माको अभिलेख** कुँदिएको छ । (चित्र संख्या १००)



चित्र संख्या १०० : झौखेल धाराको शिवदेव+अंशुवर्माको शिलालेख ।

झौखेल धाराको पश्चिमपट्टि भक्तपुरका 'ग्वाछा', 'दिष्टि' लगायत 'कक्षपति' थरधारी नेवारहरूको **दिगु ख्यः** (कुलदेवतास्थान) छ । यसको संगै दक्षिणपट्टि एक साधारण गृहस्थीको घर र गोठ छ । सो घरको प्रवेशद्वारसामुन्ने एक **लिच्छविकालीन चैत्य** थियो । (चित्र संख्या १०१)

चित्र संख्या १०१ : झौखेलधाराको लिच्छविकालीन चैत्य ।

त्यसैगरी उक्त घरको पछाडिपट्टि थुम्कोमा गोठ छ । सो गोठको सामुन्नेमा गोबर+परालको थुप्रोले भरिएको एक मल-खाल्डो छ । त्यही मल-खाल्डोमा धसिएर, छोपिएर रहेको अवस्थामा अर्को एक **लिच्छविकालीन चैत्य** रहेको थियो जसको दुईतहको आधारपेटी एकातिर थियो भने त्यसमाथि रहने गर्भ अर्कोतिर मिल्किएर रहेको अवस्थामा थियो । (चित्र संख्या १०२)

चित्र संख्या १०२ : झौखेलधाराको लिच्छविकालीन चैत्यका अवशिष्ट भाग ।

झौखेल धाराको पूर्वमा सडकको किनारैमा एक पोखरी छ । सो पोखरीको सामुन्नेमा, पूर्व आधुनिककालतिरको एक गणेसको सानो मूर्ति मन्दिरजस्तो पर्खाल-खोपामा स्थापित छ । सो गणेसमूर्तिको सामुन्नेमा दायाँपट्टि मध्यकालतिरको एक बसाहाको प्रस्तरमूर्ति छ भने बायाँपट्टि अर्को एक **लिच्छविकालीन चैत्य** थियो । (चित्र संख्या १०३) अपूर्ण अवस्थाको सो चैत्य धसिएर रहेको थियो । भक्तपुर शहरको ब्यासीदेखि सम्पदाहरू अवस्थित यो स्थान मात्र करीब दुई कि.मि. को दुरीमा छ ।

चित्र संख्या १०३ : झौखेलधारा सामुन्नेको लिच्छविकालीन चैत्य र मध्यकालीन बसाहा ।

यी सम्पदाहरूका बारेमा विचार गर्नु पूर्व यी सम्पदाहरू कसरी फेला परे र यनलाई किन प्रकाशमा ल्याउनु पऱ्यो भन्ने बारेमा प्रसङ्गवश यहाँ चर्चा गर्नु उपयुक्त होला । **भक्तपुर जिल्ला पर्यटन विकास तथा व्यवस्थापन योजना** प्रयोजनका लागि भक्तपुर जिल्लाका सोह्रवटै गा.वि.स.का सांस्कृतिक सम्पदाहरूको सर्वेक्षण गर्ने महत्त्वपूर्ण अवसर मैले पाएको थिएँ । सोही क्रममा २०६७ साल वैशाख ३१ गते यसै झौखेल गा.वि.स.का सम्पदाहरूको सर्वेक्षण गर्न आउँदा त्यहीँका स्थानीय बासिन्दाहरूले देखाइदिएपछि यताउति छरिएका, जमिनमा धसिएर, खेतमा मिल्किएर रहेका परित्यक्त अवस्थाका यी अमूल्य सम्पदाहरूको सर्वप्रथम दर्शन मिल्यो ।[१६७] अनि उत्तिखेरै ती सम्पदाहरूको

---

१६७ झौखेल वडा नं ७ का कृष्णभक्त तजले (८०), कृष्णभक्त थुया (४७) हरूले **झौखेल धारा** देखाइदिएका हुन् । त्यही धारामा

फोटो पनि लिएँ । यी सम्पदाहरू बारेको एउटा छुट्टै लेख प्रकाशमा ल्याउने कुरा मनमा खेलाउँदै त्यहाँबाट घर फर्कें । समय बित्दै गयो । केही समयपछि यी सम्पदाहरू बारेको समाचारमूलक लेख सन्ध्याटाइम्समा छापिएर आयो ।[१६८] समय बित्दै गयो । यी सम्पदाहरू बारेको लेख प्रकाशमा ल्याउने चाहना हुँदा हुँदै पनि अन्य अन्वेषणात्मक काम लगायत नयाँ पुस्तक प्रकाशमा ल्याउने देखि अध्ययन अध्यापनमा निरन्तर लागिरहनु पर्दा कुनै दिन लेखेर छपाउँला भनी बसेँ, मनको कुरा मनमै थाँति भएर मनको एक कुनामा रही रह्यो । पुरातत्त्व विभागका मेरा मित्र श्यामसुन्दर राजवंशीज्यूले **प्राचीन नेपाल**का लागि मसित लेख माग्नुभएपछि मैले विशेषगरी झौखेलको उही उत्तरलिच्छविकालीन शिलालेखलाई संझें । मैले शिवदेव+अंशुवर्माको सो अभिलेखको फोटोलाई कम्प्युटरमा राखेर धेरैपल्ट त्यसको पाठ दोहऱ्याएर पढ्दा त्यसका भाषा र व्यहोरा शिवदेव+अंशुवर्माकै गोलमढीटोलको संवत् ५१६ को अभिलेखसित ठ्याम्मै मिलेको पाएँ । तर एउटा मात्र महत्त्वपूर्ण अन्तर के पाइयो भने झौखेलको अभिलेखमा त्यस क्षेत्रलाई सम्बोधन गर्दा सो अभिलेखको तेस्रो पंक्तिमा **'थंखोपृंसतलद्रङ्ग'** उल्लेख भएको छ भने गोलमढीटोलको अभिलेखमा **'माखोपृंसतलद्रङ्ग'** उल्लेख भएको छ । सो अभिलेखको आफूले पढेको पाठको थप पुष्टिका लागि लिपि-विज्ञ श्यामसुन्दर राजवंशीलाई अनुरोध गर्दै मैले त्यसका दुईवटा फोटो ईमेल गरी उहाँलाई पठाएँ । उहाँले पढेको पाठ गोलमढीटोलको शिवदेव+अंशुवर्माको अभिलेखसित ट्वाक्कै मिल्न आयो । झौखेलको अभिलेखमा उहाँले पढेको पाठ पनि 'थंखोपृं' नै हो । यसरी झौखेलको अभिलेखबाट यस अघि प्रकाशमा नआएको नितान्त नूतन कुरा प्रकाशमा पर्न आयो । अब यी सम्पदाका बारेमा तल अध्ययन गरौं :

नुहाइरहेका दीपेश कार्की (२३) ले **शिवदेव+अंशुवर्माको अभिलेख कुँदिएको शिलापत्र** देखाइदिएका हुन् । उनी लगायत किशोर

खत्री (१७) हरूले **लिच्छविकालीन चैत्यहरू** देखाइदिएका हुन् । कृष्णहरि थुया र राजु कार्की (३३) हरूले झौखेल धारासंगैको

पश्चिमपट्टिको खेतमा मिल्किएर रहेको **मल्लकालीन शिलापत्र** देखाइदिएका हुन् । यसको निमित्त म उहाँहरूप्रति आभारी छु ।

१६८ सुरेशज्योति शाक्य, 'ख्वपया झौख्यलय् लुयावःगु लिच्छवी ईया थीथी चैत्य व ल्वहंपौ', **सन्ध्याटाइम्स**, तँसापौ, ने.सं.११३०, तछलाथ्व १४

झौखेलधाराको शिवदेव+अंशुवर्माको अभिलेख

वैशाख ३१ गते २०६७ सालमा झौखेलधाराको यो शिलापत्र हेर्न आउँदा यसको माथिल्लो भाग झण्डै ४५ से.मि जमिनबाट माथि उठेको अवस्थामा थियो । त्यहाँ ८ पंक्तिको अभिलेख कुँदिएको देखिएको थियो, जसको लम्बाइ अन्दाजी २९ से.मि. थियो । सो शिलापत्रको त्यसबेलाको त्यसरी देखिएको भागको फोटो र पाठ यहाँ प्रस्तुत नै छ । सो अभिलेख कुँदिएको भागको सही नापो लिने विचारले हालै २०७० सालमा गएको असार १० गते झौखेलधारामा पुग्दा सो शिलापत्र त्यहाँ देखिएन । एकछिन घोत्लिएँ, चारैतिर आँखा दौडाएँ, कतै पनि फेला नपरेपछि सोही धारादेखि केही उत्तरमा बाटोसंगैको घरका स्थानीय प्रकाश कार्की (३८) लाई सोधेँ ‘ पहिले यहाँ एउटा शिलापत्र थियो, अहिले देखिएन, कहाँ छ ?’ उनले भने ‘ त्यहीँ त छ नि + ’ नभन्दै यो त्यहीँ थियो । तीन वर्षको अन्तरालमा सो शिलापत्र माटोले पुरिएर झण्डै लुप्तप्राय:अवस्थामा पुगेको रहेछ । (चित्र संख्या १०४)

चित्र संख्या १०४ : झौखेलधारा सामुन्ने पुरिनै लागेको अवस्थाको शिवदेव+अशुंवर्माको शिलालेख औल्याउँदै लेखक ।

यसैले मलाई सो शिलापत्र ठम्याउन भ्रम भएको रहेछ । प्रकाश कार्कीका अनुसार पहिले यो शिलापत्रमा त्यही धारामा नुहाउनेहरू आफनो जीउ घोटेर मयल निकाल्थे । यसको शिरमा हँसिया, खुकुरीको धार लाउँथे । यो शिलापत्रको चौडाइ ४५ से.मि.छ । पुरै शिलापत्रको लम्बाइ ९०/९५ से.मि.

रहेको अनुमान हुन्छ । ८ पंक्तिको अभिलेखको बायाँपट्टिको देखिएको भाग २० से.मि.छ भने सो अभिलेखको दायाँपट्टिको बाँकी अंश धाराको पर्खालमा २५ से.मि. छोपिन पुगेको छ । यस शिलापत्रको अभिलेखको शिर्षभागमा बीचमा चक्र छ । सो चक्रको दायाँ बायाँ शङ्ख अङ्कित छन् । सो शिलापत्रको देखिएको भागको अभिलेखको मूलपाठ (बाक्लो अक्षरमा) र छोपिएको भागको निश्चित रूपले हुनुपर्ने पाठ भने गोलमढीटोलको शिवदेव+अंशुवर्माको संवत् ५१६ (वि.सं.६५१)को अभिलेखलाई आधार मानेर विचार गर्दा (कोष्ठभित्रका)[१६९] यस प्रकार छ :

मूलपाठ

१. **स्वस्ति मानगृहाद परिमित गुण समु** (दयोद्भासितयशा बप्प)
२. **पादानुध्यातो लिच्छविकुलकेतुर्भट्टा** (रकमहाराज श्रीशिवदेवः)
३. **कुशली थंखोपृंसतलद्रङ्ग निवासिनः** (प्रधानपुरस्सरान्ग्राम)
४. **कुटुम्बिनः कुशल परिप्रश्नपूर्व्वं समाज्ञा** (पयति विदितम्भवतु)
५. **भवतां यथानेन प्रख्याता मलविपुल यशसा** (स्वपराक्रमोपश-)
६. **मितामित्त्रपक्षप्रभावेन श्री महासामन्तां** (शुवर्म्मणा विज्ञापितेन)
७. **मयैतद्गौरवाद् युष्मदनुकम्पया** (च कुथेर्वृत्त्यधिकृतानामत्र)
८. **समुचितस्त्रिकर** (मात्रसाधनायैव प्रवेशो लेख्यदानपञ्चापराध ...)

अनुवाद

कल्याण होस् । मानगृह (दरबार) बाट अनगिन्ती गुणको थुप्रोले सफा कीर्ति फैलिएका, बप्प (बुवा) का पाउको अनुग्रह पाएका, लिच्छविकूलको झण्डास्वरूप भएका, गाथमा आराम रहेका, भट्टारक महाराज श्रीशिवदेवबाट तलसहितको थंखोपृम् द्रङ्गमा बस्ने मुखियालगायत ग्रामका गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ ।

सफा र ठूलो कीर्ति फैलिएका, आफ्नै पराक्रमले शत्रुको दबदबालाई खतम पारेका यी महासामन्त अंशुवर्मालेे हाम्रा हजूरमा बिन्ति चढाउँदा

---

[१६९] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, काठमाडौं : २०५३ (दोस्रो संस्करण), पृष्ठ २४९ ।

हामीबाट यिनको कुरा राख्न र तिमीहरूको दयाले पनि यहाँ (तिमीहरूको ग्राममा) कुथेर अधिकरणका अधिकृतहरूले त्रिकर (भाग, भोग, कर) उठाउनका लागि मात्र पस्नु योग्य छ।[१७०]

व्याख्या

भक्तपुरभेकका अनेक स्थानहरू जस्तै, चाँगुनारायणस्थान, वागेश्वरी, च्याम्हासिंह, तालाक्व (कुम्हालेटोल), गुण्डु, गोलमढी, तुलाछें लगायत इनाचोमा लिच्छविकाकालका अभिलेखहरू पाइएका छन् । भौखेलभेकमा पाइएको यो पहिलो शिलालेख हो । यसले यस भेकको प्राचीनता एवं ऐतिहासिक महत्त्व बोध हुन्छ।

शिवदेव+अंशुवर्माको गोलमढीटोल र तुलाछेंटोलको अभिलेख र यस अभिलेखको व्यहोरा त्यही नै छ।[१७१] यी तीनवटै अभिलेखका अक्षरहरू पनि उस्तै छन् ।[१७२] गोलमढी र तुलाछेंटोलको अभिलेखमा शिवदेव र अंशुवर्मामा लागेका विशेषणका दुरुस्त कुरा यस अभिलेखमा पनि उस्तै आएको छ । गोलमढी र तुलाछेंटोलको अभिलेखमा सनद-पत्र गरिदिएको साल पनि उही नै अर्थात् 'संवत् ५१६' छ । यताबाट यो अभिलेख पनि उही समयको हो भन्ने कुरा निश्चितप्रायः छ।

---

[१७०] वज्राचार्य, पूर्ववत्, पृष्ठ २४९ ।

[१७१] वज्राचार्य, पूर्ववत्, पृष्ठ २४९, २५३ ।

[१७२] स्थलगत अध्ययन । स्मरण रहोस् ! गोलमढी टोलको शिलालेख आज पनि त्यहींको गहिरीधाराको सिंढी ओर्लने दक्षिणपट्टिको पर्खालको उत्तराभिमुख खोपामा छ । तुलाछेंटोलको अभिलेख भने आफ्नो मूल स्थानमा छैन । त्यो शिलालेख आज भन्दा १२ वर्ष अघि यो अन्वेषकले भक्तपुर राजदरबारको मूलचोक बाहिरको पेटीमा असुरक्षित अवस्थामा रहेको भेट्टाएको थियो । त्यसबखत त्यहाँ दरवारको सुरक्षामा खटिएका सैनिकहरू लगायत सो दरबार हेर्न आउने पर्यटकहरूले ओहरदोहर गर्दा सो शिलालेख कैयनपल्ट कुल्चने गरेको देखेपछि संयोगवश् त्यसैवेलातिर मैले सो शिलालेखलाई त्यसका अक्षरहरू बचाउनका निमित्त घोप्ट्याएर राखिदिएको थिए । यस्ता असुरक्षित अभिलेखहरूका बारेमा मैले फोटोसहित **प्राचीन नेपालमा** 'भक्तपुरका असुरक्षित अभिलेख' शीर्षकको अन्वेषणात्मक लेख पनि छपाएँ । (प्राचीन नेपाल, १४७/असार२०५८) त्यसले काम गऱ्यो । त्यसपछि सुकुलढोकाको उत्तरलिच्छलिकालीन शिलालेख र पाँचतले मन्दिरको प्रतिष्ठासम्वन्धि शिलालेख लगायत तुलाछेंटोलको शिलालेखको पनि उद्धार भयो । ती शिलालेखहरू हाल **भक्तपुर राष्ट्रिय कला संग्रहालयमा** संग्रिहित छन् । यसमा मलाई सन्तोष मिलेको छ ।

लिच्छविकालका सबै लिच्छवि राजाहरू लिच्छविकुलकै थिए । तापनि 'लिच्छविकुलकेतु' विशेषण सर्वप्रथम धारण गर्ने शिवदेव नै थिए । इतिहासकार धनवज्र वज्राचार्यका अनुसार उनले यो विशेषण लिनुमा गहिरो राजनैतिक रहस्य लुकेको थियो । लामो समयदेखि सर्वाधिकार हातमा लिइ अघोषित राजाका रूपमा भौमगुप्तहरूले लिच्छवि राजाहरूलाई दबाएर हर्ताकर्ता भई शासन गरिरहेका थिए । यसैले आफू राजा भएपछि शिवदेवले गुप्त आभीरहरूलाई हटाउने प्रयत्नमा लागे । यसका निमित्त उनले आफ्नै भानिज अंशुवर्मालाई राजनीतिमा ल्याए । गुप्त आभीरहरूका सामुन्ने आफूलाई प्रसिद्ध लिच्छवि राजवंशका हौं, नाममात्रको राजा नभएर राज्यमा वास्तविक अधिकार हाम्रो हो भन्ने भाव दर्शाउन शिवदेवले उक्त विशेषण लिएको देखिन्छ ।[१७३] अंशुवर्मा योग्य र चतुर थिए । उनले आफ्नो योजना अनुसार भौमगुप्तहरूलाई पन्छाउन सफल भए । त्यसपछि गुप्त आभीरहरूभन्दा पनि बढ्ता शक्तिशाली एवं सर्वेसर्वा भएर अंशुवर्मा देखा परे । उनी 'श्रीसामन्त', 'श्रीमहासामन्त' हुँदै लिच्छवि राजाहरूले समेत पहिले कहिल्यै नलिएको 'महाराजाधिराज' पदवी धारण गरी लिच्छवि राजा र जनता दुवैको विश्वास लिएर शासन गर्न पुगे । तापनि लिच्छवि राजगद्धीउपर उनको सधैं आदर रह्यो ।[१७४] ई.सं.६०४ मा शिवदेवले राज्यत्याग गरी भिक्षु भएर विहारमा (**श्रीशिवदेवविहार**) बस्न थाले । ई.सं. ६०५ देखि अंशुवर्माले विधिवत् शासनाधिकार आफ्नो हातमा लिई स्वतन्त्र शासन गर्न लागे ।[१७५]

गुप्त आभीरहरूलाई पन्छाएर 'श्री सामन्त' भएका अंशुवर्मा त्यही पदमा रहेर पनि अघोषित राजाका रूपमा शासन चलाउन सफल भइसकेका थिए । यो कुरा उनले चाँगुको संवत् ५१५ (ई.सं.५९३)को अभिलेखमा आफ्नो प्रशस्तिमा सारा सामन्त राजाहरूले ढोग्न आएको कुरा लेखाउन लगाएको प्रसङ्गले पनि मिल्छ ।[१७६] महत्वाकांक्षी अंशुवर्मा 'सामन्त' बाट माथि उठ्न चाहन्थे । त्यसको एक वर्षपछि नै उनी 'श्रीमहासामन्त' बनेर माथिल्लो अवस्थामा पुग्न सफल भए । यो कुरा गोलमढीटोल र तुलाछेंटोलका संवत्

---

[१७३] वज्राचार्य, पूर्ववत्, पृष्ठ २१६, २३७ ।

[१७४] वज्राचार्य, पूर्ववत्, पृष्ठ २३७ ।

[१७५] वज्राचार्य, पूर्ववत्, पृष्ठ २९२, २९३ ।

[१७६] वज्राचार्य, पूर्ववत्, पृष्ठ २३३, २३६ ।

५१६ का अभिलेखहरूबाट ज्ञात हुन्छ । यस कुराको थप पुष्टि भ्रौखेलधाराको यो अभिलेखबाट पनि हुन आएको छ । यी तीनवटै अभिलेखहरूमा उनले 'श्रीमहासामन्त'को पद धारण गरेका छन् । यताबाट भ्रौखेलधाराको यो अभिलेख पनि संवत ५१६ तिरको हो भन्ने देखिन्छ । यस अभिलेखमा पनि उनलाई 'स्वपराक्रमोपशमितामित्त्रपक्षप्रभावेन' विशेषण लागेको छ । यसले पनि उनले गुप्त आभीरहरूलाई पन्छाएको छनक मिल्छ ।

भ्रौखेलधाराको यस अभिलेखमा **'थंखोपृंसतलद्रङ्ग निवासिनः'** को उल्लेख आएको छ । यसले यो अभिलेखलाई विशेष तुल्याएको छ । यसले पनि लिच्छविकालीन भक्तपुरका बस्ती, बस्तीको विकासक्रम लगायत भक्तपुरको ऐतिहासिक, सांस्कृतिक भूगोल जान्न समेत मद्धत मिलेको छ । लिच्छविकालमा भक्तपुरभेकमा ललितपुर र कान्तिपुरको तुलनामा बस्ती अलि कम थियो भन्ने आजसम्म पनि चली आएको धारणालाई[१७७] अब भने यसको प्राप्तिसंगै बदल्नु पर्ने भएको छ । किनकि यस भेकमा पनि अनेक नामका विकसित 'ग्राम' भन्दा माथिल्लो तहको व्यापारको केन्द्र रूपका बस्तीहरू थिए भन्ने कुरा भक्तपुर शहरको गोलमढीटोलको 'तल'सहितको 'माखोपृं' लगायत भ्रौखेलको भ्रौखेलधाराको तलसहितको 'थंखोपृं' उत्कीर्ण यस अभिलेखले देखाएको छ ।

आजभोलिका बस्तीलाई हेरेर लिच्छविकालिक बस्तीलाई बुझ्न सकिन्न । किनकि 'उहिलेका कति प्रसिद्ध बस्ती अहिले उजाड भइसकेका छन् । अहिलेका कति बस्ती उहिले थिएनन् ।'[१७८] भ्रौखेल पनि त्यस कुराको

---

[१७७] धनवज्र वज्राचार्य, 'लिच्छविकालिक बस्ती', **पूर्णिमा**, १८ पूर्णाङ्क,२०२५, पृष्ठ ९६ ।

[१७८] वज्राचार्य, पूर्ववत्, पृष्ठ ८७ । "आजभोलि बसाइको दृष्टिले नेपाल-उपत्यकामा कान्तिपुर, ललितपुर, भक्तपुर यी तीन शहरको प्रमुख स्थान रहेको छ । मल्लकालमा त यी तीन शहरमा तीन राज्यका राजधानी नै कायम थिए । तर लिच्छविकालमा बस्ती-वसाइको अवस्था अलि भिन्न थियो । त्यसबेला यी तीन शहर यस रूपमा विकसित भइसकेका थिएनन् ।

उपत्यकाका छेउछाउका अनन्तलिङ्गेश्वर, चापागाउँ, बुङ्मती, बलम्बु, थानकोट, सीतापाइला, धर्मस्थली, टोखा, बूढानीलकण्ठ, टुप्याक, गोकर्ण, साँखु, आदि ठाउँका बस्ती आजभोलि त्यति उल्लेखनीय रूपमा रहेका छैनन् । मल्लकालमा पनि यी बस्तीको विशेष स्थान थिएन । तर लिच्छविकालमा उपत्यका छेउ-छाउका यी बस्ती उल्लेखनीय थिए । यो कुरा तात्कालिक अभिलेखको अध्ययन गरी हेर्दा हामी बुझ्न सक्छौं ।" वज्राचार्यले उल्लेख गरेका उपत्यकाका छेउछाउका यी बस्तीहरूमा हामी अब भ्रौखेललाई पनि बिर्सन सक्दैनौं ।

अपवाद होइन । अहिलेको झौखेलभेक उहिले 'थंखोपृं' कहलिएको थियो । यो 'ग्राम' भन्दा माथिल्लो तहको, अनेक गाउँहरू भएको व्यापारको केन्द्ररूपको 'तल'सहितको 'द्रङ्ग' बस्ती थियो ।

भक्तपुर शहरभन्दा अलि माथिल्लो भेकमा झौखेल छ । खासाङखुसुङ खोलाले भक्तपुर शहर र झौखेललाई छुट्याएको छ । सो खोलापारि उकालो चढी गएपछि झौखेलबस्तीमा पुगिन्छ । यसको चर्चा हामीले माथि पनि गरिसकेका छौं । भौगोलिक दृष्टिले यो कुरा महत्त्वपूर्ण छ । भौगोलिक विशेषताले पनि नामकरण गर्ने संस्कृति हाम्रो यहाँ हजारौं वर्षअघिदेखि लौकिक जीवनमा चली आएको विदित हुन्छ । 'थंखोपृं' हाम्रो सामु उदाहरण भएर आएको छ । नेपालभाषाको शब्द यो हो । यहाँ 'खोपृं' (खोपृङ्)को अघिल्तिर लागेको 'थं'ले माथिल्लो भेक भन्ने जनाएको छ ।[१७९] नेपालभाषामा

---

१७९ जहाँ शब्द छ, त्यहाँ भाषा छ । खास शब्दले खास भाषाको अस्तित्व बोध हुन्छ । लिच्छविकालका अभिलेखमा आएका कतिपय **स्थाननाम** (*खोपृङ्, खूलप्रिङ्,थंखोपृङ्, माखोपृङ्, माखोदुलुं, खृपुङ्, दुलङ्, दुंप्रङ्, म्हस्प्रिङ्, थंतुंरी, को, कोङ्को, प्रोंज्ञम्बु, विल्हिङ्खो, गुं, गुङ्दीमक, गुङण्दुल्, खाङ्गिचो, मोंगुचो, गोंल्ल, ग्वलं, चूल्लंखू, तेंखुंदुल्, हारागुङ्* आदि), **प्रशासनिक कार्यालय** (*कुथेर, माप्चोक, शोल्ल, लिङ्ग्वल* आदि) लगायत अनेक **वस्तु** (*हाम्हुं, कुम्हुं, सिं,* आदि) आदि नेपालभाषाका शब्द हुन् । आजभोलिको नेपालभाषामा 'माथिल्लो भेकलाई बुझाउने '**थथु**' र तल्लो भेकलाई बुझाउने '**क्वथु**' शब्दहरूका पूर्व रूप मध्यकालको नेवार लोकजीवनमा चलेका '**थंथु**' र '**कोथु**' हुन् ।[क] भक्तपुर शहरको माथिल्लो भेकको एक टोलवस्ती 'थालाछें' हो । सो टोललाई मध्यकालमा '**थंकराछें**' भनिन्थ्यो ।[ख] आज पनि भक्तपुरका स्थानीय नेवार लोकजीवनले भक्तपुर राजदरबारको माथिल्लो भागलाई '**थाथु लाय्कू**' र तल्लो भागलाई '**कुथु लाय्कू**' भन्ने गर्छन् । उपत्यकाका तीनवटै शहरी वस्तीहरू लगायत उपत्यका आसपासका नेवार बस्तीहरू '**थने**' र '**क्वने**' गरी दुई भागमा विभक्त रही आएका छन् । जस्तै साँखु तल्लो भेकमा परेकोले '**सक्वः**' र त्यहाँका वासिन्दालाई '**सक्वमि**' र त्यसैगरी थानकोट माथिल्लो भेकमा भएकोले '**थक्वा**' र त्यहाँका वासिन्दालाई '**थक्वामि**' भनिएको कुरा जानिन्छ । मध्यकालमै नेपालभाषामा चलेका '**थंथु**' र '**क्वथु**' का पूर्व रूप लिच्छविकाल भन्दा पनि पूर्वकालदेखि चली आएका शब्दहरू '**थं**' र '**को**' हुन् भन्ने कुरा निश्चित रूपले थाहा पाइन्छ । अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखमा आएको '**कोङ्कोग्राम**'ले आजको सोही अनन्तलिङ्गेश्वरभेकमुनिको 'किवाचोक'लाई संझाएको छ ।[ग] कान्तिपुरवाट वुढानीलकण्ठभेक उचा भागमा पर्छ । लिच्छविकालमा द्रङ्गको रूपमा विकसित त्यहाँको वस्ती माथिल्लो भेकमा बसेको हुनाले '**थंतुंरी**' कहलिएको थियो भन्ने कुरा जानिन्छ । टुप्पो वा चुचुरोलाई नेपालभाषामा '**च्व**' भनिन्छ । यसकै पनि लिच्छविकालभन्दा पनि अघिदेखि चली आएको पूर्व रूप '**चो**' रहेछ भन्ने कुरा फर्पिङको (गणदेव) अभिलेखमा आएका ***सिंदिचो, खाङ्गिचो, ब्रेम्गुंचो, मोगुंचो*** नामका डाँडाहरूले देखाएका छन् ।[घ] यस प्रकार यी केही उद्धरणहरूवाट लिच्छविकाल भन्दा अघिदेखि जनभाषाको रूपमा नेपालभाषाको व्यापक प्रचलन यहाँका रैथाने नेवार लौकिकजीवनमा रही आएको कुरा पनि यसै प्रसङ्गमा जानिन्छ ।

क धनवज्र वज्राचार्य, 'मल्लकालमा देशरक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य', **पूर्णिमा**, २/२०२१, पृष्ठ २४ ।

भक्तपुरलाई 'ख्वप' भनिन्छ । ख्वप को पूर्व रूप 'खोपृं' हो । यताबाट माथिल्लो भेकको भक्तपुरलाई बुझाउने जनभाषाको शब्द 'थंखोपृं' हो भन्ने कुरा निश्चित रूपले थाहा पाइन्छ । यति कुरा बुझेपछि बस्तीबसाइका दृष्टिले समेत तात्कालिक खोपृङ्ग्रामप्रदेश लिच्छविकाल पूर्व वा भनौं किरातकालतिरै 'माथिल्लो' र 'तल्लो' गरी दुई भागमा विभक्त रहेछ भन्ने कुराको आभास पनि स्वतः मिल्छ । खासाङखुसुङ (कासां खुसि) खोला वारि दक्षिणपट्टि आजको परम्परित भक्तपुर शहर त्यसबखतको 'तल्लो भेकको खोपृङ्' थियो जसको मध्यभागमा बसेको एक बस्ती **माखोपृं** थियो । त्यसैगरी खासाङखुसुङ खोला पारि उत्तरपट्टिको आजको झौखेल र सो परिसरका चाँगु, दुवाकोट लगायतका छालिङ् ग्रामबस्तीहरू भएको भक्तपुर समग्रमा 'माथिल्लो भेकको खोपृङ' - **थंखोपृं** थियो भन्ने कुरा थाहा पाइन्छ ।

देउपाटनको मानदेवको पालाको रत्नसङ्घले राख्न लगाएको अभिलेखमा **खोपृङ्ग्रामप्रदेश** आएको छ । यताबाट प्राचीन भक्तपुरभेक समग्रमा 'खोपृङ्' कहलिएको थियो भन्ने ज्ञात हुन्छ । 'खो' ले खोला र 'पृङ्' ले बस्तीको बोध हुन्छ । बाहिरवाट खोला र खोल्साले घेरेको बस्ती मात्र नभएर सो बस्तीभित्रका अनेकन बस्तीहरूबाट समेत खोल्साहरू बग्ने खोलाविशेषको बस्ती भएकोले, त्यस्ता खोलाले सिँचित जमिनबाट प्रशस्त मात्रामा धान फल्ने बस्ती पनि भएको हुँदा 'खोपृङ्' नाउँ रहेको जानिन्छ ।[१८०] **खोपृङ्**भित्र 'खृपुङ्'

ख पुरुषोत्तमलोचन श्रेष्ठ, **सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेन**, श्री सुकुलढोका दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति, भक्तपुर : २०६९, पृष्ठ ७०।

ग डा.पुरुषोत्तमलोचन श्रेष्ठ, **अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययन**, अमनलोचन श्रेष्ठ, भक्तपुर : २०६४, पृष्ठ १२७ ।

घ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ १८३, १८४ ।

१८० शालीनदीको किनारमा बसेको प्राचीन बस्ती **सक्वः**/**साँखु**को नामकरण पनि त्यही नदीकै नामबाट भएको बुझिन्छ । त्यही नदीले सिँचित जमिनमा फल्ने धान पनि **शालीधान** नामले प्रख्यात रही आएको छ । कान्तिपुर शहरबाट बग्ने **टुकुचा** (इक्षुमती) को पूर्व रूप **तुखुचा** हो । यो सानो नदी-**खुसि**चाले सिँचित फाँटमा तु (उखु) फल्ने विशेषता भएकोले यसको नाम **तुखुचा** रहेको कुरा पनि यहाँनिर द्रष्टव्य छ । नदी/खोलाबाट नामकरण हुने यस्ता अन्य अनेक उदाहरण भेटिन्छन् ।

'माखोदुलुं' लगायत 'माखोपृं' नामका बस्तीहरू थिए ।[१८१] अहिले पत्ता लाग्न आएको थंखोपृं पनि अब यस कुराको अपवाद रहेन ।

प्रशासनका दृष्टिले लिच्छविकालका बस्तीहरू 'ग्राम', 'तल' र 'द्रङ्ग' मा विभक्त थिए । ठूल-ठूला बस्तीहरू पनि 'ग्राम' कहलिएका थिए ।[१८२] शासकको

---

[१८१] चाँगुको मानदेवको अभिलेखमा 'खकम्प्रिङ्' र त्यसैगरी जिष्णुगुप्तको पालाको पशुपति छत्रचण्डेश्वरको अभिलेखमा 'खूलप्रिङ्' को उल्लेख आएको छ ।[क] नाम समानताका दृष्टिले यी पनि खोपृङ्भेकभित्रकै ग्रामवस्तीहरू हुन् भनी मान्न सकिन्छ । शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेखमा 'खृपङ्' उल्लेख छ । तुलाछेंसंगैको टोल सुकुलढोका हो । यहाँ उत्तरपट्टि केही उकालो वाटो भएको गल्ली 'वखुमला' हो । स्थानीय बूढापाकाहरूका अनुसार यहाँ पहिले खोला वग्दथ्यो । सो खोला दक्षिणतिर भएर वग्दथ्यो, हनुमन्ते नदीमा मिसिन्थ्यो । सो खोला 'वखु खुसि' कहलिएको थियो । यो कुरा महत्त्वपूर्ण छ । नेपालभाषामा खोलालाई 'खुसि' भनिन्छ । त्यसको पूर्व रूप 'खो' हो भन्ने बुझिन्छ । हनुमन्ते खोलालाई स्थानीय नेवार लोकजीवनले 'खोंह्' भन्छन् । यतावाट पनि उक्त कुराको पुष्टि मिल्छ । यसरी खोला वा खोल्सो वग्ने वस्ती भएकोले 'खृपुङ' कहलिएको अनुमान हुन्छ । अर्को उदाहरण 'माखोदुलुं' लाई लिउँ । 'माखोदुलुं' उल्लेख भएको अभिलेख तालाक्वःटोलमा (कुम्हालेटोल) छ । यतावाट आजको तालाक्वः इलाका त्यसवखत 'माखोदुलुं' कहलिएको थियो भन्ने जानिन्छ । यो इलाकाको भौगोलिक स्वरूपलाई विचार गर्दा आज पनि डोलवस्तीको रूपमा रहेको देखिन्छ । यस वस्तीको उत्तरमा 'तालादम्फो' नामको थुम्को छ । सो वस्तीको दक्षिणी भाग सोतो परेर गएको छ जसको पुछारमा हनुमन्ते खोला छ । तालाक्वःसंगैको पूर्वपट्टिको टोल 'इखालाखु' हो । यहाँवाट पहिले खोला वग्दथ्यो । तालाक्वः+इखालाखुसंगै उत्तरपूर्वमा टौमढीटोल छ । स्थानीय वूढापाकाहरूका अनुसार पहिले यहाँवाट पनि खोल्सो वग्ने गर्दथ्यो । शायद सो खोल्सो तालाक्वः+इखालाखु हुँदै हनुमन्तेमा मिसिन्थ्यो । नेपालभाषामा मुख्य वा खास कुरालाई जनाउन 'मा' को प्रयोग भएको जानिन्छ ।[ख] यसरी अनेक खोला/खोल्साहरू सहित मुख्य खोलाको मध्यभागमा बसेको डोलवस्ती भएकोले 'माखोदुलुँ' कहलिएको जानिन्छ । अर्को उदाहरण 'माखोपृं' लाई लिउँ । शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेखमा 'माखोपृं' को उल्लेख आएको छ । यतावाट आजको गोलमढीभेक त्यसवखत 'माखोपृं' कहलिएको थियो भन्ने कुरा थाहा पाइन्छ । खोपृङ्को मध्यभागमा बसेको वस्ती हुँदा 'माखोपृं' भनिएको कुरा जानिन्छ ।[ग] आजभन्दा चार दशक अघिसम्म पनि गोलमढीटोलमा उत्तरवाट दक्षिण वग्ने खोला यो अन्वेषकले देखेको कुरा यहाँनेर स्मरणीय छ । स्थानीय इपाछेंटोलनिवासी विनोदराज शर्मा (६३) का अनुसार सो खोला 'सुनमती'(स्वर्णमती) नामले प्रसिद्ध थियो । सो खोलाको नेपालभाषामा चलेको नाम 'झोरतिला' हो । झरनालाई नेपालभाषामा 'भ्वाला' भनिन्छ । सो खोला उत्तरको केही अग्लो ठाउँवाट तलतिर झरना जस्तो झर्ने भएकोले 'झोरतिला' भनिएको जानिन्छ । अहिले यो खोला त्यहाँको मूलवाटोले छोपिनपुगेको छ । यो खोला पनि हनुमन्तेमा मिसिन पुग्छ । 'पृङ्' ले वस्तीलाई संकेत गर्छ । यसरी माखोपृं पनि खोपृङ्का अन्य वस्तीहरू जस्तै खोला भएको वस्ती थियो भन्ने कुरा थाहा पाइन्छ ।

[क] वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ १३, ४२७ ।

[ख] पुरुषोत्तमलोचन श्रेष्ठ, 'माखोपृम् के हो ?', **गोरखापत्र**, असोज १७, २०४९, पृष्ठ ग ।

[ग] श्रेष्ठ, पूर्ववत्, पृष्ठ ग ।

मुकाम भएको बस्ती मात्र नभएर राजदरबार भएको समृद्ध बस्ती पनि 'ग्राम' नै कहलाउँथ्यो ।[१८३] सम्म ठाउँमा आबाद रहेका संयुक्त ग्रामहरूलाई 'तल' भनिन्थ्यो । ग्राम र तल भन्दा माथिल्लो, विकसित बस्ती 'द्रङ्ग' थियो । एउटा द्रङ्गभित्र अनेक *ग्राम* र *तल* पर्दथे ।[१८४] व्यापारको केन्द्ररूपको, भन्सारचौकी समेत भएको शहरविशेष 'द्रङ्ग' थियो ।[१८५] द्रङ्गहरू मिलेर देश बन्दथ्यो । खोपृङ्ग्रामप्रदेशका अनेक बस्तीहरूमध्ये *माखोपृं* र *थंखोपृं* 'तल' र 'द्रङ्ग' को दर्जा पाएका यस्तै अत्यन्त विकसित बस्तीहरू थिए ।[१८६]

---

१८२ वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ १९४ ।

१८३ वज्राचार्य, 'लिच्छविकालिक वस्ती', पूर्ववत्, पृष्ठ ९७,९८ ।

१८४ धनवज्र वज्राचार्य, 'लिच्छविकालका शासनसम्वन्धी पारिभाषिक शव्दको व्याख्या', **पूर्णिमा**, १०/२०२३, पृष्ठ १७ । "...द्रङ्गको सीमा निश्चित रहन्थ्यो । तिनमा व्राम्हणदेखि चाण्डालसम्मका विभिन्न जातका व्यक्तिको वसोवास हुन्थ्यो । तत् तत् द्रङ्गका वासिन्दाहरूले स्वशासनसम्वन्धी निकै अधिकार पाएका हुन्थे । ...लिच्छविहरूको शासनव्यवस्थाको मुख्य विशिष्टता देशलाई *ग्राम, तल, द्रङ्ग* आदि विभिन्न तहमा छुट्याई तिनलाई स्वशासनको अधिकार दिई कानूनवमोजिम त्यसलाई संचालन गर्नु हो । पञ्चखत जस्ता ठूलठूला मुद्दा पनि आफैं मिली छिन्ने अधिकार ती विभिन्न तहलाई नै दिइएको हुन्थ्यो तथा विभिन्न सरकारी अड्डाले गर्ने कति काम पनि तत् तत् तहलाई सुम्फी त्यस वेला स्वशासनलाई वढी महत्त्व दिइएको देखिन्छ ।"

१८५ धनवज्र वज्राचार्य, 'द्रङ्ग; व्यापारको केन्द्र', **मधुपर्क**, ४/१०, २३-३७ । "...संस्कृतका प्रामाणिक वृहत् कोषहरूमा "वाचस्पत्य" पनि एक हो । त्यसमा "द्रङ्ग" को परिभाषा खुलाएर दिइएको छ । शहरविशेषको नाउँ "द्रङ्ग" हो, ...वरपरका वस्तीहरूका वासिन्दाहरू जहाँ गई किनवेच गर्छन्, जीविकाको लागि कामकाज गर्न जान्छन्; त्यस्तो वस्ती "द्रङ्ग" हो भन्ने पनि त्यसवाट थाहा पाइन्छ । ... ...वन्द व्यापार चली गुलजार रहेको शहर विशेष *द्रङ्ग* हुनाले प्रत्येक "द्रङ्ग" मा "भन्सार अड्डा" रहेको हुन्थ्यो ।"

१८६ गोलमढीटोलसंगै पूर्वमा इनाचोटोल र तचपालटोल छ । तचपालटोलको भीमसेनमन्दिरको दक्षिणपट्टिको इनाचोस्थित एक चोक आज पनि 'भन्सा छें' (भन्सारघर) भनी प्रसिद्ध छ । यसले पनि हामीलाई 'तल' र 'द्रङ्ग' सहितको **माखोपृं** वस्तीको संभ्फना गराउँछ । भ्फौखेलभेकमा पनि यस्तै परम्परित पुरानो भन्सार हुनुपर्छ । त्यो भने पत्ता लाग्न बाँकी नै छ । इतिहासको लामो कालप्रवाहमा यहाँको लौकिकजीवनले त्यसलाई *थंखोपृं*संगै विस्मृतिको गर्भमा विसाईसकेको आभास हुन्छ । यसैले 'भन्सार' बारेमा स्थानीय लोकजीवन अनभिज्ञ रहेको पाइयो । तर जे होस् ! भ्फौखेलधाराको सो अभिलेख रहेको स्थानदेखि केही पर पश्चिममा सम्म परेका फाँट **हनुमानटार** भनी प्रसिद्ध रही आएको छ । यहाँ खेतको माभ्फमा मल्लकालीन एक भग्न पाटी, हनुमानस्तम्भ छन् । भ्फौखेल वडा नं ८ निवासी उत्सव माकजु (३३) लगायतका स्थानीय वासिन्दाहरूका अनुसार यहाँ २ फिट जति जमिन खन्दा पोलिएका कालो ईंट, ढुङ्गा आदि फेलापर्छन् । यसले यहाँ मानदेवको दरवार र अन्य भवनहरू थिए भन्ने एक प्रकारको जनविश्वास नै रही आएको देखियो । उत्सव माकजुका अनुसार केही काल अघि यहाँवाट लिच्छविकालीन मुद्रा पनि फेला परेका थिए । पुरातत्त्वका दृष्टिले यी कुरा महत्त्वपूर्ण छन् । द्रङ्ग मा अपरिहार्य रूपमा भन्सार अड्डा

माखोपृं र **खृपुङ**का बासिन्दाहरूलाई जस्तै **थंखोपृं**का बासिन्दाहरूलाई पनि स्वशासन सम्बन्धी अधिकार दिएर प्रशासनमा बढी सक्रिय गराउन केही अधिकार सुम्पेर राख्न लगाएको सरकारी सनद शिलालेख झौखेलधाराको यो अभिलेख थियो । यस अभिलेखमा पनि 'त्रिकर' को उल्लेख आएको छ । 'त्रिकर' परम्परा चलाउने अंशुवर्मा मात्र हुन् ।[१८७] लिच्छविकालमा प्रचलित मुख्य कर - *भाग, भोग कर* हुन् जसलाई अंशुवर्माका अभिलेखमा 'त्रिकर' भनिएको छ । कृषिमा लागेको कर, 'भाग' हो । पशुपालनमा लागेको कर, 'भोग' हो । वाणिज्यमा लागेको कर, 'कर' हो ।[१८८]

ईस्वीको पाँचौं शताब्दीतिर **खोपृङ्ग्राम** (भक्तपुर), **युपग्राम** (ललितपुर) र **कोलिग्राम** (कान्तिपुर) 'ग्राम' बस्तीकै रूपमा थिए । ईस्वीको सातौं शताब्दीसम्ममा आईपुग्दा उपत्यकाका छेउछाउमा मात्र नभएर मध्यभागमै पनि समृद्ध रूपका 'द्रङ्ग' बस्ती देखापरिसकेका थिए ।[१८९] *माखोपृंद्रङ्ग, युपग्रामद्रङ्ग, दक्षिणकोलिग्रामद्रङ्ग* उदाहरणस्वरूप छन् । उत्थान र पतन अनि परिवर्तन र त्यसको प्रभाव एवं परिणाम इतिहासको कालचक्रमा देखिने अपरिहार्य नियति हो । बाटो-घाटो, बन्द व्यापार लगायत अन्य अनेक कारणले कुनै एक ताका समृद्ध हुनपुगेको बस्ती पछि गएर उजाड हुन सक्छ । उपत्यकाको मध्यभागका तीन 'द्रङ्ग' बस्तीहरू (*माखोपृंद्रङ्ग, युपग्रामद्रङ्ग, दक्षिणकोलिग्रामद्रङ्ग*)ले तीव्र गतिमा समृद्ध शहरीबस्तीका रूपमा विकसित हुँदै

हुन्थ्यो । **थंखोपृं**को भन्सार शायद यही हनुमानटारमा थियो । यस बारेमा निश्चय गर्न थप अनुसन्धान जरूरी छ ।

[१८७] धनवज्र वज्राचार्य, 'लिच्छविकालको कर व्यवस्था', (स्रोत साभार : डा.भद्ररत्न वज्राचार्य(सं), **धनवज्र वज्राचार्यको ऐतिहासिक लेखसंग्रह**, ललित रिसर्च सेन्टर, ललितपुर : २०५६, पृष्ठ १०१ ।) "लिच्छविकालका करहरूमा 'त्रिकर' चाहिं मुख्य हुन् । उठानका अभिलेखहरूमा 'त्रिकर' शव्दको प्रयोग भएको पाइँदैन । अंशुवर्माका अभिलेखहरूमा मात्र 'त्रिकर' शव्दको प्रयोग भएको पाइन्छ । उनीपछिका अभिलेखहरूमा फेरि 'त्रिकर' शव्दको उल्लेख पाइँदैन ।"

[१८८] वज्राचार्य, पूर्ववत्, पृष्ठ १०४,१०५ ।

[१८९] उपत्यका छेउछाउका केही उल्लेख्य द्रङ्ग वस्तीहरू - ***हंसगृहद्रङ्ग*** (अनन्तलिङ्गेश्वरभेक/गुण्डु, सिपाडोल, कटुञ्जे, दधिकोट, गाम्चा लगायत सिरूटारभेक), ***लेम्बटीद्रङ्ग*** (लेलेभेक), ***शीताटिकाद्रङ्ग*** (सतुङ्गल, सीतापाइला, वलम्वु लगायत थानकोटभेक), ***नुप्पुन्नद्रङ्ग*** (केवलपुर भेक), ***थंतुंरीद्रङ्ग*** (धर्मस्थली, टोखा, धापासी, चपलीगाउँ लगायत वूढानीलकण्ठभेक) + हाल पत्ता लागेको ***थंखोपृंद्रङ्ग*** (झौखेल, चाँगु, दुवाकोट लगायत छालिङभेक) ।

स्रोत साभार : (क) वज्राचार्य, 'लिच्छविकालिक वस्ती', पूर्ववत्, पृष्ठ ८८-९४

(ख) झौखेलधाराको शिवदेव+अंशुवर्माको अभिलेख ।

सुरक्षा र शासन प्रशासनका दृष्टिले समेत केन्द्रीय महत्त्व पाउँदै जान थालेपछि छेउछाउका द्रङ्गबस्तीहरू भने सुक्दै, उजाड हुँदै गए ।[१९०] यी तीन द्रङ्गहरू मध्यकालमा, ईस्वीको बाह्रौं शताब्दीतिर आईपुग्दा उपत्यकाको मध्यभागमा पति-भैरवसहितका अष्टमातृका, नवदुर्गा लगायत दशमहाविद्या जस्ता उग्र तान्त्रिक देवताहरूसहितले घेरिएका वैभवपूर्ण तीन मूल शहरहरूका रूपमा देखापर्न आए ।[१९१] यसरी द्रङ्ग 'शहर' मा विलय हुन पुगे जस्तै द्रङ्ग भित्रका अनेक 'तल' हरू *टोल* मा विलय हुन पुगे । त्यसैगरी उपत्यका छेउछाउका द्रङ्गहरू 'गाउँ'मा विलय हुन पुगे भने ती द्रङ्गका 'तल' हरू *टार* मा विलय हुनपुगेको प्रतीत हुन्छ ।[१९२] थंखोपृंको नियति पनि यस्तै भयो । यसलाई माखोपृंले उछिन्यो । माखोपृंले यसको दक्षिण-पश्चिमभेकको हंसगृहद्रङ्गलाई पनि उछिन्यो ।[१९३] व्यापारको केन्द्र रूपको शहरीबस्ती-विशिष्टतालाई माखोपृंले निरन्तर रूपले विकसित गर्दै लग्दा यसको पनि हृदयस्थलमा (ईस्वीको बाह्रौं शताब्दीतिर) **त्रिपुर र युथुनिमम्** राजदरबारहरू बस्न आइसकेका थिए । तर यतिबेलासम्ममा धेरै परिवर्तनहरू भइसकेका थिए, पुराना कुराहरू पनि हराइसकेका थिए । *थंखोपृं, खृपुङ्, माखोदुलुहरू* मात्र नभएर *माखोपृं* पनि विलाइसकेको थियो । माखोपृंका अनेक भागमा *सुगलद्वाखा* (सुकुलढोका), *त्रिप्रक्वछें* (टिबुक्छें), *चनिगल* (चासुखेल), *गोलमण्ड* (गोलमढी), *क्वाछें, तुपलाछें* (तुलाछें), *खनिम* (खौमा), लगायत *तलमंड* (टौमढी) नामका अनेक 'टोल' बस्तीहरू देखापरिसकेका थिए । 'खोपृङ्' पनि परिवर्तित भएर 'ख्वप' भइसकेको थियो । यसको पनि संस्कृत नामान्तर *भक्तग्राम/भक्तपुर/भक्तपत्तन* चलिसकेको थियो । अब यो समग्र नेपालमण्डलकै राजधानीनगर भइसकेको थियो ।

लिच्छविकालीन चैत्यहरू

यी साना चैत्यहरूका अवस्थान-जानकारी माथि उठानमै भइसकेको छ । इतिहासको लामो कालप्रवाहमा अनेक कारणले अङ्गभङ्ग हुँदै अवशिष्ट

---

[१९०] श्रेष्ठ, **अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययन**, पूर्ववत्, पृष्ठ १६० ।

[१९१] पुरुषोत्तमलोचन श्रेष्ठ, **भक्तपुरको नवदुर्गा गण**, पूर्ववत् : २०६०, पृष्ठ १५-२२ ।

[१९२] श्रेष्ठ, **त्रिपुर र युथुनिमम् राजकुल**, पूर्ववत्, पृष्ठ ४ ।

[१९३] श्रेष्ठ, पूर्ववत्, पृष्ठ ४ ।

हुनपुगेका यी चैत्यहरू आफ्नो मूलस्थानबाट यताउति छरपष्ट भएर अत्यन्त परित्यक्त अवस्थामा पुगेका थिए । कुनै बेला करूणाभावले भरिएको पवित्र मन भएकाले आफन्तको स्मृतिमा बनाएका यी *उद्धेशियक* चैत्यहरू कुनै मलखाल्डोमा मिल्किइएका थिए, कुनै बाटो किनारको जमिनमा गाडिइएर गर्भस्थ हुनै लागेका थिए ।[१९४] नियतिको त्यस्तो प्रतिकूल अवस्थामा पुगिसक्दा पनि आफ्नो लिच्छविकालीन विशिष्टतालाई प्रदर्शन गरिरहेका यी सुन्दर चैत्यहरूमाथि दृष्टि पर्दा मनलाई शान्ति मिल्छ, आँखालाई आनन्द प्राप्त हुन्छ र चित्त हर्ष हुन्छ ।

झौखेलधाराको पश्चिमपट्टि, साधारण गृहस्थीको घरको प्रवेशद्वारसामुन्नेको चैत्य अवशिष्ट अवस्थाको छ । चौकुने आधारपेटीसहितको अर्धगोलाकार गर्भ (एउटै ढुङ्गामा बनेको) मात्र बचेको अवस्थामा यो छ । यसको गर्भमाथि रहने त्रयोदशभुवन बेपत्ता छ । आधारपेटीको चारै भागमा शिर्षमा 'छेपु'/कीर्तिमुखसहितको, कमलपुष्पद्वारतोरणले सजिएका गवाक्ष छन् । ती गवाक्ष खाली छन् । लिच्छविकालमा प्रस्तरकला बनाउन अपरिहार्य रूपमा प्रयोगमा ल्याइने उच्चकोटिको फलामेढुङ्गामा यो चैत्य बनेको छ ।

उक्त घर पछाडिको थुम्कोमा, गोठको मल-खाल्डोमा यस्तै अर्को एक विच्छिन्न अवस्थाको चैत्य थियो । सो चैत्यको दुई तहको आधारपेटी (दुईवटा ढुङ्गा जोडिएका) एकातिर धसेर रहेको छ भने अर्कोतिर त्यसमाथि रहने यसको गर्भ त्यसैगरी सो मलखाल्डोमा धसेर रहेको थियो । ढोका सामुन्नेको चैत्य र मलखाल्डोको यो चैत्य पनि फलामे ढुङ्गाबाट बनेका छन् । यी दुबै चैत्यको शैलीस्वरूप उस्तै छ । यो चैत्यको चौकुने आधारपेटीका चारै भागमा उस्तै कीर्तिमुख, कमलपुष्पसहितको द्वारतोरणले सजिएका गवाक्ष छन् । ती गवाक्षहरू पनि खाली छन् । मानवस्पर्श र समयको मारले यसको गर्भ केही चर्किसकेको छ र त्रयोदशभुवन पनि बेपत्ता भइसकेको छ ।

---

[१९४] N.R. Banerjee, **Nepalese Architecture**, Agam Kala Prakashan, Delhi : 1980, pp.61. " Tradition has laid down that the *stupas* should be of three kinds to serve different purposes. They can be: (i) *Saririka* (embodying the mortal remains such as bones), (ii) *Paribhogika*, containing objects used by the Buddha or the Bodhisattvas, and (iii) *Uddesika* (commemorative). It is the *Uddesika stupas* that are called *chaityas* in Nepal in common parlance. "

झौखेल धारासंगैको झौखेलपोखरीको चैत्य पनि जमिनमा धसिएर रहेको अवस्थामा थियो । यो चैत्य अपूर्ण छ । एउटै ढुङ्गामा आधारपेटीसहितको गर्भ बनाउँदै गर्ने क्रममा यसका शिलाकारले किन यसलाई अधूरै छोडेका होलान् ! त्यो अन्वेषणको अर्को विषय हुनसक्छ । यो चैत्य बनाउने क्रममा यसमा छिनोले लागेका अनगिन्ती निशानहरू छन् । यो चैत्यको निर्माण शैली, यसको आकार प्रकार माथिका अण्डाकार-गर्भ भएका सफा र सुन्दर चैत्यहरूसित मेल खान्छन् । यो चैत्य पनि फलामेढुङ्गामा बनेको छ ।

स्तूप/चैत्य-संस्कृति बुद्धकालभन्दा पनि प्राचीन छ । वैदिक साहित्य यस कुराको साक्ष छ । महापुरुषहरू/राजाहरूको स्मृतिमा चैत्य (स्तूप) बन्दथे जुन 'समाधि' नै थियो । यो संस्कृतिलाई बौद्ध युगले आत्मसात् गर्दै चैत्य/स्तूप (स्मारक) निर्माणको थालनी गऱ्यो । यसरी चैत्य बनाउने काम वैदिक सिद्धान्तको बौद्धकालीन स्वरूप थियो ।[१९५] स्तूप वा चैत्य संस्कृति बौद्ध धर्ममा रूढ हुनपुग्यो । यसको स्थापना धार्मिक कार्य थियो, यसको पूजाले पुण्यलाभ हुने लोकविश्वास पनि चलेर आयो । स्तूप वा चैत्य यथार्थमा स्मृतिचिन्ह-स्मारक थियो जसलाई बौद्ध वास्तुकलाले यसको धर्म-दर्शन एवं सांस्कृतिक विकाससंगै अलंकरण गर्दै लग्यो । बुद्धकालदेखि नै राजमार्गको प्रधानता भएको चौबाटोमा चैत्य निर्माण गर्ने परम्परा रही आएको प्रतीत हुन्छ । भारतमा यो परम्परालाई मौर्य सम्राट् अशोक (तेस्रो शताब्दी ई.स.)ले विशेष रूपले व्यवहारमा ल्याएको देखिन्छ । उनले यस्तै स्थानमा पर्ने तक्षशिला, भरहुत, सांची लगायत अमरावतीमा चैत्य बनाउन लगाएका थिए ।[१९६] नेपालमा पनि ई.पू. तेस्रो शताब्दीतिरै यो परम्परा लोकप्रिय भइसकेको दृष्टिगोचर हुन्छ । चावहिलको **धन्दो चैत्य/चावहिल चैत्य**, ललितपुरको चार सुरमा रहेका **अशोक चैत्य**हरू उदाहरणस्वरूप छन् ।[१९७]

---

[१९५] प्रोफेसर डा.वासुदेव उपाध्याय, **प्राचीन भारतीय स्तूप, गुहा एवं मन्दिर**, विहार हिंदी ग्रंथ अकादमी, पटना : ई.सं.१९७२, पृष्ठ ६-१० ।

[१९६] उपाध्याय, पूर्ववत्, पृष्ठ ७७ ।

[१९७] बुद्धकालदेखि नै नेपाल र भारतले बौद्ध धर्म र यसमा आएका परिवर्तनहरूलाई एकै समयतिर संगसंगै आत्मसात् गर्दै लगेको कुरालाई पुष्टि गर्ने उदाहरण अनेक छन् । बुद्धका प्रसिद्ध चेला भिक्षु आनन्द लगायतका प्रसिद्ध बौद्ध भिक्षुहरू नेपाल-उपत्यका आएको कुरा प्राचीन बौद्ध ग्रन्थ **मूलसर्वास्तिवादविनयबाट** पनि जानिन्छ । त्यस्तै महायानको जन्म (ई.पू. प्रथम शताब्दी) अघिको **महासांघिकलाई** लिउँ । बुद्धको निर्वाण भएको सय वर्ष पनि नपुग्दै बौद्ध धर्ममा दुई धारा देखा परे । परिवर्तन नचाहने **स्थविरवादी** र परिवर्तन चाहनेहरू **महासाङ्घिक** कहलिए जुन पछि *थेरवादी* र *महायानी* कहलाए । चावहिल चैत्यको अभिलेखमा आएको **सङ्घ** ले महासाङ्घिक

बौद्ध कलाको प्राचीनतम विषय विहार र स्तूप/चैत्य थियो । कला र धर्मको यो समन्वय आध्यात्मिक क्रान्तिको प्रतीक थियो जसको अर्थ मानिस र देवताबीचको सम्यक्-एकात्मता प्रतीत हुन्छ । पुरातत्त्वका दृष्टिले विहार र चैत्यका प्राचीनतम नमूना ई.पू. तेस्रो-दोस्रो शताब्दीदेखिका प्राप्त छन् ।

भारतको अशोकनिर्मित विशाल सांची स्तूप (ई.पू.तेस्रो शताब्दी) लगायत श्रीलंकाको, महासेन (ईस्वी २७३-३०१)निर्मित संसारकै सबभन्दा अग्लो जेतवनारामाय स्तूप (चारसय फीट अग्लो)का गर्भ इष्टका-खचित अण्डाकार छन् ।[१९८] गान्धारको सिंहस्तम्भयुक्त, तीन तहको छत्रले शोभित, शिर्षमा कमलपुष्पबुट्टा भएको, भिक्षुहरूले विन्तिभाव प्रकट गरिरहेको, स्तूपमा जाने सिँढी पनि कुँदिएको, प्रस्तरनिर्मित सानो स्तूपको गर्भ पनि अण्डाकार

भिक्षुहरूको सङ्घलाई संझाएको छ । चावहिलबाट केही कि.मि. मात्र टाढाको साँखु वज्रयोगिनी लिच्छविकालपूर्व, किरातकालदेखि नै 'गुं विहार' नामले प्रसिद्ध रही आएको छ । नेपालभाषामा वनलाइ 'गुं' भनिन्छ । वनको विहार **गुंविहार** हो । हाँडिगाउँको अंशुवर्माको अभिलेखमा *गुंविहार*को उल्लेख आएको छ । साँखुको अभिलेखमा '(महा)सांघिक भिक्षुसंघ' को उल्लेख आएको छ ।[क] यसरी महायान सम्प्रदाय उदाउनु अघि नै काठमाडौं उपत्यकामा महासांघिकहरू पसिसकेका थिए[ख] र उनीहरूले यहाँका खास स्थानहरूमा चैत्य एवं विहारको परम्परा थालनी गरिसकेका थिए भन्ने कुरा थाहा पाइन्छ ।

चावहिल/चैत्य/धन्दो चैत्य/विहारका नामकरणका बारेमा विभिन्न विद्वानहरूका अनेक थरीका विचार आइसकेका छन् ।[ग] मलाई भने यस बारेमा यसको तात्कालिक भौगोलिक अवस्थानलाई विशेष विचार गर्नु पर्छ भन्ने लाग्छ । विहार वा वहिल नदीले व्यस्थित डाँडाको टुप्पोमा बनाउने परम्परा पनि विगतमा वर्तमान थियो । चावहिलको भौगोलिक स्वरूपलाई विचार गर्दा यो नदीले व्यस्थित उचा भागमा छ । डाँडाको टुप्पोलाई 'चो' भनिन्थ्यो भन्ने कुराको चर्चा माथि भइसकेको छ । *चंगु, चोछें, च्वङा, चोपुलि* लगायत *चवदेश* यस कुराका केही थप उदाहरण हुन् ।[घ] यस्तो भौगोलिक विशिष्टता रहेको उच्च भागको विहार हुनाले जनजीवनमा 'चावहिल' कहलिन पुगेको कुरा जानिन्छ ।

[क] वज्राचार्य, लिच्छविकालका अभिलेख, पूर्ववत्, पृष्ठ ५०८ ।
[ख] वज्राचार्य, पूर्ववत्, पृष्ठ ५१० ।
[ग] प्रकाश दर्नाल, 'चावहिलस्थित धन्दो चैत्य जीर्णोद्धारबारे केही चर्चा', **प्राचीन नेपाल**, १५९/२०६२, पृष्ठ ३५-३८ ।
[घ] पुरुषोत्तमलोचन श्रेष्ठ, विनोदराज शर्मा, **च्वङा गणेश**, च्वङा गणेशस्थान विकास समिति, भक्तपुर : २०६६, पृष्ठ ५-७ ।

[१९८] **Sanchi**/Buddhist Monuments at Sanchi, **Stupa**. en.wikipedia.org

छ ।[१९९] चावहिल चैत्य लगायत ललितपुरको चार सुरका अशोक चैत्यका गर्भ पनि अण्डाकार छन् । त्यसैगरी भ्रौखेलमा फेला परेका चैत्यका गर्भहरू पनि अण्डाकार छन् । सूक्ष्म होस् वा विशाल ! भ्रौखेलका यी अण्डाकार चैत्यहरूले एकातिर हामीलाई यस भन्दा अधिका भारत, श्रीलंका, नेपाल,अफगानिस्तान लगायत एसियाका अन्य अनेक देशका यस्तै अण्डाकार स्तूप/चैत्यहरूलाई संभ्राएको छ भने अर्कोतिर काठमाण्डौं उपत्यकाका ईस्वीको पाँचौं शताब्दीदेखि नवौं शताब्दीसम्मका यस्तै साना चैत्यहरूलाई पनि भ्रल्भ्रली संभ्राइरहेको छ ।

भ्रौखेलचैत्यका गवाक्ष कमलपुष्पाकृतियुक्त द्वारतोरणसहितका कीर्तिमुखले सजिएका छन् । कीर्तिमुखका निधार हल्का कोरली परेको केशले छोपिएको छ । त्यसले भक्तपुर सिद्धपोखरीको वराहमूर्ति (ईस्वी पाँचौं शताब्दी) लगायत पशुपति आर्यघाटको विरूपाक्ष (ईस्वी पाँचौं शताब्दी) को त्यस्तै केशशैलीलाई संभ्राउँछ । भ्रौखेलचैत्यका गवाक्ष खाली नै छन् । पञ्चध्यानी बुद्धका मूर्ति नराखी गवाक्ष खाली नै छाड्ने परम्परा ईस्वीको छैटौं शताब्दीसम्म पनि चलिरहेको प्रतीत हुन्छ । काठमाण्डौ गणवहालको संवत् ५१६ (ई.सं.५९४) को अभिलेखयुक्त, गवाक्ष खाली भएको प्रस्तरचैत्यलाई उदाहरणस्वरूप लिन सकिन्छ । प्रारम्भिक कालका, विशेषगरी ललितपुरको चार सुरका चैत्यहरू मात्र नभएर गवाक्ष रिक्त छाडिएका यस्ता साना प्रस्तर चैत्यहरूलाई पनि 'अशोक चैत्य' भन्ने परम्परा रही आएको पाइन्छ ।[२००] 'अशोक' ले व्यक्तिविशेष *अशोक* लाई मात्र होइन, सारा प्राणीलाई साम्य भावले बुद्धत्वको बाटो देखाउँदै, निर्वाणप्राप्तिको शीघ्र कामना राख्ने महायानी

---

१९९ Stupa surrounded by four lion-crowned pillars. **Gandhara**, 2nd century CE. en.wikipedia.org

२०० अशोक मौर्य जहाँ गएर स्तूप स्थापना गर्न लगाए, त्यहाँ अभिलेख पनि राख्न लगाए । काठमाण्डौं उपत्यकामा उनी आएका भए उनको अभिलेख यहाँ पनि प्राप्त हुने थियो । तर जे होस् ! वौद्ध धर्ममा उनी दीक्षित भएपछि आफ्नो गुरु मोद्‌गलीपुत्र तिस्स (उपगुप्त)को परामर्श अनुसार उनले देश विदेशमा बौद्ध धर्म र कलाको प्रसार गर्न वौद्ध भिक्षुहरूलाई पठाए । त्यसमध्ये हिमवत्प्रदेशमा उनले मज्भिम, काश्यपगोत्र, मूलदेव, सहदेव लगायत दुन्दभिस्वरलाई पठाएको उल्लेख पाइन्छ ।[क] नेपाल पनि हिमवत्खण्ड हो । यसरी नेपाल उपत्यकामा बौद्ध धर्मको थप प्रसारसंगै बौद्धकलाको सुरुवात ई.पू तेस्रो शताब्दीदेखि भएको कुरा जानिन्छ । 'अशोक चैत्य' परम्पराको रहस्य यताबाट केही खुले जस्तो लाग्छ ।

क डा.गोविन्द चन्द्र पाण्डेय, **बौद्ध धर्म के विकास का इतिहास**, हिन्दी समिति, लखनऊ : १९७६, पृष्ठ २०० ।

बौद्ध धर्मदर्शनको विख्यात मन्त्रको निचोड : **शोक (दुःख) रहित 'अशोक'** हो भन्ने कुरा पनि जानिन्छ ।[२०१] यसप्रकार भौखेलका प्रस्तर चैत्यहरूमा देखापर्ने विशेषताहरूतर्फ दृष्टि दिंदा यी चैत्यहरूलाई ईस्वीको पाँचौं-छैटौं शताब्दीतिर राख्न सकिन्छ ।

भगीरथको प्रस्तरमूर्ति (चित्र संख्या १०५)

[२०१] जुम्लाको लामथाडा गुफामा सूक्ष्म आकारका लिच्छविकालीन मृन्मय चैत्यहरू छन् जसमा लिच्छवि लिपिमा निम्न महायानी मन्त्र कुँदिएका छन **'ॐ अभय श्री ये धर्मा *श्रीअ* हेतुप्र भवा हे *शोक* तु तेषां तथागतो ह्यव** (दत्)**तेषां च यो *नि(रो)ध* एवंवादी महाश्रमणः'** यस बारेमा हरिराम जोशी लेख्छन् : *जति पनि धर्म यस संसारमा छन् ती सबै हेतुको उपज रही त्यसको निरोध पनि सम्भव रहेको तथ्य प्रस्तुत मृन्मय चैत्य अभिलेखमा वर्णन गरिएको छ । प्रस्तुत अभिलेखको धर्म, तिनको हेतु औ निरोधको उल्लेखमा बौद्ध धर्म एवं दर्शनको निचोड स्पष्ट झल्किन्छ । ...यहाँ ती शव्दहरू व्यक्तिको नामको रूपमा नरहेको स्पष्ट छ ... यहाँ अभय, श्री, अशोक आदि शव्दहरू व्यक्तिका निव्वाण प्राप्तिको अवस्थाको द्योतक स्वरूप प्रयोग भएका छन् । कार्य, कारण औ निरोधको यथार्थ ज्ञानमै वास्तविक रूपले अभय, ऐश्वर्य तथा आनन्द अवस्थित रहेर हिन्दुधर्मको सत्, चित्, आनन्दको अनुरूप निव्वाण (मोक्ष) को अवस्था यहाँ साँचो मानेमा व्यक्त भएको प्रतीत हुन्छ । अभिलेख कुँडिएको यस सानो मृन्मय चैत्यमा भगवान् बुद्धका सम्मुख सिंढीको आकृति पनि कुँडेको देखाइएबाट सोही तथ्यको यकीन जानकारी मिल्दछ ।*
हरिराम जोशी, **नेपालको प्राचीन अभिलेख**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं : २०३०, पृष्ठ ६३१-६३२ ।

झौखेलधारा लिच्छविकालीन प्रतीत हुन्छ । बेलाबखतमा सो धाराको जीर्णोद्धार भएको देखिन्छ । सो धाराको टुटोमुनि **भगीरथको प्रस्तरमूर्ति** छ । फलामेढुङ्गामा बनेको भगीरथको यो मूर्ति सुन्दर छ । यिनले राजपर्यङ्कासन मुद्रामा, शिरलाई हलुका दायाँ माथि उठाउँदै, आँखा बन्द गरेर दायाँ हातले शङ्ख फुकिरहेका छन् । उनको त्यो भाव यति स्वाभाविक लाग्छ मानौं हाम्रा सामु भगीरथ प्रत्यक्ष भएर शङ्खनाद गरिरहेका छन् र उनको त्यो भगीरथप्रयासले स्वर्गबाट पृथ्वीमा गंगा बगिरहेकी छिन् ।

यस मूर्तिका भगीरथले वस्त्रका नाममा खाष्टो र धोती धारण गरेका छन् । यिनको केशविन्यास विशिष्ट शैलीको छ । यिनको कपालको बायाँपट्टि केशको जुरो बाँधिएको छ भने दायाँपट्टि कोरली परेको केशको झुप्पा काँधसम्म पुगेको छ । यस मूर्तिमा देखापर्ने शैलीलक्षणका आधारमा यसलाई लिच्छविकालको उत्तरार्द्धको प्रारम्भिक समयतिरको मान्न सकिन्छ ।

मध्यकालीन शिलालेख (चित्र संख्या १०६)

भौखेल धारासंगै पश्चिमपट्टि खेतमा अलपत्र अवस्थाको एक शिलालेख पनि छ । सो शिलालेखको शिर्षभाग अर्धगोलाकार छ । त्यहाँ बीचमा उडिरहेको गरुडमाथि सवार भएका विष्णुको आकृति एवं त्यसको दायाँ बायाँ सूर्य र चन्द्र अङ्कित छन् । यस शिलालेखका सबै अक्षर मेटिइसकिएका छन् । यो शिलालेख मध्यकालतिरको प्रतीत हुन्छ ।

भउ/भौ को अर्थ 'लाहा' हो, डढनुको भाव वा खह्याउनु पनि हो । *ख्य:/खेल* को अर्थ चौर वा सम्म परेको भाग हो । लाहा विशेषका लागि प्रसिद्ध भएको कारणले **भउख्य:/भौखेल** कहलिन पुगको प्रतीत हुन्छ । ख्य:/खेलले हामीलाई आजको हनुमानटार हुँदै उहिलेको थंखोपृंको **तल** रूपका प्रशासनिक दृष्टिले समेत महत्त्वपूर्ण बस्तीहरूलाई पनि संभाएको छ । भौखेलका बासिन्दाहरू भौखेलको पुरानो र मूल नाम **कोल्पाकोट** बताउँछन् । आज पनि यहाँ कोल्पाकोट छ, कोटदेवी पनि छिन् । यी कुरा पनि महत्त्वपूर्ण छन् । यसले उहिले यहाँ किल्लारूपको बस्ती थियो भन्ने कुरा जानिन्छ । कोल्पाकोटको अघिल्तिर आएको 'कोल' ले लिच्छविकालको अभिलेखमा आएको **दक्षिणकोलिग्राम** (कान्तिपुर)लाई पनि संभाएको छ । दक्ष/कुशल कोल (तेल-साल) व्यवसायीहरूको बस्ती भएकोले लिच्छविकालमा कान्तिपुरभेक 'दक्षिणकोलिग्राम' कहलिएको थियो । त्यस्तै लिच्छविकालमा यहाँ पनि कोल व्यवसायीहरू थिए कि ? यस बारेमा छुट्टै अन्वेषण हुन सकेमा महत्त्वपूर्ण कुरा प्रकाशमा आउने आशा गर्न सकिन्छ ।

कोल्पाकोट भउख्य/भौखेलको पुरानो नाम हो भने त्यो भन्दा पनि अभ धेरै पुरानो नाम **थंखोपृं** हो । यो कुरा यस अन्वेषणबाट थाहा भयो । आजको भौखेल उहिले *तल* र *द्रङ्ग*सहितको अत्यन्त विकसित बस्ती थियो । समग्रमा आजको भक्तपुरभेक उहिले **खोपृं** कहलिएको थियो । खोपृं पनि भौगोलिक दृष्टिले माथिल्लो र तल्लो गरी दुई भागमा विभक्त थियो । आजको परम्परित भक्तपुर शहर 'तल्लो' खोपृं थियो । माथिल्लो **थंखोपृं** भौखेलभेक थियो । भक्तपुर शहरबाट उचा भागमा अवस्थित भौखेल र यसको आसपासका बस्तीहरू दुवाकोट, चाँगु लगायत छालिङ्ग पनि **थंखोपृ**भित्रकै समृद्ध बस्ती थिए । लिच्छविहरूको आगमनभन्दा अघि नै यहाँ थंखोपृं बस्ती बसिसकेको थियो । लिच्छविहरू आएपछि यसको महत्त्व भन बढेर आयो । थंखोपृं समृद्ध नभएको भए यसको महत्त्वलाई बुझेर यसको शिरैमा चाँगुनारायण बस्न आउने पनि थिएन । नेपालको प्रामाणिक इतिहासको पहिलो पन्ना बनेर आएको मानदेव प्रथमको स्तम्भलेख पनि शायद यसै थंखोपृंको चाँगुमा नभएर अन्तै पर्ने थियो होला । चाँगु नारायण जस्तो महत्त्वपूर्ण धार्मिक स्थल मात्र नभएर साँखु अनि त्यतैबाट तिब्बत जाने मार्ग

यतै भएकोले पनि थंखोपृंको चहलपहल त्यसबेला बढेको थियो । यसो हुँदा त्यतातिर जाने राजमार्ग नै यहाँ खुलेको थियो । झौखेलधाराको पर्खाल, खेत र सडकको किनारमा शिर मात्र बाँकी हुने गरी पूर्ण रूपले दब्नै लागेको शिवदेव+अंशुवर्माको उक्त शिलालेखले यस कुराको झझल्को गराउँछ । यसो हुँदा धार्मिक समन्वय र सांस्कृतिक एकताको सन्देश व्यवहारमा समेत प्रवाहित गर्दै, सबैको निर्वाणको कामना गर्दै थंखोपृंको हृदयस्थलमा सुन्दर चैत्यहरू पनि बस्न आएका हुन् ।

जहाँ चैत्य छ त्यहाँ विहार पनि छ भनी मान्न सकिन्छ । झौखेलधारापरिसरका चैत्यहरूले यसको आसपासमा विहार हुनसक्ने संभावनातिर पनि संकेत गरेको छ । लिच्छविकालमा भक्तपुरमा पनि विहार थियो भन्ने कुराको सर्वप्रथम जानकारी दिने शिलालेख वागेश्वरीको वागहिटीको ईस्वीको पाँचौं शताब्दीतिरको अभिलेख हो ।[२०२] सो अभिलेखमा 'उद्योतक विहार'को उल्लेख आएको छ । भक्तपुर शहरको पूर्वमा च्यामासिंहस्थित वाचुहिटी परिसरको लिच्छविकालीन संवत् १४४ (ईस्वी ७२०) को बौद्ध अभिलेखमा शाक्य भिक्षु सोमनाथ एवं 'भिक्षुणीसंघ' को उल्लेख आएको छ ।[२०३] यताबाट सो परिसरमा तत्कालीन समयमा भिक्षुणीसंघ रहेको बौद्ध विहार यहाँ थियो भन्ने कुरा थाहा पाइन्छ । भक्तपुर शहरको गाहिटीस्थित लाकोलाछें बुद्धननीमा (चोकभित्र) दुई तहको आधारपेटीसहितको अण्डाकार गर्भ भएको लिच्छविकालीन चैत्य छ । यसरी केही समय अघिदेखि पत्ता लाग्दै आएका यी प्रमाणहरूबाट ललितपुर र कान्तिपुर मात्र नभएर भक्तपुर पनि बौद्ध धर्मको प्राचीन थलो हो भन्ने कुरा निश्चित रूपले थाहा हुन आएको छ । बौद्ध धर्मको उषाकालदेखि नै भक्तपुरले पनि यस धर्ममा देखापरेका परिवर्तन र विकासलाई आत्मसात् गर्दै आइरहेको थियो भन्ने कुराका प्राचीन साक्षहरू भक्तपुरले पनि पाएको छ । झौखेलमा फेलापरेका यी लिच्छविकालीन चैत्यहरू पनि थप साक्ष बनेर आएका छन् ।

भक्तपुरको झौखेलभेक अन्य प्राचीन सम्पदाले पनि समृद्ध छ । ज्योर्तिलिङ्गेश्वर, कोटदेवी, चुनदेवी, सेतीदेवी, तलेजुधारा, सिलु+तिलु+चम्पकको त्रिवेणीघाट, वत्सलामन्दिर लगायत झौखेल र चाँगु गा.वि.स.मा समेत पर्ने सप्तदह (ग्वालदह, नागदह, पिगदह, पाङ्दह, साङ्दह, श्यालदह,

---

२०२ पद्मसुन्दर शाक्य, 'वाघहिटीको लिच्छविकालीन अभिलेख', गोरखापत्र, चैत्र ५ गते, २०४५, पृष्ठ ६ ।

२०३ योगेशराज, 'भक्तपुरको हालसम्म अप्रकाशित सर्वप्राचीन बौद्ध अभिलेख', पासुका, २/११, श्रावण ०५५, पृष्ठ ३ ।

बाङ्दह) उदाहरणस्वरूप छन् । अहिले फेलापरेका यी लिच्छविकालीन सम्पदाहरू पनि त्यस कुराका अपवाद होइनन् । यी सम्पदाले यस भेकको महत्त्वलाई अझ बढाएको छ । यी अमूल्य सम्पदा हाम्रा गौरव हुन्, हाम्रा राष्ट्रिय निधि मात्र नभएर सारा विश्वकै सम्पदा हुन् । झौखेलधाराको शिवदेव+अंशुवर्माको अभिलेखको नब्बे प्रतिशत कुरा त सोही अभिलेखसंगै पृथ्वीमा गर्भस्थ छ । यी अमूल्य सम्पदालाई हेरेर यसो भन्न मन लाग्छ : संस्कृति हरायो भने हाम्रो पहिचान गुम्नेछ, हाम्रो देश हामीमाझबाट नै हराउने छ । यसैले यी सम्पदाको संरक्षण गरौं ! यी सम्पदाले हाम्रो कल्याण गर्नेछ । सबैको कल्याण होस् ! [२०४]

खेतको आलीमा फेलापरेको गरुडनारायण मूर्ति (चित्र संख्या १०७)

२०७०, वैशाख ४ गते, बुधवार । मेरा विद्यार्थी सन्दीप केसीले उनको गाउँ पिखेलस्थित एक खेतको आलीमा 'तलेजु देवता' भनिने मूर्ति छ' भने पछि उनीसंग सो मूर्ति हेर्न गएको दिन । भक्तपुर शहरको 'देकोचा'बाट चाँगु जाने मूलबाटो लाग्छ । सोही बाटो लागेपछि पिखेल भन्ने ठाउँमा पुगिन्छ । पिखेलको मूलबाटोदेखि करीब ५० मिटर जति पूर्व, खेतको आलीमा दक्षिणपट्टि

---

२०४ यी सम्पदावारेको एक छुट्टै लेख **प्राचीन नेपाल** संख्या १८४, २०७० मा छपाएको थिएँ । सो लेख छापिएर आएपछि पुरातत्त्व विभागले यी सम्पदाहरूको यथोचित उद्धार गरेको छ । यी सम्पदाको संरक्षण, संवर्द्धन गरेकोमा पुरातत्त्व विभागलाई धन्यवाद !

फर्केको गरुडनारायणको यो सुन्दर प्रस्तरमूर्ति (७०x४२ से.मि.) छ । यस मूर्तिका नारायण दुवै हात-पखेटा फैलाएर उडीरहेका मानवाकार-गरुडमाथि पलेँटी कसी आरामपूर्वक बसेका छन् । उनले पद्मपुष्पहार, पद्मपुष्पकुण्डल, पाखुरामा तीन तहको बाजु लाएका छन् । यिनको मुखाकृति खिइसकेको छ र हात एवं आयुधहरू पनि बेला बखतमा लागेका चोटहरूले छिया-छिया परेका छन् । यस मूर्तिका चतुर्वाहु नारायणले माथिका दुई हातहरूमा गदा र चक्र एवं तलका दुई हातहरूमा शंख र पद्मबीज लिएका छन् । तैपनि यो मूर्ति उत्तिकै सुन्दर छ र यस्तो लाग्छ मानौँ यो एक्लो मूर्तिले पनि एकान्तपनलाई चिर्दै यसको आसपासका उराठिला खेत सुन्दर शान्त र शोभामय भइरहेका छन् ।

सन्दीपले यो मूर्ति देखाइसकेपछि मैले सोधैँ ' तिमीलाई त थाहै छ यो तलेजु होइन, गरुडनारायणको मूर्ति हो । तैपनि किन तलेजु भनेको ?' त्यतिञ्जेत त्यहाँ हामीलाई देखेर एकजना स्थानीय व्यक्ति नील बहादुर थापा (६९) पनि आइसकेका थिए । सन्दीपलाई सोधेको कुरा उनले पनि सुनेका थिए । उनले भनी हाले 'यहाँका सबैले यी देवतालाई **तलेजुदेवता** भन्छन् । किनकि यो देवता रहेको खेत तलेजुको गुठीजग्गा क्षेत्रमा छ । यसैले यिनलाई तलेजुदेवता भनेका हुन् । यसको आसनभाग पनि थियो । त्यसमा अक्षर पनि थिए । त्यो कसले कता-कता पुऱ्याए, थाहा भएन ।' अहिले यो गरुडनारायणको मूर्ति खेतका माझ खुला आकाशमुनि परेको छ । ने.सं.७८१ मा प्रताप मल्लले भक्तपुर हमला गरेको कुरा हामीले माथि पनि उल्लेख गरिसकेका छौँ । उनले त्यसबखत चाँगु किल्ला कब्जा गर्दै भक्तपुर राज्य अन्तर्गतका अनेक भूभाग लगायत महाकालीपीठसम्म पुगी कब्जा जमाउन सफल भएका थिए । तर मजबुत गढ रूपको भक्तपुरको सुरक्षापर्खाल र नगरप्रवेश द्वार फोडेर शहरभित्र पस्न भने सकेनन् । र मौका परे शहरभित्रै पसेर भक्तपुर जित्ने दाउ हेर्दै केही काल उनले महाकालीपीठमै सैनिक अखाडा जमाएर बसे । त्यही क्रममा उनले गरुडनारायणको मूर्ति समेत बनाउन लगाई प्रतिष्ठा गर्न लगाएका थिए । र, गरुडनारायणको नित्य एवं नैमित्तिक पूजाका लागि आफूले कब्जा जमाएका अनेक स्थानका गरी १०१२ रोपनी खेत गरुडनारायणलाई अर्पित गरी सोही गरुडनारायण लगायत आफ्ना मित्र श्रीनिवास मल्ललाई समेत साक्षी बनाएर एउटै व्यहोराका दुईवटा शिलालेख महाकालीपीठमा राख्न लगाएका थिए । ती शिलालेख महाकालीपीठमा अझै छन् र ती शिलालेखमा वर्णित गरुडनारायण पिखेलको खेतमा रहेको यिनै गरुडनारायण हुन् भन्ने कुरा निश्चितप्रायः छ ।

भक्तपुर, काभ्रे र सिन्धुपाल्चोकबाट फेला परेका नवपाषाण उपकरणहरू

भौगर्भिक दृष्टिले हाम्रो सौरमण्डल करीब दश अर्ब वर्ष पुरानो छ । सूर्यबाट उछिट्टिएको एक टुक्रा यो पृथ्वी चाहिँ अन्दाजी ४.५ देखि ६ अर्ब वर्ष पुरानो छ । पृथ्वीको यो भूभाग हाम्रो नेपाल १३ करोड वर्ष अघि उठेको थियो । पृथ्वीको भौगर्भिक कालक्रमको करोडौं वर्ष लामो यात्रामा जीव-उत्पत्तिका पूर्वाधारहरू तयार भएपछि जीवको उत्पत्ति र विकास हुनपुगेको थियो । मानवको उत्पत्ति र विकास पनि त्यही क्रममा भयो । हाम्रो रामनरवानर (एक करोड दश लाख वर्ष) भारत, चीन र पाकिस्तानको भन्दा पनि पुरानो छ । विश्व प्रागइतिहासका दृष्टिले आधुनिक मानवको प्राचीनतम पुर्खा भन्न लायक यो थियो वा थिएन भन्ने कुरा विचाराधीन नै छ । त्यसपछि मानव गुण लिएर विकसित हुन पुगेका अष्ट्रेलोपिथेकस, होमो इरेक्टस, नियण्डर्थल र ई.पू.दश हजार वर्ष अघिको होमो स्यापियन्स हुँदै त्यसको प्रत्यक्ष वंशजका रूपमा होमो स्यापियन्स स्यापियन्स : अर्थात् आजका हामी आधुनिक मानव उभिन आएको छौं ।

मानव विकास, सभ्यता र संस्कृतिको सबैभन्दा लामो तथा सर्वप्राचीन युग प्रागइतिहासकाल वा ढुङ्गे युग थियो । चराचर जीव जगत्का अन्य पशु/जीवबाट शारीरिक रूपले भिन्न हुँदै वैचारिक गुण वैशिष्ट्यले समेत माथि उठेको पशुलाई 'मानव'को हैसियतमा पुऱ्याउनमा यस युगको 'ढुङ्गा' ले पनि चमत्कारी रूपमा सबैतिरबाट सहारा दिई मानिसलाई ठूलो गुन लगाएको थियो । मानिसले ढुंगामा बास र ओत खोज्यो, उसले गुहा र ओडार पायो । जीवननिर्वाहका लागि हतियार खोज्यो, आफूभन्दा कैयन गुना ठूला शिकार ढाल्ने सीप र प्रविधिको विकास गर्दै अनेक प्रकारका उपकरणहरू समेत बनाउन जान्यो । ढुङ्गे युगको अन्त्यतिर वा भनौं आज भन्दा करीब दश हजार वर्ष अघि गुहा र ओडार ढुकेर बसेका वृद्धवृद्धा एवं बालबालिकाहरूले खाएर मिल्काएका बियाँबाट बिरूवा उम्रदै अन्न, फलफूल फलेको देखेपछि खेती गर्न जाने । यसरी कृषिको आविष्कार भयो । यो नै प्रथम युगान्तकारी जननी-क्रान्ति वा आविष्कार थियो जसले मानिसलाई ढुङ्गेयुगबाट सभ्यताको युगमा पुऱ्यायो जसको वर्तमान आज पनि अत्याधुनिक रूप लिंदै चलिरहेको छ । एउटा आविष्कार वा क्रान्तिले अर्को नवीन आविष्कार वा क्रान्तिलाई जन्माउँछ । यो आविष्कारको मूल नियम हो । उदाहरण कृषिकै लिउँ ।

कृषिकार्यका लागि हलो चाहिन्छ । मानिसले हलो चलाउनका लागि पनि ढुंगाकै सहारा लिएको थियो र त्यो पनि उसले सर्वप्रथम ढुङ्गे-हलो बनाएर प्राप्त गरेको थियो । खेतीको अभ्युदयले स्थायी बसोबास ल्यायो । घर बनाएर बस्न जानेपछि पशुपालनको शुरूवात भयो । त्यसपछि क्रमैसंग अनेक उद्योगको सुरुवातसंगै चिल्लाचिप्ला उपकरण बनाउँदै, धार्मिक-सांस्कृतिक एवं राजनैतिक चेतनाको समेत विकास गर्दै गुहा र ओडारबाट सभ्यताको भौतिक संसारमा पाइला टेक्न पुग्यो ।

परिवर्तन प्रकृतिको मूल नियम हो । ढुङ्गे युग पनि एकनासको रहेन । प्रारम्भमा मानिसले सामान्य र भद्धा खालको उपकरण (हतियार) बनायो । समय बित्दै गएपछि भ्याएसम्मको बुद्धि, विवेक र सीपको प्रयोग गर्दै उपकरण निर्माणमा क्रमिक विकास गर्दै लग्यो । यसो हुँदा अनेक युगमा अनेक विशेषता भएका अनेक थरीका उपकरणहरू निर्माण हुँदै आयो । यसै आधारमा ढुङ्गे युगलाई पुरापाषाण युग (अन्दाजी २० लाख वर्ष पूर्वदेखि १० हजार वर्ष अघिसम्म), मध्यपाषाण युग (ई.पू १३०००-८०००) र नवपाषाण युग (ई.पू.८०००-५०००) गरी तीन कालखण्डमा विभक्त गरिएको छ ।

कृषिको आविष्कार, स्थायी बसोबास, पशुपालन, उद्योगधन्दाको विकास, धार्मिक-सांस्कृतिक एवं राजनैतिक चेतनासंगै राज्यव्यवस्थाको अभ्युदय आदि नवपाषाण युगका खास विशेषता हुन् । समग्रमा ग्रामीण र शहरी सभ्यताको पूर्वाधार यो युगका मानिसले तयार पाऱ्यो । ताछ्ने, खुर्कने, काट्ने, आदि अनेक प्रयोजनका लागि अनेक थरीका चिल्ला चिप्ला र धारिला उपकरणहरू यस युगमा बने । घोटेर चम्किला उपकरण बनाउनु नवपाषाण युगको मुख्य विशेषता थियो । हामीले **भक्तपुर, काभ्रे र सिन्धुपाल्चोकबाट फेला पारेका नवपाषाण उपकरणहरू** पनि यस कुराको अपवाद होइन ।

नेपालका अधिकांश ढुङ्गे उपकरणहरू सतहबाटै प्राप्त भएका छन् । खास भूस्तरबाट प्राप्त भएको जानकारी प्राप्त छैन ।[२०५] हामीले यहाँ

---

२०५ रामनिवास पाण्डेय, दिनेशचन्द्र रेग्मी, **नेपालको प्रागितिहास**, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०६२, पृष्ठ ६३ ।
"यहाँ अन्य पाषाणउपकरणहरू झैं नवपाषाण उपकरण पनि उत्खननको क्रममा कुनै खास भूस्तरमा प्राप्त नभई सतहमा रहेको अवस्थामा वा वज्रढुङ्गा भनी पूजा भइरहेको अवस्थामा पाइएका छन् । ज्ञातव्य छ, यहाँ पालिशदार उपकरणलाई वज्रढुङ्गा भनी पुजिन्छ र औषधोपचारमा प्रयोग गरिन्छ ।'

प्रकाशमा ल्याएका उपकरणहरू बारी खन्ने क्रममा, खोलाको किनारामा, रूखमुनि भेट्टाएको जानकारी प्राप्त छ । र, यी उपकरणहरूलाई छालासम्बन्धी रोग लागेमा घोटेर लगाउने र अन्य औषधोपचारका क्रममा प्रयोग हुने आकाशबाट खसेको वज्रढुङ्गा मान्ने जानकारी प्राप्त छ । यथार्थमा यी हाम्रा पुर्खाका हतियार हुन् ।[२०६]

पाण्डेय र रेग्मी लेख्छन्[२०७] "नेपालमा प्राप्त अधिकांश चिल्ला-चिप्ला नवपाषाण उपकरणहरू इगनिस र मेटामारफिक चट्टान, डोलोराइट, ग्रेनाइट, फिलाइट, बसाल्ट, सेल, स्लेट र बिल्लौरी ढुङ्गा वा क्वार्टजाइटका बनेका छन् । यी सारा र दरिला ढुङ्गाका जात हुन् । यिनमा बढी प्रचलित उपकरण सानो र लामो आकारका बञ्चरा (axe) र सेल्ट (celt) , छेनी वा रामो (chisel) र बसिला (adze) छन् ।" हामीले फेला पारेका नवपाषाण उपकरणहरू हेमाटाइट जातका दरिलो ढुङ्गाका हुन् । सामान्यतया यी उपकरणहरू बञ्चरो आकारका र हातैले समात्न मिल्ने भएकोले हाते बञ्चरो (Hand axe) भनिए तापनि सेल्ट नै हुन् ।

नेपालमा पुरापाषाणकाल, मध्यपाषाणकाल र नवपाषाणकालका उपकरणहरू विभिन्न स्थानबाट प्राप्त भएका छन् । यस्ता उपकरणहरूको खोजी गरी प्रकाशमा ल्याउने स्वदेशी विदेशी विद्वानहरूमा रामनिवास पाण्डेय, नीलरतन वनर्जी, जनकलाल शर्मा, सेटेन्को लगायत गुडरून कर्भिनस उल्लेख्य छन् ।

---

२०६ जनकलाल शर्मा, **हाम्रो समाज : एक अध्ययन**, ललितपुर : साझा प्रकाशन, २०५८, पृष्ठ ३७ ।
"आजभन्दा दश हजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाणयुगको क्रममा थियो । तर ईशापूर्व सात हजारदेखि पाँच हजार वर्षतिर आएर आफ्नो जीवन नवपाषाणयुगमा पुऱ्यायो । यस समय मानवले कृषिकर्म अपनाउन थालिसकेको थियो । आफ्नो प्रस्तरका हतियारमा पनि यसले सुधार ल्यायो । सिवालिक र महाभारत पर्वतका बीचका भागमा यत्रतत्र नवपाषाणयुगका हतियार आज पनि पाइन्छन् । महाभारतको माथिल्लो भागमा पनि यस्ता हतियार नपाइने होइन । तर यी दुई पर्वतको बीचमा अधिक मात्रामा पाइएका छन् । यस क्षेत्रका नेपालीहरू आजकाल यस्ता हतियारलाई वज्रढुङ्गो भन्दछन् । प्राचीन मानवको जीवनसम्बन्धी कुराको ज्ञानको अभावमा साधारण जनता यस्ता वज्रढुङ्गा खजुरो भएका ठाउँमा आकाशवाट खस्तछ भन्ने कुरामा विश्वास गर्दछन् । वास्तवमा भन्ने हो भने यी वज्रढुङ्गा नेपाली जनताका पुर्खाका हतियार हुन् ।"

२०७ रामनिवास पाण्डेय, दिनेशचन्द्र रेग्मी, **नेपालको प्रागितिहास**, पूर्ववत्, पृष्ठ ६३ ।

नेपालमा नवपाषाण उपकरणहरू दुल्लु, दाङ, बर्दिया, देउखुरी, पाल्पा, पोखरा, चितवन, नवलपरासी, इलाम, मोरङ्ग, विजयपुर, धनकुटा, दोलखा-चरीकोट, रामेछाप, पनौती, बल्थली लगायत काठमाण्डौ उपत्यकाको बूढानीलकण्ठ लगायत लुभुबाट प्राप्त भएका छन् । केही वर्ष अघि भक्तपुरको दक्षिणपूर्वमा पर्ने नंखेलस्थित नन्दीकेश्वर मन्दिरक्षेत्रबाट (सो मन्दिर जीर्णोद्धार गर्ने क्रममा) नवपाषाण हाते बञ्चरो तथा ताथलीको हललगाउँमाथिको आइतबारे सामुदायिक वनबाट सूक्ष्म नवपाषाण उपकरण प्राप्त भएको छ ।[२०८] हाम्रो यस अन्वेषणमा भक्तपुर, काभ्रे र सिन्धुपाल्चोकबाट थप आठवटा नवपाषाण उपकरणहरू फेला पर्न आएका छन् । यस प्रकार यी उपकरणहरूको प्राप्तिले काठमाण्डौ उपत्यका र आसपासका भेकमा नवपाषाणकालिक मानवको निवास थियो भन्ने कुरा निश्चितप्रायः लाग्छ । पाण्डेय र रेग्मी लेख्छन्[२०९] :

काठमाण्डौ उपत्यका नवपाषाणकालिक मानवको विचरण क्षेत्र मात्र थिएन बरु निवास क्षेत्र पनि रहेको हुनुपर्छ । उपत्यकाको छेउमा नवपाषाणकालिक मानव बसेका होलान् भन्ने कोर्विनसका अनुमान ठीकै प्रतीत हुन्छ ।

भक्तपुर, काभ्रे र सिन्धुपाल्चोकबाट फेला पारेका नवपाषाण उपकरणहरू यस प्रकार छन् :

१. **चाँगु, चापाख्वाल (पौडेलबस्ती) बाट प्राप्त नवपाषाण उपकरण** (चित्र संख्या १०८)

यो नवपाषाण उपकरण चाँगु चापाख्वाल (पौडेलबस्ती) बाट प्राप्त भएको हो । सो स्थानका मेरा विद्यार्थी मञ्जु पौडेलका अनुसार बारी खन्दा प्राप्त भएको हो । यसको लम्बाइ र चौडाइ क्रमशः ८.५ र ७ से.मि. रहेको छ ।

---

२०८ पुरुषोत्तमलोचन श्रेष्ठ, **चट्टानअभिलेख र अन्य सम्पदा**, पूर्ववत्, पृष्ठ ८६ ।

२०९ रामनिवास पाण्डेय, दिनेशचन्द्र रेग्मी, **नेपालको प्रागितिहास**, पूर्ववत्, पृष्ठ ८७ ।

चित्र संख्या १०८ : चाँगु चापाख्वाल (पौडेलबस्ती)बाट प्राप्त नवपाषाण उपकरण ।

२. घ्याम्पेडाँडाबाट प्राप्त नवपाषाण उपकरण (चित्र संख्या १०९)

यो नवपाषाण उपकरण अनन्तलिङ्गेश्वर न.पा. वडा नं.१३ घ्याम्पेडाँडाबाट प्राप्त भएको हो । सो स्थानका मेरा विद्यार्थी शान्ति तामाङ (२१)का अनुसार जङ्गलमा काठपातका लागि जाँदा रूखमुनि फेला परेको हो ।

यस भेकका स्थानीय बासिन्दाहरू यस्ता उपकरणहरू प्रायः रूखमुनि र रूख वरपर फेला पर्ने बताउँछन् । यस उपकरणको अर्को भाग घोटी घोटी खिइएर अण्डाकार हुन पुगेको देखिन्छ । (चित्र संख्या ११०)

चित्र संख्या ११० : घ्याम्पेडाँडाबाट प्राप्त नवपाषाण उपकरण, पार्श्वभाग ।

शान्तिका अनुसार गाउँघरमा कसैलाई घाउ खटिरा वा छालासम्बन्धी कुनै रोग लागेमा यसमा पानी मिसाएर घोटी लगाउने चलन छ । शायद यसैकारण कैयन कालदेखि सोही प्रयोजनका लागि घोट्दा घोट्दा त्यसरी अण्डाकार रूप लिनपुगेको दृष्टिगोचर हुन्छ । यो उपकरणको लम्बाइ र चौडाइ क्रमशः ११.६ र ६.१ से.मि. रहेको छ । प्राप्त उपकरणहरूमा यो नै ठूलो देखिन आएको छ ।

घ्याम्पेडाँडा भक्तपुर शहरदेखि करीब ४ कि.मि दक्षिणमा रहेको छ । यसको शिरैमा रानीकोट छ । रानीकोटको दक्षिण-पूर्वका घना जङ्गलमा अनेक नामका ओडारहरू छन् जसको चर्चा हामीले माथि गरिसकेका छौं । त्यसैगरी घ्याम्पेडाँडा-रानीकोटदेखि दक्षिण-पश्चिममा गोदावरी, फूलचोकी छन् । गोदावरीबाट लाखौं वर्ष पुरानो महागज र जलगैंडाका जीवाश्म भेटिएको चर्चा पनि हामीले माथि गरिसकेका छौं । यहीं मार्वलखानीसंगै राक्षसथानमा

एक प्राचीन गुफा छ । सो राक्षसथानको गुफामा एक्लै जान हुन्न भनी मानिसहरू डराउँछन् । सो गुफा त्यो कुरा प्रागइतिहासका दृष्टिले महत्त्वपूर्ण छन् । त्यस्तै घ्याम्पेडाँडादेखि निकटको पूर्वी भेक नंखेल पनि हो । नंखेलबाट पनि नवपाषाण उपकरण फेला परेको चर्चा पनि हामीले माथि गरिसकेका छौं । यसरी भौगोलिक निकटताका आधारमा फूलचोकी, गोदावरी, घ्याम्पेडाँडा लगायत नंखेल प्रागइतिहास अध्ययनका दृष्टिले विशेष महत्त्वका देखिन आउँछन् ।

३. काभ्रे, शंखपाटीचौरबाट प्राप्त नवपाषाण उपकरण

(चित्र संख्या १११)



यो नवपाषाण उपकरण काभ्रे जिल्ला, पनौती-शंखपाटीचौर वडा नं.६ बाट प्राप्त भएको हो । यहाँका स्थानीय एवं मेरा विद्यार्थी पूजा खत्री (२३)का अनुसार यो उपकरण बारी खन्ने क्रममा भेट्टाएको हो । यस उपकरणको लम्बाइ र चौडाइ क्रमशः ७.२ र ४.७ से.मि रहेको छ ।

४. सिन्धुपाल्चोक मन्थलीस्थित कठजोरबाट प्राप्त नवपाषाण उपकरण (चित्र संख्या ११२)

(चित्र संख्या ११२)

यो नवपाषाण उपकरण सिन्धुपाल्चोक, मन्थली न.पा., वडा नं.४ स्थित कठजोरबाट प्राप्त भएको हो । यहाँका स्थानीय एवं मेरा विद्यार्थी सोमनारायण श्रेष्ठका अनुसार बाखा चराउन गएको बेलामा खहरे खोलाको किनारमा भेट्टाएको हो । यस उपकरणको लम्बाइ र चौडाइ क्रमशः ५.८ र ५ से.मि. रहेको छ ।

५.१ पनौतीबाट प्राप्त भएको नवपाषाण उपकरण

(चित्र संख्या ११३)

यो उपकरण पनौतीबाट प्राप्त भएको हो । मेरा मित्र एवं यस ग्रन्थका प्रकाशक भक्तपुर इपाछेंटोलनिवासी विनोदराज शर्मा राजोपाध्यायका अनुसार पनौतीमा भक्तपुरका राजोपाध्याय ब्राम्हणहरूका जजमानहरू छन् । पनौतीका कुनै एक घरका जजमानबाट केही दशकअघि दानदक्षिणाका रूपमा दिइएका चारवटा उपकरणहरूमध्ये एक यो हो । यस उपकरणको लम्बाइ र चौडाइ क्रमशः ५.९ र ५ से.मि. रहेको छ ।

५.२ पनौतीबाट प्राप्त भएको नवपाषाण उपकरण (चित्र संख्या ११४)

विनोदराज शर्मालाई पनौतीका जजमानले दिएका चारवटा उपकरणहरूमध्येको अर्को नवपाषाण उपकरण यो हो । यस उपकरणको लम्बाइ र चौडाइ क्रमशः ४.६ र ३.७ से.मि.रहेको छ । यो खैरो रङ्गको छ ।

५.३ पनौतीबाट प्राप्त भएको नवपाषाण उपकरण (चित्र संख्या ११५)

विनोदराज शर्मालाई पनौतीका जजमानले दिएका चारवटा उपकरणहरूमध्येको तेस्रो नवपाषाण उपकरण यो हो । यस उपकरणको लम्बाइ र चौडाइ क्रमशः ६.६ र ६.५ से.मि. रहेको छ । यो उपकरण अपूर्ण छ । यसलाई हेर्दा यस्तो प्रतीत हुन्छ मानौँ यसका निर्माताले यसलाई आकार दिँदै गर्दा कारणवश बनाउने काम छुटेर यो अधूरै रह्यो ।

५.४ पनौतीबाट प्राप्त भएको सूक्ष्म नवपाषाण उपकरण

(चित्र संख्या ११६)

विनोदराज शर्मालाई पनौतीका जजमानले दिएका चारवटा उपकरणहरूमध्येको चौथो र ज्यादै सूक्ष्म आकारको नवपाषाण उपकरण यो हो । यस उपकरणको लम्बाइ र चौडाइ क्रमशः २.६ र २.५ मात्रै रहेको छ भने यसको मोटाइ १.७ से.मि. रहेको छ ।

नेपालमा प्राप्त नवपाषाणकालीन उपकरणहरू केही ज्यादै सूक्ष्म र केही ज्यादै ठूला पनि छन् । पाल्पामा प्राप्त एक उपकरणको लम्बाइ र चौडाइ क्रमशः ३.७ र ०.५ से.मि. मात्रै भएको ज्यादै सूक्ष्म आकारको छ भने चरिकोटमा प्राप्त उपकरणको लम्बाइ र चौडाइ १३.१ र २.७ से.मि. भएको पनि छ ।[२१०] हलल गाउँको आइतबारे सामुदायिक वनमा प्राप्त नवपाषाण

२१० डा.प्रेम खत्री, डा.पेशल दाहाल, नेपालको कला र पुरातत्त्व, काठमाण्डौ : एम.के.पब्लिशर्स एण्ड डिस्ट्रीब्युटर्स, २०४८, पृष्ठ ५५ ।

उपकरणको लम्बाइ र चौडाइ क्रमशः ३.५ र २.१ रहेको छ ।[२११] यसरी तुलनात्मक अध्ययनका आधारमा पाल्पा र आइतबारे वनका मात्र नभएर पनौतीबाट प्राप्त उपकरण पनि नेपालमा हालसम्म फेलापरेका सूक्ष्म नवपाषाण उपकरणहरूमा पनि ज्यादै सूक्ष्म उपकरण हो भनी मान्न सकिन्छ ।

पनौतीबाट प्राप्त सूक्ष्म नवपाषाण उपकरण ज्यादै चिल्लो-चिप्लो, चम्किलो र आकर्षक देखिन्छ । यसैले यो सूक्ष्म उपकरण हतियार-प्रयोजनका लागि भन्दा पनि अलङ्कार-प्रयोजनका लागि निर्माण भएको प्रतीत हुन्छ ।

---

२११ पुरुषोत्तमलोचन श्रेष्ठ, चट्टानअभिलेख र अन्य सम्पदा, पूर्ववत्, पृष्ठ ८७ ।

उपसंहार

इतिहासको उषाकालदेखि नै नेपालको हृदयस्थल काठमाण्डौ उपत्यका रहिआएको छ । लाग्छ, काठमाण्डौ उपत्यकाको सबै कालखण्डको इतिहास, संस्कृति हेर्ने पुरातात्त्विक-आँखीझ्याल चाँगुभेक हो । यस अन्वेषणले हामीलाई यही कुराको आभास गराएको छ । हाम्रो अन्वेषणको केन्द्रविन्दु चाँगुनारायणमन्दिर थिएन, यसको आसपासका कैयनकालदेखि घामपानी, हावाहुरी लगायत नियतिको मारले टुटेफुटेका, परित्यक्त अवस्थामा रहेका र नितान्त निर्जन स्थानका गुफा, ओडार, ढुङ्गे उपकरण आदि थिए जहाँ यस अघि कसैको ध्यान गएको थिएन । यी पनि अनुपम सम्पदा हुन् । यी पनि हाम्रा राष्ट्रिय निधि हुन् ।

आजभन्दा एकसय चालीस वर्ष अघि भगवान्लाल इन्द्रजीले चाँगुको मानदेव प्रथमको अभिलेख प्रकाशमा ल्याएका थिए । आश्चर्यको कुरा छ, त्यसबेलादेखि यस अन्वेषण अघिसम्म स्वदेशी विदेशी विद्वानहरूको अन्वेषण चाँगुनारायणमन्दिर परिसरसम्म मात्र एकोहोरो रीतले सीमित रहिआएको देखिन्छ । चाँगुनारायणमन्दिरको चौगिर्दाबाहिर गएर कसैले गहन अध्ययन गरी नूतन कुरा प्रकाशमा ल्याएको छ जस्तो लाग्दैन । ल्याएको भए चाँगुनारायणमन्दिरको दक्षिणपट्टिको कछारमा रहेको कालिका गुफा र यहाँका सम्पदाबारेका कुरा उहिल्यै प्रकाशमा आइसक्ने थिए । र शायद यहाँ पनि विश्व सम्पदाको एउटा स्तभ्म गाडिने थियो । र यो गुफा हेर्न देश विदेशका पर्यटकहरूको ओइरो लागिसक्ने थियो । काठमाण्डौ उपत्यकामा पत्ता लागेको पहिलो गुहालेख, पहिलो गुहाचित्र सहितको यो पहिलो गुफा हो । यो गुफा मात्र किन ! चाँगुनारायणमन्दिरको पूर्वपट्टि र पश्चिमपट्टिका क्रमशः इनबहाःटोल र इकुटोलका सारनाथ शैलीका जुम्ल्याहा जस्तै लाग्ने दुई प्राचीन बौद्ध मूर्तिहरू हेर्न आउनेहरूको भीड पनि उस्तै लाग्थ्यो । ख्यातिप्राप्त कलापारखी स्वदेशी विदेशी विद्वानहरूले यी बौद्ध मूर्तिहरू स्थापित स्थानको बाटो, सिँढी अनेकपल्ट ओहोरदोहोर गरी चाँगुको चौगिर्दाभित्रका प्राचीन मूर्तिहरू उहिल्यै प्रकाशमा ल्याइसकेका छन् । तर यी बौद्धमूर्तिहरू भने बत्तीमुनिका अँध्यारा जस्तै भएर रहे । हामीलाई यी मूर्तिहरू प्राचीन बौद्धमूर्तिहरू हुन् भनी पत्ता लगाई प्रकाशमा ल्याउन पाएकोमा सन्तुष्टि मिलेको छ । संसारमा नेपाल नै एक यस्तो देश हो जहाँ विश्वका दुई महान प्राचीन धार्मिक सम्प्रदायहरू हिन्दू धर्म र बौद्ध धर्म कुममा कुम मिलाउँदै

धार्मिक समन्वय, सह-अस्तित्व एवं सांस्कृतिक एकता र सद्भावको सुवास फैलाउँदै समुन्नत रहिआएका छन् भनेर गर्वका साथ हामी सबैले एकै स्वरले भन्दै आइरहेका छौं । अब हाम्रा यी प्राचीन बौद्धमूर्तिहरू पनि यस कुराको पुष्टिका लागि थप अतुल्य उदाहरण भएर हाम्रा माझ उभिन आएका छन् ।

चाँगुनारायणमन्दिरको चौगर्दाभित्रकै कुरा गर्ने हो भने पनि छिन्नमस्ता र सो मन्दिरभित्रका सम्पदा बारेमा हामीले थप नवीन कुरा प्रकाशमा ल्याएका छौँ । चाँगुनारायणको प्राचीनता समेत मापन गर्ने एक दरिलो आधारको रूपमा यसलाई पाएका छौँ । मानदेवको चाँगुको अभिलेखलाई आधार मानेर यसको प्राचीनतालाई पाँचौं शताब्दीभन्दा अघि लान सकिएको थिएन । बाङ्गदेलले चाँगु लगायत उपत्यकाका सप्तमातृका पत्ता लगाएर ठूलो गुन लगाएका छन् । तर उनले यस मन्दिरभित्र सप्तमातृकाका चारवटा मूर्तिहरू मात्र छाम्न पाए (कौमारी, ब्रम्हायणी, माहेश्वरी, वाराही) हामीले अरू थप तीनवटा (विष्णुवी, चामुण्डा/काली, महालक्ष्मी) पनि पत्ता लगाएर उनको अधूरो अन्वेषणलाई पूर्णता दिन पाएका छौँ । सप्तमातृकाका यी मूर्तिहरू लगायत यसै मन्दिरभित्र रहेका उमा-महेश्वर र गणेशका मूर्तिहरूमा पाइएका प्राचीन शैली लक्षणका आधारमा हामीले यी प्राचीन सम्पदालाई दुई हजार वर्ष पुरानो भएको पायौँ । यति नै पुरानो चाँगुनाराण मात्र नभएर किलेश्वर पनि भएको पायौँ । चाँगुका उच्चतम देवताहरू गरुडनारायण, किलेश्वर छिन्नमस्ता र सप्तभैरव हुन् । सप्तभैरवको चर्चा यस अघि कसैले गरेको देखिएन । अनि हामीले यस मन्दिरभित्रका अभिलिखित गणेशमूर्ति जति पुरानो मूर्ति यहाँ बाहेक भारतमा समेत पनि देखेनौं । यति पुरानो अभिलिखित मूर्ति एसियामा यो बाहेक दोस्रो अर्को छ जस्तो लाग्दैन । चाँगुको प्राचीनतालाई नाप्ने एउटा दरिलो आधार चाँगुनारायणमन्दिरको उत्तर कछारमा रहेको गोठालेदेवता पनि हो । एकान्तस्थलमा स्थित उराठलाग्दो गोठालेदेवता चाँगु जतिकै पुरानो छ । चाँगुको उत्पत्तिसित जोडिएको यसको अनुश्रुति र ग्वालाहरूसित गाँसिएको यसको प्राचीन संस्कृति आज पनि कुनै न कुनै रूपले वर्तमान रहिआएको छ ।

हाम्रो खोजको एउटा उल्लेख्य प्राप्ति शक्तिको प्राधान्यता रहेको शाक्त-अर्धनारीश्वरको प्राचीन मस्तक पनि हो । नेपालको यो एकमात्र प्रकृतिप्रधान शाक्त-अर्धनारीश्वरको मूर्ति हो । हाम्रो अन्वेषणले यसलाई आजसम्म पाइएका अर्धनारीश्वरका दुर्लभ मूर्तिहरूमध्ये पनि सर्वप्राचीन एवं पहिलो अत्यन्त दुर्लभ मूर्ति हो भन्ने कुरा देखाएको छ । त्यसैगरी चाँगुको

दक्षिण कछारमा रहेको शंख, चक्र र सूक्ष्म मूर्ति पनि उल्लेख्य छन् । नेपालमा यति ठूलो ढुङ्गे शंख अन्त देखिंदैन । त्यस्तै सोही समीपको चट्टानमा उत्कीर्ण चक्र पनि चट्टानकलाको दुर्लभ नमुनाको रूपमा लिन सकिन्छ । चाँगुको चौगिर्दाबाहिर उत्तरपट्टि रहेको चारहाते भीमसेन यहाँ बाहेक दोश्रो नेपालमा छैन, भारतको त कुरै छाडौं ।

'सातसय बस्ती नौ सय फेरा' ले चाँगुभेक प्राचीन महानगर रहेको कुराको संकेत प्राप्त हुनुको साथै लिच्छविहरूले बसालेको विशालनगरको मानचित्र पनि मिलेको छ । नगरै-नगरहरू मिलेर बनेको विशालनगर काठमाण्डौ उपत्यकाको सर्वप्राचीन प्रथम नगर सभ्यता थियो । त्यही विशालनगरभित्र तीन ठूला दरबारहरू (मानगृह, कैलाशकूट र भद्राधिवास) आबाद थिए । सिन्धुघाटीको नगरसभ्यता जस्तै यो सभ्यताको पतनपछि यसको वरपर थुप्रै ग्रामीण सभ्यताहरू देखा परे । ती ग्रामीण सभ्यताहरू पनि पछि गएर द्रङ्ग सभ्यताका रूपमा विकसित हुन पुगेका थिए । **हंसगृहद्रङ्ग**, **थंखोपृंद्रङ्ग**, **माखोपृंद्रङ्ग**, **दक्षिणकोलिग्रामद्रङ्ग**, **यूपग्रामद्रङ्ग**, **लेम्बटीद्रङ्ग**, **नुप्पुन्नद्रङ्ग**, **शीटाटिकाद्रङ्ग**, **थंतुंरीद्रङ्ग** आदि उदाहरणस्वरूप छन् । सामाजिक-सांस्कृतिक, आर्थिक एवं भौतिक उन्नति वा अवनति लगायत राजनैतिक परिवर्तन आदि कारणले कतिपय द्रङ्गहरू उजाड हुन पुगे भने केही पहिले भन्दा पनि आबाद हुँदै विकसित हुँदै गए र परवर्तीकालमा नगर राज्यहरूका रूपमा समेत देखा परे । कान्तिपुर, ललितपुर र भक्तपुर उदाहरणस्वरूप छन् ।

र, हामीले हरिराम जोशीले आजभन्दा पच्चीस वर्ष अघि भद्रवासमा **भद्राधिवास** रहेको हुनुपर्छ भन्ने अनुमानलाई चाँगुभेकमा धूमधामसंग मनाइने भैरव-कालीको जात्रा प्रमाणका आधारमा समेत पुष्टि गर्दै अनुमानलाई यथार्थतामा ल्याएका छौं । यसरी लिच्छविकालीन दरबारको अवस्थान मात्र नभएर हामीले झौखेलको शिवदेव+अंशुवर्माको अभिलेखका आधारमा यस भेकमा त्यसकालमा विकसित रहेको तलसहितको **थंखोपृंद्रङ्ग** नै पत्ता लगाएका छौं ।

अन्वेषणका क्रममा पत्ता लागेका प्राचीन एवं दुर्लभ सम्पदाहरूमा सानागाउँ इन्द्रायणीस्थानका शक्तिसहितको षण्मुखकुमारको मूर्ति, यक्ष-भैरवको मस्तक, बोधिसत्व मस्तक पनि हुन् । शक्तिसहितको षण्मुखकुमार मूर्ति भारतमा मात्र नभएर, एसियाका अन्यत्र स्थानमा पनि छ जस्तो मलाई लाग्दैन । नेपालमै पनि शक्तिसहितको कुमारको यति प्राचीन, स्वतन्त्र वा

भिन्नै मूर्ति यस अघि फेला परेको देख्न सुन्नमा आएको छैन । लिच्छविकालीन उमा-महेश्वरका मूर्तिहरूमा उनी अन्य परिवार र गणका साथमा गौणदेवताका रूपमा मात्र देखिन आएका छन् । शक्तिसहितको षण्मुखकुमारको यो अतुल्य मूर्ति नेपालमा प्राप्त पहिलो र सर्वप्राचीन मूर्ति हो भन्ने कुरा देखिन आएको छ । विकृत एवं भयानक मुखाकृति भएको यक्ष-भैरवको मस्तक एवं बोधिसत्वको सुन्दर मस्तक पनि उत्तिकै दुर्लभ छन् ।

चाँगुमा प्राप्त प्राचीन सम्पदाका आधारमा चाँगुभेकको इतिहासलाई पाँचौं शताब्दीबाट ईस्वीको प्रथम शताब्दी अघि लैजान सकेका छौं । चागुँभेकको यो इतिहासले पनि नेपालको राष्ट्रिय इतिहाससित सिधै सम्बन्ध राख्छ । यो कुरा महत्त्वपूर्ण छ । तर यो भन्दा पनि सर्वाधिक महत्त्वपूर्ण कुरा के छ भने हामीले चाँगुलाई र चाँगुभेकको पुरातात्त्विक-आँखीझयालबाट उपत्यकाको प्रागइतिहासलाई समेत सर्वप्रथम नियालेर हेऱ्यौं । र, चाँगुको उत्तरतिर महादेवखोलामा प्राप्त दश लाख वर्ष पुरानो बोस नमाडिकसको जीवाश्मलाई मात्र नभएर गोदावरीमा प्राप्त उत्तिकै पुरानो महागज र जलगैंडाका जीवाश्महरूलाई पनि आधार बनाएर अध्ययन गर्दा भौगर्भिक तालिकाको मध्य प्रातिनूतनाश्म युग (Middle Pleistocene Age)सम्म पुग्न भ्यायौं । यस आधारमा हामीलाई भन्न कर लाग्छ, जीवको उत्पत्ति एवं मानव विकासक्रमका दृष्टिले चाँगुको इतिहास दश लाख वर्ष पुरानो छ । तदनुरूप उपत्यकाको इतिहास पनि उस्तै हो । चाँगुको कालिकागुफादेखि पूर्व नगरकोट र उत्तरपूर्व साँखुका गुफा ओडारहरू लगायत उपत्यकाका चारैतिरका गुफा ओडारहरू र हामीले हालै फेला पारेका नवपाषाण उपकरणहरू तथा उपत्यकाका विभिन्न भागमा फेला परेका पाषाण उपकरणहरूलाई समेत समेटेर अध्ययन गर्दा यसो भन्न पनि कर लाग्छ : यस उपत्यकाले पनि इतिहासको तीनवटै कालखण्डलाई (प्रागइतिहासकाल, आद्य इतिहासकाल र इतिहासकाल) आत्मसात् गरेको रहेछ । यी तीन कालखण्डका प्रत्यक्षदर्शी यो उपत्यकाका डाँडा, गुफा ओडार र कन्दराहरूमा बस्दै, विचरण गर्दै हाम्रा पुर्खाले ढुङ्गे युग व्यतीत गरेका थिए । त्यस क्रममा अनेक सीप र प्रविधिको विकास गर्दै चिल्लाचिप्ला नवीन पाषाण उपकरणहरू समेत बनाउँदै कृषिको आविष्कार गरी सभ्यताको युगमा प्रवेश गरेका थिए । सभ्यताको त्यो युगमा पुग्नका लागि हाम्रा पुर्खालाई उपत्यका भएर बग्ने मनोहरा, मणिमती, विष्णुमती, हिजाखुसि (धोबीखोला), टुकुचा, हनुमन्ते, खासाङखुसुङ आदि प्राणाधार खोलानालाहरूले सहारा नदिएको भए सभ्यताको त्यो युग उपत्यकामा कहिल्यै आउने थिएन । तर अपशोचको कुरा छ ! हामी भन्छौं

हामी सभ्यताको चरम उत्कर्षकालमा छौँ । तर हामीलाई यहाँसम्म पुऱ्याउने हाम्रा खोलानाला हाम्रै कारणले मृतप्रायः भई वैतरणीमा परिणत भएका छन् । के हामी साँचै सभ्यताको युगमा छौँ वा असभ्य भएका हौँ ? मलाई लाग्छ हामी उपत्यकाबासी सभ्यताको स्वर्णिम युगबाट वैतरणीको युगमा आइपुगेका छौँ र साह्रै नै असभ्य भएका छौँ । अतः जुनबेला हामीले हाम्रा खोलानालाहरूलाई पुर्खाको समयमा जस्तै सफा, स्वच्छ र कञ्चन जल नृसित भइरहने पूर्वावस्थामा फर्काउने छौँ, त्यो दिन हामीले प्राचीन सभ्यताको युगबाट पनि आधुनिक सभ्यताको युगमा प्रवेश गरेको प्रथम ऐतिहासिक दिन हुनेछ ।

र, अन्त्यमा, हामीले माथि प्रस्तुत गरेको विशालनगरको मानचित्रमा परेका चाँगु साँखु, नगरकोट, र चाँगुदेखि पश्चिममा नक्सालसम्मका भागहरू, उपत्यकाको दक्षिण तथा दक्षिणपूर्वका क्रमशः गोदावरी, फूलचोकी, घ्याम्पेडाँडा, नंखेल भेकहरू प्राग्इतिहास अध्ययनका महत्त्वपूर्ण स्थानहरू हुन् । हाम्रो अध्ययनले देखाएको एक महत्त्वपूर्ण पाटो यो पनि हो । छः दशक पुग्न लागको नेपालको प्राग्इतिहास अध्ययन अझै पनि बामे सर्ने अवस्थामा रहेको प्रतीत हुन्छ । अब विद्वानहरूको ध्यान यतातिर जानु पर्छ भन्ने मलाई लाग्छ ।

गुहा, गुहालेख, गुहाचित्र एवं अन्य सम्पदा पनि हाम्रो **संस्कृति** हो, विश्वकै मानव जातिको साझा सम्पदा हो । इतिहासको उषाकालदेखि नै नेपाली संस्कृति सैद्धान्तिक रूपले मात्र नभएर व्यवहारमा समेत निरपेक्ष र उदार अनि सर्वधर्म समन्वयवादी एवं सहिष्णु रहिआएको छ । निरपेक्ष-संस्कृति नेपाली संस्कृति हो । नेपाली संस्कृतिले अरूबाट लिएको मात्र छैन, अरूलाई दिएको अनेक दृष्तान्त पनि छन् । हजारौं वर्षदेखि नेपाली संस्कृतिले आत्मसात् गर्दै आएका, जुनसुकै विधामा देखिने **नेपालीपन** नै नेपाली संस्कृतिको मूल चिनारी हो । 'म' र 'तिमी' नभएर **'हामी'** हौं भन्ने साझा-भाव लिएर अघि बढेको समुन्नत संस्कृति नेपाली संस्कृति हो । आ-आफ्नो धर्म-संस्कृतिको पृष्ठभूमिमा जन्मी-हुर्की परिवार, समाज र सिङ्गो राष्ट्रकै अभिन्न अङ्ग बनेर, सबै नेपालीलाई एकै सूत्रमा जोड्दै समृद्ध हुनपुगेको संस्कृति नेपाली संस्कृति हो । हाँसो उठ्दाको अवस्थामा मात्र नभएर आँसु झर्दाको क्षणमा समेत साथ दिने अतुल्य संस्कृति नेपाली संस्कृति हो । नेपाल र नेपालीको पहिचान नेपाली संस्कृति हो । **गुहा, गुहालेख, गुहाचित्र एवं अन्य सम्पदा** पनि यस कुराको अपवाद होइन । यसैले यसको पनि रक्षा गरौं, यसले हाम्रो रक्षा गर्ने छ ।

सन्दर्भ-सूची

मूल स्रोत

स्थलगत अध्ययन ।
पाषाण उपकरणहरू ।
गुफा र ओडारहरू ।
चित्र एवं अभिलेख ।
स्थानीय स्रोत-व्यक्तिहरू : चाँगुनारायणका पुजारी श्री चक्रधरानन्द राजोपाध्याय एवं चाँगुनारायणका सुसारे श्री महेन्द्र भडेल, छिन्नमस्तामन्दिरका पुजारी श्री प्रचण्डमान कर्माचार्य, चाँगु इकुटोलका श्री ध्रुवनारायण भडेल, चाँगुनारायणमन्दिरमा मुहाली बाजा वजाउने गामढोकाटोलका श्री प्रेमलाल कपाली, चाँगु वडा नं १ का श्री कान्छा राजवाहक र मगामटोलका श्री देवनारायण श्रेष्ठ, श्री रमेश बहादुर श्रेष्ठ, चाँगु वडा नं. ९ निवासी श्री नितेश भडेल, चाँगु न.पा.-११ निवासी श्री महेशनाथ ढुङ्गाना, चाँगु साङ्गदहका श्रीमती भगवती गिरी, साँखु न.पा., सानागाउँ इन्द्रायणीस्थान वडा नं.१ का श्री तुलसी श्रेष्ठ, श्री रामबहादुर श्रेष्ठ, चाँगु मंगनटोलका श्रीमती दानदेवी शाही, चाँगु कापाहिटीका श्री नरबहादुर केसी, चाँगु मङ्गलटारका श्री कृष्णबहादुर तामाङ, चाँगु, वडा नं.१० छापका श्रीमती सुकुराती तामाङ, माइली तामाङ, चाँगु चापाख्वालका श्री बलराम पौडेल एवं मञ्जु पौडेल, नगरकोट गैह्रीगाउँका श्री सुमारसिंह तामाङ, मर्दन तामाङ, बलबहादुर तामाङ, झौखेल वडा नं. ७ का श्री कृष्णभक्त तजले, श्री कृष्णभक्त थुया, श्री दिपेश कार्की, श्री किशोर खत्री, श्री राजु कार्की, झौखेल वडा नं. ८ का श्री उत्सव माक, पिखेलका श्री नील बहादुर थापा, भक्तपुर इपाछेंटोलका श्री विनोदराज शर्मा राजोपाध्याय, अनन्तलिङ्गेश्वर घ्याम्पेडाँडाका सुश्री शान्ति तामाङ, सिन्धुपाल्चोक मन्थली, कठजोरका श्री सोमनारायण श्रेष्ठ, नगरकोट न.पा. हललगाउँकी सुश्री मुना केसी, वागेश्वरीका किशोर नयाजु श्रेष्ठ, नगरकोट बेसीका मङ्गल मोक्तान, चाँगु नगरपालिका, वडा नं.१० खोरियाका सुश्री सम्झना तामाङ ।

सहायक स्रोत

en.**wikipedia**.org/wiki/Indian_aurochs.

en.**wikipedia**.org/wiki/Cave_of_Altamira.

en.**wikipedia**.org/wiki/Vaikuntha_Kamalaja

en.**wikipedia**.org/wiki/Petroglyph

en.**wikipedia**.org/wiki/Gautama_Buddha in world religions

en.**wikipedia**.org/wiki/IndraIn

en.**wikipedia**.org/wiki/Vishnu

en.**wikipedia**.org/wiki/Milarepa%27s_CaveMilarepa's Cave or Namkading Cave

en.**wikipedia**.org Sanchi/Buddhist Monuments at Sanchi, Stupa.

en.**wikipedia**.org Stupa surrounded by four lion-crowned pillars. Gandhara, 2nd century CE.

उपाध्याय, प्रोफेसर डा.वासुदेव, **प्राचीन भारतीय स्तूप, गुह एवं मन्दिर**, पटना : विहार हिंदी ग्रंथ अकादमी, ई.सं.१९७२

Corvinus, Gudrun and Janaklal Sharma, "A vertebrate fossil found in the Kathmandu Valley", **Ancient Nepal**, 82/1984.

काफ्ले, प्रेमप्रसाद, **वागीश्वरी देखि ब्रम्हायणीसम्म**, भक्तपुर : रामप्रसाद तिमिल्सेना, २०६६।

खत्री, डा.प्रेम र डा.पेशलं दाहाल, **नेपालको कला र पुरातत्त्व**, काठमाण्डौ : एम.के.पब्लिशर्स एण्ड डिस्ट्रीब्युटर्स, २०४८।

खनाल, मोहनप्रसाद, **नेपाली कला**, ललितपुर : साझा प्रकाशन, २०५२ ।

Gupta, Parmewshwari Lal, **Coins**, New Delhi : National Book Trust, 1969.

ज.ब.रा., धनशमशेर, **मन्त्रविद्यारहस्यम्**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३४ ।

जोशी,पुरुषोत्तम, डा.नीलकण्ठ **प्राचीन भारतीय मूर्ति विज्ञान**, पटना : बिहार-राष्ट्रभाषा-परिषद्, वि.सं.२०३४ ।

जोशी, हरिराम, **नेपालको प्राचीन अभिलेख**, काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३० ।

जोशी, हरिराम **हिन्दू देवी देवता**, काठमाडौं : सूचना विभाग, वि.स..२०४० ।

Joshi, Hari Ram, **Pages of the Forgotten Past**, Lalitpur : Sushil Ram Joshi, Lalitpur, 1998.

जोशी, हरिराम, **अभिनव संस्कृति कोष**, ललितपुर : जोशी रिसर्च इन्ष्टिच्यूट, २०५८ ।

जोशी, हरिराम, **नेपालका चाडपर्व**, ललितपुर : शुशिलराम जोशी, २०६० ।

जोशी, हरिराम, **हाम्रो संस्कृति**, ललितपुर : प्रदीप राम जोशी, तेस्रो संस्करण :२०६८ ।

जोशी, हरिराम, **प्रदीप अभिनव संस्कृति विश्वकोष**, भक्तपुर : वर्कर्स पब्लिकेसन्स्, वि.सं. २०७० ।

Tiwari, Sudarshan Raj, **The ancient settlements of the Kathmandu Valley**, Kirtipur : CNAS, 2001

तेवारी, रामजी, भोलानाथ पौडेल, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य (सं), **ऐतिहासिक पत्रसंग्रह (दोस्रो भाग)**, काठमाण्डौ : नेपाल सांस्कृतिक परिषद् २०२१ ।

दर्नाल, प्रकाश, 'चाबहिलस्थित धन्दो चैत्य जीर्णोद्धारबारे केही चर्चा', **प्राचीन नेपाल**, १५९/२०६२ ।

Department of Archaeology, **A Report on the Study of Iconography of Kathmandu Valley and their Preservation and Protection**, Nepal: 1996

पन्त, नयराज, 'हनूमान्को स्थापना गर्नामा हेतु', **पूर्णिमा**, १/१ ।

पाण्डेय, डा.गोविन्द चन्द्र, **बौद्ध धर्म के विकास का इतिहास**, लखनऊ: हिन्दी समिति, १९७६, पृष्ठ २०० ।

पाण्डेय, रामनिवास र दिनेशचन्द्र रेग्मी, **नेपालको प्रागितिहास**, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०६२ ।

पौडेल, नयनाथ (सं), **भापा वंशावली**, काठमाण्डौ : नेपाल राष्ट्रिय पुस्तकालय, २०२० ।

प्रधान, केदारनाथ, **महाभारत मानव**, बनेपा : प्रधान प्रकाशन, १९८८ ।

Pohle, PD Dr. Perdita, 'Petroglyphs And Abandoned Sites In Mustang ...', **Ancient Nepal**, 153/2003

Banerjee, N.R., **Nepalese Architecture**, Delhi : Agam Kala Prakashan, 1980.

Bangdel, Lain S., **Stolen Images of Nepal**, Kathmandu : Royal Nepal Academy, 1989.

Bangdel, Lain S., **Inventory of Stone Sculptures of the Kathmandu Valley,** Kathmandu : Royal Nepal Academy, 1995.

बाङ्गदेल, लैनसिंह, **जय वर्माको मूर्ति र नेपालको वर्मा वंश**, मण्डला प्रकाशन, काठमाडौं : वि.सं.२०६२ ।

Mani, Vettam , **Puranic Encyclopaedia,** Delhi: Motilal Banarsidass, repriented: 1989.

मिश्र, मदनमोहन, दशमहाविद्या, रूक्मिणी श्रेष्ठ, ने.सं.११२७ ।

योगेशराज, 'भक्तपुरको हालसम्म अप्रकाशित सर्वप्राचीन बौद्ध अभिलेख', **पासुका**, २/११, श्रावण ०५५ ।

Rao, Gopinatha, **Elements of Hindu Iconography,** Delhi : Motilal Banar sidass, 1968.

Rao, Gopinath, **Elements of Hindu Iconography, vol.2,Part II,** Delhi : Motilal Banirasidass, 1968.

रेग्मी, डा.दिनेशचन्द्र, **पुरालेखन र अभिलेख**, काठमाडौं : हिमालय बुक स्टल, २०६० ।

Lan-Po,vChia **The Cave Home of Peking Man,** Peking : Foreign Language Press, 1975.

वज्राचार्य, धनवज्र, 'लिच्छविकालका शासनसम्बन्धी पारिभाषिक शब्दको व्याख्या', **पूर्णिमा,** १०/२०२३ ।

वज्राचार्य, धनवज्र, 'लिच्छविकालिक बस्ती', **पूर्णिमा,** १८ पूर्णाङ्क, २०२५ ।

वज्राचार्य, धनवज्र, 'द्रङ्ग, व्यापारको केन्द्र', **मधुपर्क,** ४/१० ।

वज्राचार्य, धनवज्र, 'मल्लकालमा देशरक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य', **पूर्णिमा,** २/२०२१ ।

वज्राचार्य, धनवज्र, 'लिच्छविकालका शासनसम्बन्धी पारिभाषिक शब्दको व्याख्या', **पूर्णिमा,** १०/२०२३ ।

वज्राचार्य, धनवज्र, 'द्रङ्ग; व्यापारको केन्द्र', **मधुपर्क,** ४/१०, २३-३७ ।

वज्राचार्य, धनवज्र, 'लिच्छविकालिक बस्ती', **पूर्णिमा**, १८ पूर्णाङ्क,२०२५ ।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ, **दोलखाको ऐतिहासिक रूपरेखा**, काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, २०३१ ।

Vajracharya, Dhanavajra and Kamal P. Malla, **The Gopalarajavamsavali**, Kathmandu : Nepal Research Centre, 1985.

धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, काठमाडौं : २०५३ (दोस्रो संस्करण) वज्राचार्य, धनवज्र,

धनवज्र वज्राचार्य, 'लिच्छविकालको कर व्यवस्था', (स्रोत साभार : डा. भद्ररत्न वज्राचार्य(सं), **धनवज्र वज्राचार्यको ऐतिहासिक लेखसंग्रह**, ललित रिसर्च सेन्टर, ललितपुर : २०५६, पृष्ठ १०१ ।)

शर्मा, जनकलाल, **हाम्रो समाज : एक अध्ययन**, ललितपुर : साझा प्रकाशन, २०५८ ।

Sharma, Dilli Raj and Tek Bahadur Shrestha, **SANKHU Historical and Cultural Heritage**, Kirtipur: CNAS, 2016.

शाक्य, पद्मसुन्दर, 'वाघहिटीको लिच्छविकालीन अभिलेख, **गोरखापत्र**, चैत्र ५ गते, २०४५ ।

शाक्य, पद्मसुन्दर(सं.), **श्रीमहामञ्जुश्रीस्थानको ऐतिहासिकता**, भक्तपुर : श्रीमहामञ्जुश्री गुरु गुठी संस्था, २०७२ ।

शाक्य, सुरेशज्योति, 'ख्वपया झौख्यलय् लुयावःगु लिच्छवी ईया थीथी चैत्य व ल्वहंपौ', **सन्ध्याटाइम्स**, तँसापौ, ने.सं.११३०, तछलाथ्व १४ ।

शास्त्री, डा.शिवशङ्कर अवस्थी, **मन्त्र और मातृकाओंका रहस्य**, वाराणसी : चौखम्बा विद्याभवन, १९६६ ।

श्रेष्ठ, पुरुषोत्तमलोचन, 'माखोपृम् के हो ?', **गोरखापत्र**, असोज १७, २०४९ ।

श्रेष्ठ, डा.पुरुषोत्तमलोचन, **सिद्धपोखरी एक ऐतिहासिक विश्लेषण**, भक्तपुर : भक्तपुर नगरपालिका, वि.सं.२०५४ ।

श्रेष्ठ, डा.पुरुषोत्तमलोचन, 'अरिंहिटीका अभिलेखहरू', **भक्तपुर** १२५/२०५४ ।

श्रेष्ठ, डा.पुरुषोत्तमलोचन, **त्रिपुर र युथुनिमम् राजकुल**, भक्तपुर : भक्तपुर नगरपालिका, वि.सं.२०५८ ।

श्रेष्ठ, पुरुषोत्तमलोचन, **भक्तपुरको नवदुर्गा गण**, भक्तपुर : बबिता श्रेष्ठ, २०६० ।

श्रेष्ठ, डा.पुरुषोत्तमलोचन, **भक्तपुर राजदरबारस्थित राष्ट्रिय कला संग्रहालयका कलाकृति विवरण**, भक्तपुर : राष्ट्रिय कला संग्रहालय, वि.स..२०६३ ।

श्रेष्ठ, डा.पुरुषोत्तमलोचन, **अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययन**, भक्तपुरः अमनलोचन श्रेष्ठ, २०६४ ।

श्रेष्ठ, प्रा.डा.पुरुषोत्तमलोचन र विनोदराज शर्मा, **च्वङा गणेश**, भक्तपुर : च्वङा गणेशस्थान विकास समिति, २०६६ ।

श्रेष्ठ, पुरूषोत्तमलोचन, **चट्टानअभिलेख र अन्य सम्पदा**, भक्तपुर : बबिता श्रेष्ठ, वि.सं.२०६७ ।

Shrestha, Prof. Dr. Purushottam Lochan **A Study of the Cultural Heritages of Bhaktapur District,** A research work submitted to Nepal Tourism Board for the Tourism Development and Management Plan of Bhaktapur District. Kathmandu, 2010.

श्रेष्ठ, पुरुषोत्तमलोचन, 'धनवज्र वज्राचार्य : मेरा श्रद्धेय गुरु', **ज्ञानगुनका कुरा** भाग-१७४, २०६९ ।

श्रेष्ठ, पुरुषोत्तमलोचन, **सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेन, भक्तपुर** : श्री सुकुलढोका दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य समिति, २०६९ ।

श्रेष्ठ, पुरुषोत्तमलोचन, 'झौखेलमा फेलापरेका लिच्छवि सम्पदा', **प्राचीन नेपाल**, संख्या - १८४, वि.सं.२०७० ।

Sarkar, D.C., 'Vaishnavism', **The Classical Age,** Bombay : Bharatiya Vidya Bhavan, 1962.

Sircar, Dines Chandra, **Select Inscriptions,** Calcutta : University of Calcutta, 1965.

Sircar,D.C., **Studies in Indian Coins,** Delhi: Motilal Banarsidass, 1968.

अनुक्रमणिका

अ

अग्नि १०९,११०

अग्निभू १११

अग्निमठ ८

अन्धकरिपु ८६

अन्धकान्तक ८६

अन्धकारि ८६

अन्धकासुर ८०,८१,८६,८८

अनन्तप्रिया १५

अमात्य ८२,८३

अर्धनारीश्वर ३४,४०

अल्टामिरा १,१४

अशोक १८३,१८४

अशोक चैत्य १८१,१८३

असुर-माया ८१

आ

आकाशभैरव ८८

आकासे गुफा १५

आर्यघाट ९

इ

इन्द्रजात्रा १३,४८,५४,८८

इन्द्रमस्तक ५४,८८

इखालाखु १७६

इर्ष्या ८१

उ

उद्योतक विहार १५७,१८७

उमा-महेश्वर ६३,६४,६५,६८,६९,७८,७९,८६,९०,१०६,१०८,११४,२०६

ए

एकलव्य ८८

एलसि ८३

ओ

ओयशी ६९

क

कल्छेढुङ्गा ओडार ९

कागेश्वरी ५,५७,६७

कान्तिभैरव ४२,५०

कापाहिटी १२९,१३०

काम ८१

कालिका गुफा १,२,३,४,५,९,१०,११,१३,१५,१६,१८,१९,२०३,२०६

काली ३

कालीदेवी १३७

कार्तिकेय ६९,१११

किलेश्वर ५०,६१,६२,९७,९८

कुटुवाल ३1

कुपिन्टार ९

कुमार ६८,७०,१११,११२,११३,११४,११७

कुलदेवता १०३,१४२,१६५

ख

खकम्प्रिङ् १७६

खृपुं ९१,१७६

खोपृङ् ९१,९२

खोंह्र १७६

ख्वारमानसिंह ५९

ग
गरुडघाट ५७
गागलफेदी ५
गामढोका हिटी ३१,३२,३३,३८
गिरिधल ५९
गुजराति बाजा ९५
गुडरून कर्भिनस ५,६,१९२
गुप्तेश्वर गुफा (लेले) ९
गुमूल कौमालि १०४
गुह १११
गुहाचित्र १,१०,१४,१५,१६,१८,१९,२०३
गुहा-रेखाचित्रण १९,२०
गुहालेख, १,१०,११,१३,२०३
गंगापुत्र १११
गंगाराम भारो ५९,२०४
गुं विहार १५९,१८२
गोठालेदेवता १२३,१२४
गोदावरी ५,६,८
गौमुख ३१,३२
गौरीघाट (गुफा) ९
ग्वाला (भडेल)६१,१२४,२०४

घ
घण्टाकर्ण ११३,११७

च
चखुंति-बखुंति गुफा ९
चट्टानअभिलेख १,११,१२,१३,४५
चट्टान कला ४५
चण्ड ६१
चन्द्रमान मास्के ६
चम्पकापुर १००
चमेरो गुफा ९,१५०
चाउकोटिन गुफा ७,९
चातुर्महाराज ११७
चापागाउँ ६
चापाख्वाल १,७,१९३
चामुण्डा
३,५६,५७,५९,६१,६४,६५,७१,८०,८२,८३
चारहाते भीमसेन १२५,१२६,१२७,२०५
चावहिल १८२
चोभार ६
चुनदेवी १८७

छ
छातेढुङ्गा ओडार ९
छादन वर्षवन्धन पुजा ८३
छाप ओडार ९,१४०
छालिङ ७,१०१
छिन्नमस्तक ५०,६१,६२
छिन्नमस्ता/मन्दिर ३,३८,४३,४६,५६,५७,५९,६०,६१,६२,६३,६४,६५,६६,७१,७८,८१,८२,८३,८५,८६,८७,८८,८९,९०,९३,९४,९७,१०२,११२
छ्युनिङ गुवा १५०,१५१,८८

ज
जङ्गवहादुर राणा १५८
जगज्योर्तिमल्ल १२,९७
जगत्प्रकाश मल्ल ९६,१३९
जनकलाल शर्मा ५,६,१९२
जयप्रकाश मल्ल ९३,९७
जयवर्मा १,४,१०७
जलगैंडा ७,९,२०६

जलहात्ती ६
जा द्यः ४२
जितामित्र मल्ल १२,९९
जुगि ३१
जोगी गुफा १,२९,३०
ज्योतिर्लिङ्गेश्वर २,१८८

झ
झाँक्री ओडार ९
झोरतिला १७६
झौखेल २,२५,९०,९१,१०१,१६९,१७३,१७४,१७८,१८०,१६४,१६५,१६६,१६७,१६८,१८३,१८६,१८८

ड
डाका गुफा १५८

ढ
ढुङ्गाखानी १२
ढुङ्गे किल्ला २५
ढुङ्गेखोल्चो गुफा ९,१४६,१४७,१४८,१४९
ढुङ्गे चक्र ४१,४४,४५
ढुङ्गे पेटी १०
ढुङ्गे शंख ४१,४३,४४,४५

त
तलेजुदेवता १८८,१८९
तलेजुधारा १८७
ताथली १,७,११,१२
तारकाजित १११
तालादम्फो १७६
तिपुल ८२,८३
तुखुचा १७५
तुषाहिटी ३१
तेलकोट ७
त्रिकर १७०,१७८
त्रिपुर १७९

थ
थंकराछें १७४
थंखोपृंसतलद्रङ्ग २६,९१,९२,१६८,१७०,१७३,१७४,१७५,१७६,१७७,१७८,१८६,१८७
थंथु राजकुल ९९
थाकलमाथ ९
थीरगोविन्द वैद्य ६
थुसा ३१
थुसाहिटी ३२

द
दक्षिणमसान ५७
दशमहाविद्या ६०,९४,१७९
द्वार वर्षवन्धन पुजा ८३
दिति ८०
द्विभुज गणेश ६७
देव्यो मातर ७८
देवसेना ११०,११२
देवसेनापति ११०,११२
देवीथान १३८

ध
धन्दो चैत्य १८१,१८२
धनवज्र वज्राचार्य २६,३२,१७०,१७३,१७७

,१७८,१८२७८,९१,९३,९८,११२,१५९,

न
नगरकोट ७,९,११,१२,१३,९९
नर्मदा ५,६
नागराज ८६
नागार्जुन (गुफा) ९
नागार्जुन १६१
नारोपा १६१
नाला (छाप) ११,१२,१३,१८,६७,९७,१३९
नील-सरस्वती ६५,६६

प
पचास मातृका ७९
पञ्चेबाजा ९५
पंचमुखी भीमसेन १२७
पद्मपाणि लोकेश्वर ५०,५३,
पद्मसंभव १६१
पनौती
१,१९३,१९६,१९८,१९९,२००,२०१,२०२
परदेशी भीमसेन १२७
परमान ५९
पर्वते गुठी १२८
पशुपति/क्षेत्र ९,९५,१०१,१८३
पुछारधारा १२९,१३२
पुतुवार ३१
पेकिङ मानव ७
पैशुन्य ८१
प्रताप मल्ल १०,११,१२,१३,१४,१५,१७,१
८,१९,९६,९७,१३९,१८९

फ
फर्पिङ ८,९
फुल्चोकी गुफा ९,१५०

ब
बखुमला १७६
बहा: ५४
बाघभैरव १२७
बालावन ९
बुद्ध अवतार ५१
बुद्धकीर्ति १६१
बुद्धननी १८७
बोधिसत्व ११९,१२०,२०५
बोस नमाडिकस ५,६,८

भ
भगवान्लाल इन्द्रजी ४,२०३
भद्रवास ५,९८,९९,
भद्राधिवासभवन ९५,९८,९९,२०५
भन्सा छें १७७
भागलभुगल गुफा ९
भागलभुगल महादेव ९
भाजुधं ८३
भाजुसिंह ५९
भीमभैरव १२७
भूदेवी ९५
भूपतीन्द्र मल्ल १२
भूमेथान १५२,१५३,१५४
भूमे गुफा १५०
भैरव ५८
भैरवनाथ ओडार ९

म
मद ८१
मंकाभ्वय् १२४
मन्थली १,१९७
मनोहरा ५
महाकाल भैरव २३,२४
महागज ६,८,२०६
महादेवखोला ५,६,८
महाकाली ५६,५७,६०,६२
महाकालीपीठ १३,१८९
महान(महर्जन) ३१
महामञ्जुश्री (गुफा) ९,१५६
महामण्डलेश्वर १५४,१५५,
महालक्ष्मी ५६,५८,७१,७७,७९,८३,८४,
८६
महाविद्या ६०
महासामन्त १७०,१७२
महासेन ६९
माखोदुल ९१,१७६
माखोपृङ् ९१,९२,१६८,१७३,१७५,
१७६,१७७,१७८
मागलहोप ओडार ९,१३६,१३७
माझधारा १२९
मातृदेवी(मृण्मूर्ति) ७८
मात्सर्य ८१
मानगृह ९५,१७०,२०५
मानदेव १,४,५,५१,१०१,११४,
१५७,१५९,१७६
मालीगाउँ १,५
मिलारेपा गुफा १५७
मुस्तेर ओडार ९
मुस्ताङ १५
मुसेढुङ्गा ओडार ९
मोह ८१
म्वोमदु द्यः ४८

य
यम्बा द्यः ४८
यिताजु ५९,६१,८२
येता भट्टारिका ५९
यक्षिनी ११७,११८
योगेश्वरी ८०,८१
यतामाजु ८३
यलम्बर ८८
यक्ष-भैरव १०५,११८,२०५
युपग्राम १७८
यौधेय १११,११२
युथुनिमम् १७९
यक्ष-मस्तक ११५,११६,

र
राक्षसथान (गुफा) १९५
राजवाहक ३१
रामनरवानर १९०
राममान प्रधान ७
रामराज ८६

ल
लक्ष्मीनारायण ३५,३६
लम्बितराज ८६
लामथाडा गुफा १८४
लुँ हिटी ३१
लुँहुडोल ६
लुभु ८

लैनसिंह बाङ्गदेल १,३५,४५,४९,५०,
६४,६५,७८,७९,८४,८५
लोभ ८१
ल्हासपाको (गुफा) ९
ल्हासापाको १५४,१५५
ल्हासा प्वाः १५४,१५५

व
वज्रढुङ्गा १९१,१९२
वज्रयोगिनी ८
वनझाँक्री ८
वनझाँक्री ओडा ९,१४१,१४२,१४३,
१४४,१४५,१४६
वंशीगोपाल ९५
वागहिटी १५७,१८७
वागेश्वरी ७,१०१,१७१
वासुकी ढुङ्गा १२,१३
वामाङ्गी ४०
विकट मातृका ८४
विदुराज ८६
विभु वर्मा ३९
विसंखुनारायण (गुफा) ९
विशाख ६९,१११
विशालनगर १००,१०१,१०२,११४,२०५
विष्णु-अर्धनारीश्वर ३५
विस्केटजात्रा १३,८८,१२४
वैकुण्ठ कमलजा ३५,५०

श
शेषनारायण (गुफा) ९
शिखिवाहन १११
शिरधारा १२९,१३०,१३१
शान्तिपुर (गुफा) ९
श्रीदेवी ९५
शंखपाटी १,१९६
श्रीनिवास मल्ल १२
श्रीमानचोङाया ११,१५
श्रेष्ठ ३१
शाक्त अर्धनारीश्वर
३२,३६,३७,३८,३९,४०,२०४
शिव-अर्धनारीश्वर ३६,३८,३९
शक्र ५५
शक्तिधर १११

ष
षट्वक्त्र ११०
षडानन १११
षण्मुख कुमार १०५,१०६,१०७,११०,
१११,११२,११३
षष्ठी १११
षष्ठीदेवकुल ११२

स
सत्यमोहन जोशी ७
संकटा ५६,५८,७१,७७,८३,८४
संसारीपुजा १४२
सप्तऋषि १०९
सप्तदह (ग्वालदह, नागदह, पिगदह,
पाङ्दह,साङ्दह,श्यालदह,बाङ्दह)
२२,१८७-१८८
सप्तनाग २२
सप्तमातृका ३८,५६,६४,६९,७१,७८,८१,
८२,८४,८५,८६,९०,१०२,१०४,२०४
सप्तभैरव ५७,८५,८७,८८,२०४
सरस्वती गुफा ९,१५६
साङ्दह २०,२१,२४
सानागाउँ १०२,२०५

साँखु ८,१२,१३,१८,२२,६३,९३,९७,९९,
१०१,१०२,१३६,१५८,१५९,१७३,१७४,
१८२,२०६
सिफो द्यः ५६
सिठी नख ११२
सिमध किसी १३
सिलु+तिलु १८७
सुडाल ७,९,१०१
सुदर्शन ६१,६२
सुन्दरीजल (गुफा) ९
सुनमती १७६
सुपारी ९६
सुब्रम्हण्य १११,११३
सुमति ६१,६२
सूर्यविनायक (गुफा) ९
सेतीदेवी १३७
सेनानी १११
स्कन्द(कुमार) ६९,११०,१११
स्कन्ददेव ११
स्वयम्भू ९,९२,९३
स्वाहा ११०
स्वामीकार्तिक ११२
स्वामीनाथ १११
स्थितिमल्ल ३२

ह
हनुमतसि ८३
हनुमानटार २५,१७७
हनुमानढोका १७
हरिहर ३४,३५,३६,८८
हललगाउँ(गुफा) ९,११
हरिराम जोशी ६,८,३४,४०,४५,४६,५५,
६९,८३,८६,८७,९४,९८,९९,१११,११२,११
३,११४,१२६,१२७१५९,१८४
हाथु द्यःदद
हिकुमडोल ६
हिजाखुसि ९२,१०१,२०६
होमो इरेक्टस ९,१९०
हैमादेवी (ओडार) ९

पुरुषोत्तमलोचन श्रेष्ठ

१	सिद्धपोखरी एक ऐतिहासिक विश्लेषण	वि.सं. २०५०
२	त्रिपुर र युथुनिमम् राजकुल	वि.सं. २०५८
३	BHAKTAPUR RAJDURBAR	ई.सं. २००२
४	भक्तपुरको नवदुर्गा गण	वि.सं. २०६०
५	The Karmacharyas : Religious/Secular Role in Bhaktapur City	ई.सं. २००४
६	भक्तपुर राजदरबारस्थित राष्ट्रिय कला संग्रहालयका कलाकृति विवरण	वि.सं. २०६३
७	अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययन	वि.सं. २०६४
८	च्वङ्गा गणेश	वि.सं. २०६६
९	चट्टानअभिलेख र अन्य सम्पदा	वि.सं. २०६७
१०	सुकुलढोका, लुं विहार र दोलखा-भीमसेन	वि.सं. २०६९
११	धालाँखुसि र फलेहिति	वि.सं. २०७२
१२	BHAKTAPUR The Historical City - A World Heritage Site	ई.सं. २०१६

ISBN 978-9937-0-1441-0
9 789937 014410